“रैथाने बाली, पर्यटन र पूर्वाधारः सुशासन र समृद्धि सोरुबासीको आधार”

# आवधिक विकास योजना

## (आ.व.२०८१/८२ - २०८५/८६)



सोरु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जिमा, मुगु

कर्णाली प्रदेश

# सोरु गाउँपालिकाको आवधिक योजना

## (२०८१/८२-२०८५/८६)

## Periodic Plan of Soru Rural Municipality, Jima, Mugu

आर्थिक तथा प्राविधिक सहयोगः

**कर्णाली प्रदेश सरकार**

**कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान**

**प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम,**

**सुर्खेत, कर्णाली प्रदेश**

प्राविधिक सहजीकरण

**एम. पि. एस. म्यानेजमेन्ट एण्ड रिसर्च कन्सल्टिङ प्रा. लि.**

**कोटेश्वर, काठमाडौं**

## अध्यक्षको मन्तव्य



जनताको नजिकको सरकारको रूपमा रहेको स्थानीय सरकारहरूले स्थानीय धरातलीय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहना प्रतिबिम्बित हुने गरी आफ्ना प्रयासहरू अगाडी बढाउनु पर्दछ । सार्वभौम नेपाली जनताको लामो त्याग र बलिदान पश्चात् संविधान सभाबाट जारी नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा मुलुकमा दिगो विकास, सुशासन, शान्ति र समृद्धिको जनअपेक्षा पुरा गर्ने संकल्प गरेको छ । यसै संकल्पलाई आत्मसाथ गर्दै समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त बमोजिम तीनै तहका सरकारहरू विकास र समृद्धिको यात्रामा क्रियाशिल रहेका छन् । नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन उनीहरूको घरदैलोमा विकासको मार्गचित्र कोर्न आवश्यक छ ।

स्थानीय सरकारहरूले स्थानीय समुदाय तथा सरोकारवालाको सहभागितामा सहभागीतामूलक तथा समावेशी विकासको अवधारणा बमोजिम दीर्घकालीन सोच, आवधिक, विषयगत रणनीतिक र गुरुयोजना तथा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्दछ । आम नागरिकले संघीय लोकतान्त्रिक शासन व्यवस्थाले सिर्जना गरेको परिवर्तनको प्रत्यक्ष अनुभूति गर्ने तथा कार्यान्वयन योग्य योजना छनौट तथा सोको लागि आवश्यक श्रोतको व्यवस्थापन गर्नु जरुरी देखिन्छ । यसका साथै स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिको नेतृत्व तथा निर्देशनमा स्थानीय नीति, कानुन, कार्यविधि र मापदण्ड निर्माण, योजना तथा बजेट तर्जुमा, विकास व्यवस्थापन र सेवा सञ्चालन तथा प्रवाहलाई सुव्यवस्थित र प्रभावकारी तथा पारदर्शी बनाउन आवश्यक छ ।

नेपालको संविधान अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पश्चात् विक्रम सम्बत २०७४ मा स्थानीय निर्वाचन सम्पन्न भयो, जसले राज्य सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन सम्बन्धमा केन्द्रिकृत र एकात्मक मानसिकतालाई विकेन्द्रीकृत प्रणालीमा रूपान्तरण गरायो । स्थानीय तहमा लामो समयसम्मको जनप्रतिनिधिको विहीनता, शासन प्रणालीमा आएको परिवर्तनको सन्दर्भमा स्थानीय सरकार क्षमता कमजोर रहनु स्वाभाविकै हो ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको कर्णाली प्रदेश, मुगु जिल्ला स्थित सोरु गाउँपालिकाको निर्वाचित पदाधिकारीको पहिलो कार्यकालको समापन भई नयाँ निर्वाचित पदाधिकारीले पदवहाल गरेको पहिलो वर्षमा सोरु गाउँपालिका, मुगुको आगामी पाँच वर्षको लागि आवधिक विकास योजना (आ.व.२०८१/८२ – २०८५/८६) तर्जुमा भई कार्यान्वयनमा आएको छ । गाउँपालिकाको विकास तथा सुशासनको समग्र अवस्थाको अध्ययन तथा विश्लेषण गरी, वडागत छलफल गरी, कार्ययोजना कार्यशाला, सरोकारवालासँगको छलफल लगायतबाट आएका विषयलाई समावेश गरी यो आवधिक विकास योजना तयार भएको छ । **"रैथाने बालि, पर्यटन र पूर्वाधार सुशासन र समृद्धि सोरुबासीको आधार"** को दीर्घकालीन सोच सहितको यो आवधिक विकास योजनालाई नै आधार बनाई कार्यपालिकाको कार्यकाल अघि बढ्नेछ ।

अन्त्यमा, म लगायत यस गाउँपालिकाका निर्वाचित पदाधिकारीको कार्यकाललाई पूर्णरूपमा सफल पार्न सहयोग गर्नु हुनेछ भन्ने अभिलाषा गाउँ सभा, कार्यपालिका, विषयगत समिति तथा वडा समिति पदाधिकारी, विषयगत शाखा, स्थानीय समुदाय, राजनीतिक दल, नागरिक समाज, विज्ञ सल्लाहकार समूह, शुभचिन्तक लगायत सम्पूर्ण पदाधिकारी, कर्मचारी र सम्बन्धित सबैमा अपेक्षा सहित यस सोरु गाउँपालिकाको आवधिक विकास योजना तयार गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्नु हुने विज्ञहरू र परामर्शदाता संस्थालाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धर्म बहादुर शाही
अध्यक्ष

## उपाध्यक्षको मन्तव्य



संघीयताको अवधारणा अनुरूप नेपालको संविधान २०७२ ले स्थानीय तहलाई स्वायत्तता सहित व्यवस्थापिका, कार्यकारी र न्यायिक अधिकारहरूको सुनिश्चितता गरेको छ । यस बमोजिम सहकारीता, सह—अस्तित्व र समन्वयको सिद्धान्तक क्रियाशिल रहेका छन् । स्थानीय सरकार संचालन ऐन, २०७४ ले समेत स्थानीय शासन प्रणालीलाई संस्थागत बनाउन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन स्थानीय सरकारलाई मार्गदर्शन गरेको छ । त्यसकै फलस्वरूप नागरिकहरूले आफ्नै घरदैलोबाट आवश्यक सेवाहरू प्राप्त गरिरहेका छन् ।

जनताको नजिकको सरकारको रूपमा रहेको स्थानीय सरकारले उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी नतिजामूलक तथा परिणाममूखी विकासको अधिकतम प्रयास गर्नु पर्दछ । स्रोत, साधन तथा क्षमता र पूर्वाधार विकासको न्यून अवस्था र तीव्र विकासको जनचाहाना सम्बोधन गर्नु आफैमा कठिन र चुनौतीपूर्ण कार्य हो । विकास प्रक्रियामा विपन्न तथा पछाडि पारिएका वर्ग तथा समुदायको मूलप्रवाहीकरण गरी उनीहरूको आवश्यकतालाई सम्बोधन गर्नु आजको आवश्यकता हो ।

स्थानीय तहको निर्वाचन पछि जनप्रतिनिधिहरूले यस गाउँपालिकाले विकास प्रक्रिया तथा उपलब्धिलाई समतामूलक तथा न्यायपूर्ण बनाउने र वातावरणमैत्री, दिगो पूर्वाधार विकासमा जोड दिई सामाजिक तथा आर्थिक विकासको आधार तयार गर्ने उद्देश्य लिएका छौं । यसका लागि सहभागीतामूलक तथा समावेशी प्रक्रिया बमोजिम नीति, आवधिक विकास योजना, वार्षिक बजेट तथा कार्यक्रमहरू तर्जुमा गर्ने परिपाटिको विकास भएको छ । यसबाट विकासको मूलप्रवाहबाट बाहिर रहेका विपन्न तथा पछाडी पारिएका÷परेका वर्ग तथा समुदायको आवश्यकता पहिचान गरी सम्बोधन गर्ने प्रयास समेत गरिएको छ । सक्षम, सबल र नागरिकप्रति संवेदनशील तथा जबाफदेही स्थानीय सरकारबाट मात्रै जनचाहाना सम्बोधन हुन सक्दछ ।

नागरिकको आवश्यकता तथा अपेक्षा सम्बोधनको लागि स्थानीय सरकार अझ बढी सबल, सक्षम र जबाफदेही हुन आवश्यक छ । यसका लागि स्थानीय सरकारहरूले सुशासन तथा विकासको अवस्था बारेमा अध्ययन विश्लेषण गरी सोको अभिलेख आम नागरिक तथा सरोकारवालाहरूलाई जानकारी गराउनु आवश्यक हुन्छ । यसै सन्दर्भमा यस गाउँपालिकाले आम जनसमुदायलाई हित हुने गरी गाउँपालिकाको आवधिक विकास योजना तयार भइ कार्यान्वयनमा आएको छ ।

यस पृष्ठभूमिमा  सोरु  गाउँपालिकाको आगामी ५ वर्षको मार्गचित्रको रूपमा यो आवधिक विकास योजनाले काम गर्नेछ भन्ने प्रतिबद्धता व्यक्त गर्दै यसको तयारीको क्रममा सहयोग पुर्याउनु हुने कार्यपालिकाका पदाधिकारी, विषयगत समितिका संयोजक तथा सदस्यहरू, विषयगत शाखाका कर्मचारीहरू, वडा सचिव, सम्पूर्ण कर्मचारीहरू तथा विज्ञहरू प्रति धन्यवाद व्यक्त गर्दै सबैको निरन्तर सहयोग र साथको सदैव अपेक्षा गर्दछु ।

केशर बहादुर शाही

उपाध्यक्ष

# कृतज्ञता



संघीय शासन व्यवस्थामा स्थानीय सरकारलाई नागरिकको घरदैलोको सरकारको रूपमा हेरिएको हुन्छ । तसर्थ राजनीतिक र अवधारणागत रूपमा पनि स्थानीय सरकारसँग जनताको अपेक्षा बढी नै हुने गर्दछ । सबल र नागरिकप्रति जबाफदेही तथा उत्तरदायी स्थानीय सरकारबाट मात्रै जनताका चाहनाहरू सम्बोधन हुन सक्दछ । तसर्थ नागरिकको आवश्यकता तथा अपेक्षा सम्बोधनको लागि स्थानीय सरकार अझ बढी सबल, सक्षम र जबाफदेही हुन आवश्यक छ । सीमित साधन र श्रोत अनि असीमित जनआंकाक्षा र आवश्यकता बीच तालमेल गरी धेरै भन्दा धेरै विकासका प्रतिफलहरू विभिन्न क्षेत्र र वर्गका जनता बीच पुर्याउने जिम्मेवारी गाउँपालिकाको रहेको छ । सोरु गाउँपालिकाले सरकारी, निजी, समुदाय, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीमा विपन्न तथा पछाडि पारिएका वर्ग तथा समुदायलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गरी उनीहरूको आवश्यकताको सम्बोधन गर्ने प्रयास गरेको छ ।

यस गाउँपालिकालाई **"रैथाने बालि, पर्यटन र पूर्वाधार सुशासन र समृद्धि सोरुबासीको आधार"** को दीर्घकालीन सोचलाई मूर्तरूप दिन आवधिक विकास योजना, विषय क्षेत्र रणनीतिक तथा गुरुयोजना र वार्षिक बजेट तथा कार्यक्रम बीचमा अन्तरसम्बन्ध स्थापित गर्ने प्रयास गरिएको छ । शासन सञ्चालन, सेवा प्रवाह र विकास प्रयासलाई सहभागीतामूलक, समावेशी, पारदर्शी, योजनाबद्ध तथा व्यवस्थित र जबाफदेही तवरले अगाडि बढाउन, प्रशासनिक व्यवस्थालाई सहजता प्रदान गर्न र कार्यान्वयन तथा उपलब्धिको अभिलेख व्यवस्थापनमा गाउँपालिका सदैव सचेत रहेको छ । यस गाउँपालिकाले संस्थागत विकासको लागि विषयगत सबल तथा कमजोर क्षेत्र पहिचान गरेको छ र सो अनुसार क्षमता विकासका क्षेत्र र कार्यक्रम तय गरी कार्यान्वयनमा लगिएको छ ।

यसैगरी प्रचलित नीतिगत तथा कानुनी व्यवस्था बमोजिम समयमा नै कार्यक्रमलाई लैङ्गिक र सामाजिक समावेशीकरण लगायत समग्र पक्षका उद्देश्य, लक्ष्य तथा रणनीति तय गरिएको छ । सहभागीतामूलक र समावेशी प्रक्रिया अनुसार विकासको प्राथमिकतामा बजेट तथा कार्यक्रम तर्जुमा गर्ने गरिएको छ । गाउँपालिकाले जनस्वास्थ्य, विपद् जोखिम व्यवस्थापन एवं वातावरण संरक्षण र जलवायु उत्थानशीलताको आयामलाई समेत यथोचित मध्यनजर गरी आवधिक विकास योजनाले कार्यक्रमहरू तयार गरिएको छ । सुशासन तथा विकासको योजना तयार गर्नु आवधिक विकास योजना तयार गर्नु र कार्यान्वयन गर्नु गराउनु स्थानीय सरकारको एक प्रमुख र महत्वपूर्ण दायित्व हो । गाउँपालिकाको विकास तथा सुशासनको समग्र योजनाको रूपमा सोरु गाउँपालिकाको आवधिक विकास योजना तयार गरि प्रकाशन गरिएको छ ।

यस पृष्ठभूमिमा गाउँपालिकाको आवधिक विकास योजना तयार गर्ने काममा सहयोग गर्नु हुने गाउँ सभा, कार्यपालिका तथा वडा समितिका निर्वाचित पदाधिकारीज्यूहरू, महत्वपूर्ण राय सुझाव प्रदान गर्ने राजनीतिक दलका स्थानीय प्रमुख तथा प्रतिनिधिज्यूहरू, विज्ञ समूहका सल्लाहकारज्यूहरू, सामाजिक तथा बौद्धिक क्षेत्रका महत्वपूर्ण व्यक्तित्व र समुदाय तथा समन्वय र व्यवस्थापनमा विज्ञ तथा सहयोगी हातका रूपमा रहेका शाखा प्रमुखहरू समेत सबै कर्मचारीहरू प्रति हार्दिक कृतज्ञता तथा आभार व्यक्त गर्न चाहन्छु । आगामी दिनमा समेत सबै पक्षहरूको सकारात्मक सहयोग, सल्लाह, सुझाव र समन्वय र जिम्मेवारीपूर्ण भूमिकाका साथ यो आवधिक विकास योजना कार्यान्वयन हुने विश्वास लिएको छु ।

तिर्थराज शाही

प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची

**परिच्छेद एकः परिचय ........ १**
१.१ पृष्ठभूमि ........ १
१.२ आवधिक योजना तर्जुमाको उद्देश्य ........ ३
१.३ आवधिक योजना तर्जुमा प्रक्रिया ........ ३

**परिच्छेद दुईः गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा ........ ६**
२.१ गाउँपालिकाको परिचय ........ ६
२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ........ ६
२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा ........ ७
२.१.३ जनसांख्यिक अवस्था ........ ९
२.२ आर्थिक विकास अवस्था ........ १०
२.२.१ कृषि तथा खाद्य सुरक्षा ........ १०
२.२.२ पर्यटन तथा संस्कृति ........ १०
२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति ........ ११
२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा ........ ११
२.२.५ सहकारी ........ ११
२.३ सामाजिक विकासको अवस्था ........ ११
२.३.१ स्वास्थ्य तथा पोषण ........ ११
२.३.२ शैक्षिक विकास ........ १२
२.३.३ खानेपानी तथा सरसफाइ ........ १२
२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ १३
२.३.५ युवा, खेलकुद तथा कला ........ १३
२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ........ १४
२.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ १४
२.४.२ सडक, पुल तथा यातायात ........ १५
२.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा ........ १६
२.४.४ सूचना, सञ्चार तथा प्रविधि ........ १६
२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ........ १६
२.५.१ वन तथा जैविक विविधता ........ १६
२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ १६
२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ........ १७
२.५.४ महामारी तथा विपद् व्यवस्थापन ........ १८
२.६ सुशासन तथा संस्थागत व्यवस्था ........ १९
२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन ........ १९
२.६.२ सङ्गठनात्मक विकास ........ २०

२.६.३ श्रोत परिचालन ...... २०
२.६.४ योजना व्यवस्थापन ...... २०

**परिच्छेद तीनः सोच तथा विकासको अवधारणा ...... २२**
३.१ पृष्ठभूमि ...... २२
३.२ प्रमुख समस्या तथा चुनौती ...... २३
३.३ प्रमुख सम्भावना तथा अवसर ...... २५
३.४ सोच, लक्ष्य तथा उद्देश्य ...... २६
३.५ निर्देशक सिद्धान्त ...... २६
३.६ परिमाणात्मक लक्ष्य ...... २८
३.७ रणनीति तथा प्राथमिकता ...... ३५
३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट ...... ४२
३.९ गाउँ गौरवका आयोजनाहरू ...... ४४

**परिच्छेद चारः आर्थिक विकास ...... ४५**
४.१ कृषि तथा पशुपन्छी ...... ४५
४.१.१ पृष्ठभूमि ...... ४५
४.१.२ समस्या तथा चुनौती ...... ४६
४.१.३ सम्भावना तथा अवसर ...... ४७
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ...... ४८
४.१.५ कार्यक्रम तथा आयोजना ...... ५१
४.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ...... ५३
४.२ सिँचाइ ...... ५६
४.२.१ पृष्ठभूमि ...... ५६
४.२.२ समस्या तथा चुनौती ...... ५६
४.२.३ सम्भावना तथा अवसर ...... ५६
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ...... ५७
४.२.५ कार्यक्रम तथा आयोजना ...... ६०
४.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ...... ६०
४.३ पर्यटन, संस्कृति तथा सम्पदा ...... ६२
४.३.१ पृष्ठभूमि ...... ६२
४.३.२ समस्या तथा चुनौती ...... ६२
४.३.३ सम्भावना तथा अवसर ...... ६३
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ...... ६३
४.३.५ कार्यक्रम तथा आयोजना ...... ६८
४.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ...... ६९
४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ...... ७०

४.४.१ पृष्ठभूमि ........ ७०
४.४.२ समस्या तथा चुनौती ........ ७०
४.४.३ सम्भावना तथा अवसर ........ ७०
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ७१
४.४.५ कार्यक्रम तथा आयोजना ........ ७३
४.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ७४
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ........ ७६
४.५.१ पृष्ठभूमि ........ ७६
४.५.२ समस्या तथा चुनौती ........ ७६
४.५.३ सम्भावना तथा अवसर ........ ७६
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ७७
४.५.५ कार्यक्रम तथा आयोजना ........ ७९
४.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ८०

**परिच्छेद पाँचः सामाजिक विकास ........ ८२**
५.१ स्वास्थ्य तथा पोषण ........ ८२
५.१.१ पृष्ठभूमि ........ ८२
५.१.२ समस्या तथा चुनौती ........ ८२
५.१.३ सम्भावना तथा अवसर ........ ८३
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ८३
५.१.५ कार्यक्रम तथा आयोजना ........ ८६
५.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ८७
५.२ शिक्षा, विज्ञान तथा नवप्रर्वतन ........ ९०
५.२.१ पृष्ठभूमि ........ ९०
५.२.२ समस्या तथा चुनौती ........ ९०
५.२.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ९१
५.२.५ कार्यक्रम तथा आयोजना ........ ९५
५.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ९५
५.३ खानेपानी तथा सरसफाइ ........ ९८
५.३.१ पृष्ठभूमि ........ ९८
५.३.२ समस्या तथा चुनौती ........ ९८
५.३.३ सम्भावना तथा अवसर ........ ९९
५.३.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ९९
५.३.५ कार्यक्रम तथा आयोजना ........ १०१
५.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १०१
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ १०३
५.४.१ पृष्ठभूमि ........ १०३
५.४.२ समस्या तथा चुनौती ........ १०३

५.४.३ सम्भावना तथा अवसर ............ १०४
५.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ............ १०४
५.४.५ कार्यक्रम तथा आयोजना ............ १०७
५.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ............ १०८
५.५ युवा तथा खेलकुद ............ ११०
५.५.१ पृष्ठभूमि ............ ११०
५.५.२ समस्या तथा चुनौती ............ ११०
५.५.३ सम्भावना तथा अवसर ............ १११
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ............ १११
५.५.५ कार्यक्रम तथा आयोजना ............ ११३
५.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ............ ११३

**परिच्छेद छः पूर्वाधार क्षेत्र ............ ११६**
६.१ आवास, भवन, वस्ति तथा सार्वजनिक निर्माण ............ ११६
६.१.१ पृष्ठभूमि ............ ११६
६.१.२ समस्या तथा चुनौती ............ ११७
६.१.३ सम्भावना तथा अवसर ............ ११७
६.१.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ............ ११७
६.१.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ............ १२०
६.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ............ १२०
६.२ सडक, पुल तथा यातायात व्यवस्था ............ १२३
६.२.१ पृष्ठभूमि ............ १२३
६.२.२ समस्या तथा चुनौती ............ १२३
६.२.३ सम्भावना तथा अवसर ............ १२४
६.२.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ............ १२४
६.२.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ............ १२६
६.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ............ १२७
६.३ विद्युत तथा वैकल्पिक ऊर्जा ............ १२९
६.३.१ पृष्ठभूमि ............ १२९
६.३.२ समस्या तथा चुनौती ............ १२९
६.३.३ सम्भावना तथा अवसरहरू ............ १२९
६.३.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ............ १३०
६.३.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ............ १३२
६.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ............ १३२
६.४ सूचना तथा सञ्चार प्रविधि ............ १३४
६.४.१ पृष्ठभूमि ............ १३४
६.४.२ समस्या तथा चुनौती ............ १३४
६.४.३ सम्भावना तथा अवसरहरू ............ १३५

६.४.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ........ १३५
६.४.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ........ १३७
६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १३७

**परिच्छेद सातः वन वातावरण तथा विपद् व्यवस्थापन ........ १३९**
७.१ वन तथा जैविक विविधता ........ १३९
७.१.१ पृष्ठभूमि ........ १३९
७.१.२ समस्या तथा चुनौती ........ १४०
७.१.३ सम्भावना तथा अवसर ........ १४०
७.१.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ........ १४१
७.१.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ........ १४३
७.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १४३
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ १४५
७.२.१ पृष्ठभूमि ........ १४५
७.२.२ समस्या तथा चुनौती ........ १४५
७.२.३ सम्भावना तथा अवसर ........ १४५
७.२.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ........ १४५
७.२.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ........ १४८
७.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १४८
७.३ वातावरण तथा फोहोर व्यवस्थापन ........ १५०
७.३.१ पृष्ठभूमि ........ १५०
७.३.२ समस्या तथा चुनौती ........ १५०
७.३.३ सम्भावना तथा अवसर ........ १५०
७.३.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ........ १५१
७.३.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ........ १५३
७.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १५३
७.४ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन ........ १५५
७.४.१ पृष्ठभूमि ........ १५५
७.४.२ समस्या तथा चुनौती ........ १५५
७.४.३ सम्भावना तथा अवसर ........ १५५
७.४.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ........ १५६
७.४.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ........ १५८
७.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १५९

**परिच्छेद आठ : संस्थागत तथा सुशासन विकास ........ १६१**
८.१.१ पृष्ठभूमि ........ १६१
८.१.२ समस्या तथा चुनौती ........ १६२

८.१.३ सम्भावना तथा अवसर ........ १६३
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १६३
८.१.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण ........ १६८
८.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १६९

**परिच्छेद नौः कार्यान्वयन व्यवस्था ........ १७४**
९.१ पृष्ठभूमि ........ १७४
९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ........ १७४
९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट ........ १७४
९.४ स्रोत अनुमान तथा प्रक्षेपण ........ १७७
९.४.१ राजस्व परिचालनको अवस्था ........ १७७
९.४.२ खर्च अवस्थाको विश्लेषण ........ १७७
९.४.३ अपुग स्रोत व्यवस्थापन ........ १७८
९.५ स्रोत परिचालन रणनीति ........ १७९
९.६ आवधिक योजना कार्यान्वयन ........ १८०
९.६.१ योजना कार्यान्वयन ........ १८०
९.६.२ कार्यान्वयन प्रक्रिया ........ १८१
९.७ अनुगमन तथा मूल्याङ्कन योजना ........ १८३
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ........ १८३
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ........ १८४
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ........ १८५

**अनुसूची ........ १८७**
अनुसूची — १: वडागत योजना बैंक ........ १८७

## तालिकासूची

तालिका १: अपेक्षित परिमाणात्मक उपलब्धि ........ २८
तालिका २: सोरु गाउँपालिकाको प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू ........ ३५
तालिका ३: आवधिक योजनामा खर्च व्यहोर्ने स्रोतहरू ........ ४२
तालिका ४: गाउँपालिकाको आय अनुमान (रु. हजारमा) ........ ४३
तालिका ५: गाउँ गौरवका प्रस्तावित आयोजनाहरू ........ ४४
तालिका ६: कृषि तथा पशुपालनका रणनीति तथा कार्यनीतिहरू ........ ४८
तालिका ७: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजना ........ ५१
तालिका ८: कृषि तथा पशुपालनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ५३
तालिका ९: सिँचाइका रणनीति तथा कार्यनीतिहरू ........ ५७
तालिका १०: सिँचाइका कार्यक्रम तथा आयोजना ........ ६०

तालिका ११:  सिँचाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................ ६०
तालिका १२: पर्यटनका रणनीति तथा कार्यनीतिहरू ........................................................ ६४
तालिका १३: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजना ........................................................ ६८
तालिका १४: पर्यटन, संस्कृति तथा सम्पदाका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................ ६९
तालिका १५: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका रणनीति र कार्यनीति ........................................................ ७१
तालिका १६: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजना ........................................................ ७३
तालिका १७: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................ ७४
तालिका १८: श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति ........................................................ ७७
तालिका १९: श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजना ........................................................ ७९
तालिका २०: श्रम, रोजगारी र सामाजिक सुरक्षाका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................ ८०
तालिका २१: स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्य नीतिहरू ........................................................ ८३
तालिका २२: स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजना ........................................................ ८६
तालिका २३: स्वास्थ्य तथा पोषणका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................ ८७
तालिका २४: शिक्षाका रणनीति तथा कार्य नीतिहरू ........................................................ ९१
तालिका २५: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका कार्यक्रम तथा आयोजना ........................................................ ९५
तालिका २६: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................ ९५
तालिका २७: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्य नीतिहरू ........................................................ ९९
तालिका २८: खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजना ........................................................ १०१
तालिका २९: खानेपानी तथा सरसफाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................ १०१
तालिका ३०: महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्य नीतिहरू १०४
तालिका ३१: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजना ........................................................ १०७
तालिका ३२: महिला, बालबालिका तथा लक्षित वर्गका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................ १०८
तालिका ३३: युवा तथा खेलकुदका रणनीति तथा कार्य नीतिहरू ........................................................ १११
तालिका ३४: युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजना ........................................................ ११३
तालिका ३५: युवा तथा खेलकुदका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................ ११३
तालिका ३६: आवास तथा वस्ति विकासका रणनीति तथा कार्य नीतिहरू ........................................................ ११७
तालिका ३७: वस्ति, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजना ........................................................ १२०
तालिका ३८: वस्ति, आवास, भवन तथा सार्वजनिक निर्माणका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................ १२०
तालिका ३९: यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू ........................................................ १२४
तालिका ४०: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजना ........................................................ १२६
तालिका ४१: सडक, पुल तथा यातायातका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................ १२७
तालिका ४२: ऊर्जाका रणनीति तथा कार्यनीतिहरू ........................................................ १३०
तालिका ४३: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजना ........................................................ १३२
तालिका ४४: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................ १३२
तालिका ४५: सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्य नीतिहरू ........................................................ १३५
तालिका ४६: सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजना ........................................................ १३७
तालिका ४७: सूचना, सञ्चार तथा प्रविधिका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................ १३७
तालिका ४८: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू ........................................................ १४१

तालिका ४९: वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजना ........ १४३
तालिका ५०: वन तथा जैविक विविधताका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १४३
तालिका ५१: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू ........ १४६
तालिका ५२: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजना ........ १४८
तालिका ५३: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १४८
तालिका ५४: फोहरमैला तथा वातावरण व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू ........ १५१
तालिका ५५: वातावरण तथा फोहोर व्यवस्थापनका कार्यक्रम तथा आयोजना ........ १५३
तालिका ५६: वातावरण तथा फोहोर व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १५३
तालिका ५७: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू ........ १५६
तालिका ५८: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजना.... १५८
तालिका ५९: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १५९
तालिका ६०: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू ........ १६३
तालिका ६१: संस्थागत विकासका तथा सुशासन क्षेत्रका कार्यक्रम तथा आयोजना ........ १६८
तालिका ६२: संस्थागत विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १६९
तालिका ६३: विषय क्षेत्र अनुसार अनुमानित बजेट ........ १७५
तालिका ६४: राजस्व परिचालनको अवस्था ........ १७७
तालिका ६५: खर्च बाँडफाँटको प्रक्षेपण (रकम रु. लाखमा) ........ १७८
तालिका ६६: अपुग स्रोत व्यवस्थापन ........ १७८
तालिका ६७: वार्षिक कार्यान्वयन कार्ययोजना ढाँचा ........ १८२
तालिका ६८: अनुगमन तथा मूल्याङ्कन खाका ........ १८५

## चित्रसूची

चित्र १: सोरु गाउँपालिकाको अवस्थिति नक्सा ........ ६
चित्र २: सोरु गाउँपालिकाको स्याटलाइट नक्सा ........ ७
चित्र ३: सोरु गाउँपालिकाको भौगोलिक उचाइ नक्सा ........ ८
चित्र ४: सोरु गाउँपालिकाको आगामी १५ वर्षको जनसाङ्खिक प्रक्षेपण ........ ९
चित्र ५: सोरु गाउँपालिकाको मुख्य बस्तीहरूको जिआइएस नक्सा ........ १४
चित्र ६: सोरु गाउँपालिकाको मुख्य सडकहरूको जिआइएस नक्सा ........ १५
चित्र ७: सोरु गाउँपालिकाको नदी तथा खोलाहरूको जिआइएस नक्सा ........ १७
चित्र ८: सोरु गाउँपालिकाको धरातलीय झुकाव नक्सा ........ १८
चित्र ९: सोरु गाउँपालिकाको धरातलीय स्वरूप नक्सा ........ १९
चित्र १०: विषय क्षेत्रगत बजेट बाँडफाँट ........ १७६

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले आत्मसाथ गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफल कार्यान्वयन गर्ने तथा नेपाल सरकारले १६औं योजनाको अवधारणा पत्रमा लिइएको **"सुशासन सामाजिक न्याय र समृद्धि"** को सोचलाई साकार पार्ने जिम्मेवारी तीनै तहका सरकारहरूमा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका स्थानीय सरकारका काम, कर्तव्य र अधिकारहरू पुरा गर्न, सोह्रौं योजनाले लिएको लक्ष्य प्राप्त गर्न, सङ्घीय सरकारद्वारा जारी दिगो विकासका लक्ष्यहरू र ती लक्ष्यका परिमाणात्मक लक्ष्यहरू सहित सूचकहरू पुरा गर्ने दायित्व पनि संविधानतः तीनै तहका सरकारहरूमा निहित छ । सार्वजनिक वित्त व्यवस्था प्रभावकारी बनाउनका लागि केन्द्र सरकार र प्रदेश सरकारद्वारा तयार गरिएका आवधिक योजनाहरूका लक्ष्यसँग तादाम्यता हुने गरी सबै स्थानीय सरकारहरूले आवधिक योजना तयार गर्नुपर्ने कानुनी प्रावधान रहेको छ । प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापनले मात्र आम्दानीका स्रोतहरूको महत्त्व उपयोग गर्ने, वितरण प्रणालीमा प्रभावकारीता ल्याउने, प्रभावकारी रूपमा खर्च गर्न सक्ने क्षमता बढोत्तरी गर्ने र वित्तीय जोखिमहरूको पूर्वानुमान गरी जोखिमहरूबाट सिर्जना हुन सक्ने नकारात्मक प्रभावहरूको न्यूनीकरण गर्ने जस्ता काममा सहयोग पुऱ्याउँछ ।

राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा हरेक स्थानीय तहले विकासका क्रियाकलापहरू अघि बढाउनु पूर्व वार्षिक तथा आवधिक योजना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय तह, प्रदेश र केन्द्रले तयार गर्ने योजनामा एकरूपता आउने गरी योजना निर्माण गर्न स्थानीय तहले आवधिक योजना तर्जुमा गर्न सहज होस् भन्ने उद्देश्यले सबै स्थानीय तहको एउटै खाकामा योजना आउने गरी व्यवस्था गरिएको हो । यस दिग्दर्शनमा स्थानीय तहले योजना तयार गर्दा आबद्ध गर्नुपर्ने विषय बस्तुलाई स्पष्ट रूपमा समावेश गरिएको छ । नेपाल सरकारको सोह्रौं योजना (२०८१/०८२-२०८५/०८६) को मस्यौदा तयार भएको र कर्णाली प्रदेश सरकारको दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६) तर्जुमाको कार्य प्रारम्भ भइसकेको छ । स्थानीय सरकारहरूले सङ्घीय सरकार र प्रदेश सरकारद्वारा तयार गरिएका दस्तावेजहरूलाई आधार मानेर आ-आफ्नो आवधिक योजना तयार गर्नुपर्ने आवश्यकता महसुस गरेका छन् । यसै सन्दर्भमा सोरु गाउँपालिकाले कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको आर्थिक सहयोगमा आगामी पञ्चवर्षीय आवधिक योजना (२०८१/०८२-२०८५/०८६) तर्जुमा गर्न लागेको हो ।

समग्रमा आवधिक योजना भनेको पालिकाको आगामी पाँच वर्षको विकासको मार्ग चित्र हो । यसमा विकासका प्राथमिकता, आकलित बजेट तथा आम्दानीका सम्भाव्य स्रोतहरू समेतको किटान गरिएको हुन्छ । आवधिक योजनाले निर्धारित समयभित्र गाउँपालिका को समग्र आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास लगायतका क्षेत्रहरूमा लक्ष्य तथा उद्देश्य निर्धारण गर्दछ । तोकिएको अवधिभित्र परिणाम हासिल गर्न दीर्घकालीन सोच, नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकता पहिचान एवम् विकासमूलक गतिविधि सञ्चालनको लागि आवश्यक लागत सहितको स्पष्ट मार्ग चित्र बनाउन सहरीकरण गर्दछ । कुनै पनि ठाउँको आवधिक योजनाले उक्त ठाउँको हालको अवस्था र प्राप्त भएको र हुन सक्ने स्रोत र साधनलाई समेत मध्यनजर गरी तयार गरेको हुन्छ । योजना आफैंमा केही महत्त्वकांक्षी हुने भए तापनि आवधिक योजना निर्माण

गर्दा **SMART** अर्थात् (**Specific Measurable, Attainable, Realistic and Time bound**) को सिद्धान्तलाई अनुसरण गर्न सकेको खण्डमा परिणाममूखी योजना निर्माण गर्न सहज हुन सक्छ ।

यस योजना पालिकाको समग्र विकासको रणनीति योजना सहितको मार्ग चित्र (**Strategic and Indicative Planning Framework)** हो जसले पालिका लाई मध्यकालीन, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न र प्राथमिकताका क्षेत्रहरू निर्धारण गरी स्रोत विनियोजन एवम् स्रोत परिचालन गर्ने आधार दस्तावेजको रूपमा काम गर्ने अपेक्षा गरिएको छ । योजना तर्जुमा गर्ने सिलसिलामा सहभागीतामूलक योजना तर्जुमा प्रक्रिया पद्धति बमोजिम वस्ति, वडा हुँदै गाउँसभा तथा कार्यालयमा कार्यरत कर्मचारी, क्रियाशिल राजनैतिक दलका प्रमुख वा प्रतिनिधिहरू तथा अन्य स्थानीय सरोकारवाला पक्षको सहभागिता सुनिश्चित गरिएको थियो ।

## योजना तयारीको कानुनी आधार

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन विकास र समृद्धिको आकाङ्क्षा पुरा गर्ने अठोट सहित नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति तथा कार्यक्रमले स्थानीय तहको विकासको गतिलाई मार्गदर्शन गर्दछ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ दफा २४ (१) मा भनिएको छ- "स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीति गत विषय, क्षेत्र गत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने छ" । स्थानीय सरकारले आफ्नो योजना तर्जुमा गर्दा सङ्घीय सरकार, प्रदेश सरकारको सोच, उद्देश्य, लक्ष्य, नीति तथा कार्यक्रम र समय सीमासँग समायोजन हुने गरी सुशासन, वातावरण, बाल मैत्री, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन तथा अनुकूलन, विपद् व्यवस्थापन जस्ता अन्तर सम्बन्धित विषयहरूका अतिरिक्त स्थानीय स्रोत साधन र जनअपेक्षालाई आधार बनाउने गरिन्छ । सोरु गाउँपालिकाको यस आवधिक विकास योजना तर्जुमा गर्दा निम्नअनुसारका दस्तावेजहरूको आधार लिइएको छः

१. नेपालको संविधान,
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
३. नेपाल सरकारको पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१),
४. नेपाल सरकारको सोह्रौं योजनाको आधार पत्र २०८०,
५. कर्णाली प्रदेशको आवधिक योजना (आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१)
६. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८,
७. दिगो विकासका लक्ष्य,
८. विकासका अन्तर सम्बन्धित विषय
९. स्थानीय सरकारद्वारा तर्जुमा गरिएका ऐन कानुन तथा अन्य दस्तावेजहरू,
१०. स्थानीयस्तरमा क्रियाशिल राजनैतिक दलका घोषणापत्र, नीति तथा कार्यक्रमहरू,
११. स्थानीय तहको आन्तरिक राजस्वको अवस्था,
१२. सङ्घीय सरकार तथा प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त हुने बजेट सिलिङ,
१३. नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा गरेका सन्धि, सम्झौता र प्रतिबद्धताहरू,

१४. स्थानीयस्तरमा उपलब्ध हुने स्रोत साधन, विकासको अवस्था, स्थानीय जनताको अपेक्षा आदि,

## १.२ आवधिक योजना तर्जुमाको उद्देश्य

गाउँपालिका क्षेत्रको समष्टिगत आर्थिक तथा सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र उपलब्धि हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित क्रियाकलापहरू सहितको मार्ग चित्र नै आवधिक योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि स्थानीय सरकारले तय गरेका लक्ष्य प्राप्ति तर्फ विकासको गतिलाई मार्गदर्शन गर्ने कार्य गर्दछ । पालिकाको नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैर-सरकारी, सहकारी समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई गोलबद्ध गरी एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै यस पञ्चवर्षीय योजना (आवधिक विकास योजना आ.व.२०८०/०८१-२०८५/०८६) तर्जुमाको प्रमुख उद्देश्य हुनेछ । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन्-

- स्थानीय तहले दीर्घकालीन सोच तयार गरी सोही सोच पुरा गर्न रणनीति तथा कार्यनीतिका आधारमा अल्पकालीन, मध्यम कालीन तथा दीर्घकालीन योजनाहरू सहभागीतामूलक पद्धतिका आधारमा छनोट गर्नु,
- छनोट गरिएका योजनाहरू कार्यान्वयन गर्न आवश्यक पर्ने लागतको प्रक्षेपण र स्रोत विश्लेषण गरी स्रोत सहभागिताको आकलन गर्नु,
- विकासमूलक गतिविधिहरू एकीकृत तरिकाले पालिकाको नेतृत्वमा एकद्वार प्रणाली अनुसार सञ्चालन गर्नु,
- प्राथमिकता प्राप्त योजना र क्रियाकलापहरूमा लगानी सुरक्षित गर्न मध्यकालीन खर्च संरचना तयार गर्नु र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि मार्ग प्रशस्त गर्नु,

## १.३ आवधिक योजना तर्जुमा प्रक्रिया

सोरु गाउँपालिकाको आयोजना तथा कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको आर्थिक सहयोगमा तर्जुमा गर्ने निर्णय गरे पश्चात् आर्थिक वर्ष २०८०/०८१ को दोस्रो चौमासिकबाट परामर्शदाताको छनोटको लागि सार्वजनिक खरिद ऐनको प्रक्रिया प्रारम्भ भएको हो । राष्ट्रिय योजना आयोगबाट स्थानीय तहको लागि जारी गरिएको आवधिक योजना तर्जुमा दिग्दर्शन, २०७८ मा भएको व्यवस्था अनुसार सम्पूर्ण आवधिक योजना तर्जुमाको कार्य सम्पादन गर्ने गरी गाउँपालिका र परामर्शदाता बीच भएको सम्झौता-पत्रमा उल्लिखित सर्तहरूको आधारमा आवधिक योजनाका प्रक्रियाहरूलाई अगाडि बढाइएको हो । योजनालाई बढी सहभागीतामूलक, यथार्थ परक, कार्यान्वयन योग्य र सर्व स्वीकार्य गराउन देहायका प्रक्रिया तथा विधिहरू अवलम्बन गरिएको छः

### क. अभिमुखीकरण तथा तयारी कार्यशाला गोष्ठी

प्रस्ताव स्वीकृत भई कार्य सम्झौता भएपछि गाउँपालिकाका जनप्रतिनिधिहरू, कार्यरत कर्मचारी (वडा सचिव र वडाका कर्मचारीहरू) लगायत स्थानीय सरोकारवालाहरू सहभागी प्रारम्भिक गोष्ठी २०८० साल चैत्र १९ गतेदेखि २२ गतेसम्म ३ दिन सञ्चालन गरिएको थियो । उल्लिखित समयमा पालिकास्तरीय प्रारम्भिक गोष्ठीका अतिरिक्त गाउँ कार्यपालिकाको कार्यालयका शाखाहरू र वडास्तरीय गोष्ठीका अतिरिक्त Bottom up Approach (तलबाट

माथि) का आधारमा वस्ति-वस्तिबाट प्राप्त योजनाहरूलाई वडास्तरीय भेलाबाट सङ्कलन गर्ने कार्य गरिएको थियो।गोष्ठीमा आवधिक योजनालाई व्यापक जनसहभागिताका आधारमा जन अपेक्षा तथा स्थानीय वास्तविकता अनुसार तोकिएको समयभित्र प्रचलित कानुन तथा आवधिक योजना तर्जुमा दिग्दर्शन पहिलो संशोधन २०७८ को २.४.१ मा भएको व्यवस्था अनुसार योजना तर्जुमाको समग्र प्रक्रियालाई सहयोग, निर्देशन र समन्वय गर्न गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा एक आवधिक योजना तर्जुमा निर्देशक समिति गठन गरिएको थियो । दिग्दर्शन २०७८ को २.४.३ अनुसार आवधिक योजना तर्जुमा सम्बन्धी कार्यशाला व्यवस्थापन, सञ्चालन र सहजीकरण तथा योजना तर्जुमा कार्यशालाको छलफल, निष्कर्ष तथा उपलब्धिहरूलाई अभिलेखीकरण गरी आवधिक योजनाको दस्तावेज लिपिबद्ध गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा एक संयोजन तथा सहजीकरण समिति गठन गरिएको थियो । आवधिक योजनाका विभिन्न प्रक्रियाहरू पुरा गरी चरण बद्ध रूपमा तयारी, विश्लेषण, योजना तर्जुमा र स्वीकृति गरी चार चरणमा १५ कार्यहरू पुरा गर्ने प्रयोजनमा मार्गदर्शन गर्नका लागि देहाय बमोजिमको एक आवधिक योजना तर्जुमा कार्यतालिका तथा जिम्मेवारी कार्यतालिका गोष्ठीबाट स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय भएको थियो । पालिकास्तरीय गोष्ठीमा आगामी पाँच वर्षे आवधिक योजनाको लागि बजेटको आकार निर्धारण गर्नका साथै विषयगत क्षेत्र अनुसार रकम विनियोजन गर्ने कार्य पनि गरिएको थियो ।

### ख. वडागत योजना तर्जुमा गोष्ठी सञ्चालन

वडाका जनप्रतिनिधिहरू, कर्मचारीहरू, स्थानीय राजनैतिक दलका प्रतिनिधिहरू, विद्यालयका प्र.अ. लगायतका शिक्षक कर्मचारीहरू, स्थानीय बुद्धिजीवीहरू, उद्योगी तथा व्यवसायीहरू लगायत गैर-सरकारी सङ्घ/संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा वडा कार्यालयमा सहजीकरण टोली मार्फत १/१ दिने योजना तर्जुमा गोष्ठी सञ्चालन गरिएको थियो । वडा कार्यालयमा वडा अध्यक्षको अध्यक्षता, राजनैतिक दलको सक्रिय सहभागिता, स्थानीयवासीको व्यापक उपस्थितिमा वस्ति तथा वडाका योजनाहरू सङ्कलन गर्ने कार्य सम्पन्न गरिएको थियो ।

### ग. तथ्याङ्क प्रमाणीकरण

सोरु गाउँपालिकाको वस्तुगत विवरणमा उल्लेख भएका तथ्याङ्कहरूलाई विषयगत समितिहरूमा छलफल गरी योजनामा संलग्न गरिएका प्रमुख सूचकहरू समेत निर्धारण गरिएको थियो ।

### घ. दीर्घकालीन सोचको निर्क्योल

गाउँपालिकाको दोस्रो आवधिक योजनाको दीर्घकालीन सोच निर्क्योल गर्न मिति २०८१/०२/०१ देखि ०३ गतेसम्म आयोजना गरिएको गोष्ठीमा सबै सरोकारवालाहरूलाई पाँच समूहमा विभाजन गरी स्नोवल विधिको माध्यमद्वारा सहभागीहरूको सक्रिय सहभागितामा छलफल अघि बढाइएको थियो । गोष्ठीमा सर्वसम्मत रूपमा **"रैथाने बाली, पर्यटन र पूर्वाधारः सुशासन र समृद्धि सोरुबासीको आधार"** सोच पारित गरी सोही सोचका आधारमा पाँच वर्षे आवधिक योजनाका लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरिएको छ ।

### ङ. अवसर, समस्या तथा चुनौतीहरूको पहिचान

सोरु गाउँपालिकाको आवधिक योजना तर्जुमा पूर्व सोरु गाउँपालिकाका विद्यमान समस्या तथा चुनौतीहरू र अवसरहरूको पहिचान गर्न हरेक विषयगत क्षेत्रहरू जस्तै आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकासको छुट्टाछुट्टै अध्ययन गरी विश्लेषण गरिएको छ ।

### च. क्षेत्र गत उद्देश्य, रणनीति कार्यनीति तथा प्राथमिकता निर्धारण

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा हरेक विषयगत क्षेत्रहरू जस्तै आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकासका उपक्षेत्रहरूको छुट्टाछुट्टै क्षेत्र गत उद्देश्य, रणनीति, कार्यनीति सहित प्राथमिकता निर्धारण गर्ने कार्य भएको थियो । यसका साथै सबै विषयगत उपक्षेत्रहरूको नतिजा सूचक पनि निर्धारण गरिएको थियो ।

### छ. मस्यौदा प्रतिवेदन लेखन तथा प्रेषण


माथि उल्लिखित चरणहरू पुरा गरी विज्ञ समूहले गाउँपालिकाबाट प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा मस्यौदा प्रतिवेदन तयार गरी आवश्यक सुधार तथा सुझावका लागि गाउँ कार्यपालिकाको कार्यालयमा प्रेषण गर्ने कार्य भएको हो । पालिकाबाट प्राप्त सुझावलाई संलग्न गरी तोकिएको समयावधि भित्र अन्तिम प्रतिवेदन गाउँपालिकाको कार्यालयमा प्रेषण गरिनेछ ।

# परिच्छेद दुईः गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ गाउँपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

मुगु जिल्ला कर्णाली प्रदेश अन्तर्गत पर्दछ । यस जिल्लाको जिल्ला सदरमुकाम गमगढी हो । यस जिल्लामा साबिकका २४ वटा गा.वि.स. हरूलाई हाल राजनैतिक, प्रशासनिक तथा विकासको दृष्टिकोणबाट ३ गाउँपालिका र १ नगरपालिका गरी चार स्थानीय तहमा विभाजन गरिएको छ । विश्व मानचित्रमा २२°४६'देखि २१°५६' अक्षांश र ८१°४६'देखि ८२°४९'देशान्तरको बीचमा यो जिल्ला रहेको छ । यस जिल्लाको सिमाना अन्य पाँचवटा जिल्लाहरू र छिमेकी मुलुक चीनसँग जोडिएको छ । यस जिल्लाको उत्तरमा हुम्ला जिल्ला र चीनको स्वशासित क्षेत्र तिब्बत, दक्षिणमा जुम्ला र कालिकोट जिल्ला, पूर्वमा डोल्पा जिल्ला र पश्चिममा बाजुरा जिल्ला पर्दछन् ।




चित्र १: सोरु गाउँपालिकाको अवस्थिति नक्सा


मुगु जिल्लाका ४ वटा स्थानीय तहहरू मध्ये सोरु गाउँपालिका एक हो। यस गाउँपालिकामा ११ वटा वडाहरू छन् । विश्व मानचित्रमा २२°४६' देखि २१°५६' अक्षांश र ८१°४६'देखि ८२°४९'देशान्तरको बीचमा यो गाउँपालिका रहेको छ । साबिकको जिमा, फोतु, निई, नार्थपु, धैनकोट, कालै, रारा कच्चे गा.वि.सहरू समेटेर यो

गाउँपालिका बनेको हो । यस गाउँपालिकाको उत्तरना अदानचुली गाउँपालिका हुम्ला, दक्षिणमा छायाँनाथ रारा नगरपालिका मुगु, पूर्वमा मुगुम कार्मारोङ गाउँपालिका नृग्न र पश्चिममा खत्याड गाउँपालिका मुगु पर्दछन् ।

यो पालिका समुद्री सतहबाट करिब १२०० मी. देखि करिब ३४०० मी. उचाइ सम्मको भू-भागमा रहेको छ । यसको कुल क्षेत्रफल ३६५.८ वर्ग किलोमिटर छ। कुल भू-क्षेत्र मध्ये खेतीयोग्य भूमि १६१३५ हेक्टर, नाङ्गो डाँडा १०२०८८ हेक्टर, चरन क्षेत्र ७९७५७ हेक्टर, झाडी बुट्यान १५५२ हेक्टर, हिउँले ढाकेको १४८९४ हेक्टर, वन १४६४१.५ हेक्टर र नदी, ताल तथा पोखरीले १२४१ हेक्टर ओगटेको छ।


### २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

यहाँको अधिकतम तापक्रम २५ डिग्री र न्यूनतम तापक्रम ३ डिग्री सम्म रहेको छ । यस पालिकाको औसत वार्षिक वर्षा ७०६ मिलिलिटर सम्म रहेको छ। हिमालले यस क्षेत्रमा मनसुनलाई छेक्ने भएकोले मुगु जिल्लाको तल्लो भूभागमा सुक्खा जलवायु रहेको छ ।



चित्र २ः सोरु गाउँपालिकाको स्याटलाइट नक्सा

यस पालिकाको कुल क्षेत्रफल ३८५.८ वर्ग कि मी रहेको छ । यस गाउँपालिका जम्मा १७ वटा सामुदायिक बन, ९ वटा कबुलियती बन र एउटा निजी वन रहेका छन् । सामुदायिक बनले १९२८ हेक्टर र कबुलियती वनले १७०.७६ हेक्टर गरी जम्मा २०९८.५४ हेक्टर बनको संरक्षण तथा उपयोग गरिरहेका छन् । अझै पनि धेरै राष्ट्रिय बनको भाग सामुदायिक वनमा हस्तान्तरण हुन बाँकी छ। यी बनहरूमा बाँझ, गुराँस, देबदार, औलीसल्लो, धुपी, वाभ्क, रयाज, खस्रु, ठिगो, गोब्रेसल्ला, लौठ सल्ला, पागर, खरि, काउलो, उत्तिस, भोजपत्र जस्ता प्रजातिहरूको बाहुल्यता छ भने लोक्ता, तिलखुरा, वेलु, चुत्रो, मच्चाईनो, एसेलु जस्ता प्रजातिका बुट्यानहरू पाइन्छन् ।




चित्र ३ः सोरु गाउँपालिकाको भौगोलिक उचाइ नक्सा

गाउँपालिकाको दक्षिण पश्चिमी भागमा मात्र मनसुनी हावाले प्रभाव पार्न सक्छ। यहाँ सबभन्दा वर्षा हुने समय असार, साउन र भदौ हो भने सबभन्दा कम पानी पर्ने महिनाहरू पौष, माघ, फाल्गुन रहेका छन् । यो पालिकालाई वनस्पति तथा वन्यजन्तुको हिसाबले महत्त्वपूर्ण मान्न सकिन्छ । यहाँ मिश्रित कोणधारी वनस्पति पाइन्छ भने जडीबुटीहरूमाः पाँचऔंले, पाखनवेद, निरमसी, घुच्ची च्याउ, सुगन्धवाल, विषजरा, चिराईतो, पञ्चाल, लौठसल्ला आदि जस्ता महत्त्वपूर्ण जडीबुटी सहित २५० भन्दा बढि प्रकारका जडीबुटीहरू पाइन्छन् । त्यसैगरी वन्यजन्तुमाः कस्तुरी, मृग, रातोपाण्डा, हिँउचितुवा, हिमाली भालु, घोरल, झारल, नाउर, बँदेल आदि पाइन्छन्। पन्छीहरूमा डाँफे, कालिज, च्याखुरा आदि पाइन्छन् ।

यस गाउँपालिका भएर बग्ने मुख्य नदी मुगु कर्णाली र हुम्ला कर्णाली रहेका छन् भने अन्य खोला तथा खोल्सीहरूमा वडा नं. १ म वुकाखोला, सैनखोला, गोठीखोला, गैरी खोल्सी, सिउती खोल्सी, निमगहिरा खोल्सी, पिपलेडी खोला, पुसापानी खोला, खोडाखोला, दैतऔखा खोला, पानीखान खोला, ढयाईढुंगा खोला. मेडीगाडे खोना, वडा नं. २ मा भरुर्पु खोला, उतेरी खोला, वाडपनेरखोला, वयालधार खोला, सिनेडीखोला, चुरे खेल वयलधार खोला, उतिसखोला, खेरेली खोला, जडेनी खोला, पोरीनौली खोला, वडा नं. ३ मा खोलीखोला, भालुमारेखोला, आँसखोला, काटीयाखोला, भलायखोला, वडा नं. ४ मा सानी खोला, भाँडुसल्ला खोल्सी, भाँडुसल्ला खोल्सी, पानधारा खोल्सी, वडा नं. ५ मा सानी खोला, भाँडुसल्ला खोल्सी, भाँडुसल्ला खोल्सी, पानधारा खोल्सी, वडा नं. ६ मा जिमा खोला मुल, खैंसाको मेलपानी, पुरुमुरुको खोची खोला, वन्जाको खलबरे देखि पैंचे खोला, सोरुकोटको खोल्सा खोला, वडा नं. ७ मा मुगु कर्णली, सिप खोला, बुम्च खोला, लुमखोला, यारी खोला, वडा नं. ८ मा सिलीखोला, तितेपानी, वेहुली, माभ्खोला, रिघारुख, नौलीखोला, गोलखाडा, वहरदाउना, भुतपधेरा, गैराखर्क, जडि, रुमखोला, तोराखान, आर्सेखोला, ढटेल्नीखोला, भाडखोला, माथिखर्क, कर्काल्याखोला, नुनुखारा, पानीनाउला, माभ्कखण्ड, डिमुरखोला, सिजाखोला, पुटकेखोला, सिजाखोला, गोठेनीखोला, चिलखोला, खारेखोला, घाटखोला, काडछेडाखोला, घाडाहाल्ना, वन्सुरेखोला, कोटिल्ला, सुकाटाका, सेतापहरा, मसिनी, पलान्दु, भलेटा, झालेखोला, ठाडपानी, लुम्ला, मसिनाखोला, वडा नं. ९ मा सिड्डी खोला, खनाया खोला, कालै खोला देखि पेर खोल्सि, वडा नं. १० मा दैंई खोला, बाँध्या खोला, हाँडी खोला, बुर्म्मु खोला, फिट्फिटय खोल, गडम, तोसारे खोला, प्यॉउँ खोला, उनी खोला, फिट्फिटय खोल, गडम, तोसारे खोला, प्याँउँ खोला, उनी खोला, वडा नं. ११ मा सल्लेखोला, हाँडी खोला, धुपी खोला, प्याउँ खोला रहेका छन्।

### २.१.३ जनसांख्यिक अवस्था

**गाउँपालिकाको आगामी १५ वर्षको जनसाङ्खिक प्रक्षेपण यस प्रकार रहेको छ ।**




चित्र ४: सोरु गाउँपालिकाको आगामी १५ वर्षको जनसाङ्खिक प्रक्षेपण

## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

सोरु गाउँपालिकामा जडीबुटी, अन्न बाली, तरकारी, फलफूल खेती तथा दलहन बालीको उत्पादन हुने गर्दछ। हाल यस गाउँपालिकामा २५० हेक्टरमा कृषि खेती गरिएको छ। यस गाउँपालिकामा ८० प्रतिशत जनसङ्ख्या कृषिमा आधारित रहेका छन् भने ७० कृषक समूह छन् भने २१२५ कृषकहरू समूहमा आबद्ध भई व्यावसायिक कृषिमा संलग्न रहेका छन् । अझै पनि परम्परागत एवम् व्यावसायिक उत्पादनले उत्पादनशीलता वृद्धि हुन सकेको छैन । स्याउ, ओखर र सिमीमा यस पालिकाको कृषि क्षेत्रको उच्च सम्भाव्यता रहेको छ । पछिल्लो समय जीविकोपार्जनमुखी रहेको कृषि क्षेत्रले क्रमशः व्यावसायिक खेती गरिरहेको देखिन्छ । कृषि जीविकोपार्जन तथा रोजगारीको मुख्य आधारको रूपमा रहेको छ। यस गाउँपालिकामा उत्पादन हुने ओखर, स्याउ, सिमी, आलु, कागुनो, चिनो, फापर तरकारी व्यावसायिक गर्ने र रैथाने बाली कोदो, जौं, मकै, चिनो, कागुनो, फापर, आदी बालीहरूको संरक्षण प्रवर्द्धन तथा उपभोग गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याइएको छ।

सोरु गाउँपालिकामा विशेषगरी गाई, भैंसी, भेडा, खच्चड, घोडा, सुँगुर, कुखुरा आदि यस पालिकामा पालिने मुख्य घरपालुवा पशुहरू हुन। पशुहरू मूलतः दूध, मासु र फुल (अण्डा)का लागि पाल्ने गरिएको छ । पशुपालनको अधिकतर हिस्सा परम्परागत पशुपालनले ओगटेको भए पनि व्यावसायिक पशुपालनको विकाससँगै वर्णसङ्कर तथा उन्नत नस्लका पशुको सङ्ख्यामा पनि उल्लेख्य वृद्धि हुँदै गएको छ । व्यवस्थित र व्यावसायिक रूपमा पशुपालन गर्ने कृषकलाई पशुसेवा सम्बन्धमा आवश्यक प्राविधिक ज्ञान, सेवा तथा परामर्श सहयोगको कमी रहेको छ । अर्को तर्फ भौतिक पूर्वाधारको कमजोर अवस्था गर्दा परम्परागत विधिबाट पशुपन्छी पालन गर्नु पर्ने, पशु उपचारका लागि सजिलै औषधी उपलब्ध नहुने र उपलब्ध भएका प्रविधि एवं औषधी सेवा महङ्गो हुने अवस्थाले पशुपन्छी पालन व्यावसायिक बन्न सकेको छैन । अझै पनि पालिकाकामा सम्भाव्यता रहँदा रहँदै पनि व्यावसायिक पशुपालन तथा पकेट क्षेत्रको विस्तार हुन सकेको छैन । पशुपन्छी विकासको लागि आवश्यक नीति, ऐन, कानुन नभएकोले अनुदानमा वितरण गरिएका पशुपन्छीहरू हानी नोक्सानी हुने गरेको र कानुनी दायरामा ल्याउन सकिएको छैन । उन्नत नस्लका पशुपन्छी पालन, पशुपन्छीका लागि बीमा अनुदान, सहुलियतपूर्ण ऋणको व्यवस्था कार्यान्वयन प्रभावकारी नभएको साथै पशुपालनबाट मासु, दूध, अण्डामा निर्भर हुन सकिएको छैन । पशुपालन व्यवसायमा युवा उद्यमशीलताका लागि उत्प्रेरणा तथा आकर्षक कार्यक्रमको अभावमा रहेको छ भने केवल निर्वाहमुखी पशुपालनको अभ्यासको व्यापकता रहेको छ । पशुआहारका लागि उन्नत घाँसको बीउ तथा डालेघाँसको उत्पादनमा कमी रहेको छ ।

### २.२.२ पर्यटन तथा संस्कृति

सोरु गाउँपालिका सांस्कृतिक सम्पदाले भरिपूर्ण सम्भावना नै सम्भावना भएको गाउँपालिका हो। प्राकृतिक पर्यटनको लागि कर्णालीको तिरमा रहेको तातोपानी, रमणीय खर्कहरू लगायतका विभिन्न ठाउँहरू रहेका छन् । धार्मिक पर्यटनको लागि विभिन्न कोट, मन्दिर लगायत दर्जनौं ठाउँहरू रहेका छन् । त्यस्तै गरी सांस्कृतिक हिसाबले विभिन्न गाउँहरू, दरी (देउडा), हुट्के नाच, मनाइने चाडपर्वहरू भेष भूषा, खान पिनले अत्यन्त धनी रहेको छ । प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सबै पक्षहरूलाई समेटि पर्यटन क्षेत्रको विकासका लागि व्यवस्थित तथा प्रभावकारी कार्यक्रमहरू सञ्चालन हुन आवश्यक छ। पर्यटकीय स्थलमा आवश्यक पूर्वाधारको

निर्माण र प्रचार प्रसार हुन सकेको छैन । महत्त्वपूर्ण पर्यटकीय क्षेत्र, सम्पदा र उपजलाई ध्यान दिई अत्यावश्यक पूर्वाधार तथा सेवा सुविधा विकास र विस्तार लगायत पर्यटकीय विकास सम्बन्धी स्पष्ट योजना तर्जुमा हुन सकेको छैन । विद्यमान धार्मिक पर्यटकीय सम्पदा, विशेषता, सेवा सुविधाको बारेमा सूचना र प्रचारको कमी रहेको छ ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

विभिन्न किसिमको साना तथा मझौला किसिमका उद्योग, व्यापार तथा व्यवसायको लागि प्रचुर सम्भावना रहेको यस गाउँपालिकामा विभिन्न प्रकारका जस्तै दैनिक उपभोग्य सामानहरू, कृषिजन्य पदार्थ, विभिन्न निर्माण सामाग्रीहरू, तरकारी, फलफूल, औषधि, कपडा तयारी पोसाक, लगायतका व्यावसायिक पसलहरूबाट दैनिक वस्तुहरूको खरिद बिक्री गर्ने होटल, खाजा घरहरूबाट सेवा प्रदान भइरहेको छ। यस गाउँपालिकामा सम्भावना बोकेका व्यापार व्यवसायहरूमा कृषि, उनसँग सम्बन्धित व्यवसाय, जडीबुटी, खोटो, खानी लगायत अन्य वन पैदावारमा आधारित उद्योग, भेडा तथा बाख्राको मासु व्यवसाय आदि प्रमुख रूपमा देखिन्छन्। यसै गरी गाउँमा रहेका युवाहरूलाई उद्योग, व्यापार तथा व्यवसायमा संलग्न गर्ने तथा वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सलाई व्यवसायमा लगाउनका साथै वैदेशिक रोजगारीबाट भित्रिएको दक्ष जनशक्तिलाई स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गरी सञ्चालन गर्न सकिने सम्भावना उत्तिकै रहेको छ ।

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

सङ्घीयताको कार्यान्वयनसँगै सहकारीलाई तथा वित्तीय संस्थालाई स्थानीय तहको अधिकार सुचीमा राखेको छ। जसले गाउँपालिकामा वित्तीय पहुँच, सुविधा र आर्थिक क्षेत्रलाई चलायमान गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै गाउँपालिकामा पुँजी सङ्कलन गर्ने, लगानी गर्ने, रोजगारी प्रवर्द्धन गर्ने तथा सर्व साधारणको आयआर्जन गर्ने उद्देश्यका साथ सोरु गाउँपालिकामा १ राष्ट्रिय वाणिज्य बैंक तथा सहकारी स्थापना भई सञ्चालनमा रहेका छन्। सबै गाउँवासीहरूलाई बैंक तथा वित्तीय सेवामा आबद्ध गराउने गाउँपालिकाको लक्ष्य अनुसार हरेक कामदारको बैंक खाता मार्फत कामदारको रकम भुक्तानी गर्ने कार्यको थालनीले पनि यस गाउँपालिकामा बैंक, सहकारी तथा वित्तीय सेवाको विकास हुन आवश्यक रहेको देखिन्छ ।

### २.२.५ सहकारी

वित्तीय सेवाका लागि क श्रेणीको १ वटा राष्ट्रिय वाणिज्य बैंक रहेको छ भने विभिन्न ८ वटा सहकारी संस्थाहरूले पनि बचत तथा लगानी गरिरहेको देखिन्छ । यी वित्तीय संस्थाहरूले बचत, ऋण, रेमिटेन्स जस्ता सेवाहरू प्रदान गरिरहेको छ ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

यस गाउँपालिका भित्र वडा नं. १ मा आधारभूत स्वास्थ्य केन्द्र, जमलधारा, वडा नं. २ मा स्वास्थ्य चौकी नाथरपुं, आधारभूत स्वास्थ्य केन्द्र, मसिनमेला, वडा नं. ३ मा स्वास्थ्य चौकी भिई, वड़ा नं. ४ मा स्वास्थ्य चौकी, फोतु, सामुदायिक ईकाई नेर, सैन, वडा नं ६ मा आधारभूत स्वास्थ्य केन्द्र, पुरुमुरु, वडा नं. ७ मा स्वास्थ्य चौकी, जिमा, सामुदायिक ईकाई, गयलपानी, वडा नं. ५ मा स्वास्थ्य चौकी, रारा कच्चे, वडा नं. ९ मा स्वास्थ्य

चौकी, खनाया, वडा नं. १० मा स्वास्थ्य चौकी, धनकोट, वडा न. ११ मा सामुदायिक ईकाई, कोट रहेका छन् । यी स्वास्थ्य संस्थाहरूमा हेल्थ असिस्टेन्ट, सिनियर नर्स, अहे व, अनमी गरि ३३ जना र १ जना ल्याब टेक्निसियन गरि ३४ जना स्वास्थ्यकर्मीहरू रहेका छन् । उनीहरू मार्फत स्वास्थ्य सेवाहरू प्रदान भइरहेको छ । यस गाउँपालिकाको भौगोलिक बनावटका कारण जटिल स्वास्थ्य समस्या देखा परेको खण्डमा जिल्ला सदरमुकामको जिल्ला अस्पताल र जिल्ला भएर नेपालगन्ज तथा भारतका विभिन्न स्थानमा उपचार गराउने गरेका छन् ।

गाउँपालिकाको वडा न ६, बन्जाहाँमा सामुदायिक अस्पताल निर्माणाधीन रहेको छ । स्वास्थ्य चौकीहरूसँग पर्याप्त रूपमा भौतिक तथा सेवा सुविधाहरूको अभाव छ । ४० किमि टाढा रहेको गमगढीमा अवस्थित जिल्ला अस्पताल आउनका लागि गाउँपालिका अवस्थित सोरुकोट बाट ४ घण्टाको जीप यात्रा लाग्छ । तर अन्य मोटर बाटो नपुगेको गाउँ बस्ती बाट हिँडेर २ दिन सम्म लाग्छ। तर्सथ, स्वास्थ्य सेवाको अवस्था विकराल नै मान्नु पर्ने देखिन्छ ।

### २.३.२ शैक्षिक विकास

सोरु गाउँपालिकामा ३९ वटा सामुदायिक विद्यालय र १ वटा संस्थागत विद्यालय रहेका छन्। यस गाउँपालिकामा शैक्षिक सत्र २०८० मा जम्मा ५९१३ विद्यार्थीहरू रहेका छन्। यस गाउँपालिका भित्र सामुदायिक विद्यालयमा १३२ जना शिक्षक हुनुहुन्छ। यसैगरी बाल-विकास शिक्षक ४९ जना र विद्यालय कर्मचारीहरू ३९ जना रहेका छन्। जनगणना २०७८ अनुसार सोरु गाउँपालिकाको साक्षरता दर ६५.५ रहेको छ भने पुरुषको ७४.४ र महिलाको ५६.७ रहेको छ। शैक्षिक अध्ययनको विषयको विश्लेषण गर्दा यहाँ उच्च शिक्षा पढ्ने मध्ये सबै भन्दा धेरै ७७.५ प्रतिशत शिक्षा विषय अध्ययन गर्ने गरेको देखिन्छ भने त्यस पश्चात् स्वास्थ्य तथा चिकित्सा ४.७ तथा क्रमशः व्यवस्थापन ४.० मानविकी तथा समाजशास्त्र ३.६ विज्ञान र प्रविधि १.६ र अन्य रहेको छ । यस गाउँपालिकाको साक्षरता मध्येको धेरै जनसङ्ख्याले प्राथमिक तहमात्र अध्ययन गरेको पाइएको छ ।

आधारभूत तहको कक्षा १-८ को कुल भर्ना दर १४२९ र कक्षा ९-१२ हेर्दा ७१.८ देखिन्छ । यसरी हेर्दा सहि उमेरमा बालबालिकाहरू भर्ना नहुने देखिएको छ । समयमा नै विद्यालय भर्ना गराउनु पर्ने यस पालिकाको प्रमुख काम देखिन्छ । त्यसैगरी आधारभूत तहमा खुद भर्ना दर ९४.७र माध्यमिक तहमा खुद भर्ना दर ४७.१ रहेको छ। यसरी हेर्दा अझै पनि आधारभूत तहमा ५.३ र माध्यमिक तहमा ५२.९ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् । त्यसमा पनि छात्राको पहुँच छात्र भन्दा कम रहेको छ ।

सोरु गाउँपालिका भित्र हाल कक्षा १-१२ सञ्चालित ३ वटा र कक्षा १-१० सञ्चालित ५ वटा गरी जम्मा ८ वटा माध्यमिक तहको विद्यालयहरू रहेको छन् । शैक्षिक सत्र २०८० अनुसार माध्यमिक तहमा जम्मा ९५४ जना बालबालिकाहरू अध्ययनरत छन् ।

### २.३.३ खानेपानी तथा सरसफाइ

नेपालको संविधानले आधारभूत खानेपानी तथा सरसफाइको हकलाई मौलिक हकका रूपमा उल्लेख गरेको छ । सो अन्तर्गत यस सोरु गाउँपालिकाको एक घर एक धाराको अवधारणा अनुसार खानेपानी वितरण गर्ने कार्य

लाई निरन्तरता दिई रहेको छ । तथापि सबै गाउँवस्तीमा स्वच्छ सफा खानेपानीको पहुँचबाट बाहिर नै रहेको छ । यस गाउँपालिकाको खानेपानीको प्रमुख स्रोतका रूपमा अझै पनि मूल तथा नदी वा खोलाको पानीलाई उपयोग गर्दै आएको छ । खुल्ला दिशा मुक्त क्षेत्र घोषणा भई सके पनि सबै घरपरिवार शौचालयको पहुँच बाहिर नै रहेको छ भने व्यक्तिगत सरसफाइ तथा स्वच्छताको पक्षहरूमा अझै धेरै नै कार्य गर्नु आवश्यक रहेको छ ।

सोरु गाउँपालिकामा खानेपानीको लागि विभिन्न स्रोतहरूको प्रयोगबाट पूर्ति गरिएका छन्। विभिन्न स्रोत मध्ये पाइपबाट ७४.५४ प्रतिशत घरधूरीहरूले सुविधा लिएका छन् भने मूलको पानी प्रयोग गर्ने २५.११ प्रतिशत रहेका छन् । करिब ९६ प्रतिशत मानिसहरूले शौचालय प्रयोग गर्दछन् भने केही घर धुरीहरूमा हालसम्म पनि शौचालयहरू नभएको पाइन्छ । यस गाउँपालिकाका धेरै जस्तो ठाउँमा खानेपानीको समस्या रहेको छ केही वडाहरूमा पानीका मुहानहरू गाउँको तलतिर रहेका छन् भने कुनै वडामा खानेपानीका मुहानहरू नै छैनन् ।

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

नेपालको संविधानले महिला, बालबालिका तथा लक्षित वर्गको पक्षमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई उच्च प्राथमिकता दिएको छ । संवैधानिक व्यवस्थालाई आत्मासाथ गर्दै सोरु गाउँपालिकामा तर्जुमा भएका नीति, ऐन, गठन गरिने संरचनाहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई ध्यान दिई कार्यान्वयन गर्दै आएको छ । गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा समानुपातिक समावेशी र न्यायोचित वातावरण तयार गर्ने उद्देश्यका साथ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अभ्यासलाई निरन्तरता दिई रहेको छ । सामाजिक समावेशीकरण र लक्षित वर्गको हितका सम्बन्धमा लक्षित समूह विकास कार्यक्रम सञ्चालन भएकोले लक्षित वर्गमा आफ्नो अधिकार र अवसरका सम्बन्धमा चेतनाको वृद्धि हुँदै गएको छ । गाउँपालिकामा लैससास नीतिको निर्माण न्यायिक समितिको क्रियाशीलता, ६० वर्ष माथिका जेष्ठनागरिकहरूलाई परिचय पत्र, अपाङ्गता परिचय पत्र कार्यविधि तर्जुमा जस्ता कार्यहरूले लक्षित वर्गको लागि सकारात्मक कार्य हुँदै आई रहेको छ ।


### २.३.५ युवा, खेलकुद तथा कला

सोरु गाउँपालिकामा युवा खेलकुद तथा नवप्रवर्तनको क्षेत्रको विकास र महत्त्व निकै नै रहेको छ। यस गाउँपालिकाका युवाहरू विभिन्न खेलहरू विशेष गरी फुटबल, भलिबल लगायतका खेलमा जिल्ला स्तरमा नै राम्रा खेल खेल्ने खेलाडीहरूमा पर्दछ । त्यस्तै गरी यस गाउँपालिकाको प्रत्येक वडामा क्लबहरू स्थापना गरी खेलकुदका विविध गतिविधिहरू सञ्चालन गर्दै आएको छ । त्यस्तै गरी गाउँपालिकाले यस क्षेत्रको विकासको लागि नीतिगत, कानुनी तथा योजनामा नै विकास र प्रवर्द्धनको लागि आवश्यक बजेट विनियोजन गरी कार्यक्रम आयोजना गरी यस क्षेत्रको विकासलाई अगाडी बढाएको छ । जसले भोलिका दिनहरूमा यस ठाउँका सम्भावना बोकेका नव प्रतिभाहरू प्रदेश, सङ्घ हुँदै अन्तरराष्ट्रिय स्तरमा खेल खेल्न सक्ने सम्भावना बोकेको अवस्था रहेको छ । जसले गर्दा यस गाउँपालिकालाई खेलको माध्यमबाट देश विदेशमा चिनाउन सक्ने अवस्था सृजना भएको छ भने नवप्रवर्तनको कार्यहरू पनि सञ्चालन गर्नु पर्ने उत्तिकै आवश्यक रहेको छ ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

गाउँपालिकामा माटोले बनेका घरहरू करिब ९० प्रतिशत र जस्ता टिनको छाना भएको घर ९.१८ प्रतिशत रहेको छ । सिमेन्टले बनेका पक्की घरहरूको सङ्ख्या एक प्रतिशत भन्दा पनि कम रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरे अनुसार स्थानीय स्तरमा योजनाबद्ध, व्यवस्थित, सुरक्षित तथा वातावरण मैत्री भवन तथा बजार क्षेत्रको विकास गर्न आवश्यक छ ।





चित्र ५: सोरु गाउँपालिकाको मुख्य बस्तीहरूको जिआइएस नक्सा

योजना नबनाई, अव्यवस्थित, असुरक्षित तथा वातावरण मैत्री भवन तथा बजार क्षेत्रको विकासले जोखिम र दुर्घटनालाई निम्त्याउने आदि जस्ता पक्षहरूको विकास हुन्छ । त्यसैले गाउँपालिकामा भई रहेको जनसङ्ख्या वृद्धिसँगै बस्ती विस्तार, भवन निर्माणले गति लिएको छ। यसलाई मापदण्ड भित्र ल्याई योजनाबद्ध, व्यवस्थित, सुरक्षित तथा वातावरण मैत्री भवन तथा बजार क्षेत्रको विकास गर्न आवश्यक छ। गाउँपालिकामा अब बन्ने आवास, भवन तथा बस्ती विकास सडक, विद्युत, सञ्चार, बजार, पार्क, खेल मैदान, ढल-निकास, फोहोर व्यवस्थापन जस्ता कार्यहरूलाई व्यवस्थित गर्नु पर्ने देखिन्छ। यसको साथै भवन निर्माण मापदण्ड र घर नक्सा पासलाई व्यवस्थित रूपमा कार्यान्वयन आवश्यक रहेको छ ।

### २.४.२ सडक, पुल तथा यातायात

यस गाउँपालिकामा हाल सम्म ३३९ किमि धुले वा कच्ची सडक रहेको छ । ९५ कि.मि. कच्ची सडक सञ्चालनमा रहेको छ । गाउँपालिका ११ वडा मध्ये ५ वटा वडा बाहेक सबै वडामा सडकको पहुँच पुगेको छ । यस गाउँपालिकामा सडक मार्गबाट यात्रा गर्ने मानिसहरू भन्दा बढी गोरेटो बाटोको प्रयोग गर्दछन् । बाह्रै महिना चल्न सक्ने सोरुकोट देखि गमगढी सडक मात्र हो ।




चित्र ६: सोरु गाउँपालिकाको मुख्य सडकहरूको जिआइएस नक्सा

सवारी साधनको सङ्ख्या बढ्दै गए पनि ती साधनका लागि आवश्यक बसपार्क तथा निजी तथा साना सार्वजनिक सवारी साधनहरूका लागि प्रशस्त र व्यवस्थित पार्किङ स्थलहरूको कमी रहेको छ । त्यस्तै गरी खोला नदीहरूमा २ वटा मोटरेवल पुल रहेको छ भने अन्य ठाउँहरूमा झोलुङ्गे पुलको निर्माण भएको छ । यही झोलुङ्गे पुलले मुगु र हुम्ला जिल्लालाई जोडेको छ ।

गमगढी देखि तारापानी सम्म २२ कि.मी सडक सञ्चालनमा छ भने अन्य गाउँहरूमा ग्रामीण सडक जोडन कार्यहरू भई राखेका छन् । तारापानी देखि सोरुकोट सम्म करिब २० कि.मि कच्ची सडक समेत सञ्चालनमा छ। यसका साथै पालिकाको विभिन्न वडाहरूमा समेत कच्ची मोटर बाटो खनिएको छ । गाउँपालिका का वडाहरू १, २, ३, ६, ७, ८ र २ मा मोटर बाटो पुगेको छ । यी बाटोहरू कुनै मौसमी छन त कुनै बाह्रै

महिना सञ्चालनमा आउने खालका छन् । सडक यातायातका अलावा जिल्ला कै एक मात्र ताल्चा विमानस्थलले गाउँपालिका बासीलाई थप सहजता पुर्याएको देखिन्छ ।

### २.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

सोरु गाउँपालिका जलस्रोतमा निकै नै धनी रहेको छ । मुख्य २ कर्णाली मुगु र हुम्ला कर्णाली यसै गाउँपालिका भएर बग्ने गर्दछन् भने ३९ वटा साना तथा मझौला खोला नालाहरू रहेको छन् । यो गाउँपालिका अझै पनि केन्द्रीय विद्युतीकरणसँग जोडिएको छैन । विद्युतीकरणका लागि २ वटा वडामा लघुजलविद्युत निर्माण गरी विद्युतीकरण गरेको छ भने पालिकाको केन्द्रमा र अधिकांश वस्ति तथा वडाहरूमा सौर्य बत्ती मार्फत विद्युतीकरण गर्ने कार्य भएको छ ।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

सूचना तथा सञ्चार प्रविधि सामाजिक तथा आर्थिक विकासको संवाहक भएकोले नेपालको संविधान २०७२ ले सूचनाको हकलाई मौलिक हकको रूपमा व्यवस्थित गरेको छ । टेलिफोन सेवाका लागि नेपाल टेलिकमले गाउँपालिकाको लागि सीमित क्षमताको सेवा प्रदान गरी रहेको छ । टेलिफोनको टावर बनाउनको लागि प्रस्तावित गरेका ठाउँहरूमा अझै सम्म टावर बन्ने कार्य सुचारु तथा सम्पन्न नहुँदा सोरुवासी टेलिफोनको गुणस्तरीय सेवाबाट वञ्चित रहेको छ । गाउँपालिकाको आफ्नै पहलमा एफ.एम. रेडियो भवन बनाई सूचना सेवा प्रदान गर्नको लागि काम अगाडी बढाइएको छ भने इन्टरनेट सेवाको लागि वर्ल्ड लिङ्क तथा स्याटलाईट सेवा मार्फत गाउँपालिकाको प्रशासनिक तथा अन्य अत्यावश्यक कामहरू सञ्चालन गरी जनतालाई सेवा दिने कार्य गरी रहेको छ ।


## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

वनक्षेत्रले ओगटेको क्षेत्र हेर्दा जंगल र झाडी गरी करिब ४० प्रतिशत रहेको छ। गाउँपालिका क्षेत्र बनाएर बगि रहने हुम्ला मुगु कर्णाली नदी र अन्य सहायक नदी तथा खोलाहरू यहाँको मुख्य प्राकृतिक सम्पदाहरू हुन्। साथसाथै यस क्षेत्रमा रहेका राष्ट्रिय वन तथा सामुदायिक वनहरू पनि यस क्षेत्रका प्राकृतिक सम्पदाहरू, पर्यटकीय स्थलका रूपमा चिनिएका छन् भने यो क्षेत्रमा जैविक विविधताका हिसाबले उच्च पर्वतीय चिसो हावापानीमा पाइने जीव तथा वनस्पतिहरूमा गुच्ची च्याउ, कस्तुरी, कालीज, लुँइचे, डाँफे मुख्य रूपमा रहेका छन् यसका पहाडको माथिल्लो भागका अधिकांश स्थानमा वन तथा खर्कहरू रहेका छन्। यस पालिकाको उत्तरमा देखिने रमणीय हिमाली शृङ्खलाहरूले यहाँको सुन्दरता बढाएको छ ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन


यस गाउँपालिका भित्र गाम्बुखोला, नाउला, सानीगाड, स्यालापानी, पानीनाउला, रातापानी लगायतका स्थानमा सिमसार क्षेत्रहरू रहेका छन् । त्यसैगरी, गाउँपालिका भित्र कुक्केकोखाल, सुख्खा वर्पेखाल जस्ता तालहरू र पुच्छाछडा, पःयाल्याछडा, पवंतयांछडा, कुगयांछडा, गच्चेनी, रिउलीनाथ, वलाडी जस्ता झरनाहरू गाउँपालिकामा जलाधारका स्रोतको रूपमा रहेका छरिएर रहेका छन् ।




चित्र ७: सोरु गाउँपालिकाको नदी तथा खोलाहरूको जिआइएस नक्सा

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

वातावरणीय स्वच्छता र सुन्दरताको हिसाबले सोरु गाउँपालिका अत्यन्त सुन्दर र स्वच्छ, हराभरा रहेको छ । यही अवस्थालाई मध्यनजर गरी गाउँपालिकाको केन्द्र तथा अन्य क्षेत्रहरूमा बढ्दै गरेको अव्यवस्थित बजारीकरण तीव्र बस्ती विकासले वातावरण स्वच्छता र फोहर मैला व्यवस्थापनको क्षेत्रमा असर पार्न सक्ने भएकोले यस विषयलाई विशेष ध्यान दिई आवश्यक कार्यहरू सञ्चालन गर्नु पर्ने देखिन्छ । गाउँपालिकाले प्रमुख बजार केन्द्रहरूबाट निस्कने फोहरमैलालाई ध्यानमा राखी पालिका स्तरीय तथा बजारहरूको अवस्थालाई हेरी फोहोरमैला सङ्कलन तथा व्यवस्थापन गर्ने कार्यलाई अगाडि बढाउनु पर्ने देखिन्छ । अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार विकासमा वृद्धि, प्राकृतिक श्रोतहरूको अनियन्त्रित दोहन, वन वातावरण सम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सो को नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गरी वन क्षेत्रमाथि पर्ने चापलाई कम गर्नु पर्ने देखिन्छ । फोहरमैला व्यवस्थापन योजना, ढल निकास, ध्वनि नियन्त्रण, पशुपंक्षी वधशाला व्यवस्थापन जस्ता कार्यलाई प्रभावकारी हिसाबले अगाडी बढाइनु पर्दछ ।





चित्र ८ः सोरु गाउँपालिकाको धरातलीय झुकाव नक्सा

सोरु गाउँपालिकामा मुगु तथा हुम्ला कर्णाली जस्ता ठूला नदि लगायत दर्जनौं साना ठूला नदीहरू रहेका छन् । पहिरोसँगै यी नदीहरूबाट वर्षेनी सोरुवासीले नदी कटानका समस्याहरू भोग्दै आउनु परेको छ । भौगोलिक हिसाबले कमजोर भ-भाग र मध्यमखालको जलाधारीय अवस्थाले गर्दा यस गाउँपालिकामा पनि वर्षेनी भूक्षय, बाढी, डुवान, पहिरो, नदी कटान हुने गरेको छ । खडेरी, आगलागी, आँधी, चटयाङ, अतिवृष्टि, अनावृष्टि, भूक्षय, यस गाउँपालिकाको अन्य प्रमुख प्रकोपहरू हुन् । यसरी वातावरणीय असन्तुलनका कारण हुने प्राकृतिक प्रकोपका कारण ठूलो जनधनको क्षति समेत हुने गरेको छ ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

सोरु गाउँपालिका बहु-प्रकोपको दृष्टिले अत्यन्त जोखिममा रहेको गाउँपालिका हो । यस गाउँपालिकामा आगलागी, बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, खडेरी, लगायतका प्राकृतिक तथा मानवीय प्रकोपका घटनाहरू दिन प्रतिदिन बढ्दै गएको देखिन्छ । वातावरणीय जोखिमलाई अध्ययन नगरी सडक निर्माणले गर्दा वस्तिहरू जोखिममा परेको छ भने बाढी तथा पहिरोले धनजनको क्षतिको अवस्था बढ्दो अवस्थामा रहेको छ । वन जंगलमा डढेलो लगाउने, रुख कटान जस्ता कारणहरूले विपद् तथा प्रकोप बढ्दो छ भने यसबाट प्रभावितहरूको सङ्ख्या पनि दिनानु दिन बढ्दै गई रहेको छ ।



चित्र ९: सोरु गाउँपालिकाको धरातलीय स्वरूप नक्सा

विपद् बाट हुने क्षतिलाई कम गर्न तथा विपद् आई सके पछि गरिने प्रतिकार्यका लागि गरिने विपद् पूर्वतयारी तथा प्रतिकार्यका योजना, स्थानीय आकस्मिक कार्य सञ्चालन केन्द्र निर्माण विपद्को समयमा गरिने खोज तथा उद्धार र विपद् पश्चात् हुने पुनः निर्माण तथा पुनः स्थापनका कार्यलाई जोड दिन विपद् जोखिम न्यूनीकरणका कार्य तर्फ गाउँपालिका अग्रसर रहेको छ ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

संवैधानिक व्यवस्था अनुसार स्थानीय सरकारले पाएको अधिकारको प्रयोग गरी कानुनी शासन, जन अपेक्षा अनुसार कुशल, पारदर्शी, जबाफदेही ढंगले सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारको रहेको छ । गाउँपालिकाको अधिकार क्षेत्र भित्रका विषयमा नीति, कानुन, योजना तथा बजेट बनाउने, स्रोत परिचालन गर्ने र विकास कार्य सञ्चालन र सेवा प्रवाह गर्ने व्यवस्था अनुसार प्रभावकारी तथा जनमुखी कार्य सम्पादन गर्नको लागि आवश्यक पर्ने विभिन्न ऐन तथा नीति नियमहरू तयारी तथा प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । यसका साथै सूचनाको हक सम्बन्धी ऐनको प्रावधान कार्यान्वयनका लागि सूचना अधिकारीको व्यवस्था, गाउँपालिकाले गर्ने निर्णय तथा जानकारी सार्वजनिकीकरण गर्नका लागि प्रवक्ताको व्यवस्था, विभिन्न प्रतिवेदनहरूको सार्वजनिकीकरणको अभ्यास आदि

मार्फत पारदर्शिता प्रवर्द्धनको प्रयास गर्दै आएको छ । त्यस्तै गरी सेवाग्राहीको गुनासो सुनुवाइ गर्न गुनासो सुन्ने अधिकारी तथा सूचना अधिकृत र हेलो गाउँले प्रमुख टोल फ्रि नं. सञ्चालनमा ल्याइएको छ ।

### २.६.२ सङ्गठनात्मक विकास

गाउँपालिकाको केन्द्र, गाउँपालिकाको आफ्नै प्रशासनिक भवन भएता पनि पुर्ण क्षमता र मापदण्ड अनुसार नभएकोले सबै शाखा तथा अध्यक्ष र उपाध्यक्षका लागि कार्यकक्षको अभाव रहेको छ । सोरु गाउँपालिकाको ११ वटा वडाहरू मध्ये ६ वटा वडाको मात्रै आफ्नै भवन मार्फत वडाबाट सेवा प्रवाह भई रहेको छ भने बाँकी वडा कार्यालयहरू भाडामा लिई सेवा दिई रहेको छ भने बन्न बाँकी रहेका सबै वडा भवन निर्माणाधीन अवस्थामा रहेको छ । आफ्नै प्रशासनिक भवन मार्फत जनतालाई सेवा प्रवाह गर्न सक्ने वातावरण नभएकोले कार्य सम्पादनमा प्रभावकारीता र सेवाको गुणस्तरलाई सोचे जस्तो प्रभावकारी बनाउन सकेको छैन । अर्को तर्फ गाउँपालिकाको आवश्यक दरबन्दी अनुसार कर्मचारीको पूर्ति हुन नसक्नु भएका कर्मचारीहरू सरुवा भई जाने जस्ता कारण व्याप्त रहेको छ । तथापि विविध समस्याको वावजुद पनि गाउँपालिकाले लेखा व्यवस्थापन, सम्पत्ति व्यवस्थापन, घटना दर्ता लगायतका क्षेत्रमा सफ्टवेयरको प्रयोग मार्फत सेवा प्रवाह गरी रहेको छ ।

### २.६.३ श्रोत परिचालन

संवैधानिक व्यवस्था अनुसार वित्तीय अधिकार तथा वित्तीय जिम्मेवारी तीन तहहरू बीच बाँडफाँट र समायोजन गरिए पश्चात् आन्तरिक राजस्व क्षमता सुदृढीकरणका लागि स्थानीय करहरू सङ्कलन गर्न स्थानीय तहहरूलाई उल्लेख्य मात्रामा आर्थिक अधिकारहरू प्रदान गरिएको छ । यही अधिकारको प्रयोग गर्दै राजस्व परामर्श समितिको अध्ययन र सिफारिस तथा आन्तरिक राजस्व सुधार कार्ययोजनाको आधारमा कर तथा गैर करको दर निर्धारण गरी आन्तरिक आय सङ्कलन गर्ने गरिएको छ । गाउँपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग पनि क्रमशः बढ्दै गएको छ । गाउँपालिकाले निर्माण गरी कार्यान्वयनमा रहेको आन्तरिक राजस्व सुधार योजनालाई वार्षिक रूपमा अद्यावधिक गरी लक्षित राजस्व सङ्कलन गर्ने तर्फ अगाडी बढ्नु पर्ने देखिन्छ ।

### २.६.४ योजना व्यवस्थापन

गाउँसभाबाट न्यायिक समिति, विधायन समिति, सुशासन समिति र कार्यपालिकाबाट राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, लगायत विषयगत समिति गठन भई तत् सम्बन्धी विषयमा क्रियाशिल छ । विभिन्न किसिमका सूचना प्रविधि औजार- एपहरू मार्फत गाउँपालिकाको विभिन्न क्षेत्रको तथ्याङ्क व्यवस्थापनमा प्रभावकारिता वृद्धि भएको छ। SuTRA को प्रयोग मार्फत स्थानीय सञ्चित कोषमा हुने आय- व्यय, योजना तथा अन्य सूचना तथ्याङ्क व्यवस्थापन प्रभावकारी भएको छ । CGAS, Online Vouching, PAMS जस्ता सफ्टवेयरहरूको प्रयोगलाई संस्थागत गरी सूचना तथा तथ्याङ्कलाई व्यवस्थित गर्ने कार्यको सुरुवाती गरिएको छ । e-bidding, e-payment जस्ता सूचना प्रविधिको प्रयोग गरी वित्तीय व्यवस्थापनलाई थप सुदृढीकरण गरिएको छ ।

गाउँपालिकाको समग्र दिगो विकास लागि प्रस्ट मार्गचित्र हुन आवश्यक हुन्छ । यसको लागि गाउँपालिकाले दीर्घकालीन, आवधिक तथा मध्यकालीन समयमा प्राप्त गर्ने उद्देश्य राखि विकास निर्माणका कार्यहरू प्राथमिकीकरण गरी सञ्चालन गर्न सकिन्छ । यसको लागि गाउँपालिकाले आवधिक विकास योजना, क्षेत्रगत

रणनैतिक विकास योजना, विषयगत गुरुयोजना निर्माण गरी कार्यान्वयनमा लैजानु पर्दछ । सोरु गाउँपालिकाले आफ्ना विकास निर्माण कार्यलाई व्यवस्थित तथा परिणाममूखी बनाउनको लागि आवधिक विकास योजना तथा अन्य विषय क्षेत्रगत गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्न चरणमा रहेको र केही नीति तथा योजनाहरू निर्माण भई कार्यान्वयनमा रहेको छ । तथापि वार्षिकरुपमा नीति, कार्यक्रम तथा योजना निर्माण गरी सोही अनुसार बजेटको व्यवस्थापन र विनियोजन गर्दै आएको छ। यसै आर्थिक वर्ष देखि मध्यमकालीन खर्च संरचना मार्फत प्राथमिकता क्षेत्र तथा आयोजना र कार्यक्रममा स्रोत सुनिश्चित गर्ने र मध्यमकालीन खर्च संरचना अनुसार वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी सार्वजनिक वित्त व्यवस्थापन र नतिजामुखी विकास पद्धति कार्यान्वयनमा ल्याउन प्रक्रिया अगाडि बढाइएको छ ।

# परिच्छेद तीनः सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार राज्य पुन संरचना गर्दा तीन तहका सरकारहरूले निभाउनु पर्ने जिम्मेवारी र अधिकारहरूलाई सूचीकृत गर्दै शासकीय संरचनाको व्यवस्था गरिएको हो । संविधानको अनुसूची ५ मा सङ्घका एकल अधिकारहरू, अनुसूची ६ मा प्रदेशका एकल अधिकारहरू, अनुसूची ७ मा सङ्घ र प्रदेशका साझा अधिकारहरू, अनुसूची ८ मा स्थानीय तहका एकल अधिकारहरू र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकारहरू स्पष्ट रूपमा खुलाइएको छ ।

मुलुकको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, मानवीय लगायतका समग्र क्षेत्रहरूमा विकासका लागि उपलब्ध सीमित साधन र स्रोतबाट अधिकतम प्रतिफल प्राप्त गर्न अख्तियार प्राप्त निकायबाट तर्जुमा र स्वीकृत गरी योजना दस्तावेजको रूपमा भविष्यका लागि कार्यान्वयनमा लैजाने अभ्यास नेपालमा धेरै पुरानो भने होइन । नेपालमा योजनाबद्ध विकासको सुरुवात वि.सं.२०१३ सालदेखि भएको हो । विगतमा केन्द्रीय योजना मात्र तर्जुमा हुने गरेकोमा सङ्घीय शासन व्यवस्थाको सुरुवात पछि प्रदेश र स्थानीय सरकारहरूले आवधिक योजना तर्जुमा गर्ने गरेका हुन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ मा स्थानीय तहले स्थानीय स्तरको विकासका लागि दीर्घकालीन, मध्यमकालीन, रणनीतिगत, आवधिक, वार्षिक, विषय क्षेत्रगत, विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । सङ्घीय संविधानको क्रियाशीलता, राज्यको पुनसंरचना र तीनै तहको निर्वाचन पश्चात् तत्कालीन स्थानीय निकायहरू स्थानीय तहको सरकारको रूपमा क्रियाशिल भएका छन् । संविधानतः तीनै तहका सरकारहरू एकल अधिकार क्षेत्रको हकमा स्वायत्त रूपमा विधायीकी, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्न स्वतन्त्र छन् भने साझा अधिकार क्षेत्रको हकमा सहअस्तित्व, समन्वय र सहकार्यको अवधारणा अनुसार क्रियाशिल हुनु पर्ने संवैधानिक व्यवस्था रहेको छ । संविधानद्वारा प्रदत्त एकल तथा साझा अधिकारक्षेत्रलाई व्यवस्थित गर्ने उद्देश्यका साथ कार्यान्वयनमा आएको स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी वित्त हस्तान्तरण ऐन २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ जस्ता कानुनहरूले एकातिर स्थानीय सरकारको जिम्मेवारी तथा कार्यप्रणालीलाई थप स्पष्ट बनाएको छ भने अर्कोतिर गाउँपालिका तथा नगरपालिकाहरूलाई स्थानीयस्तरको विकासका लागि आफ्नो एकल अधिकार क्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक वा विषय क्षेत्रका लागि मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्न निर्देशित गरेको छ ।

योजनाबद्ध विकास सन्तुलित, दिगो र समन्यायिक विकासको आधार हो । आवधिक योजनाले विकास प्रयासहरूलाई निर्दिष्ट दिशा प्रदान गर्ने व्यवस्थित रूपरेखा तयार गर्न मार्ग प्रशस्त गर्नेछ । सोरु गाउँपालिकाको आवधिक योजनाले स्थानीय जनता र स्थानीयस्तरको आर्थिक, सामाजिक, भौगोलिक परिवेश बीचमा अन्तर सम्बन्ध कायम गरी नागरिकको आर्थिक सामाजिक सुविधा र समृद्धिलाई प्रवर्द्धन गर्न सहायता गर्ने छ । यो योजना विकास र समृद्धिको रूपरेखा मात्र नभएर गाउँपालिका क्षेत्रको सुन्दरता, प्रकृतिको संरक्षण तथा मानव र प्रकृति बीचको तालमेलको रूपरेखा पनि हुनेछ । राष्ट्रिय एवं प्रादेशिक विकास लक्ष्य हासिल गर्न तथा गाउँपालिका विकासका सरोकारवालाहरूको साझा प्रतिबद्धता र दायित्व सिर्जना गर्न आवधिक योजना महत्त्वपूर्ण हुनेछ ।

योजना तयार गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तादाम्यता हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जस्ता अन्तर सम्बन्धित विषयवस्तुलाई ध्यान दिई तयार गर्ने कार्यमा जोड दिइएको छ । आवधिक योजनाले स्थानीय आवश्यकता सम्बोधन गर्दै जनताको जीवनस्तरमा गुणात्मक सुधार गर्न स्थानीय सम्भावना तथा समस्या पहिचान गर्दछ । त्यस्तै स्रोत विश्लेषण, उपयुक्त रणनीति तथा कार्यनीति तयार गरी रणनीतिक कार्यक्रम तथा आयोजना पहिचान गर्ने र त्यसलाई कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनको स्पष्ट खाका समेत तयार गर्दछ । मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाको मूल आधारका रूपमा रहेको आवधिक योजनाले योजना अनुशासन कायम राख्न समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । सोरु गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा दीर्घकालीन सोचका साथै तत्काल कार्यान्वयन गर्न सकिने गरी कार्यक्रम तर्जुमा गर्ने प्रयास गरिएको छ । दीर्घकालीन सोचलाई गाउँपालिकाको एउटा मार्गदर्शन र रणनीति बाहेक आदर्श अवस्थाको रूपमा समेत लिन सकिन्छ । दीर्घकालीन सोचले गाउँपालिका पुग्न चाहेको र प्राप्त गर्न खोजेको एउटा आदर्श अवस्थालाई जनाउँछ । स्थानीय अवसर र सम्भावना तथा विशेषताको आधारमा सोरु गाउँपालिकाको दीर्घकालीन सोच तयार पारिएको छ । सोही सोचका साथ लक्ष्य, नतिजा, रणनीति तथा प्राथमिकताहरू सहित कार्यक्रमहरू तयार गरिएका छन् । यस आवधिक योजना तर्जुमा गर्दा स्थानीय भूगोल, आर्थिक र सामाजिक परिवेश, इतिहास, मूल्य मान्यता तथा संस्कृतिको पर्याप्त विश्लेषणका आधारमा गरिएको छ ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

**समस्याहरू**

१. योजना कार्यान्वयनको सन्दर्भमा योजना तर्जुमा प्रक्रियाबाट आएका योजनाहरू भन्दा राजनैतिक भागबन्डामा आएका योजनाहरूले प्राथमिकता पाउनु
२. स्थानीय सरकारमा योजना तर्जुमा सहित आवधिक योजना कार्यान्वयनको लागि आवश्यक जनशक्ति र दृढ इच्छा शक्तिको अभाव हुनु
३. भौतिक पूर्वाधार सम्बन्धी योजनाहरू एउटा पूरा नहुँदै अर्को नयाँ योजना छनौट गर्ने प्रक्रियाले एकातिर लक्षित लाभ लिन नसकेको अवस्था छ भने अर्कोतर्फ स–साना योजना छनौट गर्दा त्यसबाट सिर्जना हुने लाभ सानो जनसङ्ख्याले मात्र प्राप्त गर्ने अवस्था हुनु विकासको सिद्धान्त विपरीत भएर जानु
४. नेपालमा पहिलो पटक २०५५ सालमा तर्जुमा भइ लागू भएको स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले विकास योजनाको प्रारूप तथा प्रक्रिया तलदेखि माथि (Bottom up Approach) सहित जनता केन्द्रित विकासमा जोड दिँदै आएको भए तापनि हालसम्म पनि तीनै तहका सरकारले पुरै आत्मसाथ गर्न नसक्नु
५. स्थानीय तहमा आवधिक योजनालाई हुबहु कार्यान्वयन गर्न राजनैतिक इच्छा शक्ति अभि प्रेरित हुन नसक्नु
६. योजना तर्जुमा प्रक्रियामा स्थानीय सरकार अन्तर्गत गठित विषयगत समितिको भूमिका सशक्त हुन नसक्नु

७. योजना तथा कार्यक्रमको प्राथमिकिकरण गरी सोही अनुसार स्रोत परिचालनका आधारमा योजना र कार्यक्रम सञ्चालन हुन नसक्नु
८. विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरणको संरक्षण जस्ता विषयमा आवश्यकता अनुसार नयाँ प्रविधि प्रयोग गर्न नसक्नु तथा यसको प्रभाव न्यूनीकरणमा ठोस कार्यक्रम कार्यान्वयनमा समस्या हुनु
९. गाउँपालिकामा उपलब्ध स्रोत, साधन र सीपको सदुपयोग गर्ने तर्फ अपेक्षित रूपमा ध्यान पुग्न नसक्दा गाउँपालिका बाह्य स्रोतमा निर्भर रहनु
१०. सोरुको कृषि र पर्यटन क्षेत्रको विकास र विस्तारका लागि वृहत्तर क्षेत्रगत योजना तयार नहुनु
११. उत्पादन भएका वस्तुहरूको बजार र मूल्य निर्धारणको समस्या हुनु
१२. शिक्षा र स्वास्थ्य क्षेत्रमा देखापरेका समस्याहरूको समाधान नहुनु
१३. विपद् व्यवस्थापन र वातावरणीय संरक्षण जस्ता सवालहरूलाई समस्याको रूपमा हेरिनु
१४. एक वडा एक नमुना (पहिचान) का कार्यक्रमहरू सञ्चालन गर्न नसक्नु
१५. विकासका पूर्वाधारहरूको समान वितरण नहुनु ।

## चुनौतीहरू

सोरु गाउँपालिकामा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सम्भावना सँगसँगै चुनौती पनि प्रशस्त रहेका छन् । यस क्षेत्रको समग्र विकासको प्रमुख चुनौती भनेको स्थानीय स्तरमा (वस्ति स्तरमा) योजना तर्जुमा प्रक्रिया पछ्याउँदै आर्थिक स्रोतको व्यवस्था गरी सुशासन र दिगो किसिमको भौतिक पूर्वाधारको निर्माण सँगै मानव संसाधन विकासमा वृद्धि गर्नु रहेको छ ।

१. गाउँपालिकाका सबै वडाहरूमा प्राकृतिक स्रोत तथा साधन र आर्थिक स्रोतहरू समान रूपमा नरहेका कारण सबै वडाहरूका आर्थिक तथा प्राकृतिक स्रोतहरूबाट प्राप्त हुने राजस्वलाई समान वितरण गर्दै सबैलाई विकासको समान अवसर प्रदान गर्ने
२. नेपालको संविधान तथा प्रचलित कानुन अनुसार समतामूलक तथा समावेशी विकासका गतिविधिहरूमा जोड दिने
३. जनकेन्द्रित विकासका योजनाहरू पहिचान सहित कार्यान्वयनमा ल्याउने
४. ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा बसाइ सर्ने प्रवृत्तिलाई व्यवस्थापन गर्ने
५. स्थानीय सरकारको राजस्व सङ्कलनमा तीव्रता ल्याइ जनअपेक्षा तथा जनचाहना अनुसारका कार्यक्रमहरू कार्यान्वयन गर्ने
६. गाउँपालिकामा रहेको धेरै कृषि योग्य भूमिमा पर्याप्त सिँचाइ सहित आधुनिकीकरण, प्रविधियुक्त र यान्त्रिकीकरण गर्ने
७. गाउँपालिकाका सबै वडाहरूमा निर्माण भएको ग्रामीण सडकको स्तरोन्नति गर्ने
८. पर्यटकीय विकासको सम्भावना बोकेका पद यात्रा, पहाडी फाँटहरू र गुफा लगायतका ऐतिहासिक क्षेत्रमा पर्यटन विकासका पूर्वाधारहरूको विस्तार गर्ने
९. गाउँपालिकाका विभिन्न वडाहरूमा व्यावसायिक रूपमा उत्पादन हुँदै आएको फलफूल तथा तरकारीहरूको उचित रूपमा बजार व्यवस्थापन गर्ने

१०. गाउँपालिकामा रहेका सामुदायिक वन क्षेत्रमा वर्षेनी लाग्ने डढेलोका कारण ठूलो वन क्षेत्र, चरी चरन क्षेत्र, महत्त्वपूर्ण जडीबुटी, वन्यजन्तु लोपोन्मुख हुने अवस्थाको अन्त्य गर्ने
११. स्थानीय स्रोत, साधन, जडीबुटी आदिको उचित प्रयोग व्यवस्थापन र संरक्षण गर्ने
१२. ऐतिहासिक तथा धार्मिक सम्पदा स्थलहरूको संरक्षण र संवर्द्धन गर्ने
१३. घट्दो जन्म दर तथा बढ्दो बसाइँ सराइलाई नियन्त्रण गरी गाउँपालिकाको जनसङ्ख्या वृद्धि दरलाई यथावत् राख्ने
१४. सामुदायिक विद्यालय प्रतिको भरोसा एवम् विश्वासलाई कायम राख्ने
१५. सबै गाउँबासीलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने
१६. उपलब्ध पानीका स्रोतहरूको व्यवस्थापन गरी कृषियोग्य जमिनमा बाह्रै महिना सिँचाइको सुनिश्चितता गर्ने ।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्त्वपूर्ण अवसर गाउँपालिकालाई प्राप्त भएको छ । यस गाउँपालिकाका विकास र समृद्धिका मुख्य अवसरहरूलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छः

१. गाउँपालिका भित्र सबै क्षेत्र, वर्ग, लिङ्ग, जात जाती सहितको समावेशी स्थानीय जनप्रतिनिधिहरूको नेतृत्व हुनु
२. स्थानीय सरकारमा कर्मचारी दरबन्दी अनुसारको पद पूर्तिको व्यवस्था हुनु
३. नेपालको संविधानले जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय सरकारको व्यवस्था गर्नु
४. विकासको मूल धारबाट पछि परेका वर्गहरू पनि विकासका गतिविधिहरूमा सचेत र सक्रिय हुँदै आउनु
५. सबै वडा भौगोलिक रूपमा कर्णाली नदीको किनार देखि अग्लो पहाडी क्षेत्रसम्म समान रूपले फैलिएको हुँदा समान किसिमको भौगोलिक विविधता रहनु
६. गाउँपालिकाको बीचबाट बगेको मुगु कर्णाली र पश्चिमी सिमाना भएर बगेको हुम्ला कर्णालीले सबै वडाहरू छोएको कारण लिफ्ट सिँचाइ, माछापालन तथा जल पर्यटनबाट आयआर्जन गर्न सक्ने आधार सिर्जना हुनु
७. खानेपानी तथा सिँचाइको लागि स्थानीय खोला तथा नदीलाई उपयोग गर्न सकिनु ।
८. गाउँपालिकाको केन्द्र रहेको सोरुकोट बजारमा एयरपोर्ट निर्माण गरी हुम्ला र पश्चिमी मुगुको व्यापारिक केन्द्रको रूपमा विकास गर्ने अवसर हुनु
९. मुगु जिल्लाको जिल्ला सदरमुकाम गमगढी बजार पछिको दोस्रो ठूलो बजारको रूपमा सोरुकोटलाई विकास गरी यहाँ उत्पादित कृषि तथा गैर कृषि उपजलाई बजारसँग जोड्ने अवसर हुनु
१०. कृषि जन्य तथा पशु जन्य उत्पादनलाई व्यवसायीकरण, यान्त्रिकरण, बजारीकरण सहित उच्च प्रविधिको प्रयोग गर्न सकिने प्रशस्त खाली जमिन हुनु
११. नाङ्गा डाँडा तथा विशाल क्षेत्रफलमा फैलिएका सामुदायिक वनलाई कृषि वन तथा जडीबुटी उत्पादन केन्द्रको रूपमा विकास गर्न सकिने सम्भावना रहनु

१२. रैथाने बालीहरू (चिनो, कागुनो, सिमी, लगायत) को उत्पादन, संरक्षण तथा बजारीकरणले समग्र सोरुबासीको आर्थिक समृद्धिमा टेवा पुग्ने अवसर हुनु
१३. गाउँपालिकाको सबै भुभागमा आलु खेती तथा भौगोलिक उचाइअनुसारको फलफूल खेतीलाई व्यवसायीकरण गर्न सकिने बलियो सम्भावना रहनु
१४. वडाभित्र रहेका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्त्व बोकेका स्थानहरू जस्तै तातोपानी गुफा, दोमुख आदिको स्तरोन्नति योजना बनाई पर्यटन प्रवर्द्धन गर्ने अवसर हुनु
१५. प्राकृतिक तथा अन्य आर्थिक स्रोतहरूको परिचालनबाट सोरुबासीको जीवनस्तरमा सुधार ल्याउन सकिने अवस्था रहनु
१६. गाउँपालिकाका सबै वडाहरूमा सडक सञ्जाल, सञ्चार तथा विद्युतीकरण जस्ता विकासका आधारभूत पूर्वाधारहरूको थप स्तरोन्नति गरी बजार उन्मुख वस्तिहरूमा वृद्धि गर्ने सम्भावना रहनु ।
१७. पशुपालन व्यवसायको माध्यमबाट आयआर्जन तथा पोषण सुरक्षाको सुनिश्चितता गर्ने अवसर हुनु ।

## ३.४ सोच, लक्ष्य तथा उद्देश्य

दिगो विकास लक्ष्य, सङ्घीय सरकारको १६औं योजनाको लक्ष्य, कर्णाली प्रदेश सरकारको आवधिक योजनाले किटान गरेका लक्ष्य उद्देश्यहरूसँग तादम्यता कायम गरी सोरु गाउँपालिकाको पञ्चवर्षिय आवधिक विकास योजना तयार गरिएको छ । गाउँपालिकाको नेतृत्व, राजनीतिक दलहरूको सुझाव, विषयगत शाखा तथा विकासका स्थानीय स्तरका सरोकारवालाहरूको सहभागितामा सोरु गाउँपालिकाको ५ वर्षसम्मको समग्र विकास प्रक्रियालाई मार्गदर्शन प्रदान गर्ने उद्धेश्यको साथ दीर्घकालीन सोच तयार गरिएको छ ।

**दीर्घकालीन सोच**

**"रैथाने बाली, पर्यटन र पूर्वाधारः सुशासन र समृद्धि सोरुबासीको आधार"**

**लक्ष्य**

**नवप्रवर्तन र दिगो विकासद्वारा नागरिकको जीवनस्तरमा गुणात्मक सुधार गर्दै आत्मनिर्भर सोरुको निर्माण गर्ने ।**

**उद्देश्य**

१. स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्नु ।
२. गुणस्तरीय स्वास्थ्य शिक्षा र पोषणमा जोड दिँदैं लैङ्गिक समानताको प्रवर्धन तथा खेलकुद क्षेत्रको विकास गर्नु ।
३. सोरुको माटो सुहाउँदो दिगो पूर्वाधार सहितको प्रविधिमैत्री पालिका निर्माण गर्नु ।
४. विपद् प्रतिकार्य संवेदनशील हरित पालिका निर्माण गर्नु ।
५. सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन आधुनिक प्रविधि अवलम्बन गर्नु ।

## ३.५ निर्देशक सिद्धान्त

गाउँपालिकाको उल्लिखित दीर्घकालीन सोचलाई साकार पार्न बदलिँदो राजनैतिक, सामाजिक र कानुनी आधार र सङ्घीय सरकारको १६औं योजना र कर्णाली प्रदेश सरकारको आवधिक योजनालाई समेत ध्यानमा राखेर

निम्न विकासको निर्देशक सिद्धान्तहरू तय गरिएको छ । सोरु गाउँपालिकाको योजना तर्जुमा प्रक्रिया, आवधिक पञ्चवर्षीय योजना तर्जुमा र यसको कार्यान्वयनका अतिरिक्त यसबाट प्राप्त लाभ/लाभांश वितरणका लागि समेत यी निर्देशक सिद्धान्तहरू मार्गदर्शकका रूपमा रहने छन् ।

१. **स्थानीय अर्थतन्त्रको विकास र विस्तारः** सङ्घ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य, उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्यको माध्यमद्वारा स्थानीय अर्थतन्त्रको विकास र विस्तार गरी समृद्धिको आधार तयार गरिनेछ ।
२. **व्यवस्थित भू–उपयोग र योजनाबद्ध विकासः** राष्ट्रिय भू उपयोग नीति २०६९ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भू–उपयोग योजना तर्जुमा र सो को पालनामा अभिवृद्धि गर्ने संयन्त्र र कानुनी र नीतिगत व्यवस्था गरिनेछ।
३. **कृषि, पर्यटन, संस्कृति र सम्पदा, ऊर्जा, र पूर्वाधार विकासमा उच्च प्राथमिकताः** व्यावसायिक कृषिको विकास, पर्यटन, जलविद्युतको क्षेत्रको विकास एवं स्थानीय अर्थतन्त्र सहित पूर्वाधारको विकासद्वारा समृद्धिको आधार तयार गरिनेछ ।
४. **व्यवस्थित भू–उपयोग र योजनाबद्ध विकासः** राष्ट्रिय भू उपयोग नीति २०६९ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भू–उपयोग योजना तर्जुमा र सो को पालनामा अभिवृद्धि गर्ने संयन्त्र र कानुनी र नीतिगत व्यवस्था गरिनेछ ।
५. **उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशील पूर्वाधारः** भू उपयोग योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास एकीकृत योजना तर्जुमा गरी सो अनुसार पूर्वाधार विकास गरी सुविधा अभिवृद्धि गरिनेछ । पूर्वाधार लगायतका संरचना निर्माण गर्दा उत्पादन तथा आयमूलक क्षेत्रमा जोड दिने नीति अवलम्बन गरिनेछ । साथै पूर्वाधार निर्माण गर्दा रिचार्ज पोखरी, बाँध निर्माण जस्ता जलवायु अनुकूलन आयोजनामा विशेष प्राथमिकता दिने तथा संरचना निर्माण गर्दा वातावरण संरक्षण ऐन तथा नियम अनुसार बायोइन्जिनियरिङ र संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ ।
६. **प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनः** गाउँपालिकालाई प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गर्दै जनतालाई शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी, सरसफाइ लगायतका सेवा सुविधा प्रत्याभूति गरिनेछ । यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धिको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ ।
७. **अन्तर सरकार, निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्यः** पूर्वाधार निर्माण, सञ्चालन, सेवा प्रवाहमा अन्तर सरकार, निजी, गैर सरकारी, समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धिलाई प्रभावकारी बनाइनेछ । कृषि, पशुपालन, सेवा प्रवाह उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाइ, इन्जिनियरिङ जस्ता सेवामा निजी क्षेत्र, गैर सरकारी संस्थासँग सहकार्य गरी करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्था गरी स्थानीय सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाइनेछ साथै विकास निर्माण कार्यमा निजी, गैर सरकारी र समुदायको लगानी र साझेदारी अभिवृद्धि गरिनेछ ।
८. **समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्द्धनः** सुशासन, विकास र समृद्धि सहितको कार्यसूची तय भएको छ । सुशासन विकास र समृद्धिको पूर्व सर्तको रूपमा रहेको छ । सुशासनको लागि विद्यमान सबै

खालका विभेद तथा बहिष्करण अन्त्य, कानुन तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जबाफदेहीता सहितको उच्चतम अभ्यास गरिनेछ । अराजनीतिक तथा समाजमा बढ्दै गइरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धति अवलम्बन र सामाजिक जबाफदेहीता सम्बन्धी संयन्त्रहरूको एकीकृत र सचेत अभ्यास गरिनेछ । यस प्रक्रियामा नागरिक समाजको साझेदारी रहनेछ ।

९. **सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापनः** विकास व्यवस्थापन प्रक्रियालाई सूचना, सञ्चार तथा ज्ञानमा आधारित नतिजामूलक बनाइनेछ । यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ ।

१०. **वन र वन पैदावारको यथोचित उपयोगः** यस गाउँपालिकामा रहेको बनपैदावर र जडीबुटीको यथोचित उपयोग गरेर स्थानीय रोजगारी प्रदान गरिनेछ ।

## ३.६ परिमाणात्मक लक्ष्य

**तालिका १ः अपेक्षित परिमाणात्मक उपलब्धि**

| सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा पशुपन्छीपालनको हिस्सा | प्रतिशत | ३० | ३० | ३० | २९ | २९ | २९ | २९ |
| धानको उत्पादकत्व | मे. टन प्रति हेक्टर | १.१ | १.२ | १.२ | १.३ | १.३ | १.४ | १.४ |
| मकैको उत्पादकत्व | मे. टन प्रति हेक्टर | १.२९ | १.३ | १.४ | १.५ | १.६ | १.७ | १.७ |
| गहुँको उत्पादकत्व | मे. टन प्रति हेक्टर | १.०५ | १.१ | १.२ | १.३ | १.४ | .१.५ | १.५ |
| कोदोको उत्पादकत्व | मे. टन प्रति हेक्टर | १.०९ | १.१ | १.२ | १.३ | १.४ | १.५ | १.५ |
| आलु बालीको उत्पादकत्व | मे. टन प्रति हेक्टर | १० | ११ | १२ | १३ | १४ | १५ | १५ |
| बन्दाको उत्पादकत्व | मे. टन प्रति हेक्टर | ९ | ९.५ | १० | १०.५ | ११ | १२ | १२ |
| ३० मिनेटसम्मको दूरीमा कृषि उपज बिक्रीका लागि बजार उपलब्ध भएका कृषक परिवार | प्रतिशत | ३० | ३२ | ३५ | ३८ | ४० | ४५ | ४५ |
| वर्षभरि सिँचाइ हुने खेतीयोग्य जमिन | प्रतिशत | १५ | १६ | १८ | २० | २५ | ३० | ३० |
| तरकारी व्यावसायिक उत्पादन क्षेत्र | प्रतिशत | ३० | ३२ | ३५ | ३८ | ४० | ४२ | ४२ |
| कृषि सहकारी संस्था | सङ्ख्या | १ | १ | २ | २ | ३ | ३ | ३ |
| कृषक समूह | सङ्ख्या | १५० | १५० | १५० | १५० | १५० | १५० | १५० |
| सहकारीमा आबद्ध कृषक | सङ्ख्या | ८०० | ८५० | १००० | १२०० | १५०० | २००० | २००० |

| सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| कृषिमा आधारित उद्योग सञ्चालन | सङ्ख्या | १ | १ | २ | ३ | ४ | ५ | ५ |
| कृषिमा आधारित रोजगारी | सङ्ख्या | २०० | २१० | २२० | २३० | २४० | २५० | २५० |
| कृषि तालिम प्राप्त जनशक्ति | जना | १५० | १६० | १७० | १८० | १९० | २०० | २०० |
| कृषि उपज सङ्कलन केन्द्र | सङ्ख्या | १ | १ | १ | १ | २ | २ | २ |
| टनेल | सङ्ख्या | १५ | ५० | १५० | ३०० | ५०० | ८०० | ८०० |
| कृषि प्राविधिक | जना | ४ | ४ | ५ | ६ | ७ | ७ | ७ |
| अण्डाको उत्पादन | सङ्ख्या (हजारमा) | ५० | ५२ | ५४ | ५७ | ६० | ६५ | ६५ |
| दूधको उत्पादन | लिटर (हजारमा) | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३१ |
| मासुको उत्पादन | मेट्रिक टन | ७.६ | ८ | ८.५ | ९ | १० | १२ | १२ |
| पशु प्राविधिक | जना | १० | १० | १० | १० | १० | १० | १० |
| करेसाबारी भएको घरपरिवार | सङ्ख्या | १५०० | १६०० | १८०० | २००० | २२०० | २५०० | २५०० |
| पशु चौपाया पाल्ने परिवार | सङ्ख्या | २५०० | २५३० | २५५० | २५७५ | २६०० | २६०० | २६०० |
| कम्तीमा एक मासुजन्य पशुपंक्षी पाल्ने घर परिवार | सङ्ख्या | २५०० | २५३० | २५५० | २५७५ | २६०० | २६०० | २६०० |
| खेतीयोग्य जमिन मध्ये सिँचित जमिन | प्रतिशत | २० | २२ | २४ | २६ | २८ | ३० | ३० |
| पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति | सङ्ख्या | ३० | ३० | ३५ | ४० | ४५ | ५० | ५० |
| पर्यटन सूचना केन्द्र स्थापना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ |
| आधारभूत पूर्वाधार सहितको पर्यटकीय स्थल | सङ्ख्या | ० | ० | १ | २ | ३ | ४ | ४ |
| पर्यटकीय स्तरका होटल | सङ्ख्या | ० | ० | १ | २ | ३ | ३ | ३ |
| होम स्टे | सङ्ख्या | २ | २ | ३ | ४ | ५ | ५ | ५ |
| पदमार्ग निर्माण तथा स्तरोन्नति | कि.मि. | ७ | १२ | १७ | २२ | २९ | ३५ | ३५ |
| उद्योग व्यवसायबाट रोजगारी प्राप्त गर्नेको सङ्ख्या | सङ्ख्या | १०० | २०० | ३०० | ४०० | ५०० | ६०० | ६०० |
| सीपमूलक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ४० | ६५ | ८० | १०५ | १३० | १५५ | १५५ |

| सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| घरेलु तथा साना उद्योग/ व्यवसाय दर्ता | सङ्ख्या | ३० | ३१ | ३३ | ३५ | ३७ | ४० | ४० |
| उत्पादन र बजारीकरण सहकारी संस्था | सङ्ख्या | १ | १ | २ | २ | ३ | ३ | ३ |
| सीपमूलक तालिम लिएर वैदेशिक रोजगारीमा जाने | प्रतिशत | ५ | १० | १५ | २० | २५ | ३० | ३० |
| विप्रेषण (लाखमा) | रुपैयाँ | १५०० | १६०० | १८०० | २००० | २२०० | २५०० | २५०० |
| आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या (कुल लाभ ग्राही मध्ये) | प्रतिशत | ८० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| कृषि तथा पशु बिमामा आबद्ध परिवार | प्रतिशत | ०.१ | १ | २ | ३ | ४ | ५ | ५ |
| सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी आवश्यक कानुन निर्माण | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | २ |
| अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९ | ६९ | ७० | ७० | ७१ | ७१ | ७१ |
| ३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | ८० | ८२ | ८५ | ८८ | ९० | ९२ | ९२ |
| अस्पताल | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ |
| संस्थागत सुत्केरी सेवाको दायरा | प्रतिशत | ६७ | ७० | ७५ | ८० | ८५ | ९० | ९० |
| दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएका महिला | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० | १०० | १०० |
| बर्थिङ सेन्टर | सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ |
| गर्भावस्थाको परीक्षण दर | प्रतिशत | ८५ | ९० | ९५ | १०० | १०० | १०० | १०० |
| ५ वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० |
| पूर्ण खोप | प्रतिशत | ८५ | ९० | ९५ | १०० | १०० | १०० | १०० |
| भिटामिन ए खाने बालबालिका | सङ्ख्या | १८०० | १८०० | १८०० | १८०० | १८०० | १८०० | १८०० |
| महिला स्वास्थ्य स्वयं सेविका | सङ्ख्या | ६१ | ६१ | ६१ | ६१ | ६१ | ६१ | ६१ |

| सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| सामान्य स्वास्थ्य उपकरण उपलब्ध भएका भवन | सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ | १४ | १४ |
| हेल्थ पोष्ट | सङ्ख्या | ७ | ७ | ८ | ९ | १० | १० | १० |
| स्वास्थ्य एकाइ | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ |
| मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता | सङ्ख्या | ८८ | ८८ | ९० | ९० | ९५ | ९५ | ९५ |
| एम्बुलेन्स सञ्चालन | सङ्ख्या | १ | १ | २ | २ | २ | २ | २ |
| पालिका मार्फत निःशुल्क उपलब्ध भएको औषधी | सङ्ख्या | ७२ | ७५ | ८० | ८५ | ९० | ९८ | ९८ |
| आफ्नो उत्पादनबाट वर्षभरि खान पुग्ने घरधूरी | प्रतिशत | ५ | ७ | १० | १२ | १५ | १८ | १८ |
| कम्तीमा एक मासुजन्य पशुपक्षी पाल्ने घर परिवार | प्रतिशत | ७० | ७२ | ७५ | ८० | ८२ | ८५ | ८५ |
| उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | २ | २ | १ | १ | १ | ० | ० |
| साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ६५.५ | ६६ | ६७ | ६७ | ६९ | ७० | ७० |
| साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ९० | ९१ | ९२ | ९३ | ९४ | ९५ | ९५ |
| युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ८५ | ८६ | ८७ | ८८ | ८९ | ९० | ९० |
| माध्यमिक तह (९-१२) मा कुल भर्नादर | प्रतिशत | ७१.९ | ७१.९ | ७२.५ | ७३ | ७३.५ | ७४ | ७४ |
| आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९४.७ | ९५ | ९६ | ९७ | ९८ | ९८ | ९८ |
| आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी | प्रतिशत | ५.३ | ४ | ३ | २ | १ | ० | ० |
| विद्यालय छाड्ने विद्यार्थीको दर (Dropout Rate) | प्रतिशत | ३.६६ | ३.५५ | २.५ | २ | १.५ | १ | १ |
| विद्यालय शिक्षा (१-१२) शिक्षक- विद्यार्थी अनुपात | अनुपात | १:४५ | १:४४ | १:४४ | १:४४ | १:४४ | १:४४ | १:४४ |

| सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| बाल क्लब गठन भएका विद्यालय | सङ्ख्या | ३० | ३२ | ३४ | ३६ | ३७ | ३८ | ३८ |
| माध्यमिक शिक्षा कक्षा(११-१२) सञ्चालित सामुदायिक विद्यालय | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| सामुदायिक विद्यालय | सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| संस्थागत विद्यालय | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| आधारभूत खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ७४.५५ | ८० | ९० | १०० | १०० | १०० | १०० |
| शौचालय भएका घरपरिवार | प्रतिशत | ९७.६४ | ९७ | ९८ | १०० | १०० | १०० | १०० |
| सार्वजनिक शौचालय | सङ्ख्या | ० | ० | १ | १ | २ | २ | २ |
| महिला/घरेलु हिंसा | प्रतिशत | १ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ |
| बालश्रम | प्रतिशत | १ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ |
| बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठनागरिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| लैङ्गिक हिंसा र छुवाछूत सम्बन्धी घटना दर्ता | सङ्ख्या | १० | ५ | ० | ० | ० | ० | ० |
| लैङ्गिक हिंसा र छुवाछूत सम्बन्धी सचेतना कार्यक्रम | सङ्ख्या | ११ | १ | १ | १ | १ | १ | ५ |
| GESI परीक्षण | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ |
| राष्ट्रिय अन्तरराष्ट्रिय खेलाडी सङ्ख्या | सङ्ख्या | ४ | ५ | ६ | ७ | ८ | ९ | ९ |
| प्रदेश तथा जिल्लास्तरीय खेलाडी | सङ्ख्या | १० | १२ | १४ | १६ | १८ | २० | २० |
| पालिकास्तरीय खेलमैदान | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | २ |
| भूकम्प प्रतिरोधी भवन | प्रतिशत | १५ | १६ | १७ | १८ | १९ | २० | २० |
| कार्यपालिका भवन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ |
| वडा कार्यालय भवन | सङ्ख्या | ७ | ८ | ९ | १० | ११ | ११ | ११ |
| विपन्नका लागि निर्मित आवास | सङ्ख्या | ५० | ७५ | १०० | १२५ | १५० | २०० | २०० |

| सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| ३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएका परिवार | प्रतिशत | २० | २२ | २५ | ४० | ६० | ७५ | ७५ |
| सर्वयाम सडक | कि.मि. | ० | १५ | ३० | ५० | ७५ | १०० | १०० |
| यातायात सुचारु सडक लम्बाइ | कि.मि. | २२ | २५ | ४० | ६० | ८० | १०० | १०० |
| ग्राभेल सडक | कि.मि. | २५ | ३० | ५० | ८० | १०० | १५० | १५० |
| ट्र्याक खोलिएको सडक | कि.मि. | ३३९ | ४१० | ४२० | ४३० | ४४० | ४५० | ४५० |
| पक्की पुल | सङ्ख्या | २ | २ | ३ | ३ | ४ | ५ | ५ |
| झोलुङ्गे पुल | सङ्ख्या | १६ | १७ | १८ | १९ | २० | २१ | २१ |
| विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ३० | ४० | ६० | ८० | ९० | १०० | १०० |
| राष्ट्रिय प्रसारण लाइन मार्फत विद्युतीकरण भएको परिवार | प्रतिशत | ० | १० | ३० | ५० | ९० | १०० | १०० |
| सोलार ऊर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९० | ९० | ९० | ९० | ९० | ९० | ९० |
| मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत | ४० | ५० | ६० | ८० | ९० | १०० | १०० |
| इन्टरनेटमा पहुँच प्राप्त परिवार | प्रतिशत | ५ | २५ | ४० | ६० | ८० | १०० | १०० |
| डिजिटल सूचना पाटी | सङ्ख्या | ० | १ | ५ | ७ | १२ | १२ | १२ |
| रुख बिरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | प्रतिशत | ४० | ४१ | ४२ | ४३ | ४४ | ४५ | ४५ |
| सामुदायिक वन | सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | १७ |
| सामुदायिक वनले ओगटेको क्षेत्रफल | हेक्टर | १९२८ | १९२८ | १९२८ | १९२८ | १९२८ | १९२८ | १९२८ |
| पुर्ण सरसफाइयुक्त वडा | सङ्ख्या | ० | ० | १ | २ | ३ | ४ | ४ |
| धुवाँ मुक्त घरधूरी | वटा | ६५ | ६८ | ७० | ७२ | ७५ | ७८ | ७८ |
| आपत्कालिन कार्य सञ्चालन केन्द्र | सङ्ख्या | १ | २ | २ | २ | २ | २ | ११ |
| विपदबाट क्षति भएको घरधूरी | सङ्ख्या | ४०० | २०० | १५० | १०० | ८० | ३० | ३० |
| विपद् व्यवस्थापनमा क्रियाशिल सङ्घ-संस्थाहरू | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| विपद् व्यवस्थापन स्थानीय कोष (हजारमा) | रु. | १००० | १२०० | १३०० | १४०० | १५०० | १६०० | १६०० |

| सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| विपद् व्यवस्थापनलागि खुल्ला क्षेत्र र स्थान | सङ्ख्या | ११ | १ | १ | १ | १ | १ | १ |
| वस्तीकालागि अयोग्य स्थानमा बसोबास गरेका घरधूरी | सङ्ख्या | १५० | १२५ | १०० | ७५ | ५० | २५ | २५ |
| कर्मचारीको पदपूर्ति | प्रतिशत | ९८ | ९८ | ९८ | १०० | १०० | १०० | १०० |
| गापा तथा वडा कार्यालय लगायत सेवा प्रवाही कार्यालयमा नागरिक बडापत्र निर्माण | सङ्ख्या | १२ | १२ | १२ | १२ | १२ | १२ | १२ |
| औसत वार्षिक बेरुजू | प्रतिशत | १२ | १० | ८ | ६ | ४ | २ | २ |
| औसत वार्षिक पुँजीगत खर्च | प्रतिशत | २० | २५ | ३० | ३५ | ४० | ४५ | ४५ |
| आन्तरिक आय | रु लाखमा | ३५ | ४० | ६० | ८० | १०० | १३० | १३० |
| सामाजिक परीक्षण | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| आवधिक योजना तर्जुमा | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ |
| मध्यमकालीन खर्च संरचना | सङ्ख्या | १ | २ | २ | २ | ३ | ३ | ३ |
| अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका वडा | सङ्ख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ |
| पालिका तथा वार्डको सार्वजनिक सुनुवाइ | सङ्ख्या | ३६ | २ | २ | २ | २ | २ | १० |
| कर्मचारीको कुल दरबन्दी | सङ्ख्या | ८९ | ८९ | ८९ | ८९ | ८९ | ८९ | ८९ |
| स्वीकृत ओएनएम प्रतिवेदन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ |
| सेवाग्राहीको सन्तुष्टि स्तर | प्रतिशत | ८० | ८२ | ८४ | ८८ | ९० | ९५ | ९५ |
| अनलाइन सेवामा आबद्ध सुविधा | सङ्ख्या | ८ | ८ | ९ | १० | ११ | १२ | १२ |
| एकै दिनमा सम्पन्न गरिने सार्वजनिक सेवा | सङ्ख्या | १२ | २० | ३० | ५० | ६० | ७० | ७० |
| ई-हाजिरीको व्यवस्था भएका कार्यालय | सङ्ख्या | ० | १ | ५ | ६ | ९ | १२ | १२ |
| पर्याप्त विद्युतीय तथा अन्य उपकरण भएका वडा कार्यालयहरू | सङ्ख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ |

| सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| आफ्नै भवनमा कार्यालय सञ्चालन भएका वडाहरू | सङ्ख्या | ४ | ५ | ६ | ८ | १० | ११ | ११ |
| आवश्यक कानुनहरूको निर्माण | सङ्ख्या | ४४ | ४६ | ४८ | ५० | ५५ | ६० | ६० |
| समयमा फछ्र्यौट भएका वार्षिक योजना | प्रतिशत | ८० | ८८ | ९५ | १०० | १०० | १०० | १०० |
| नियमित अनुगमन भएका कार्यक्रम | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |

## ३.७ रणनीति तथा प्राथमिकता

**तालिका २ः सोरु गाउँपालिकाको प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू**

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| **उद्देश्य १ः स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्नु ।** | |
| १.१ गाउँपालिकाको उत्पादन योग्य जमिनलाई उत्पादनका आधारमा विभिन्न प्याकेजमा विभाजन गरी कृषि सम्बन्धी नीति कानुन तथा योजना निर्माण सहित आधुनिक प्रविधिको माध्यमद्वारा कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । | १. गाउँपालिकामा कृषि योग्य जमिनको पहिचान गरी अन्न उत्पादन, फलफूल उत्पादन र तरकारी उत्पादनका आधारमा विभिन्न प्याकेजहरू तय गरी सोही अनुसारको उत्पादनमा जोड दिइनेछ ।<br>२. आधुनिक प्रविधिमा आधारित कृषि उत्पादनमा जोड दिइनेछ । माटो परीक्षणको प्रतिवेदन अनुसार उत्पादन र उत्पादकत्वमा जोड दिइनेछ ।<br>३. कृषिजन्य उत्पादनलाई व्यवसायीकरण गरी यसलाई रोजगारमूलक उद्योगको रूपमा विकास गरिनेछ।<br>४. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ । |
| १.२ः कृषि पूर्वाधारको विकास, कृषि उद्योगहरूको स्थापना र प्रवर्द्धन गरी खाद्य सुरक्षा तथा पर्याप्त पोषण योग्य बस्तुको उपभोगमा जोड दिने । | १. पानीका मूलहरू लगायत जलाधार क्षेत्रको उचित संरक्षण सहित व्यवस्थापन गरी सिँचाइको लागि उपयोग गरिनेछ ।<br>२. पर्याप्त सिँचाइ सुविधा, सङ्कलन केन्द्र, बजार व्यवस्थापन, ग्रामीण सडकको स्तर उन्नति, बीउ बिजन, मलखादको सहज आपूर्ति र प्रविधिको पहुँचको सुनिश्चितता गरिनेछ ।<br>३. जनताको पहुँच सिर्जना हुने गरी गुणस्तरयुक्त सडक, सिँचाइ, लगायत अन्य भौतिक पूर्वाधारको निर्माण गर्दा निश्चित मापदण्ड सहित सहरी क्षेत्रलाई थप व्यवस्थित बनाइनेछ ।<br>४. खाद्य असुरक्षाबाट प्रभावित घर धुरीको पहिचान गरी त्यस्ता घर धुरीहरूको खाद्यमा पहुँच वृद्धि गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | ५. कृषि तथा पशु जन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गरिनेछ ।<br>६. गरिबी न्यूनीकरणका लागि गरिबी वस्तुगत विवरण तयार गरी सकारात्मक विभेद नीतिका आधारमा स्रोत परिचालन गरिनेछ । |
| १.३ पशुपन्छी जन्य व्यवसायमा आर्थिक, सामाजिक र भौगोलिक रूपमा पछि परेका महिला, युवा तथा विभिन्न कारणले जोखिममा रहेका लक्षित वर्गको स्व रोजगार तथा आय आर्जनको दिगो स्रोतको रूपमा विकास गर्ने । | १. पशु पन्छी पालक साना कृषक, महिला तथा भूमिहीन विपन्न किसानलाई पशु पन्छी पालन तथा पशु पन्छी जन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. युवाको बढ्दो विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशु पन्छी पालनमा आकर्षित गर्ने गरी युवा लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>३. पशुपन्छी पालनमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्तीकरणलाई केन्द्रित गर्दै साना तथा व्यावसायिक महिलामूखी कार्यक्रम सञ्चालनमा ल्याइनेछ। |
| १.४ पर्यटन प्रवर्द्धन र पर्यटन विकास गर्न स्थानीय स्तरमा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रसँग साझेदारी एवम् सहकार्य गरी कृषि, धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने । | १. पर्यटन पूर्वाधार विकासमा स्थानीय निकाय, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्व दायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ ।<br>२. धार्मिक तथा सांस्कृतिक पर्यटन र कृषि पर्यटनलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई थप प्रवर्द्धन गरिनेछ । |
| १.५ स्थानीय स्रोत एवम् सीपको उपयोग गरी कृषि तथा पर्यटनमा लघु, घरेलु तथा साना उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने । | १. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई प्रभावकारी रूपमा विस्तार गरी कार्यान्वयन गरिनेछ ।<br>२. 'एक वडा एक विशेष उत्पादन' सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।<br>३. प्रत्येक प्रदेशमा औद्योगिक क्षेत्र, औद्योगिक कोरी डोर एवम् विशेष आर्थिक क्षेत्र क्रमशः स्थापना गर्दै लगिनेछ। |
| **उद्देश्य २: गुणस्तरीय स्वास्थ्य शिक्षा र पोषणमा जोड दिँदै लैङ्गिक समानताको प्रवर्धन तथा खेलकुद क्षेत्रको विकास गर्नु ।** | |
| २.१ गरिबी वस्तुगत विवरणका आधारमा सकारात्मक विभेद नीति तयार गरी विपन्न परिवारका सदस्यलाई विकास निर्माणका कार्यक्रमहरूमा एकीकृत गरी रोजगारीको दायरामा ल्याउने । | १. गरिबीको रेखामुनि रहेका परिवारका सदस्यहरूको सर्वेक्षण गरी उनीहरूलाई स्थानीयस्तरमै प्रयोगमा आउने विभिन्न सीपमूलक तालिम प्रदान गरिनेछ।<br>२. संरक्षणको कोटाभित्र रहेका सदस्यहरूको उचित संरक्षण गर्नका साथै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने प्रक्रिया बैंक मार्फत अझ बढी सहज र पारदर्शी बनाइनेछ ।<br>३. अति विपन्न परिवारलाई कम्तीमा पनि वर्षमा १०० दिनको रोजगारीको सुनिश्चितता गर्न पुनर्निर्माण र नवनिर्माण कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | ४. गाउँपालिकाको गरिबी वस्तुगत विवरण तयार गरी सोही आधारमा सकारात्मक विभेद नीति तर्जुमा गरी लागू गरिनेछ । |
| २.२ गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच अभिवृद्धि गरी पोषण युक्त खानेकुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच आम नागरीसम्म पुऱ्याउनको अतिरिक्त गुणस्तरीय औषधी तथा पोषणयुक्त खाद्य उपभोगमा जोड दिने । | १. स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी स्वास्थ्य सेवा सबै नागरिकले प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ ।<br>२. आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्य कर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।<br>३. गुण स्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी क्रमशः सम्पूर्ण स्वास्थ्य सेवा प्रदान गर्दै लगिनेछ ।<br>४. स्वास्थ्य तथा पोषणबारे व्यापक जन चेतना जागृत हुने कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५. स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जबाफदेही एवम् जन उत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ ।<br>६. 'सुनौला हजार दिन' लगायत सुरक्षित मातृत्व कार्यक्रम अभियानका रूपमा सञ्चालन गरिनेछ ।<br>७. पोषण युक्त खाद्यान्नको उत्पादन तथा उपभोगमा व्यापक सचेतना अभिवृद्धि गरिनेछ। |
| २.३ रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विस्तारमा जोड दिइ सार्वजनिक र निजी तहबाट प्रदान गरिने शिक्षा बीचको गुणस्तरमा रहेको अन्तर घटाउँदै सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने । | १. चार वर्ष उमेरका सबै बालबालिकाको शिक्षाको लागि एक वर्षे प्रारम्भिक बाल शिक्षा र पूर्वप्राथमिक विद्यालयको नक्साङ्कनका आधारमा अत्यन्त दुर्गम बस्ती वा समुदाय र भौगोलिक विकटता लाई लक्षित गरी पुनर् वितरण र विस्तार गरिनेछ।<br>२. गाउँपालिकाका प्रत्येक वडामा कम्तीमा पनि १ ठाउँमा आवास र यातायात सहितको भौतिक पूर्वाधार सम्पन्न नमुना विद्यालय सञ्चालन गरिनेछ ।<br>३. शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रूपमा अधि बढाई विद्यालयहरूमा शिक्षकहरूको समता मूलक वितरण सुनिश्चित गरिनेछ ।<br>४. शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई थप व्यवस्थित र नियमन गर्ने तथा निजी र सार्वजनिक विद्यालयका शिक्षाको गुणस्तरको अन्तरलाई कम गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा जोड दिइ प्राविधिक जनशक्ति उत्पादनमा जोड दिइनेछ ।<br>६. सूचना तथा सञ्चार प्रविधिलाई समग्र शिक्षा प्रणालीको अभिन्न अङगको रूपमा एकीकृत गर्दै डिजिटल डिभाइसलाई कम गर्दै लगिनेछ ।<br>७. विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाइ सुनिश्चितताको लागि मातृभाषा, राष्ट्रिय भाषा र अन्तर्राष्ट्रिय भाषालाई शिक्षण सिकाइको माध्यमका रूपमा अपनाई शिक्षामा बहुभाषिक नीति अवलम्बन गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | ८. विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि निरन्तर मूल्याङ्कन पद्धति तथा प्रारम्भिक बाल कक्षामा पढाई सीप विकास विधिहरूको प्रभावकारी उपयोगमा जोड दिइनेछ ।<br>९. विद्यालयहरूको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धि अभिवृद्धिका लागि प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करारको व्यवस्था लाग गरिनेछ ।<br>१०. आर्थिक तथा सामाजिक क्षेत्रमा पछि परेका क्षेत्र तथा अति विपन्न बसोबास रहेको क्षेत्रलाई लक्षित गरी विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>११. दलित, छात्रा, जनजाति, लोपान्मुख जात जाति, गरिब तथा जेहनदार विद्यार्थीहरूका लागि आवश्यकताका आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ ।<br>१२. शैक्षिक गुणस्तर निर्धारणका लागि प्रदेश तथा सङ्घीय सरकार समेतको सहयोग लिइ गाउँपालिका स्तरीय योग्यता निर्धारण प्रणाली र व्यावसायिक योग्यता निर्धारण प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>१३. भिन्न सिकाइ आवश्यकता भएका जोखिममा परेका तथा सीमान्त कृत समूहका विद्यार्थीहरूको सिकाइ आवश्यकता सम्बोधन गर्नका लागि खुला, वैकल्पिक, आवासीय तथा विशेष शिक्षा कार्यक्रमको सुविधा विस्तार गरिनेछ ।<br>१४. नयाँ विद्यालय भवन निर्माणका नमुना डिजाइनहरू बहु प्रकारका विपद् प्रति संवेदनशील र अपाङ्गमैत्री हुने गरी बनाइनेछ ।<br>१५. जनसङ्ख्या र भूगोलको आधारमा विद्यालयहरूको नक्साङ्कन गरी पुनर्संरचना गरिनेछ।<br>१६. शिक्षकहरूको कार्यसम्पादनलाई विद्यालयका हरेक कक्षाका विद्यार्थीले हासिल गरेको नतिजासँग आबद्ध गरी पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ ।<br>१७. सबै प्रकारका शैक्षिक संस्थाहरूको भौतिक अवस्थामा सुधार गरी विपद् प्रतिरोधी बनाइनेछ ।<br>१८. बालबालिका तथा युवालाई आफ्नो अन्तर्निहित क्षमताको विकास गर्न प्रत्येक विद्यालय तथा साबिक वडा स्तरमा खेलकुद विकास, प्रशिक्षण र अभ्यासलाई अभिन्न अङ्ग बनाइनेछ । |
| **उद्देश्य ३: सोरुको माटो सुहाउँदो दिगो पूर्वाधार सहितको प्रविधिमैत्री पालिका निर्माण गर्नु ।** | |
| ३.१ उच्च जोखिम तथा कमजोर आर्थिक अवस्थामा रहेका बस्तीहरूको पहिचान गरी सुरक्षित, किफायती र वातावरण मैत्री आवासको व्यवस्था गर्ने । | १. जोखिम युक्त मानव बस्तीहरूको पहिचान गरी त्यस्ता बस्तीहरू स्थानान्तरणको लागि आवश्यक कानुनहरू तर्जुमा गर्नका साथै स्थानीय तहका जनप्रतिनिधिहरू कर्मचारीहरूको क्षमता विकासमा जोड दिइनेछ ।<br>२. घनत्व र जनसङ्ख्याका आधारमा आधारभूत सेवा सुविधा सहितको एकीकृत बस्ती विकास गरिनेछ ।<br>३. खर र फुसको छानालाई जस्तापाता वा ढुङ्गाले प्रतिस्थापन गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | ४. अव्यवस्थित पुराना घना बस्तीलाई पुनरुत्थान गरिनेछ ।<br>५. बस्ती स्थानान्तरण गर्ने सन्दर्भमा सबैभन्दा बढी उच्च जोखिममा रहेको र विपन्न तथा महिला, अपाङ्गता भएका घर परिवारलाई प्राथमिकता दिइनेछ । |
| ३.२ गाउँपालिकाको केन्द्र, राजमार्ग तथा बजारसँग पहुँच भएका, आर्थिक वृद्धिलाई योगदान पुग्ने प्रकृतिका दिगो, सुरक्षित यातायातमा सुविधा विस्तार गरी कृषि, उद्योग, व्यापार, जल विद्युत्, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच वृद्धि गरी व्यापार व्यवसायको प्रवर्द्धन गर्ने । | १. ग्रामीण सडक मार्गलाई सुरक्षित, दिगो र छोटो हुने गरी स्तर उन्नतिको कामलाई प्राथमिकता दिइनेछ ।<br>२. सडक सञ्जाल निर्माण गर्दा कृषि, ऊर्जा, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुने गरी गरिनेछ ।<br>३. सडकको दायाँबायाँ हरियाली कायम गर्ने कार्यक्रम कार्यान्वयन गरिनेछ ।<br>४. सडक तथा पुलहरूको निर्माण तथा मर्मत सम्भारमा सामाजिक एवम् वातावरणीय पक्षको नकारात्मक असर न्यूनीकरणका लागि आवश्यक उपायहरूको अवलम्बन गरिनेछ ।<br>५. सार्वजनिक निर्माणमा सार्वजनिक-निजी साझेदारी, निर्माण, सञ्चालन तथा हस्तान्तरण प्रक्रिया जस्ता विधिहरू अवलम्बन गरिनेछ ।<br>६. ग्रामीण सडक यातायातको विकास र विस्तारमा प्रादेशिक तथा सङ्घीय सरकारसँग आर्थिक तथा प्राविधिक सहयोग लीन पहल गरिनेछ ।<br>७. सडक सम्पत्ति संरक्षण, मर्मत सम्भार, पुनर्निर्माण एवम् व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।<br>८. दिगो, भरपर्दो र सुविधा युक्त यातायातको उपयोग गर्दै व्यापार व्यवसायको प्रवर्द्धनमा जोड दिइनेछ । |
| ३.३ विद्युतको प्रसारण व्यवस्थालाई थप सुदृढ तथा प्रभावकारी बनाइनुका साथै वैकल्पिक ऊर्जा र नवीकरणीय ऊर्जा समेतको प्रयोग गर्दै आधुनिक प्रविधिको उपयोगमा स्थानीयवासीको पहुँच विस्तार गर्ने। | १. केन्द्रीय विद्युतीकरणको पहुँच प्रत्येक घर तथा बस्तीसम्म विस्तार गरिनेछ ।<br>२. पुराना काठका पोलहरू विस्थापित गरी स्टिल पोलहरू स्थापित गरिनेछ ।<br>३. विद्युत प्रसारणलाई थप व्यवस्थित र सहज बनाइनेछ ।<br>४. नवीकरणीय ऊर्जाको विकास र विस्तारको लागि व्यापक सचेतना सहित बजेटको व्यवस्था गरिनेछ ।<br>५. विद्युतमा आधारित आधुनिक प्रविधिको उपयोग गरी सूचना , सञ्चार ,व्यापार व्यवसायमा वृद्धि गरिनेछ । |
| ३.४ सूचना प्रविधिको प्रयोगलाई सुरक्षित, भरपर्दो र सर्व सुलभ बनाई सुशासनमा टेवा पुऱ्याउने । | १. सूचना प्रविधिमा सर्वसाधारणको पहुँचको लागि आवश्यक स्रोत साधनको व्यवस्था र संयन्त्रको निर्माण गरिनेछ ।<br>२. गाउँपालिकामा सूचना प्रविधि क्षेत्रको विकासको लागि आवश्यक जनशक्ति तथा पूर्वाधारको विकास गरिनेछ ।<br>३. गाउँपालिकाको कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य एवम् कतिपय पूर्वाधार क्षेत्रको विकासमा सूचना प्रविधिलाई अधिकतम उपयोग गरिनेछ ।<br>४. समुदायसँगको सहकार्यमा ग्रामीण स्तरमा सूचना प्रविधि पूर्वाधार विकास गरिनेछ। |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | ५. सूचना प्रविधि प्रणालीको सुरक्षा, विश्वसनीयता र गुणस्तरमा अभिवृद्धि गरिनेछ । |
| **उद्देश्य ४ः विपद् प्रतिकार्य संवेदनशील हरित पालिका निर्माण गर्नु ।** | |
| ४.१ जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गरी दिगो वन व्यवस्थापन र संरक्षणमार्फत वन पैदावारमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने । | १. विविधतापूर्ण वन पैदावारको सहज आपूर्ति, रोजगारी सिर्जना र स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुर्‍याउन वन सम्वर्द्धन प्रणालीमा आधारित वनको दिगो व्यवस्थापन गरिनेछ ।<br>२. वनमा लाग्ने डढेलो व्यवस्थापनको लागि व्यापक रूपमा सचेतना अभिवृद्धि गर्दै पूर्व तयारी, डढेलो नियन्त्रण र डढेलो प्रतिरोधी क्षमता विस्तारका लागि अग्निरेखा व्यवस्थापन र आकाशे पानी सङ्कलन कार्यक्रममा स्थानीय जनताको सहभागिता अभिवृद्धि गरिनेछ ।<br>३. भूउपयोग विकास तथा एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा गरी जल उत्पन्न प्रकोप विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।<br>४. जलवायु परिवर्तनले पारिस्थितिकीय तथा जलाधारीय प्रणालीमा पार्ने नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन र समानुकूलन गर्न स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिनेछ।<br>५. स्थानीय अनुकूलन योजनालाई समुदायमा आधारित वन व्यवस्थापन कार्ययोजनाहरूमा मूलप्रवाहीकरण र सेवा प्रदायकहरूको क्षमता विकास गरिनेछ।<br>६. वन व्यवस्थापन कार्यलाई उद्योगको रूपमा विकास गर्न वन तथा वनपैदावारमा आधारित उद्यमशीलता विकास तथा उद्योग व्यवसाय सञ्चालन गरी हरित रोजगारी वृद्धि गरिनेछ ।<br>७. तुलनात्मक लाभ भएका उच्च मूल्यका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्द्धन, खेती विस्तार एवम् निर्यातका लागि आवश्यक व्यवस्था मिलाइनेछ। |
| ४.२ विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन नीतिगत व्यवस्थालाई समय सापेक्ष र व्यवहारिक बनाई विभिन्न निकायबाट हुने विपद् व्यवस्थापनको कार्यलाई समन्वय गरी आपत्कालिन खोज, उद्धार, उपचार तथा तत्काल राहतका लागि क्षमता अभिवृद्धि गर्नका साथै विपद् जोखिम न्यूनीकरणलाई | १. गाउँपालिकाको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा समाहित गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।<br>२. बस्ती/समुदाय स्तरसम्म विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकास व्यवस्थापन गरी विपद् जोखिम न्यूनीकरण तथा अल्पीकरण गर्नका लागि गाउँपालिकाका सबै वडा तहसम्म जनसचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. एकीकृत बस्ती विकासको सुरुवाती चरणदेखि नै विपद् विज्ञ, स्थानीय निकाय, योजनाविद्हरूलाई सहभागी गराएर भू-उपयोग नीति अनुकूल हुने गरी दीर्घकालीन बस्ती विकास योजना बनाई लागु गरिनेछ ।<br>४. विपद् व्यवस्थापनलाई दिगो बनाउन विभिन्न प्रकारका प्रकोपका विषयमा अध्ययन तथा अनुसन्धान गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| विकासका सबै आयाम तथा चरणमा मूलप्रवाहीकरण गर्ने। | ५. विपद् व्यवस्थापनमा संलग्न प्रहरीचौकी र कर्मचारीहरूको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरी विपद्को पूर्वतयारी तथा विपद् प्रतिकार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ । |
| ४.३ मानवजन्यजन्य फोहोर व्यवस्थापन गरी प्रशोधन सहित पुन उपयोग गर्न मिल्ने बनाइनुका साथै सफा र स्वच्छ घर तथा बस्ती निर्माण गर्ने । | १. बजार उन्मुख बस्तीहरूमा उत्पादन हुने मानव जन्य फोहोरलाई निजी क्षेत्र तथा समुदाय समेतको सहयोग र सहकार्यमा सङ्कलन गरी व्यवस्थापन गरिनेछ ।<br>२. गाउँपालिकाको ग्रामीण बस्तीमा उत्सर्जन हुने फोहोरलाई सङ्कलन गर्न आवश्यक डष्टविन वितरण गर्नका साथै स्थानीय स्तरमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३. समुदायबाट सङ्कलन भएको फोहोरलाई कुहिने र नकुहिने गरी दुई भागमा विभाजन गरी कुहिने लाई प्रशोधन गर्ने तथा नकुहिने फोहोरलाई दिगो रूपमा व्यवस्थापन गरिनेछ ।<br>४. गाउँपालिकाको क्षेत्राधिकारभित्र बग्ने नदी नाला लगायत अन्य सार्वजनिक ठाउँहरूको सरसफाइ गरी घर बस्ती तथा समुदायलाई फोहोर विहीन मानव बस्तीका रूपमा परिचय दिने गरी कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ५: सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन आधुनिक प्रविधि अवलम्बन गर्नु ।** | |
| ५.१: संस्थागत विकासका लागि आवश्यक कानुनी तथा संरचना गत प्रणालीमा सुधार गरी प्रविधि मैत्री, पारदर्शी र सुशासन युक्त बनाउने । | १. समावेशी र सन्तुलित विकासको माध्यमद्वारा समतामूलक समाज निर्माण गरिनेछ।<br>२. गाउँपालिका तथा वडा कार्यालयहरूको सङ्गठन तथा व्यवस्थापन सर्भे गरी सोही अनुसार कर्मचारी व्यवस्थापन गरिनेछ ।<br>३. गाउँपालिकाका सम्पूर्ण निर्वाचित पदाधिकारीहरूलाई कानुन, योजना तर्जुमा, पारदर्शीता तथा पदीय जिम्मेवारीका बारेमा तालिम, गोष्ठी, भ्रमण आदिको आयोजना गरिनेछ ।<br>४. गाउँपालिकाभित्र रहेका समुदायमा आधारित संस्थाहरू जस्तै आमा समूह, युवाक्लव, सामुदायिक संस्थाहरू, विद्यालय व्यवस्थापन समितिहरू, स्वास्थ्यचौकी व्यवस्थापन समितिहरू, सामुदायिक वन उपभोक्ता समितिहरू टोल सुधार समितिहरू, सरसफाइ समितिहरू, निर्माण कार्यसँग सम्बन्धित उपभोक्ता समितिहरूको क्षमता विकास गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>५. गाउँपालिकामा कार्यविधिमा उल्लिखित सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, मासिक प्रगति विवरण सार्वजनिक गर्नका साथै चौमासिक प्रतिवेदन सार्वजनिक कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी बनाइनेछ ।<br>६. गुनासो पेटिका, सूचना पाटी, पत्रपत्रिका, स्थानीय एफ. एम बाट नियमित रूपमा गाउँपालिकाबाट सम्पादित कार्यक्रमहरू लगायत सूचनाहरू सार्वजनिकीकरण गरिनेछ । |

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

**तालिका ३: आवधिक योजनामा खर्च व्यहोर्ने स्रोतहरू**

| क्र.सं. | स्रोत | योजना अवधिमा हुने लगानी (रु लाखमा) | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी (प्रदेश तथा सङ्घीय सरकार) क्षेत्र | ४६५८७१७ | ९०.४८ |
| २ | सहकारी क्षेत्र | २०००० | ०.३९ |
| ३ | निजी क्षेत्र | ५०००० | ०.९७ |
| ४ | गै.स.स. | २५६८७५ | ४.९९ |
| ५ | उपभोक्ता समूह, सामुदायिक संस्था आदिको योगदान | ५८००० | १.१३ |
| ६ | अन्तर स्थानीय तह साझेदारी | १०५३४४ | २.०५ |
| **कुल** | | **५१४८९३६** | **१००.००** |

**तालिका ४: गाउँपालिकाको आय अनुमान (रु. हजारमा)**

| क्र.सं. | बजेट कोड | विवरण | २०७९/८० को यथार्थ | | २०८०/८१ को अनुमान | २०८१/८२ को प्रक्षेपित | २०८२/८३ को प्रक्षेपित | २०८३/८४ को प्रक्षेपित | २०८४/८५ को प्रक्षेपित | २०८५/८६ को प्रक्षेपित |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३२१२२ | नगद मौज्दात | २७४९८ | ७.६१ | ० | १०००० | १०००० | १०००० | १०००० | १०००० |
| २ | | आन्तरिक राजस्व | २५०० | ०.६९ | ३३५० | ३६८५ | ४२३८ | ४८७३ | ५६०४ | ६४४५ |
| ३ | १३३११ | सङ्घीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ४३५८३ | १२.०५ | ८८८०० | ९७६८० | १०७४४८ | ११८१९३ | १३००१२ | १४३०१३ |
| ४ | १३३१२ | ससर्त अनुदान चालू (सङ्घीय सरकार) | ५८१७१ | १६.०९ | २१०६०० | २३१६६० | २५४८२६ | २८०३०९ | ३०८३३९ | ३३९१७३ |
| | १३३१३ | ससर्त अनुदान पुंजीगत (सङ्घीय सरकार) | १४२९३२ | ३९.५३ | १०८०० | ११८८० | १३०६८ | १४३७५ | १५८१२ | १७३९४ |
| ५ | ११४११ | सङ्घीय सरकारबाट राजस्व बाँडफाँट प्राप्त आय | ६२३४७ | १७.२४ | ८२५१९ | ९०७७१ | ९९८४८ | १०९८३३ | १२०८१६ | १३२८९८ |
| ६ | १३३११ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ४७९८ | १.३३ | १००३९ | ११०४३ | १२१४७ | १३३६२ | १४६९८ | १६१६८ |
| ७ | १३३१३ | ससर्त अनुदान (प्रदेश सरकार) | १९३९४ | ५.३६ | १६९० | १८५९ | २०४५ | २२४९ | २४७४ | २७२२ |
| ८ | ११४५६ | राजस्व बाँडफाँट (प्रदेश सरकार) | ३४६ | ०.१० | ३४९ | ३८४ | ४२२ | ४६५ | ५११ | ५६२ |
| ११ | १३३१७ | समपूरक अनुदान (सङ्घ) | ० | ०.०० | ५००० | ५५०० | ६०५० | ६६५५ | ७३२१ | ८०५३ |
| १२ | १३३१७ | समपूरक अनुदान (प्रदेश) | ० | ०.०० | ४०००० | ४४००० | ४८४०० | ५३२४० | ५८५६४ | ६४४२० |
| १३ | १३३१७ | विशेष अनुदान (सङ्घ) | ० | ०.०० | ११५०० | १२६५० | १३९१५ | १५३०७ | १६८३७ | १८५२१ |
| १४ | १३३१७ | विशेष अनुदान (प्रदेश) | ० | ०.०० | ० | २००० | २२०० | २४२० | २६६२ | २९२८ |
| १५ | | जनसहभागिता | ० | ०.०० | ० | ५१० | ५६१ | ६१७ | ६७९ | ७४७ |
| | | **जम्मा** | **३६१५६९** | १००.०० | ४६४६४७ | ५२३६२२ | ५७५१६८ | ६३१८९७ | ६९४३३० | ७६३०४३ |

## ३.९ गाउँ गौरवका आयोजनाहरू

**तालिका ५: गाउँ गौरवका प्रस्तावित आयोजनाहरू**

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा |
| | **गाउँ गौरव योजना** | | | | | | | | | |
| १ | गमगढी -सोरुकोट सडक स्तरोन्नती | कि.मि | | ५० | १००००० | २००००० | २५०००० | ३००००० | १५०००० | **१००००००** |
| २ | सोरुकोट - दोमुख सडक स्तरोन्नती | कि.मि | | १५ | | | | | ३००००० | **३०००००** |
| ३ | सोरुकोट - पिपलमुढा सडक स्तरोन्नती | कि.मि | | ११ | | ५०००० | ३०००० | २०००० | १००००० | **२०००००** |
| ४ | दुभालचौर मोटरेवल पक्की पुल निर्माण | मि | | १०० | | | ३०००० | ३०००० | ३०००० | **९००००** |
| ५ | बहुउद्देश्यीय कृषि केन्द्र - सङ्कलन केन्द्र -चिस्यान केन्द्र ५ मे.ट.- रस्टिक सेन्टर -कोसेली घर निर्माण | सङ्ख्या | | १ | | २००० | १०००० | २०००० | २०००० | **५२०००** |
| ६ | तातोपानी गुफा पर्यटकीय पूर्वाधार विकास | एकमुस्ट | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | **२५०००** |
| ७ | आवासीय विद्यालय सञ्चालन तथा व्यवस्थापन | सङ्ख्या | | ४ | १०००० | २०००० | ३०००० | ४०००० | ५०००० | **१५००००** |
| ८ | कार्यपालिका प्रशासकीय भवन निर्माण | सङ्ख्या | | **१** | | १०००० | २०००० | | | **३००००** |
| | **गाउँ गौरवको योजनाको जम्मा** | | | | **११५०००** | **२८७०००** | **३७५०००** | **४१५०००** | **६५५०००** | **१८४७०००** |

# परिच्छेद चारः आर्थिक विकास

सोरु गाउँपालिकाको समग्र विकासको लागि आर्थिक क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको छ । यो क्षेत्र गाउँपालिकाको समष्टिगत विकास र समृद्धिको महत्त्वपूर्ण आधार पनि हो । यस क्षेत्र अन्तर्गत कृषि तथा पशु विकास, सिँचाइ, उद्योग, वाणिज्य तथा आपूर्ति, पर्यटन र सांस्कृतिक तथा धार्मिक सम्पदा संरक्षण र श्रम तथा वैदेशिक रोजगारी लगायतका उपक्षेत्रहरू पर्दछन् । नेपालको संविधानको धारा (३६) मा खाद्य सम्बन्धी हकको बारेमा व्याख्या गर्दै प्रत्येक नागरिकलाई खाद्य सम्प्रभुताको हक हुनेछ भनी उल्लेख गरिएको छ । संविधानको अनुसूची - ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । सङ्घीय सरकारको १६औं पञ्चवर्षीय आवधिक योजनामा **समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक वृद्धिमा जोड दिने** भनी उल्लेख गरिएको छ । यी विषयहरू दिगो विकासको लक्ष्य -१ (शून्य गरिबी), लक्ष्य -२ (भोकमरीको अन्त्य) लक्ष्य - ८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य -१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । यस गाउँपालिकाको आर्थिक क्षेत्रको उद्देश्य उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारीको सृजना र पोषणमा सुधार गर्दै आर्थिक विकासको आधार तयार गर्नु भन्ने निर्धारण गरिएको छ । सोरु गाउँपालिकाले रैथाने बालीको संरक्षण तथा प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राख्दै **"रैथाने बाली, पर्यटन र पूर्वाधारः सुशासन र समृद्धि सोरुबासीको आधार"** भन्ने दूरदृष्टिका साथ अघि बढ्न प्रतिबद्धता जनाएको छ ।

नेपालको संविधान तथा प्रचलित कानुनद्वारा सुनिश्चित गरिएको खाद्य सुरक्षा, मर्यादित र सुरक्षित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकारका साथै र स्थानीय सरकारको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । यसलाई मूर्तरूप दिन संवैधानिक व्यवस्था, सङ्घ, प्रदेश तथा स्थानीय नीति, कानुन, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध प्रयास गर्नु आवश्यक रहेको छ । यस गाउँपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्र कृषि, पशु, खाद्य सुरक्षा तथा पोषण, उद्योग, व्यापार तथा व्यवसाय, जल विद्युत्, वन पैदावार, पर्यटन, सहकारी एवं कृषि पर्यटन आदि रहेका छन् । यस बीच आर्थिक विकासका क्षेत्र तथा उल्लिखित उप क्षेत्रहरूको तथ्याङ्कमा आधारित स्थिति पत्रको तयारी र सही लेखाजोखा गरी आर्थिक विकासका सबै उपक्षेत्रहरूमा सम्भावनाका आधारमा नवप्रवर्तनीय स्थानीय आर्थिक विकासको कार्यक्रम सञ्चालन गर्नुपर्ने दिशामा जानुपर्ने आवश्यकता रहेको छ।

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

सोरु गाउँपालिकाले सङ्घ तथा प्रादेशिक आवधिक योजनाले परिलक्षित गरेका विषयहरू, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७९ (परिमार्जित), राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, (११) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ एवम् सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, (आर्थिक

कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन आदिलाई कार्यक्रम तर्जुमामा आधार बनाउँदै आएको छ ।

सोरु गाउँपालिका सबै ग्रामीण क्षेत्रले ओगटेको र ग्रामीण जनता बसोबास गर्ने तथा परम्परागत कृषि प्रणाली भएको गाउँपालिका हो । यहाँको आय आर्जनको प्रमुख स्रोत कृषि तथा पशुपालनका क्षेत्रमा आधारित व्यवसायहरू हुन् । यहाँको अधिकांश जनसङ्ख्याको जीविकोपार्जन तथा रोजगारीको प्रमुख आधार कृषि र पशुपालन व्यवसाय रहेको छ । सोरु गाउँपालिकाको अर्थतन्त्रमा व्यावसायिक रूपमा खेती गरिएका खाद्यान्न लगायतका फलफूल, सिमी, जडीबुटी, पशुपालन, दूध तथा मह उत्पादन आदिले मुख्य योगदान पुऱ्याउँदै आएको देखिन्छ ।

आलु, गहुँ, मकै, कोदो, धान, कपास, स्याउ, सिमी, भटमास लगायत अमिलो प्रजातिका फलफूलका लागि सोरुको भूगोल र वातावरण दुबै निकै उपयुक्त मानिन्छ । तर अहिलेको परिस्थितिमा यहाँ एकातर्फ जग्गाको खण्डीकरण रोक्नुपर्ने चुनौती छ भने अर्कोतर्फ जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु पर्नेछ । कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यातमूलक अवस्थामा पुऱ्याउने सोच अनुरूप नै सोरुलाई विशेष प्राथमिकतामा राखिएको छ । उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगार सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकरणको माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

दिगो विकास लक्ष्य अन्तर्गत भोकमरीको अन्त्य लगायतका लक्ष्य प्राप्त गर्न आदर्श उत्पादन र न्यायिक वितरण प्रणाली प्रति विशेष पहल गर्नुपर्ने देखिन्छ । पोषण तथा खाद्य विविधता प्रवर्द्धन गर्नका लागि खाद्यान्नका अतिरिक्त दूध, माछा, मासु, मह र अण्डाको महत्त्वपूर्ण भूमिकालाई मनन गरी गाउँपालिका क्षेत्रमा पशुपन्छी तथा माछापालनका माध्यमबाट पोषण तथा खाद्य सुरक्षा प्रवर्द्धन भई रोजगारीका अवसरहरू सिर्जना हुनुका साथै आर्थिक उन्नतितर्फ अग्रसर हुनको लागि सहयोग पुग्ने देखिन्छ ।

### ४.१.२ समस्या तथा चुनौती

सोरु गाउँपालिकाको प्रमुख आम्दानीको स्रोत कृषि क्षेत्र भए तापनि यो क्षेत्र व्यावसायिक हुन सकेको छैन । यहाँबाट बाहिर बसाइ सर्नेहरूको गति तीव्र छ । उत्पादन योग्य जनशक्तिको अभाव हुँदै गइरहेको छ । यस गाउँपालिकामा कृषिको विकास तथा व्यवसायीकरणका समस्याहरूमा मुख्यतः बजारको अभाव, लगानीको अभाव तथा आधुनिक उपकरण तथा गुणस्तरीय बीउ विजन, मल खाद एवं औषधीहरूको अभाव रहेको छ । यहाँ उत्पादित बस्तुको विक्री वितरण गर्न सडक यातायात तथा ढुवानीको समस्या रहेको अवस्था छ । यसैगरी व्यावसायिक खेती तथा बजारीकरणका लागि सीप तथा पूँजीको अभाव, स्थानीय स्तरमा बीमा गर्ने निकायको अभावले गर्दा पहिरो, असिना आदिका कारणबाट बाली उत्पादनमा भइरहेको क्षति प्रमुख समस्याको रूपमा रहेको पाइन्छ । अर्कोतर्फ कृषिमा लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, माटोको नियमित परीक्षण नहुनु, सिँचाइको पर्याप्त उपलब्धता नहुनु, जस्ता समस्याहरू रहेका छन् । त्यसैगरी व्यावसायिक सोचको कमी विद्यमान रहनु, कृषि सङ्कलन केन्द्र नहुनु, कृषि पर्यटन तथा पकेट खेती विकास कार्यक्रम नहुनु एवं प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन नहुनु आदिलाई पनि लीन सकिन्छ । यहाँको कृषि क्षेत्रमा देखिएका

समस्याहरूको अध्ययन गर्दा कृषि उपजको सुरक्षित भण्डारको सुविधा नहुनु, चिस्यान केन्द्र (विशेष गरी स्याउ, आलुका लागि) को सुविधा नहुनु बाट व्यवस्थित बिक्री वितरण प्रणाली समेत नभएको अवस्था छ । अधिकांश कृषकहरूमा व्यावसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी हुनु रहेको छ । आर्थिक विकास सम्भावनाका क्षेत्रहरू प्रचुर मात्रामा भए ता पनि परम्परागत र निर्वाह मुखी खेती प्रणाली, व्यावसायिक ज्ञान तथा प्रविधि सम्बन्धी सूचनाको कमी, कर्जामा कम पहुँच, बजारोन्मुख खेती प्रणाली न हुनुका साथै कृषि विज्ञको समेत कमी भएको अवस्था छ । स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातिका बीउ बिजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरूले माग र आवश्यकता अनुसारको बोट बिरुवा प्राप्त गर्न सकेका छैनन् । साथै जलवायु परिवर्तनको असरका कारण बालीमा देखा पर्ने हानिकारक झार, रोग तथा किराहरूको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा वृद्धि भएको अवस्था छ । जडीबुटी उत्पादन विस्तार र बजारीकरण समस्या, सङ्कलन साथै उत्पादनका लागि औजार उपकरणको कमी, वन्यजन्तुको समस्या समेत विद्यमान रहेको छ ।

स्थानीय स्तरमा बिमा गर्ने निकायको अभावले क्षति, बिक्री वितरण गर्न सुविधायुक्त यातायात तथा ढुवानीको समस्या, श्रम एवं लागत बढी पर्ने, नस्ल सुधार सहित उन्नत जातको गाई, भैंसी, बाख्रापालन पर्याप्त हुन नसक्नू, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी हुनु तथा उन्नत घाँसको व्यवस्थामा कमी हुनु रहेका छन् । यसैगरी पशुपालन तालिमको व्यवस्थामा कमी, गुणस्तरीय दुग्ध उत्पादनमा व्यावसायिक चेतनाको कमी देखिन्छ भने आवश्यक पूर्वाधारहरू जस्तै दुग्ध चिस्यान केन्द्र, पशु रोग पहिचान तथा उपचारका लागि प्रयोगशाला नहुनु, पशुपालनका लागि आवश्यक सरल कर्जाको व्यवस्था नहुनु, समयमा उपलब्ध हुनुपर्ने औषधी भ्यासलिनको सहज उपलब्धता नहुनु, एग्रोभेटहरू सञ्चालनमा नहुनु तथा पशु फार्म व्यवस्थापन सम्बन्धी सीप नहुनु आदि समस्याहरू रहेका छन् ।

### ४.१.३ सम्भावना तथा अवसर

गाउँपालिकाले कृषि तथा पशु पन्छी विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । व्यावसायिक पशुपालनमा स्तर वृद्धि गर्न अत्यावश्यक औषधी खरिद गरी पशुपालक किसानहरूलाई वितरण गर्ने, नस्लसुधारका लागि आवश्यक सामग्रीको वितरण, पशुपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत उत्कृष्ट किसानहरूलाई प्रोत्साहन अनुदान प्रदान कार्यक्रम, पकेट कार्यक्रम अन्तर्गत सबै वडाका विभिन्न समूह, सहकारी र फर्महरू छनौट गरी बीउ वितरण, किसान पहिचानका लागि किसान सूचीकरण कार्यक्रम र माटो परीक्षण शिविर कार्यक्रम समेत सञ्चालन हुँदै आएका छन् । सोरु गाउँपालिका कृषि जन्य उत्पादनको लागि उपयुक्त हावापानी तथा भौगोलिक बनोट भएको क्षेत्र हो । गाउँपालिकाको माथिल्लो भूभागमा भौगोलिक उपयोगिताको आधारमा स्याउ, किवी (फलफूल) र आलु खेतीको विकास र विस्तारका प्रशस्त सम्भावनाहरू रहेका छन् । गाउँपालिकाको अन्य वस्तिहरूमा धान, कोदो, मकै, फापर, जौ, गहुँ लगायत कोसेबालीहरू परम्परागत रूपमा उत्पादन हुँदै आइरहेको मा यी वालिहरूलाई व्यवसायीकरण गर्न सकिने बलियो सम्भावना रहेको छ ।
पशुपक्षी विकास तथा विस्तारको लागि सबै क्षेत्र उपयुक्त रहेको छ । यहाँको बीच तथा माथिल्लो भागमा डाले घाँस, खरवारी लगायत चरी चरनको लागि उपयुक्त क्षेत्र भएकोले भेडा, बाख्राको व्यवसायीकरण गर्न सकिने बलियो सम्भावना रहेको छ भने तल्लो भागमा भैंसी, गाई लगायत कुखुरा फर्महरूको विकास गर्न सकिने

सम्भावना रहेको छ । यहाँ बगेका कर्णाली नदी तथा स्थानीय खोलाको पानी व्यवस्थापन गरी माछा पालन (चिसापानीमा हुने ट्राउट जातको माछा) व्यवसायको विकास गर्न सकिने सम्भावना रहेको छ । मौरीपालन व्यवसायलाई पनि पकेट क्षेत्रको रूपमा विकास गर्न सकिन्छ । यसका अतिरिक्त वन क्षेत्रमा उत्पादन तथा जडीबुटी विस्तार गर्न सकिने गैर काष्ठ वन पैदावार अन्तर्गतका प्रजातिहरूले पनि यहाँको अर्थतन्त्रमा सहयोग पुग्न जाने प्रशस्त सम्भावनाहरू रहेका छन् ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

रैथाने बालीको संरक्षण एवं प्रवर्द्धन गर्दै कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण एवम् व्यवसायीकरणद्वारा उत्पादित उपजलाई प्रतिस्पर्धी बनाउने ।

**उद्देश्य**

१ परम्परागत तथा निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु ।
२ कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी निर्यात प्रवर्द्धन गर्नु ।
३ पशुपन्छी पालनलाई व्यावसायिक बनाई निर्यात प्रवर्द्धन गर्नु ।
४ रैथाने खेतीको प्रवर्द्धनमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।
५ कृषि र पशुपालनका क्षेत्रमा मौलिक, नवीन पद्धति र अभ्यासलाई प्रोत्साहन गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका ६: कृषि तथा पशुपालनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: परम्परागत तथा निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु ।** | |
| **१.१:** तुलनात्मक लाभ हुन सक्ने स्थानीय बालीनाली र आधारभूत खाद्यवस्तुको उपभोगमा आत्मनिर्भरता हासिल गर्ने । | १. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्म निर्भरताका लागि उत्पादन पकेट क्षेत्र विकास गरी सघन व्यावसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br>२. कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकासको अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ ।<br>३. उत्पादन र भण्डारणका क्रममा हुने हानी नोकसानीलाई न्यूनीकरण गर्न कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना गरिनेछ ।<br>४. निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित तथा सहकारी खेतीलाई प्राथमिकता दिइनेछ ।<br>५. मूल्य शृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरण सम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ ।<br>६. खाद्यान्न उत्पादन न्यून भएका पोषण असुरक्षित स्थानहरूमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन प्रवर्द्धन तथा उपयोगमा जोड दिइनेछ।<br>७. गाउँपालिकाको भौगोलिक तथा वातावरणीय सम्भाव्यताको अध्ययन गरी उपयुक्त स्थानमा कृषि, पशुपालन फलफूल खेती लगायतका नगदे बालीहरूको उत्पादनमा |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | जोड दिँदै पकेट क्षेत्रको स्थापना गरी सामूहिक तथा व्यावसायिक उत्पादनमा बढावा दिइनेछ ।<br>८. कृषकसँगको साझेदारीमा एक वडा एक पहिचान कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य २: कृषि जन्य उत्पादन र उत्पादकत्व वृद्धि गरी निर्यात प्रवर्द्धन गर्नु ।** | |
| २.१: कृषि क्षेत्रको उत्पादकत्व वृद्धि र यान्त्रिकीकरण तथा आधुनिकीकरण गर्ने । | १. स्थानीय वीउविजन, वेर्नाहरूको संरक्षण गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवं उच्च मूल्यका कृषि उपजहरूको व्यावसायिक खेती उत्पादनमा जोड दिई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।<br>२. दिगो कृषि विकासका लागि आवश्यक ऐन, नियम, नीतिहरू तर्जुमा तथा संसोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>३. कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषि जन्य वस्तुको व्यावसायिक उत्पादनका लागि उपयुक्त र दिगो सिँचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ ।<br>४. उन्नत प्रविधि (थ्रेसिंग मेशीन, जोत्ने, साइनारे आदि) मा सुलभ कृषि कर्जाको व्यवस्था मिलाइनेछ ।<br>५. खेती योग्य जग्गालाई बाँझो राख्ने प्रवृति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगो उपयोगका लागि उपयुक्त योजना बनाई कार्यान्वयन गरिनेछ।<br>६. कृषि तथा पशुपालन व्यवसायमा प्रोत्साहन गर्न उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।<br>७. गाउँपालिका क्षेत्रभित्रका कृषियोग्य जमिनमा साना सिँचाइ कुलोहरूको निर्माण तथा मर्मत गरी बाह्रै महिना सिँचाइको सुविधा पुर्याउन आवश्यक व्यवस्था मिलाइनेछ । |
| **उद्देश्य ३: पशुपन्छी पालनलाई व्यावसायिक बनाई निर्यात प्रवर्द्धन गर्नु ।** | |
| ३.१: कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छी जन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने । | १. हाल परम्परागत रूपमा सञ्चालन हुँदै आएको पशुपालन व्यवसायलाई उद्यम तथा उद्योगमा परिणत गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२. युवाको विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा युवा लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br>३. पशुपन्छी पालनमा युवा सहभागिता र महिला सशक्तीकरणलाई केन्द्रित गरी व्यावसायिक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।<br>४. व्यावसायिक पशुपन्छी पालनका साथै माछा पालन तथा मौरी पालनका लागि अनुदान तथा सहुलियत ऋणको व्यवस्था गरिनेछ ।<br>९. विपन्न परिवारलाई पशुपन्छी पालनका लागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| **उद्देश्य ४: रैथाने खेतीको प्रवर्द्धन गरी प्रतिस्पर्धात्मक क्षमताद्वारा अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।** | |
| ४.१: जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै रैथाने | १. रैथाने बाली (चुली, खामु, तिलखुरो) प्रवर्द्धनका लागि पकेट क्षेत्र पहिचान गरी अनुदान सहायताको व्यवस्था गरिनेछ । |

<table>
<tr><th>रणनीतिहरू</th><th>कार्यनीतिहरू</th></tr>
<tr><td>कृषि बालीको विकास र विस्तार गर्ने ।</td><td>२. रासायनिक मल लगायत विषादीको प्रयोग घटाउँदै जैविक र प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरी उत्पादित रैथाने वस्तुलाई बजारीकरणमा जोड दिइनेछ ।<br>३. जलवायु परिवर्तनसँगै कृषिमा अनुकूलन गरी कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन तथा उपयोगमा वृद्धि गरिनेछ ।<br>४. लोपोन्मुख तथा रैथाने विउबिजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन गरिनेछ ।<br>५. कृषि अध्ययन तथा अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवम् विस्तार गरिनेछ ।<br>६. कृषि उपजको अधिकतम उत्पादन एवम् उत्पादकत्व वृद्धिका लागि स्थानीय साधन स्रोत र जैविक प्रविधिको उपयोग गरिनेछ ।<br>७. व्यावसायिक खेती तथा नगदे बालीको प्रवर्द्धन गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरी कृषि व्यवसाय प्रवर्द्धनका माध्यमबाट रोजगारी सिर्जना गर्ने नीति लिइनेछ।</td></tr>
<tr><td colspan="2">उद्देश्य ५: कृषि र पशुपालनका क्षेत्रमा मौलिक, नवीन पद्धति र अभ्यासलाई प्रोत्साहन गर्नु ।</td></tr>
<tr><td>५.१ कृषि र पशुपालनका क्षेत्रमा मौलिक, नवीन पद्धति र अभ्यासलाई अवलम्बन गर्ने।</td><td>१. कृषि र पशुपालन लगायतका आर्थिक विकासका क्षेत्र तथा उप क्षेत्रहरूको यथार्थ स्थिति पत्र तयार गरी सोको वार्षिक रूपमा समीक्षा र वस्तुस्थितिको अद्यावधिक गरिनेछ।<br>२. पशुपालनलाई थप व्यवसायिकताका लागि उन्नत तथा पौष्टिक घाँस उत्पादनलाई सहजीकरण तथा प्रवर्द्धन गरिनेछ ।<br>३. युवा तथा विपन्न समुदायहरूले सामूहिक तथा एकल रूपमा कृषि र पशुपालन लगायतका क्षेत्रमा सञ्चालन गरेका मौलिक उद्यम, नवीन पद्धति र नमुनायोग्य अभ्यासलाई प्राविधिक सेवा र टेवा पुऱ्याई मापदण्ड निर्माण गरी उत्पादन, रोजगारी सृजना र गुणस्तरका आधारमा वित्तीय प्रोत्साहन गरिनेछ ।<br>४. सङ्घीय तथा प्रदेश सरकारका नीति र छिमेकी पालिकाहरूको नीतिसँग समेत तादाम्यता कायम गरी कृषि क्षेत्रका कार्यक्रम, योजना वा परियोजनाहरूलाई अगाडि बढाइनेछ ।</td></tr>
</table>

### ४.१.५ कार्यक्रम तथा आयोजना

**तालिका ७: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजना**

| कृषि तथा पशुपन्छी | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | | | | | |
| | कृषि | | | | | | | | | | | | | | |
| १ | गुच्ची च्याउ प्रवर्द्धन (वडा नं ९ १० ११ ७ ८) | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | २ | ३ | २ | २ |
| २ | टिमुर जोन कार्यक्रम (वडा नं ५) | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | २ | ३ | २ | २ |
| ३ | फुजी स्याउ प्रवर्द्धन | एकमुस्ट | | | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | | १ | ४ | २ | २ |
| ४ | किबि खेती क्षेत्र प्रवर्द्धन तथा विस्तार | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | १ | ४ | २ | २ |
| ५ | रैथाने बीउ तथा बाली (सिमी/चिनु/कागुनो/चुली/खामो/चोती/ढटेलो/तिलखुरो लगायत) संरक्षण तथा उत्पादन प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | | १ | ४ | २ | २ |
| ६ | अमिलो जातका फलफूल प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | १ | ४ | २ | २ |
| ७ | आयमूलक सामुदायिक वनका लागि जडिबुटी खेती प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | १ | ४ | २ | २ |
| ८ | कृषि यान्त्रिकरण कार्यक्रम | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | | ८ | ४ | २ | २ |
| ९ | उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | २ | ३ | २ | २ |
| | तरकारी सङ्कलन केन्द्र - सिप/तारापानी/सोरुकोट | सङ्ख्या | | | ५००० | ५००० | ५००० | | | १५००० | | २ | ३ | २ | २ |
| | तरकारी खेती घेरावार (लासी लगायत) | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | २ | ३ | २ | २ |

| कृषि तथा पशुपन्छी | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | | | | | |
| १० | स्याउ/ओखर खेती प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | | १ | ४ | २ | २ |
| ११ | एक वडा एक उत्पादन प्रवर्धन | एकमुस्ट | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | **१२५००** | | १ | ४ | २ | २ |
| | **पशुपन्छी** | | | | | | | | | | | | | | |
| १२ | भेडा बाखा पालन व्यवसायिकीकरण कार्यक्रम | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** | | १ | ४ | २ | २ |
| १३ | चरन क्षेत्र विकास कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | | १ | ४ | २ | २ |
| १४ | पशुपंक्षीमा पोषण सुधार कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | | १ | ४ | २ | २ |
| १५ | डेरी पसल तथा सुधारिएको मासुपसल व्यवस्थापन तथा विकास | एकमुस्ट | | | | | १५०० | १५०० | १५०० | ४५०० | | १ | ४ | २ | २ |
| १६ | नस्ल सुधार कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | | १ | ४ | २ | २ |
| १७ | कृत्रिम गर्भाधान सहजीकरण कार्यक्रम | एकमुस्ट | | | | | १००० | १००० | १००० | **३०००** | | १ | ४ | २ | २ |
| १८ | उन्नत जातको पशु बीउ वितरण कार्यक्रम | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** | | १ | ४ | २ | २ |
| १९ | एक वर्षे बहुवर्षे डालेघाँस उत्पादन सहायता कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | १००० | १००० | **३५००** | | १ | ४ | २ | २ |
| २० | पशुका लागि घाँस प्रवर्द्धन तथा गोठ सुधार कार्यक्रम | एकमुस्ट | | | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | | २ | ३ | २ | २ |
| | **कृषि तथा पशुपन्छीको जम्मा** | | | | २८१०० | २८१०० | ३०६०० | २६१०० | २६१०० | १३९००० | | | | | |

## ४.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ८: कृषि तथा पशुपालनका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| कृषि तथा पशुपन्छी | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | गाउँपालिकाको आर्थिक विकासको क्षेत्रमा उच्चतम लगानी परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु। | कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा पशुपन्छीपालनको हिस्सा | प्रतिशत | ३० | ३० | ३० | २९ | २९ | २९ | २९ | | |
| असर | कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी गाउँपालिकाको निर्यात प्रवर्द्धन भएको हुनेछ । | धानको उत्पादकत्व | मे. टन प्रति हेक्टर | १.१ | १.२ | १.२ | १.३ | १.३ | १.४ | १.४ | | |
| | | मकैको उत्पादकत्व | मे. टन प्रति हेक्टर | १.२९ | १.३ | १.४ | १.५ | १.६ | १.७ | १.७ | | |
| | | गहुँको उत्पादकत्व | मे. टन प्रति हेक्टर | १.०५ | १.१ | १.२ | १.३ | १.४ | .१.५ | १.५ | | |
| | | कोदोको उत्पादकत्व | मे. टन प्रति हेक्टर | १.०९ | १.१ | १.२ | १.३ | १.४ | १.५ | १.५ | | |
| | | तोरीको उत्पादकत्व | मे. टन प्रति हेक्टर | ०.५ | ०.६ | ०.८ | १ | १.१ | १.२ | १.२ | | |
| | | सुन्तलाको उत्पादकत्व | मे. टन प्रति हेक्टर | ० | २ | ४ | ६ | ८ | १० | १० | | |
| | | आलु बालीको उत्पादकत्व | मे. टन प्रति हेक्टर | १० | ११ | १२ | १३ | १४ | १५ | १५ | | |
| | | किवीको उत्पादकत्व | मे. टन प्रति हेक्टर | ० | २ | ३ | ५ | ६ | ७ | ७ | | |

| कृषि तथा पशुपन्छी | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | काउलीको उत्पादकत्व | मे. टन प्रति हेक्टर | ८ | ८.५ | ९ | ९.५ | १० | ११ | ११ | | |
| | | बन्दाको उत्पादकत्व | मे. टन प्रति हेक्टर | ९ | ९.५ | १० | १०.५ | ११ | १२ | १२ | | |
| | | गोलभेडाको उत्पादकत्व | मे. टन प्रति हेक्टर | १४ | १४.५ | १५ | १५.५ | १६ | १७ | १७ | | |
| | | ३० मिनेटसम्मको दूरीमा कृषि उपज बिक्रीका लागि बजार उपलब्ध भएका कृषक परिवार | प्रतिशत | ३० | ३२ | ३५ | ३८ | ४० | ४५ | ४५ | | |
| | | वर्षभरि सिँचाइ हुने खेतीयोग्य जमिन | प्रतिशत | १५ | १६ | १८ | २० | २५ | ३० | ३० | | |
| प्रतिफल | निर्वाहमुखी कृषि प्रणाली दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण हुनेछ । | तरकारी व्यावसायिक उत्पादन क्षेत्र | प्रतिशत | ३० | ३२ | ३५ | ३८ | ४० | ४२ | ४२ | | |
| | | कृषि सहकारी संस्था | सङ्ख्या | १ | १ | २ | २ | ३ | ३ | ३ | | |
| | | कृषक समूह | सङ्ख्या | १५० | १५० | १५० | १५० | १५० | १५० | १५० | | |
| | | सहकारीमा आबद्ध कृषक | सङ्ख्या | ८०० | ८५० | १००० | १२०० | १५०० | २००० | २००० | | |
| | | कृषिमा आधारित उद्योग सञ्चालन | सङ्ख्या | १ | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | कृषिमा आधारित रोजगारी | सङ्ख्या | २०० | २१० | २२० | २३० | २४० | २५० | २५० | | |
| | | कृषि तालिम प्राप्त जनशक्ति | जना | १५० | १६० | १७० | १८० | १९० | २०० | २०० | | |
| | कृषिमा आधारित उद्योगको स्थापना तथा सञ्चालन भई रोजगारी र आम्दानी वृद्धि हुनेछ । | शीत भण्डार/कोल्ड रुम | सङ्ख्या | ० | ० | ० | ० | ० | १ | १ | | |
| | | कृषि उपज सङ्कलन केन्द्र | सङ्ख्या | १ | १ | १ | १ | २ | २ | २ | | |
| | | टनेल | सङ्ख्या | १५ | ५० | १५० | ३०० | ५०० | ८०० | ८०० | | |

| कृषि तथा पशुपन्छी | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | कृषि प्राविधिक | जना | ४ | ४ | ५ | ६ | ७ | ७ | ७ | | |
| | व्यावसायिक पशुपालनबाट पशुजन्य पदार्थको आयात अन्त्य भई निर्यात प्रवर्द्धन भएको हुनेछ । | दर्ता भएका व्यावसायिक कृषि तथा पशुपन्छी फर्म | सङ्ख्या | २ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| | | अण्डाको उत्पादन | सङ्ख्या (हजारमा) | ५० | ५२ | ५४ | ५७ | ६० | ६५ | ६५ | | |
| | | दूधको उत्पादन | लिटर (हजारमा) | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३१ | | |
| | | मासुको उत्पादन | मेट्रिक टन | ७.६ | ८ | ८.५ | ९ | १० | १२ | १२ | | |
| | | माछाको उत्पादन | मेट्रिक टन | ० | ०.५ | १ | १.५ | २ | २.५ | २.५ | | |
| | | माछा पोखरी | | ० | ५ | १० | १५ | २० | २५ | २५ | | |
| | | पशु प्राविधिक | जना | १० | १० | १० | १० | १० | १० | १० | | |
| | | करेसाबारी भएको घरपरिवार | सङ्ख्या | १५०० | १६०० | १८०० | २००० | २२०० | २५०० | २५०० | | |
| | | पशु चौपाया पाल्ने परिवार | सङ्ख्या | २५०० | २५३० | २५५० | २५७५ | २६०० | २६०० | २६०० | | |
| | | कम्तीमा एक मासुजन्य पशुपंक्षी पाल्ने घर परिवार | सङ्ख्या | २५०० | २५३० | २५५० | २५७५ | २६०० | २६०० | २६०० | | |

## ४.२ सिँचाइ

### ४.२.१ पृष्ठभूमि

सङ्घीय सरकारको सोह्रौं योजनाको अवधारणा पत्रमा समष्टि गत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक वृद्धि, उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षाको क्षेत्रमा जोड दिने उल्लेख गरिएको छ । गाउँपालिकाका ११ वटै वडाहरू कर्णाली नदीसँग प्रतक्ष्य जोडिएका छन् । गाउँपालिकाको बीच भाग भएर बगेको मुगु कर्णालीले वडा नं. ८, ७, ६, ९, १०, ११ र ३ को तल्लो भागलाई छोएको छ भने हुम्ला कर्णालीले वडा नं. ५, ४, २, १ र ३ को तल्लो भागलाई छोएको छ । बाह्रै महिना पानी बग्ने ठाडा खोलाहरू सोरु गाउँपालिकाका प्रमुख सिँचाइका स्रोतहरू हुन् । राष्ट्रिय कृषि गणना २०७८ अनुसार गाउँपालिकाको कृषकले प्रयोग गरेको १००३.०१ हेक्टर जमिन मध्ये २६४.५ हेक्टर जमिनमा मात्र सिँचाइ उपलब्ध भएको देखिन्छ । स्थानीय ठाडा खोला तथा खोल्साहरू वर्षे सिँचाइका लागि भरपर्दो स्रोत मानिन्छन् । खोला तथा खोल्साहरूबाट खेतमा सिँचाइको लागि कुला खनिएको छ । यहाँ ठूलो प्रकृतिको सिँचाइको नहर भने अहिलेसम्म निर्माण हुन सकेको छैन ।

### ४.२.२ समस्या तथा चुनौती

यहाँबाट बाहिर सुविधा सम्पन्न ठाउँहरूमा बसाइ सराई गर्ने प्रचलन दिनानुदिन तीव्र हुँदै गएका कारण यहाँका धेरै उत्पादन योग्य जमिन बाँझो हुँदै गएको अवस्था छ । जमिन उपयोग गर्ने मानव शक्तिको अभावका कारण पनि सिँचित जमिनमा उत्पादन हुन सकेको छैन । गाउँपालिकाको प्रमुख खेतीयोग्य क्षेत्रहरू लगायत धेरै कृषि योग्य जमिनमा अपर्याप्त सिँचाइ सुविधा हुनु, सिँचाइ विकासमा आधुनिक प्रविधि (थोपा सिँचाइ, प्लास्टिक पोखरी, लिफ्टिङ) को प्रयोगमा कमी हुनु, पर्याप्त सिँचाइ कुलो र पोखरी गुणस्तरीय तथा पक्की नहुनु, भएका सिँचाइ आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, लिफ्टिङ प्रविधि सञ्चालनमा आवश्यक इन्धन/विद्युतको सहज एवम् सुलभ पहुँचको अभाव हुनु, मर्मत सम्भारको कमी हुनु, सिँचाइ स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिँचाइ आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

साना-साना सिँचाइ योजनाहरूको निर्माण कार्य खर्चिलो हुनु, कृषि योग्य जमिनमा सर्व याम सिँचाइ सुविधा उपलब्ध गराउन नसक्नु, कृषि र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिँचाइ आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भई आएका परम्परागत सिँचाइ प्रणालीका कुलाहरूको संरक्षण हुन नसक्नू, सिँचाइ कुलाहरूको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नु आदि यस क्षेत्रका सिँचाइ विकासका चुनौतीहरू हुन् ।

### ४.२.३ सम्भावना तथा अवसर

सिँचाइका लागि पर्याप्त स्रोतहरू उपलब्ध भएकोले ठूला आयोजना लगायत लिफ्ट सिँचाइको विकास गरी सिँचाइ सुविधा उपलब्ध गराउन सकिने सम्भावना रहेको छ । पालिकाको तल्लो भागमा अवस्थित फाँटहरूमा सिँचाइ सुविधा उपलब्ध गराई थप उत्पादनमा वृद्धि गर्न सकिने सम्भावना रहेको छ । सर्वयाम सिँचाइको उपलब्धतासँगै उत्पादकत्व वृद्धि भइ गाउँपालिकाको खाद्य उत्पादनमा आत्मनिर्भर हुँदै निर्यात प्रवर्द्धन गर्ने सम्भावना रहेको छ

। आकाशे पानी सङ्कलन र प्लास्टिक पोखरीको अभ्यास सुरु हुनु, साना सिँचाइ निर्माणका क्षेत्रमा सङ्घ, संस्थाहरू क्रियाशिल रहनु, साना सिँचाइ गाउँपालिकाको अधिकार क्षेत्रमा पर्नु, गाउँपालिकाको प्राथमिकतामा सिँचाइ क्षेत्र समावेश हुनु तथा सिँचाइका लागि उपयुक्त जमिनहरूको उपलब्धता हुनु सोरु गाउँपालिकाका सिँचाइ विकासका अवसरहरू हुन् ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सर्वयाम सिँचाइको उपयोग गर्दै उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

**उद्देश्य**

१. परम्परागत सिँचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिँचाइ स्रोतको पहिचान गर्नु ।
२. कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्न दिगो सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।
३. सिँचाइ लगायतका उपक्षेत्रमा मौलिक, नवीन पद्धति र अभ्यासलाई प्रोत्साहन गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका ९: सिँचाइका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: परम्परागत सिँचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिँचाइ स्रोतको पहिचान गर्नु ।** | |
| १.१: परम्परागत सिँचाइ संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिँचाइको पहुँच वृद्धि गर्ने । | १. परम्परागत सिँचाइका परम्परागत स्रोतहरूको विवरण सङ्कलन गरिनेछ ।<br>२. परम्परागत स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ ।<br>३. यस्ता स्रोतहरूको संरक्षण गर्ने कार्यको थालनी गरिनेछ ।<br>४. आधारभूत सिँचाइको पहुँच वृद्धिको लागि खाद्य असुरक्षित क्षेत्रहरूको पहिचान गरी प्राथमिकताको निर्धारण गरिनेछ ।<br>५. संरचना निर्माणको लागि वित्तीय स्रोतको व्यवस्था गरिनेछ ।<br>६. निर्माण कार्य सम्पन्न गर्न निर्माण तथा अनुगमन समितिको गठन गरिनेछ।<br>७. प्रदेश सरकारसँगको समन्वयमा जलवायु अनुकूलन सिँचाई विशेष कार्यक्रमको सुरुवात गरिनेछ ।<br>८. उच्च पहाडी क्षेत्रमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउन साना तथा मझौला प्रकृतिका ड्याम निर्माण गरी पोखरी बनाउने साथै उक्त संरचनामा जल विहार गर्न पर्यटकलाई आकर्षित गर्ने प्रदेश सरकारको नीतिलाई आत्मसाथ गर्दै सम्भावित स्थानहरूमा जलाशय बनाउने कार्यमा जोड दिइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १.२ः आधारभूत सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिँचाइको पहुँच वृद्धि गर्ने । | १. सिँचाइका वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ ।<br>२. पहिचान गरिएका स्रोतहरूको विज्ञ सम्मिलित टोलीबाट सम्भाव्यता अध्ययन गरिनेछ।<br>३. संरचना निर्माणको लागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ।<br>४. सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरी प्राथमिकताको सूची तयार गरिनेछ ।<br>५. प्राथमिकताको आधारमा वैकल्पिक सिँचाइ संरचनाको निर्माण गरिनेछ।<br>६. संरचना निर्माणको निमित्त निजी वा अन्य क्षेत्रसँग साझेदारीको लागि समन्वय गरिनेछ।<br>७. संरचना निर्माणको प्रयोजनको लागि निर्माण तथा अनुगमन समिति गठन गरिनेछ।<br>८. संरचना विस्तारको लागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ।<br>९. सिँचाइ आयोजनाहरूको मर्मत सम्भारको लागि कृषक तथा समुदायको क्षमता वृद्धि गरिनेछ ।<br>१०.सिँचाइको आवश्यक रेखदेख, अनुगमन र सञ्चालनको लागि जनशक्तिको व्यवस्था गरिनेछ। |
| **उद्देश्य २ः कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्न दिगो सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।** | |
| २.१ः खेतीयोग्य जमिन भएको तर सिँचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिँचाइको पहुँच वृद्धि गर्ने । | १. सिँचाइ नपुगेका अथवा अपर्याप्त खेतीयोग्य जमिनको विवरण तयार गरिनेछ ।<br>२. निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सिँचाइ नहर तथा कुलोहरू प्रयोगमा आउने गरी पुनर्निर्माण गरिनेछ ।<br>३. एक योजनाबाट समुदायमा खानेपानी र सिँचाइको व्यवस्थापन गर्न सम्भव भएको अवस्थामा त्यस्ता योजनालाई प्राथमिकता दिइनेछ ।<br>४. सिँचाइको लागि प्राथमिकताको आधारमा साना जलाशय, ताल, पोखरी आदि संरचना तयार गरिनेछ ।<br>५. सिँचाइका संरचनाको मर्मत सम्भारको लागि सामूहिक कोषको व्यवस्था गरिनेछ।<br>६. संरचना विस्तारको लागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ।<br>७. सिँचाइ योजनाको व्यवस्थापन तथा दिगोपनाको लागि उपभोक्ताहरूको संरक्षण समिति गठन गरिनेछ। |
| २.२ः दिगो सिँचाइ प्रणालीको लागि संरचनाको विकास र व्यवस्थापन गर्ने । | १. सञ्चालित कुलो तथा नहरको दिगोपनाको लागि मर्मत सम्भार कोष तथा संरक्षण समितिको व्यवस्थापनमा जोड दिइनेछ ।<br>२. जल उपभोक्ता संस्थाको संस्थागत क्षमताको विकास गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. सिँचाइ योजनाको सञ्चालन र व्यवस्थापनलाई दिगो बनाउन सिँचाइ सेवा शुल्क निर्धारण गरी सङ्कलन र उपयोग गर्न कानुनी व्यवस्था गरिनेछ ।<br>४. दिगो सिँचाइको व्यवस्थापनको लागि उपभोक्ता र समुदायको दक्षतामा वृद्धि गरिनेछ ।<br>५. सिँचाइ पुगेका क्षेत्रमा उत्पादकत्व बढाउन सकिने खालका नगदेबाली, फलफूल तथा खाद्य वस्तुको उत्पादनलाई प्रोत्साहित गरिनेछ ।<br>६. सिँचाइ आयोजनाका मुहानहरूको संरक्षण गरिनेछ ।<br>७. परम्परागत कुलोहरूको मर्मत सम्भारमा जोड दिइनेछ । |
| २.३ः जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्ने । | १. जल उत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ।<br>२. खोलाजन्य प्रकोपको दिगो नियन्त्रणको लागि स्थानीय प्रविधि र रैथाने ज्ञानको उपयोग गरिनेछ।<br>३. खोलाखोल्सीको नियन्त्रणमा वायोइन्जिनियरिङ प्रविधिको उपयोग गरिनेछ।<br>४. खोला किनाराको क्षेत्रको संरक्षणमा विशेष ध्यान दिइनेछ ।<br>५. खोला किनारका जोखिमयुक्त स्थानमा बस्ती विस्तार तथा खोला अतिक्रमण र अव्यवस्थित दोहनको नियन्त्रण गरिनेछ । |
| **उद्देश्य ३ः सिँचाइ लगायतका उपक्षेत्रमा मौलिक, नवीन पद्धति र अभ्यासलाई प्रोत्साहन गर्नु ।** | |
| ३.१ः परम्परागत तथा मौलिक सिँचाइका अभ्यासहरूको संरक्षण तथा सम्वर्द्धन गर्ने । | १. सोरु गाउँपालिकामा सिँचाई लगायतका आर्थिक विकासका क्षेत्र तथा उपक्षेत्रहरूको यथार्थ स्थिति पत्र तयार गरी सोको वार्षिकरुपमा समीक्षा र वस्तुस्थितिको अद्यावधिक गरिनेछ।<br>२. युवा,महिला तथा विपन्न समुदायहरूले सामूहिक रूपमा सिँचाई लगायतका क्षेत्रमा सञ्चालन गरेका मौलिक\नवीन पद्धति र नमुना योग्य अभ्यासलाई प्राविधिक सेवा र टेवा पुर्याई मापदण्ड निर्माण गरी सिँचित क्षेत्रफल, उत्पादन, रोजगारी सृजनाका आधारमा वित्तीय प्रोत्साहन गरिनेछ ।<br>३. सङ्घीय तथा प्रदेश सरकारका नीति र छिमेकी पालिकाहरूको नीतिसँग समेत तादाम्यता कायम गरी सिँचाई क्षेत्रका कार्यक्रम, योजना वा परियोजनाहरूलाई अगाडि बढाइनेछ। |

### ४.२.५ कार्यक्रम तथा आयोजना

**तालिका १०: सिँचाइका कार्यक्रम तथा आयोजना**

| सिँचाइ | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | | | | | |
| १ | लिफ्ट सिँचाइ (कुलाँह/ लिडीचौर/ गुल्म) | एकमुस्ट | | | २००० | ५००० | १०००० | १०००० | १०००० | ३७००० | | २ | ३ | २ | १ |
| २ | सिँचाइ कुलो मर्मत सम्भार कार्यक्रम (भित्र खोला-पुनेरी/ लच्या ओखरपकेट/ लगायत सबै वडा) | एकमुस्ट | | | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | | २ | ३ | २ | १ |
| ३ | चालू सिँचाइ कुलो स्तरोन्नती | एकमुस्ट | | | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | | १० | ६ | २ | १ |
| ४ | आकाशे पानी सङ्कलन | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | २ | ३ | २ | १ |
| | **सिँचाइको जम्मा** | | | | १७००० | २०००० | २५००० | २५००० | २५००० | ११२००० | | | | | |

### ४.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ११: सिँचाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| सिँचाइ | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | जलस्रोत तथा सिँचाइको विकास र व्यवस्थापनबाट सबै क्षेत्रमा पानीको अभाव अन्त्य गर्ने । | खेतीयोग्य जमिन मध्ये सिँचित जमिन | प्रतिशत | २० | २२ | २४ | २६ | २८ | ३० | ३० | | |
| | | सुचारु सिँचाइ आयोजना | सङ्ख्या | ३० | ३० | ३१ | ३२ | ३३ | ३५ | ३५ | | |

| सिँचाइ | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| असर | बाह्रै महिना सिँचाइ उपलब्ध हुने क्षेत्र थप भई कृषि उत्पादकत्व वृद्धि भएको हुनेछ । | संरक्षित मुहान | सङ्ख्या | १५ | १८ | २५ | ३० | ३५ | ४० | ४० | | |
| | | प्रयोगमा आएका सिँचाइ प्रविधि (सतह, पोखरी, ड्रिप, लिफ्ट आदि) | सङ्ख्या | १५ | १७ | २० | २२ | २५ | २८ | २८ | | |
| प्रतिफल | पानीको मुहानहरू संरक्षण र व्यवस्थापन भएको हुनेछ । | बाह्रै महिना सिँचाइ हुने घरधुरी | प्रतिशत | २५ | २७ | ३० | ३२ | ३५ | ३८ | ३८ | | |
| | | लिफ्ट सिँचाइ आयोजना | सङ्ख्या | ० | ० | १ | २ | ३ | ३ | ३ | | |
| | | कुलो तथा नहर स्तरीकरण (किमि) | कि.मि. | ७ | १२ | १७ | २२ | २७ | ३५ | ३५ | | |
| | | प्लास्टिक पोखरी | सङ्ख्या | ३ | १०० | २०० | ३०० | ४०० | ५०० | ५०० | | |

## ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

पर्यटन, संस्कृति तथा सम्पदा सोरु गाउँपालिकाको विकासको अर्को महत्त्वपूर्ण संभाव्य क्षेत्र हो । नेपालको संविधानले देशभित्रका सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार गर्दै पर्यावरण अनुकूल पर्यटन प्रवर्द्धन गर्ने र पर्यटन उद्योगको लाभमा स्थानीय जनतालाई प्राथमिकता दिने नीति अङ्गीकार गरेको छ । नेपालको संविधानको धारा ३२ (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपी, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्वर्द्धन र संरक्षण गर्ने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पर्यटन सम्बन्धी योजनाहरूको कार्यान्वयन र अनुगमन, पर्यटकीय सेवा विस्तार आदि कार्य स्थानीय सरकारलाई सुम्पेको छ । धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेका स्थान तथा मन्दिरहरू जस्तै ऐतिहासिक सोरुकोट, तातोपानी गुफा, दोमुख, गुरादेव, शिवमहादेव, विजय मन्दिर, कालिका, मालिका लगायतका मन्दिर लगायतका गाउँपालिकाका धार्मिक तथा पर्यटकीय स्थलहरू तथा प्राकृतिक सम्पदाहरू रहेका छन् । उल्लिखित प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूका कारण यो गाउँपालिका आर्थिक विकासको प्रबल सम्भावना बोकेको गाउँपालिकाको रूपमा परिचित छ ।

यहाँका हिन्दू मान्नेहरूका प्रमुख चाड तथा मेलाहरूमा वैशाखे सक्रान्ती, जेठी पूर्णिमा, दशैं,कर्कट वा साउने सक्रान्ती, नागपञ्चमी, कृष्णा जन्माष्टमी, जनैपूर्णिमा, हरितालिका तीज, सोर्हश्राद्ध, दशै, तिहार, माघे सक्रान्ती, फागु पुर्णिमा, चैत्र दशै वा चैत्राष्टमी आदि रहेका छन् ।

गाउँपालिका क्षेत्रका विभिन्न वडाहरूमा प्रमुख पर्यटकीय स्थलहरू रहेका छन् । विशेष गरी ऐतिहासिक मन्दिर, पोखरी, सामुदायिक वन क्षेत्र, गुफाहरूले गाउँपालिकाको पर्यटनलाई बढावा दिइरहेको छ । गाउँपालिका क्षेत्रमा रहेका यस किसिमका पर्यटकीय स्थलहरू मध्ये केही प्राकृतिक छन् भने केही मानव निर्मित रहेका छन् । सांस्कृतिक विविधताले धनी सोरु क्षेत्रमा तीन दर्जन बढी ऐतिहासिक तथा धार्मिक मन्दिरहरू रहेकाले पनि पहाडी संस्कृतिका लागि यो क्षेत्र धनी मानिन्छ ।

### ४.३.२ समस्या तथा चुनौती

पर्यटन उद्योगको विकासको लागि गाउँपालिकासँग पर्यटन सम्बन्धी गुरुयोजना नहुनु, पर्यटन उद्योगबाट हुन सक्ने लाभबारे स्थानीय नागरिकलाई पर्याप्त जानकारी नहुनु, सर्वयाम सडक सुविधा उपलब्ध नहुनु, गाउँपालिका क्षेत्रमा पर्यटन उद्योगका लागि पर्याप्त दक्ष जनशक्तिको अभाव, विद्यमान पर्यटकीय स्थलहरूमा आधारभूत पर्यटन पूर्वाधारको सुविधा नहुनु, पर्यटन उद्यमशीलताको कमी, स्थानीय भाषा संस्कृतिको समुचित विकास नहुनु, मौलिक संस्कृतिलाई पर्यटनसँग आबद्ध गर्न नसक्नू, पर्यटन क्षेत्रको विकासका लागि पर्याप्त बजेट परिचालन नहुनु आदि यहाँको पर्यटन विकासमा प्रमुख समस्याका रूपमा देखिएका छन् ।

प्राचीन तथा मौलिक कला र जातीय संस्कृति, ऐतिहासिक मठ मन्दिरहरूको जगेर्ना हुन नसक्नू, बाह्य संस्कृतिको प्रभाव र अतिक्रमण बढ्नु, विभिन्न जातजाती तथा अल्पसङ्ख्यक जनसङ्ख्याले बोल्ने भाषा दिनानुदिन लोप हुँदै जानु, पर्यटकको बसाइका लागि पर्यटन स्तरको होटेल नभएकोले बास र खर्च गराइमा तालमेल हुनु, पर्यटकीय उपजको विविधीकरण गर्नु, विभिन्न क्षेत्रमा बसोबास गर्ने विभिन्न अल्पसंख्यक जातजाती आदीको भाषा र संस्कृति

जगेर्ना गर्नु, स्थानीय सांस्कृतिक विविधता र पहिचानलाई पर्यटन उद्योगसँग आबद्ध गर्नु आदि प्रमुख चुनौतीहरू हुन् ।

### ४.३.३ सम्भावना तथा अवसर

पर्यटन उद्योग क्षेत्रको विकासको लागि स्थानीय सरकारमा चासो बढ्नु, ग्रामीण क्षेत्रमा पर्यटनसँग सम्बन्धित सूचना तथा प्रविधिको द्रुत विकास हुनु, आन्तरिक पर्यटकको सख्यमा क्रमशः वृद्धि हुँदै जानु, उद्योगका लागि आवश्यक अध्ययन र तालिमका लागि युवा युवती स्थानीय स्तरमा उपलब्ध हुनु, पर्यटन उद्योगका लागि आवश्यक अन्न, तरकारी, फलफूल गाउँमा नै उत्पादन हुनु, स्थानीय उत्पादनको बजारीकरण हुनु, स्थानीय हस्तकला, भेषभुषा, संस्कृतिको प्रवर्द्धन हुनु, ग्रामीण क्षेत्रमा पाहुना घरको व्यवस्थापन हुनु, राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतसँग आबद्ध हुने अवसर प्राप्त हुनु आदि लाई सोरुको पर्यटन विकासको लागि अवसरका रूपमा लिन सकिन्छ ।

भाषा, लिपि, संस्कृति, ललितकला आदिको संरक्षण र उपयोग स्थानीय निकायको कार्य दायरामा आउनु, जातीय संस्कृतिको संरक्षणमा समुदायको सक्रियता बढ्नु, सांस्कृतिक एवम् धार्मिक विविधताका बीच सद्भाव अभिवृद्धि हुनु जस्ता पक्षहरूलाई गाउँपालिकाको पर्यटन तथा संस्कृति विकास तथा प्रवर्द्धनको लागि सुनौलो अवसरहरू का रूपमा लीन सकिन्छ ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सोरु गाउँपालिकालाई सुरक्षित गुणस्तरीय र पर्यटन मैत्री गाउँपालिकाको रूपमा विकास गर्ने ।

**उद्देश्य**

१. गाउँपालिकाभित्र विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।
२. ग्रामीण पर्यटनको लागि गुरुयोजना तर्जुमा गर्नु ।
३. विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनःनिर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु।
४. पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।
५. पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।
६. पर्यटन विकासका लागि आवश्यक मानव संसाधन विकास गर्नु ।
७. पर्यटकीय स्रोतसाधनको व्यवस्थापन गर्नु ।
८. पर्यटनका क्षेत्रमा सोरुमा विकास भएका मौलिक, नवीन पद्धति र अभ्यासलाई प्रोत्साहन गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका १२: पर्यटनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: गाउँपालिकाभित्र विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।** | |
| १.१: सबै जात जाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने । | १. धार्मिक, सांस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था गरिनेछ ।<br>२. भाषा, कला र संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने नीति, नियम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>३ धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट निर्मित संरचनाहरूको नामकरण गरिनेछ। |
| १.२: भाषा, कला र साहित्य, बहुसंस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने । | १. सबै जात जातिको संस्कृति, रीतिरिवाज र परम्पराको संरक्षणको लागि बहु सांस्कृतिक ग्रामको स्थापना र विकास गरिनेछ ।<br>२. भाषा, लोक साहित्य, लोक संस्कृति, नृत्य, नाट्य र कलाको संवर्द्धन र साहित्यको विकास गर्न भाषा, कला, साहित्य र संस्कृति प्रतिष्ठानको गठन गरी सञ्चालन गरिनेछ ।<br>३. भाषा, साहित्य र कलाको क्षेत्रबाट सामाजिक, सांस्कृतिक रूपान्तरणमा विशिष्ट योगदान गरिनेछ ।<br>४. पर्यटन क्षेत्रमा योगदान गरेका व्यक्तित्वहरूलाई सम्मानित र पुरस्कृत गरिनेछ ।<br>५. प्रतिष्ठानद्वारा गायन, सङ्गीत, नृत्य र नाटक सम्बन्धी व्यावसायिक र गैर व्यावसायिक प्रशिक्षण केन्द्रहरूको आधारभूत पाठ्यक्रममा एकरूपता कायम गरिनेछ ।<br>६. विभिन्न धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूलाई व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन गरिनेछ । |
| १.३: भाषा, कला, साहित्य र संस्कृतिका खोज अनुसन्धान गरी धार्मिक एवम् सांस्कृतिक पर्यटनको प्रवर्द्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुऱ्याउने । | १. विभिन्न जातजाती र भाषा भाषीको मौलिक एवम् परम्परागत धर्म, संस्कृतिको संरक्षण र विकास गर्न खोज अनुसन्धान गरिनेछ ।<br>२. भाषा र संस्कृतिको विकास गरी भाषा र संस्कृतिलाई पर्यटन प्रवर्द्धनसँग जोडिनेछ । |
| **उद्देश्य २: ग्रामीण पर्यटनको लागि गुरुयोजना तर्जुमा गर्नु ।** | |
| २.१: गाउँपालिकाभित्र ग्रामीण पर्यटनका क्षेत्रहरूको ठाउँहरूको पहिचान गरी १५ वर्षे गुरुयोजना तर्जुमा गर्ने । | १. गाउँपालिकाभित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण ठाउँ तथा क्षेत्रको विज्ञहरू मार्फत पहिचान गरिनेछ ।<br>१ पर्यटन गुरुयोजना निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।<br>२ पर्यटन क्षेत्रलाई गाउँपालिकाको आम्दानीको एक महत्त्वपूर्ण क्षेत्रका रूपमा लिइनेछ । |
| **उद्देश्य ३: विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनःनिर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु ।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **३.१:** जीर्ण अवस्थामा रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्त्वका सम्पदाहरूको पहिचान गरी तिनीहरूको जीर्णोद्धार, संरक्षण र विकास गर्ने । | १ महत्त्वपूर्ण सांस्कृतिक सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि पहल गर्न निर्देशिका बनाई यसका लागि प्रदेश र सङ्घ सरकारसँग समन्वय गरिनेछ ।<br>२ यस क्षेत्र भित्र रहेका सम्पदाहरूको खोज, अन्वेषण गरी संरक्षण गरिनेछ<br>३ हाम्रो संस्कृति र प्रकृतिको व्याख्या गर्दै प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्ने । |
| **३.२:** भौतिक एवम् अभौतिक संस्कृतिको संरक्षण गर्न सांस्कृतिक वस्तुगत विवरण तयार गरी अद्यावधिक गर्ने। | १. गाउँपालिकाका सबै पुरातात्विक तथा धार्मिक क्षेत्र र स्थानसँग सम्बन्धित संस्कृतिहरूको श्रव्य दृश्य सहितको प्रोफाइल तयार गरी संरक्षण गरिनेछ ।<br>२. विभिन्न जातजातिसँग सम्बन्धित मौलिक एवम् स्थानीय सामग्रीहरूको उत्पादन र प्रवर्द्धन गरिनेछ ।<br>३. लोपोन्मुख स्थानीय कला, भाषा, लिपि, र संस्कृतिको अभिलेखीकरण गरी संरक्षण र विकास गरिनेछ ।<br>४. भाषा, कला, नृत्य, नाट्यकला, लिपि र संस्कृतिलाई अभ्यास र स्थलीय सघनताका आधारमा समूहीकरण गरी विकास र संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>५. मौलिक भाषा, लोक संगीत, संस्कृति र कला सम्बन्धी सामग्री आधारभूत तहको स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ । |
| **उद्देश्य ४: पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।** | |
| **४.१:** हाल सञ्चालनमा रहेका होटेल र चियापसलहरूको सेवाको स्तरोन्नति गर्ने । | १. स्थानीय होटेल, लज र चियापसलका व्यवसायीहरूलाई विषयगत विज्ञहरू झिकाई स्थानीय स्तरमै पेशागत तालिमको व्यवस्था गरिनेछ ।<br>२. भइरहेका व्यवसायहरूको स्तरोन्नतीको लागि सहुलियत दरको पुँजीको खोजी गरिनेछ । |
| **४.२:** पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने । | १. पर्यटन प्रवर्द्धन बारेमा गुरुयोजनामा उल्लिखित क्रियाकलापहरूको सञ्चालन तथा कार्यान्वयनमा जोड दिइनेछ ।<br>२. विभिन्न सञ्चार माध्यमको प्रयोग गरी ठाउँहरू बारे प्रचार प्रसार गरिनेछ ।<br>३. ब्रोसर तयार गरी व्यापक प्रचार प्रसार गरिनेछ ।<br>४. जिल्लाका स्नातक/स्नातकोत्तर तहका विद्यार्थीहरूलाई अनुसन्धानका लागि यी स्थानको फिल्ड भिजिटमा प्रोत्साहित गरिनेछ ।<br>५. यी स्थान विशेषका बारेमा विभिन्न क्षेत्रका विज्ञहरूको भ्रमण आयोजना गर्ने र साहित्यिक लेख रचना लेखाई पत्रपत्रिकामा प्रकाशित गर्ने व्यवस्था गरिनेछ।<br>६. वेबसाइट, युट्युव, फेस बुक, ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालको प्रयोग गरी आवश्यक प्रचार प्रसार गरिनेछ। |
| **उद्देश्य ५: पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ५.१: पर्यटन क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधारहरूको विकास गर्ने । | १. पर्यटकीय महत्त्वका स्थानहरूमा आवागमन सहज बनाउन कालो पत्रे सडक, पदमार्ग, पुल आदि निर्माण गरिनेछ ।<br>२. भइरहेका सडक र पदमार्गको स्तरोन्नति गरिनेछ ।<br>३. पर्यटकीय ठाउँहरूको उचित संरक्षणको लागि वार पर्खाल, बाँध, लगायतका कार्यहरूमा जोड दिइनेछ । |
| ५.२: पर्यटन पूर्वाधारहरूको निर्माण गर्ने । | १. विशेष पर्यटकीय स्थलहरूको पहिचान गरी पूर्वाधार निर्माणको विस्तृत योजना प्रतिवेदन तयार पारिनेछ ।<br>२. पूर्वाधार निर्माणका लागि आवश्यक जग्गा खरिद तथा व्यवस्थापन गरिनेछ । |
| **उद्देश्य ६: पर्यटन विकासका लागि आवश्यक मानव संसाधन विकास गर्नु ।** | |
| ६.१: गाउँपालिका भित्रका युवायुवतीलाई पर्यटन विषयको शिक्षा प्रदान गर्ने । | १. पर्यटन व्यवसाय प्रति युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई पर्यटन तथा अतिथि सत्कार विषयमा अध्ययन गर्न पठाइने र आर्थिक सहयोग गरिनेछ ।<br>२. आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक युवायुवतीलाई नेपाल पर्यटन तथा होटेल व्यवस्थापन एकेडेमीबाट दिने गरिएका Food Preparation and Control, Tourist Guide, Trekking Guide लगायतका छोटो अवधिका तालिममा पठाइने र आर्थिक सहयोग गरिनेछ ।<br>३ स्थानीय पाठ्यक्रममा पर्यटन शिक्षालाई समावेश गरिनेछ । |
| **उद्देश्य ७: पर्यटकीय स्रोत साधनको व्यवस्थापन गर्नु ।** | |
| ७.१: बाह्य स्रोतसाधनको खोजी गर्ने । | १. गाउँपालिकाभित्र सामान्य रूपमा सम्भावना देखिएका योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न सङ्घीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।<br>२. गाउँपालिकामा आउने गैरसरकारी संस्थाहरूलाई यस योजनामा समावेश भएका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ । |
| ७.२: आन्तरिक स्रोतसाधनको परिचालन गर्ने । | १. गाउँपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम पर्यटन क्षेत्रका कार्यक्रमका लागि विनियोजन गरिनेछ ।<br>२. पर्यटन क्षेत्रको विकासका लागि स्थानीय निजी क्षेत्रलाई आह्वान गरिनेछ।<br>३. व्यवसायबाट राज्य र स्थानीय तहलाई कानुन अनुसारको कर तिर्ने संस्कृतिको विकास गरिनेछ ।<br>४. स्थानीय स्रोत साधन र खाद्य उपजको प्रयोग गरी व्यापार व्यवसायलाई प्रोत्साहन सहित रोजगारी वृद्धि गरिनेछ । |
| **उद्देश्य ८: पर्यटनका क्षेत्रमा सोरुमा विकास भएका मौलिक, नवीन पद्धति र अभ्यासलाई प्रोत्साहन गर्नु ।** | |
| ८.१: परम्परागत तथा मौलिक पर्यटन संस्कृति तथा सम्पदा संरक्षणका अभ्यासहरूको संरक्षण तथा सम्वर्द्धन गर्ने । | १. सोरु गाउँपालिकामा पर्यटन लगायतका आर्थिक विकासका क्षेत्र तथा उपक्षेत्रहरूको यथार्थ स्थिति पत्र तयार गरी सोको वार्षिकरुपमा समीक्षा र वस्तुस्थितिको अद्यावधिक गरिनेछ।<br>२. युवा,महिला र विपन्न समुदायहरूले एकल तथा सामूहिक रूपमा पर्यटन लगायतका क्षेत्रमा सञ्चालन गरेका मौलिक\नवीन पद्धति र नमुना योग्य |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | अभ्यासलाई मापदण्ड निर्माण गरी प्रदत्त पर्यटन सेवाको प्रकृति, स्थानीय उत्पादनका योगदान ,रोजगारी सृजनाका आधारमा वित्तीय प्रोत्साहन गरिनेछ।<br>३. सङ्घीय तथा प्रदेश सरकारका नीति र छिमेकी पालिकाहरूको नीतिसँग समेत तादाम्यता कायम गरी पर्यटन उप क्षेत्रका कार्यक्रम, योजना वा परियोजनाहरूलाई अगाडि बढाइनेछ। |

### ४.३.५ कार्यक्रम तथा आयोजना

**तालिका १३: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजना**

| पर्यटन, संस्कृति तथा सम्पदा | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | | | | | |
| १ | तातोपानी मुर्माटप राराताल पर्यटकीय पदमार्ग विकास - (रूम- तारापानी) | कि.मि | | ७ | १००० | १००० | २००० | ३००० | | ७००० | | ८ | ५ | ३ | ३ |
| २ | सोरुकोट - चौरा मन्दिर पदमार्ग | कि.मि | | ४ | | | | | ४००० | ४००० | | ८ | ५ | ३ | ३ |
| ३ | नेर - बजुरामाई अधुरो पदमार्ग निर्माण | कि.मि | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | | ८ | ५ | ३ | १ |
| ४ | खुल्ला मञ्च सहितको पोखरी दह पर्यटकीय पूर्वाधार प्रवर्धन | एकमुस्ट | | | | २००० | ३००० | ५००० | ५००० | १५००० | | ८ | ५ | ३ | ३ |
| ५ | गुरादेव-शिवमहादेव-विजय मन्दिर-कालिका -मालिका लगायतका मन्दिर संरक्षण तथा धार्मिक पर्यटकीय कोरीडोर निर्माण | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | ८ | ५ | ३ | ३ |
| ६ | घरबास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सहजीकरण | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | ८ | ५ | ३ | ३ |
| ७ | ऐतिहासिक/धार्मिक संपदा संरक्षण एवम् सम्वर्द्धन | एकमुस्ट | | | | ५०० | ५०० | १००० | १००० | ३००० | | ८ | ५ | २ | ३ |
| ८ | सोरु सांस्कृतिक संग्रहालय निर्माण | | | | | | | २००० | १०००० | १२००० | | ८ | ५ | २ | ३ |
| | **पर्यटन, संस्कृति तथा सम्पदाको जम्मा** | | | | ३५०० | ६००० | ८००० | १३५०० | २२५०० | ५३५०० | | | | | |

### ४.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका १४: पर्यटन, संस्कृति तथा सम्पदाका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| पर्यटन | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधारवर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | गाउँपालिका एउटा आकर्षक र मनोरम पर्यटकीय गन्तव्यका रूपमा स्थापित भएको हुनेछ । | पर्यटन व्यवसायबाट प्रत्यक्ष रोजगारी पाउनेको सङ्ख्या | सङ्ख्या | ८ | १२ | १७ | २२ | २७ | ३२ | ३२ | | |
| | | पर्यटक सङ्ख्यामा वृद्धि दर (आन्तरिक) | प्रतिशत | ५ | १० | १५ | २० | २५ | ३० | ३० | | |
| | | पर्यटक सङ्ख्यामा वृद्धि दर (बाह्य) | प्रतिशत | २ | २ | ४ | ६ | ८ | १० | १० | | |
| | | पालिकामा भ्रमण गर्न आएका पर्यटकहरूको वार्षिक सङ्ख्या | सङ्ख्या | ५० | ५५ | ६५ | ८० | १०० | १२० | १२० | | |
| असर | पर्यटन व्यवसायको गुणस्तर वृद्धि भई पर्यटकीय स्थलको प्रचार-प्रसार भएको हुनेछ । | पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति | सङ्ख्या | ३० | ३० | ३५ | ४० | ४५ | ५० | ५० | | |
| | | पर्यटन सूचना केन्द्र स्थापना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | आधारभूत पूर्वाधार सहितको पर्यटकीय स्थल | सङ्ख्या | ० | ० | १ | २ | ३ | ४ | ४ | | |
| प्रतिफल | आधारभुत पर्यटकीय पूर्वाधारहरूको विकास भएको हुनेछ । | पर्यटकीय स्तरका होटल | सङ्ख्या | ० | ० | १ | २ | ३ | ३ | ३ | | |
| | | पर्यटकीय स्तरका होटल बेड | सङ्ख्या | ० | ० | १० | २० | ३० | ३० | ३० | | |
| | | होम स्टे | सङ्ख्या | २ | २ | ३ | ४ | ५ | ५ | ५ | | |
| | | होम स्टे बेड | सङ्ख्या | ८ | ८ | १२ | १६ | २० | २० | २० | | |
| | पर्यटन उद्योगकालागि आवश्यक स्थानीय मानव संसाधन विकास भएको हुनेछ । | पदमार्ग निर्माण तथा स्तरोन्नति | कि.मि. | ७ | १२ | १७ | २२ | २९ | ३५ | ३५ | | |
| | | ट्रेकिङ गाइड तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ० | ० | २ | ४ | ६ | ६ | ६ | | |
| | | कुक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ३ | ५ | ७ | ९ | ११ | १३ | १३ | | |
| | | होटल व्यवस्थापन तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ३ | ५ | ७ | ९ | ११ | १३ | १३ | | |

## ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानले तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तार गर्ने, स्वदेशी लगानीलाई प्रोत्साहन गर्ने, वैदेशिक पूँजी आकर्षित गर्ने, औद्योगिक पूर्वाधार निर्माण गर्ने, स्थानीय श्रम सीपको उपयोग गर्ने, व्यापारिक स्वच्छता र अनुशासन कायम राख्दै उपभोक्ता हित संरक्षण गर्ने आदि विषयमा जोड दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, प्रवर्द्धन र व्यवस्थापन एवं उद्यमशीलता विकास र प्रवर्द्धनको अधिकार दिएको छ । साथै स्थानीय सेवाको व्यवस्थापन, स्थानीय बजार व्यवस्थापन आदि कुराहरू स्थानीय सरकारको कार्यक्षेत्रमा पर्छन् ।

स्थानीय बजारहरूमा दैनिक जसो खाद्यान्न तथा बहु राष्ट्रिय कम्पनीबाट उत्पादित बस्तुहरूको किनबेच लगायतका कारोबार हुने गर्दछ । स्थानीय स्तरमा उत्पादन हुने खाद्य तथा कच्चा पदार्थको बजार गाउँपालिकाभित्र रहेका स-साना बजारहरू हुन् । स्थानीय उत्पादनहरू स्याउ, सिमी, आलु, कपास तथा ऊन जन्य वस्तुहरू, मासु तथा ताजा तरकारी र कवाडी, मह लगायतका बस्तुहरू यहाँबाट निर्यात हुने गरेका छन् ।

### ४.४.२ समस्या तथा चुनौती

उद्योग व्यापार व्यवसाय र आपूर्तिको क्षेत्रमा सबै भन्दा ठूलो समस्या भनेको प्रतिस्पर्धात्मक स्थानीय बजारको अभाव हो । गाउँपालिका क्षेत्र भित्र कच्चा पदार्थको अभाव हुनु, उद्योग सम्बन्धी जानकारीको कमी हुनु, घरेलु उद्योग सम्बन्धी तालिम पर्याप्त नहुनु, उद्योग सञ्चालनका लागि पर्याप्त लगानीको व्यवस्था नहुनु, दक्ष जनशक्तिको उपलब्धता स्थानीयस्तरमा नहुनु जस्ता प्रमुख समस्याहरू रहेका छन् । साथै उत्पादनमा समेत उत्पादन मुखी बजारको व्यवस्थापन नहुनु, व्यावसायिक सूचना केन्द्रको कमी जस्ता पक्षहरू पनि उद्योग व्यवसाय विकासको लागि प्रमुख समस्याको रूपमा रहेका छन् ।

स्थानीय उत्पादनको तुलनामा खुल्ला रूपमा भित्रिने समानहरूले परनिर्भरतामा वृद्धि हुँदै गइरहेको अवस्था छ । आयात क्षेत्रको प्रमुख समस्या भनेको यस क्षेत्रबाट हुने पुँजीको पलायन हो । वित्तीय स्रोतको सङ्कोचनका कारण यस क्षेत्रका आर्थिक गतिविधिहरू क्रमशः अन्यत्र गएका छन् । रैथाने तथा नस्ल जातहरूको विस्थापनका कारण कृषि, बागवानी तथा पशु पन्छी पालनको क्षेत्रमा सङ्क्रमणको जोखिम फराकिलो हुँदै गइरहेको छ । निर्माण सामाग्रीको रूपमा प्रयोग हुने गिट्टी, ढुङ्गा, बालुवा आदि खानी तथा नदी जन्य वस्तुको उत्खनन कानुन बमोजिम नुहुँदा वातावरणीय असन्तुलन मात्र नभई विपदको जोखिम उच्च रहेको छ ।

### ४.४.३ सम्भावना तथा अवसर

साना तथा मझौला उद्योगको लागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुनु, उद्योगको विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुनु, उद्योगबाट स्थानीय तहमा हुने रोजगारी सिर्जना हुने वातावरण तयार हुँदा बसाइँ सराइ कम भई स्थानीय विकासमा समुदायहरू समर्पित हुनु, स्थानीय कच्चा पदार्थको सदुपयोग हुनु, पर्यटकहरूलाई स्थानीय उत्पादन

मार्फत स्वागत गर्न सकिने र बजारीकरणलाई समेत सहयोग पुग्नु आदि उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति क्षेत्रका अवसरहरू हुन् ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

कृषि, तथा गैर-कृषि क्षेत्रसँग सम्बन्धित उद्योगहरूको विकास र विस्तार गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउने ।

**उद्देश्य**

१. गाउँपालिकाको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।
२. स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन गर्नु ।
३. उत्पादित वस्तुहरूको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।
४. वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।
५. उद्योग तथा वाणिज्यका क्षेत्रमा सोरुमा हुने ठूला लगानी तथा विकास भएका मौलिक,नवीन पद्धति र प्रयास वा अभ्यासलाई प्रोत्साहन गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका १५: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: गाउँपालिकाको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।** | |
| १.१: अत्यावश्यक सामाग्रीहरूको सहज आपूर्तिको सु निश्चितता गर्ने । | १. सुपथ मूल्य पसलहरू सञ्चालनको व्यवस्था गरिनेछ ।<br>२. सुपथ मूल्य पसल सञ्चालनका लागि सहज कर्जा तथा नियमित अनुगमनको व्यवस्था मिलाइनेछ ।<br>३. गाउँपालिकाको सम्पूर्ण आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उच्चस्तरीय बजार अनुगमनको संयन्त्र परिचालित गरिनेछ। |
| **उद्देश्य २: स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन गर्नु ।** | |
| २.१: स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्न तथा उद्योग सञ्चालन गर्न सहजीकरण एवम् प्रोत्साहन गर्ने । | १. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना र व्यावसायिक उत्पादन गरी उद्योग प्रवर्द्धन गरिनेछ ।<br>२. स्थानीय रूपमा उपलब्ध हुने कच्चा पदार्थको प्रशोधन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।<br>३. निजी-सहकारी लगानी मैत्री वातावरण निर्माण गर्न आवश्यक संस्थागत संयन्त्र बनाई क्रियाशिल गरिनेछ ।<br>४. उद्योगी, व्यवसायी एवम् लगानी कर्तालाई उद्योग दर्तादेखि स्थानान्तरण सम्मका सेवाहरू सहज उपलब्ध गराइनेछ ।<br>५. पुरानो पुख्यौंली सीप कलालाई आधुनिकीकरण गरिनेछ । |
| **उद्देश्य ३: उत्पादित वस्तुहरूको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ३.१ः स्थानीय उत्पादनलाई गुणस्तरीयता सुनिश्चित गर्दै औद्योगिक वस्तुको बजारीकरण गर्ने। | १. जडीबुटी उत्पादन, प्रशोधन तथा निकासीमा जोड दिइनेछ।<br>२. स्थानीय स्रोतमा आधारित हस्तकला उद्योगहरूको स्थापनाद्वारा परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिनेछ ।<br>३. औद्योगिक उत्पादनको गुणस्तरमा सुधार गर्न गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था गरिनेछ। |
| **उद्देश्य ४ः वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।** | |
| ४.१ः तुलनात्मक लाभका वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यात योग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने । | १. तुलनात्मक लाभका वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।<br>२. साना, घरेलु तथा मझौला उद्योगहरूलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आबद्ध गर्दै माग बमोजिमका वस्तु तथा सेवाहरूको उत्पादनलाई प्राथमिकता दिइनेछ । |
| **उद्देश्य ५ः उद्योग तथा वाणिज्यका क्षेत्रमा सोरुमा हुने ठूला लगानी तथा विकास भएका मौलिक,नवीन पद्धति र प्रयास वा अभ्यासलाई प्रोत्साहन गर्नु ।** | |
| ५.१ः ठूला लगानी तथा विकास भएका मौलिक,नवीन पद्धति र प्रयासका अभ्यासहरूको संरक्षण तथा सम्वर्द्धन गर्ने । | १. सोरु गापामा उद्योग तथा वाणिज्य लगायतका आर्थिक विकासका क्षेत्र तथा उपक्षेत्रहरूको अवस्थाको यथार्थ स्थिति पत्र तयार गरी सोको वार्षिकरुपमा समीक्षा र वस्तुस्थितिको अद्यावधिक गरिनेछ।<br>२. ठूला लगानीकर्ता, युवा,महिला र विपन्न समुदायहरूले एकल तथा सामूहिक रूपमा सञ्चालन गरेका ठूला उद्योग, स्थानीय मौलिक लघु उद्यम लगायतका यस उपक्षेत्रमा सञ्चालन गरेका मौलिक\नवीन पद्धति र नमुनायोग्य अभ्यासलाई मापदण्ड निर्माण गरी प्रदत्त उद्यमको प्रकृति, स्थानीय उत्पादनमा यसको योगदान ,रोजगारी सृजना आदिका आधारमा नीतिगत तथा आर्थिक\वित्तीय प्रोत्साहन गरिनेछ।<br>३. सङ्घीय तथा प्रदेश सरकारका नीति र छिमेकी पालिकाहरूको नीतिसँग समेत तादाम्यता कायम गरी उद्योग तथा वाणिज्य उप क्षेत्रका कार्यक्रम, योजनाहरूलाई अगाडि बढाइनेछ। |

### ४.४.५ कार्यक्रम तथा आयोजना

**तालिका १६ः उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजना**

| उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | | | | | |
| १ | औद्योगिक ग्राम स्थापना सम्भाव्यता अध्ययन तथा स्थापना | सङ्ख्या | | १ | १००० | २००० | ५००० | ५००० | ५००० | १८००० | | ८ | ५ | ३ | २ |
| २ | रैथाने उत्पादनहरूको प्रशोधन उद्योग सञ्चालन सम्भाव्यता अध्ययन | सङ्ख्या | | १ | २००० | २५०० | ३००० | ३५०० | ४००० | १५००० | | ८ | ५ | २ | २ |
| ३ | कपास उद्योग प्रवर्धन | एकमुस्ट | | | | | १००० | १००० | १००० | ३००० | | ८ | ५ | २ | ३ |
| ४ | राडीपाखी तथा गलैंचा उद्योग विकास | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | ८ | ५ | २ | ३ |
| ५ | छाला उद्योग सञ्चालन सम्भाव्यता अध्ययन | सङ्ख्या | | १ | | | | | ५०० | ५०० | | ८ | ५ | ३ | ३ |
| ६ | खानेपानी (सोरु जल) उद्योग सञ्चालन तथा बजारीकरण | एकमुस्ट | | | १००० | १००० | १००० | २०० | २०० | ३४०० | | ८ | ५ | २ | २ |
| ७ | उत्पादनका आधारमा उद्यमी प्रोत्साहन कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | ८ | ५ | ३ | ३ |
| ८ | हर्वो चिया खेती प्रवर्धन | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | ८ | ५ | ३ | २ |
| ९ | काष्ठ उद्योग स्थापना तथा सञ्चालन | एकमुस्ट | | | १००० | १०० | १००० | १००० | १००० | ४१०० | | ८ | ५ | ३ | ३ |
| | उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिको जम्मा | | | | ७००० | ७६०० | १३००० | १२७०० | १३७०० | ५४००० | | | | | |

### ४.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका १७: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा स्थानीय रोजगारीमा वृद्धि, बजार व्यवस्थापन तथा प्रभावकारी आपूर्तिद्वारा पालिकाको अर्थतन्त्रको अभिवृद्धि हुनेछ । | उद्योग व्यवसायमा संलग्न (उद्यमी, व्यवसायी) | प्रतिशत | ०.५ | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | उद्योग व्यवसायबाट रोजगारी प्राप्त गर्नेको सङ्ख्या (थप) | सङ्ख्या | १०० | २०० | ३०० | ४०० | ५०० | ६०० | ६०० | | |
| **असर** | गाउँपालिका भित्र उल्लेख्य सङ्ख्यामा लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापनामा भई रोजगारीका थप अवसरहरू सिर्जना भएको हुनेछ । | प्रत्यक्ष रोजगारीमा वृद्धि (वार्षिक) | प्रतिशत | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |
| | | सीपमूलक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ४० | ६५ | ८० | १०५ | १३० | १५५ | १५५ | | |
| | | घरेलु तथा साना उद्योग/व्यवसाय दर्ता | सङ्ख्या | ३० | ३१ | ३३ | ३५ | ३७ | ४० | ४० | | |
| | | मझौला उद्योग दर्ता | सङ्ख्या | ५ | ५ | ६ | ७ | ८ | ९ | ९ | | |
| **प्रतिफल** | स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन भई स्थानीय स्रोतमा आधारित उद्योगहरू स्थापना भएको हुनेछ । | स्थानीय सीप तथा स्रोत साधनमा आधारित उद्योग | सङ्ख्या | ० | १ | ३ | ५ | ७ | ७ | ७ | | |
| | | स्थानीय कच्चा पदार्थ प्रशोधन उद्योग | सङ्ख्या | १ | १ | २ | २ | ३ | ३ | ३ | | |
| | उत्पादित बस्तुहरूको बिक्रि वितरणकालागि बजार व्यवस्थापन भएको हुनेछ । | विभिन्न ठाउँमा हाट बजार सञ्चालन | सङ्ख्या | ० | ० | १ | १ | २ | २ | २ | | |

| उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टयाइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | निकासीजन्य कच्चा पदार्थको परिमाण | मे. टन | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |
| | वाणिज्य क्षेत्रले स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा लिएको हुनेछ । | विभिन्न ठाउँमा स्थानीय सामानको बजार सञ्चालन | सङ्ख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ | | |
| | | उत्पादन र बजारीकरण सहकारी संस्था | सङ्ख्या | १ | १ | २ | २ | ३ | ३ | ३ | | |
| | | थोक तथा खुद्रा व्यापारमा रोजगारी सिर्जना | सङ्ख्या | ० | २ | ५ | ८ | १० | १२ | १२ | | |
| | गाउँपालिका भित्रको आपूर्ति प्रणाली प्रभावकारी भएको हुनेछ । | सुपथ मूल्य पसल | सङ्ख्या | ० | ५ | ७ | ९ | ११ | ११ | ११ | | |
| | | होलसेल पसलको सङ्ख्या | सङ्ख्या | ३ | ५ | ७ | ९ | ११ | ११ | ११ | | |
| | | स्थानीय बजार र आपूर्ति अनुगमन | सङ्ख्या | १ | आवश्यकता अनुसार | | | | | | | |

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

समावेशी तथा दिगो विकासका लागि गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्त्वपूर्ण साधनको रूपमा रहेको नागरिकको सामाजिक सुरक्षा तथा संरक्षणको हकलाई संविधानले नै सुनिश्चित गरेको छ । राज्यले आर्थिक तथा सामाजिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, स्वास्थ्य बिमा, दिवा खाजा, छात्रवृत्ति, निर्वाहमुखी भत्ता लगायत विशेष व्यवस्था सहित संरक्षणको व्यवस्था गर्दै आएको अवस्था छ । सङ्घीय सरकारमा जस्तै पालिकामा पनि विद्यमान सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीलाई अझ सुदृढ, वित्तीय रूपले दिगो तथा प्रभावकारी बनाउन निकै आवश्यक भएको छ ।

### ४.५.२ समस्या तथा चुनौती

एकातिर गाउँपालिकाभित्र स्थानीय बेरोजगारीको सङ्ख्या बढिरहेको छ भने अर्कोतर्फ सोही अनुपातमा वैदेशिक रोजगारको लागि युवा पलायनको गति पनि तीव्र हुँदै गएको छ । स्वदेशमा सीमित रोजगारीका अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रुचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । जसले अल्पकालीन रूपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नका साथै प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण योगदान गरिरहेको छ । रोजगारीका कारण बढ्दो बसाई सराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारिक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ । सोरु गाउँपालिका क्षेत्रमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ ।

सङ्घ, प्रदेश तथा स्थानीय तहमा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम कार्यान्वयनको जटिलताले कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन हुन नसक्नू, सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी खण्डीकृत तथ्याङ्क नहुनु यस क्षेत्रका केही समस्याहरू हुन् ।

### ४.५.३ सम्भावना तथा अवसर

गाउँपालिकामा रोजगारीका लागि प्राकृतिक स्रोत र साधनको अतिरिक्त धेरै प्रकारका अवसरहरू विद्यमान छन् । आर्थिक रूपले जानसाङ्ख्यिक लाभ लिन सकिने जनसङ्ख्याको बाहुल्यता रहेको छ । जसको परिचालन मार्फत सोरु गाउँपालिकाले स्थानीय विकासका कार्यलाई तिब्रत्तर रूपमा अगाडी बढाउन सक्दछ । त्यसैले यो सङ्ख्यालाई आफैंमा एउटा महत्त्वपूर्ण अवसरको रूपमा लिन सकिन्छ । त्यसको अलवा विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो जन्म तथा कर्म थलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नका साथै उत्पादन एवं रोजगारको अवसर समेत विस्तार हुने देखिन्छ ।

सामाजिक सुरक्षा तथा संरक्षणको विषय तीनै तहका सरकारले कार्यान्वयन गर्ने अधिकार क्षेत्रमा पर्नु, नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम लागू गर्नु तथा सामाजिक सुरक्षा कोष ऐन लागू हुनु सामाजिक सुरक्षा कार्यक्रमको अवसर हो ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

श्रमको उचित सम्मान गर्दै रोजगारीका अवसरहरूमा वृद्धि गर्नका साथै सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत कल्याणकारी कार्यहरू सम्पादन गर्ने ।

**उद्देश्य**

१. स्थानीय तथा वैदेशिक रोजगारको लागि दिगो, सुरक्षित र भरपर्दो प्रणालीको विकास गर्नु ।
२. श्रम, रोजगारी र सामाजिक सुरक्षाका क्षेत्रमा सोरुमा विकास भएका मौलिक,नवीन प्रणाली\पद्धति र प्रयास वा अभ्यासलाई प्रोत्साहन गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका १८: श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: स्थानीय तथा वैदेशिक रोजगारको लागि दिगो, सुरक्षित र भरपर्दो प्रणालीको विकास गर्नु ।** | |
| **१.१:** स्थानीय तथा वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले स्थानीय तथा वैदेशिक रोजगारवाट आर्थिक लाभ वृद्धि गर्नुका साथै वैदेशिक रोजगारवाट उत्पन्न नकारात्मक प्रभावहरू न्यूनिकरण गर्ने । | १. स्थानीय तहमा स्वरोजगार तथा रोजगार सृजना हुने खालका कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br>२. वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्बन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदानका लागि सम्बन्धित सरोकारवालाहरू सँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>३. लघुउद्यम विकास कार्यक्रमलाई थप व्यवस्थित गरी सम्भावित सबै बस्ती स्तरमा विस्तार गरिनेछ। ड्राइभिड, हाउस वायरिड,प्लम्बड, कपाल काट्ने, सिकर्मी, डकर्मी, सिलाइ कटाइ जस्ता सीपमूलक तालिम तथा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरी स्व रोजगारीको अवसर सिर्जना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।<br>४. वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरूको ज्ञान, सीप, पूँजीलाई व्यवस्थापन तथा संस्थागत विकासमा लगानी गरिनेछ ।<br>५. मन सामाजिक परामर्श सेवालाई पालिका को स्वास्थ्य शाखा अन्तर्गत आन्तरिक करण गर्दै सो सम्बन्धी सेवालाई दिगो रूपमा प्रवाह गरिनेछ ।<br>६. सम्बन्धित सरोकारवालाहरू सँगको समन्वय तथा सहकार्यलाई बढवा दिई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सेवाहरू प्रवाह गरिनेछ ।<br>७. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ८. आर्थिक विकासका लागि औद्योगिक विकास अपरिहार्य रहने हुँदा औद्योगिक ग्रामको स्थापना गर्न सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।<br>९. गाउँपालिकाभित्र सञ्चालित विभिन्न व्यवसायलाई थप व्यवस्थित गर्दै स्थानीय राजस्वको दायरामा ल्याइनेछ । त्यसका लागि व्यवसाय दर्ता शिविर सञ्चालन गरिनेछ । |
| **उद्देश्य २ः श्रम,रोजगारी र सामाजिक सुरक्षाका क्षेत्रमा सोरुमा विकास भएका मौलिक,नवीन प्रणाली\पद्धति र प्रयास वा अभ्यासलाई प्रोत्साहन गर्नु ।** | |
| २.१ः लक्षित वर्गको पहिचान गरी सुदृढ सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने । | १. सामाजिक सुरक्षा सम्बन्धी आवश्यक कानुनी दस्तावेज तयार गरिनेछ ।<br>२. लक्षित वर्गका व्यक्तिहरूलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ताका कोषको व्यवस्था गरिनेछ ।<br>३. व्यवस्थित सामाजिक सुरक्षा सूचना प्रणाली मार्फत लक्षित वर्गको पहिचान गरी आवश्यक भएमा थप एकीकृत योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>४. हिंसा पीडित, शारीरिक रूपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकहरूका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ र आफू एक्लो नभएको गाउँपालिका साथमा रहेको अनुभूति प्रदान गरिनेछ।<br>५. लक्षित वर्ग प्रति संवेदनशील बनाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| २.२ः सुरक्षित, मर्यादित र सभ्य समाज निर्माण गर्न स्थानीय रोजगारी प्रवर्द्धनमा जोड दिने । | १. सामाजिक विकृति, कुरीति, जातीय छुवाछूत तथा भेदभाव नियन्त्रण लगायतका विभिन्न नकारात्मक गतिविधिहरू न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्ग र लैङ्गिक मैत्री संरचना निर्माण गरिनेछ ।<br>३. मर्यादित जीवनबारे सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. स्थानीय रूपमा उपलब्ध हुन सक्ने रोजगारीका अवसरहरूको आधार तथ्याङ्क (Base line data) सङ्कलन गरिनेछ।<br>५. गाउँपालिकामा रोजगार सूचना केन्द्रको स्थापना गरिनेछ ।<br>६. स्थानीय रोजगार दातालाई प्रोत्साहन गरिनेछ । |
| २.३ः श्रम, रोजगारी र सामाजिक सुरक्षाका लगायतका अभ्यासहरूको संरक्षण तथा सम्वर्द्धन गर्ने । | १. सोरु गाउँपालिकामा श्रम, रोजगारी र सामाजिक सुरक्षाका लगायतका आर्थिक विकासका क्षेत्र तथा उपक्षेत्रहरूको अवस्थाको यथार्थ स्थिति पत्र तयार गरी सोको वार्षिकरुपमा समीक्षा र वस्तुस्थितिको अद्यावधिक गरिनेछ।<br>२. युवा,महिला र विपन्न समुदायहरूले एकल तथा सामूहिक रूपमा सञ्चालन गरेका स्थानीय श्रम, रोजगारी र सामाजिक सुरक्षा लगायतका यस उपक्षेत्रमा सञ्चालन गरेका मौलिक\नवीन पद्धति र नमुना योग्य अभ्यासलाई मापदण्ड निर्माण गरी श्रम र रोजगारको प्रकृति, स्थानीय उत्पादनमा यसको योगदान ,रोजगारी सृजनाको सङ्ख्या आदिका आधारमा नीतिगत तथा आर्थिक\वित्तीय प्रोत्साहन गरिनेछ।<br>३. सङ्घीय तथा प्रदेश सरकारका नीति र छिमेकी पालिकाहरूको नीतिसँग समेत तादाम्यता कायम गरी श्रम, रोजगार र सामाजिक सुरक्षा उप क्षेत्रका कार्यक्रम, योजना तथा प्रणालीहरूलाई अगाडि बढाइनेछ। |

## ४.५.५ कार्यक्रम तथा आयोजना

**तालिका १९: श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजना**

| श्रम, रोजगारी र सामाजिक सुरक्षा | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | | | | | |
| १ | रोजगार सूचना केन्द्र स्थापना तथा सञ्चालन | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | १० | ६ | २ | ३ |
| २ | वैदेशिक रोजगारीबाट फर्किएकालाई लगानी/व्यवसाय स्थापना सहायता तथा तालिम | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | | १० | ६ | २ | ३ |
| ३ | विपन्न असहाय तथा अपाङ्गका लागि रोजगार सहायता कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | १० | ६ | २ | ३ |
| ४ | श्रम शिविर सञ्चालन सम्मान कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | १० | ६ | २ | ३ |
| | **श्रम, रोजगारी र सामाजिक सुरक्षाको जम्मा** | | | | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | | १० | ६ | २ | ३ |

## ४.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

### तालिका २०: श्रम, रोजगारी र सामाजिक सुरक्षाका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| श्रम, रोजगारी र सामाजिक सुरक्षा | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | रोजगारीका थप अवसरहरू सिर्जना गरी समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत कल्याणकारी पालिकाको रूपमा स्थापित हुनेछ । | सीपमूलक तालिम लिएर वैदेशिक रोजगारीमा जाने | प्रतिशत | ५ | १० | १५ | २० | २५ | ३० | ३० | | |
| | | विप्रेषणलाई उद्यम विकास र आयमूलक क्षेत्रमा परिचालन | प्रतिशत | २ | ३ | ५ | ७ | १० | १५ | १५ | | |
| असर १ | वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारमा वैदेशिक रोजगारबाट आर्थिक लाभ वृद्धि हुनेछ । | विप्रेषणलाई उद्यम विकास र आयमूलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता | प्रतिशत | २ | १० | १५ | २० | २५ | ३० | ३० | | |
| | | वैदेशिक रोजगारी संलग्न घरपरिवारहरूलाई उद्यम विकास सहयोग | सङ्ख्या | ० | ५ | १० | १५ | २० | २५ | २५ | | |
| प्रतिफल | समाजमा वैदेशिक रोजगारबाट उत्पन्न नकारात्मक प्रभावहरू न्यूनीकरण हुनेछ । | सुरक्षित वैदेशिक रोजगारका लागि सूचना प्रवाह | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्याहरूमा मनोसामाजिक परामर्श सेवा प्रदान | पटक | ५ | ६ | ७ | ८ | ९ | १० | १० | | |
| | वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणमा वृद्धि हुनेछ | विप्रेषण (लाखमा) | रुपैयाँ | १५०० | १६०० | १८०० | २००० | २२०० | २५०० | २५०० | | |
| असर २ | समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत कल्याणकारी पालिकाको रूपमा स्थापित भएको हुनेछ । | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या (कुल लाभ ग्राही मध्ये) | प्रतिशत | ८० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | | कृषि तथा पशु बिमामा आबद्ध परिवार | प्रतिशत | ०.१ | १ | २ | ३ | ४ | ५ | ५ | | |

| श्रम, रोजगारी र सामाजिक सुरक्षा | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रतिफल | सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी कानुनी दस्तावेज तयार भई कार्यान्वयनमा आएका हुनेछ । | सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी आवश्यक कानुन निर्माण | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | २ | | |
| | एकीकृत सूचना प्रणाली कार्यान्वयनमा आएको हुनेछ । | सामाजिक सुरक्षा सम्बन्धि एकीकृत सूचना प्रणाली व्यवस्थापन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |

## परिच्छेद पाँचः सामाजिक विकास

सामाजिक विकास समग्र विकासको गतिशील आयाम हो भने आर्थिक विकासको महत्त्वपूर्ण आधार पनि हो । यस अन्तर्गत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, दलित र उत्पीडित वर्ग, आदिवासी जनजाति, अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसङ्ख्यक, युवा तथा खेलकुद र खानेपानी तथा सरसफाइ समेटिएको छ । सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारको कार्यक्षेत्रहरूमा आधारभूत तथा माध्यामिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ तथा सामाजिक विकासका अन्य पक्षहरू रहेका छन् । सामाजिक विकासको प्रगतिले दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत लक्ष्य -३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य -४ (गुण स्तरीय शिक्षा), लक्ष्य - ५ (लैङ्गिक समानता) र लक्ष्य - ६ (स्वच्छ पानी तथा सरसफाइ) सँग सम्बन्धित छ । सामाजिक विकासको सन्दर्भमा यस गाउँपालिकाले निर्धारण गरेको गुण स्तरीय शिक्षा र सुलभ स्वास्थ्य, समता मूलक समाज हाम्रो लक्ष्य भन्ने दीर्घकालीन सोच र गाउँपालिका बासीको पहुँचमा गुण स्तरीय शिक्षा, स्वास्थ्य, खानेपानीको सु निश्चितता गर्ने र न्याय पूर्ण समाजको निर्माण गर्ने उद्देश्य रहेको छ । यस गाउँपालिकाले विगतमा सञ्चालन गर्दै आएका सफल सामाजिक विकाससँग सम्बन्धित अभ्यासहरूलाई निरन्तरता दिँदै यस आवधिक योजना अनुसार आगामी दिनमा सामाजिक विकास अन्तर्गत रहेको अन्य विषयगत क्षेत्रहरूलाई अगाडी बढाइनेछ ।

नेपालको संविधानले सामाजिक न्याय, समावेशी प्रतिनिधित्व, आधारभूत स्वास्थ्य तथा शिक्षामा पहुँच सहित भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभूत गरेको छ । सामाजिक विकास दिगो विकासका तीन आयाम मध्ये एक हो । यस क्षेत्र गत योजनाले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, लैङ्गिक समानता तथा सामाजिक समावेश करण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता उपक्षेत्रलाई समेटेको छ ।

### ५.१ स्वास्थ्य तथा पोषण

#### ५.१.१ पृष्ठभूमि

आधारभूत स्वास्थ्य तथा पोषणलाई सोरु गाउँपालिकाले उच्च प्राथमिकतामा राख्दै आधारभूत स्वास्थ्य सेवालाई गुण स्तरीय तुल्याई गाउँपालिकावासीको सहज पहुँच स्थापित गर्न संरचना गत तथा व्यवहारिक अभ्यासमा जोड दिएको छ । राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य नीति तथा कार्यक्रमका अतिरिक्त गाउँपालिकाको अग्रसरमा स्वास्थ्य क्षेत्रमा जनशक्तिको व्यवस्थापन, सेवाको स्तर उन्नति तथा विस्तारका कार्यहरू द्रुत गतिमा भई रहेका छन् । नेपालको संविधानको, धारा ३५ (१) मा कुनै पनि नागरिक आकस्मिक सेवाबाट वञ्चित हुन नपर्ने व्यवस्था उल्लेख छ । स्वास्थ्य एक आधारभूत आवश्यकता भएकोले संविधानले स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । त्यसै गरी आधारभूत स्वास्थ्य र सरसफाइका साथै पोषण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने अधिकार संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई प्रदान गरेको छ । त्यसै अनुरूप दिगो विकासका लक्ष्य ३ तथा “सुलभ स्वास्थ्य सेवा स्वस्थ नागरिक” को उद्देश्य पुरा गर्न यस आवधिक योजनामा स्वास्थ्य र पोषण सम्बन्धी व्यवस्था गरेको छ ।

#### ५.१.२ समस्या तथा चुनौती

स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधारका बावजुद भौगोलिक विकटता र लामो दुरीका कारण स्वास्थ्य सेवामा सहज पहुँच स्थापित हुन सकेको छैन । परम्परागत अन्धविश्वासका कारण विरामी पर्दा सबैभन्दा पहिला धामी

झाँक्रीकोमा जाने परम्परा कायमै छ । स्वास्थ्य शाखामा भ्याक्सिन तथा औषधी भण्डारणका लागि पूर्वाधार लगायत एक्सरे तथा भिडियो एक्सरे लगायतको ल्याव सुविधामा कमी रहेको छ । भएका स्वास्थ्य पूर्वाधारहरू मापदण्ड अनुसार निर्माण हुन सकेका छैनन् भने स्वास्थ्य संस्थाहरूमा घेरवारको पनि कमी रहेको छ । खोप क्लिनिक तथा गाउँघर क्लिनिकको भवन अभावले सेवा प्रवाहमा असुविधा भएको छ । स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रमहरू वढाउन पर्ने छ भने सुर्तीजन्य र मदिराजन्य वस्तुको सेवनलाई निरुत्साहित गर्नु पर्नेछ । यहाँका नागरिकमा शारीरिक व्यायाम, योग, आयुर्वेदिक एवं प्राकृतिक चिकित्सा सम्बन्धी चेतनामा कमी रहेको छ । यस क्षेत्रमा स्वास्थ्य विमाको शुरुवात भएता पनि पूर्णता पाउन भने अझै समय लाग्ने देखिन्छ ।

स्वास्थ्य सेवा प्रदायक संस्थामा पूर्वाधारहरू अपर्याप्त रहेको, पर्याप्त उपकरण र औषधीहरू उपलब्ध हुन नसकेको, स्वास्थ्य संस्थाहरूमा पर्याप्त मात्रामा दक्ष जनशक्तिको अभाव रहेको, सामान्य उपचार बाहेक जटिल स्वास्थ्य समस्याहरूमा पर्याप्त मात्रामा उपचार सुविधा उपलब्ध हुन नसकेको अवस्था छ । साथै सर्ने तथा नसर्ने रोगहरू, कुपोषण, ग्रामीण सडकका कारण हुने दुर्घटना तथा विपदजन्य स्वास्थ्य समस्याहरू विद्यमान रहनु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवन शैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक समस्याहरू बढ्दै जानु जस्ता सवालहरू पनि चुनौतीको रूपमा रहेका छन् ।

### ५.१.३ सम्भावना तथा अवसर

संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवा सम्बन्धी तीनै तहका सरकारबाट तर्जुमा भएका कानुनहरू (ऐन, नियमावली, निर्देशिका, कार्यविधि, दिग्दर्शन आदि) निर्माण भएको, प्रदेश तथा स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सृजना भएको, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै गएको, मुलुकमा दक्ष स्वास्थ्यकर्मीहरूको उपलब्धतामा वृद्धि भइरहेको, स्वास्थ्य बिमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा बिस्तार हुँदै गएको, सबै वडाहरू सडक सञ्जाल सुविधामा जोडिदा स्वास्थ्य सेवाको पहुँचमा सहजता थपिएको जस्ता पक्षहरू स्वास्थ्य तथा पोषण विकासका लागि सबल पक्षहरू हुन् ।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

स्वास्थ्य क्षेत्रमा आवश्यक स्रोत र साधनको व्यवस्था गरी सेवा प्रवाहको क्षमता अभिवृद्धि गर्ने ।

**उद्देश्य**

१. नागरिकहरूको आधारभूत तथा गुण स्तरीय सेवामा पहुँच अभिवृद्धि गराउनु ।
२. रोग प्रतिरोधात्मक क्षमता बढाउन गुण स्तरीय र पोषण युक्त खाद्य सामग्रीमा पहुँच बढाउनु।
३. स्वास्थ्य क्षेत्रमा थप लगानीको वातावरण सिर्जना गरी सेवामा गुणस्तर अभिवृद्धि गर्नु ।
४. गाउँवासीलाई पोषण युक्त नागरिकको रूपमा पहिचान गराउनु ।

**रणनीति र कार्यनीति**

**तालिका २१ः स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्य नीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ः नागरिकहरूको आधारभूत तथा गुण स्तरीय सेवामा पहुँच अभिवृद्धि गराउनु | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **१.१ः** गुण स्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गराउने वातावरण तयार गर्ने । | १. आवश्यक एम्बुलेन्स, औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।<br>२. स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम लागू गरिनेछ।<br>३. सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. स्वास्थ्यको सहज पहुँचका लागि सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।<br>५. स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवम् जनउत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ ।<br>६. ल्याब सेवालाई थप प्रभावकारी बनाउन आवश्यक पहल र सेवा विस्तार गरिनेछ। |
| **१.२ः** स्वास्थ्य संस्थाहरूमा तोकिएको सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने । | १. गाउँपालिका भित्र सञ्चालित स्वास्थ्य संस्थाहरूमा स्वीकृत दरबन्दी अनुसारको आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।<br>२. दरबन्दी अनुसार माग भई प्राप्त जनशक्ति वा गाउँपालिकाको निजी स्रोतबाट नियुक्त गरिएका स्वास्थ्यकर्मीहरूलाई पालिकाको मातहतमा आवश्यक तालिमको व्यवस्था गरिनेछ ।<br>३. अपाङ्गमैत्री स्वास्थ्य संस्था निर्माणमा विशेष जोड दिइनेछ ।<br>४. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, पूर्ण खोप सुनिश्चितता तथा दिगोपना, सेन्टरी प्याडको सहज वितरण, उपकरणको व्यवस्थापन, प्रयोग भएको प्याडको व्यवस्थित विसर्जन, पिट वा खाल्डो सहितको शौचालय निर्माणमा जोड दिइनेछ । |
| **उद्देश्य २ः रोग प्रतिरोधात्मक क्षमता बढाउन गुण स्तरीय र पोषण युक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।** | |
| **२.१ः** पोषण युक्त खाने कुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच सबै बस्तीसम्म पुऱ्याउने। | १. गुण स्तरीय एवम् स्वास्थ्य वर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनीकरण गरिनेछ।<br>२. मातृ शिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहु क्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>३. नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा बन्देज लगाइनेछ । |
| **२.२ः** मातृ तथा नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने । | १. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ<br>२. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा स्वास्थ्य तथा पोषणबारे जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ३ः स्वास्थ्य क्षेत्रमा थप लगानीको वातावरण सिर्जना गरी सेवामा गुणस्तर अभिवृद्धि गर्नु ।** | |
| **३.१ः** स्वास्थ्य क्षेत्रमा निजी, सहकारी गैससको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुने लगानीलाई व्यवस्थित गर्ने । | १. निजी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्यसम्बन्धी व्यावसायिक सङ्घ–संस्थाहरूबीच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ ।<br>२. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **३.२ः** गाउँपालिका क्षेत्रमा उपलब्ध जडीबुटीको उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास गर्ने । | १. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा स्थानीय जडीबुटीमा आधारित औषधी तयार गरी प्रयोग तथा वितरण गरिनेछ ।<br>२. आयुर्वेद प्रणालीको क्रमबद्ध विकास प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागू गरिनेछ । |
| **उद्देश्य ४ः गाउँवासीलाई पोषण युक्त नागरिकको रूपमा पहिचान गराउनु ।** | |
| ४.१ः गाउँबासीलाई पोषणयुक्त खानेकुरा खान पाउने संवैधानिक हक सुनिश्चितता गर्ने । | १. न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गरी ५ वर्ष मुनिका बालबालिकाहरूका लागि पोषणयुक्त खानेकुराहरूको प्रबन्ध मिलाइनेछ।<br>२. स्थानीय अर्गानिक उत्पादनको महत्त्व तथा सन्तुलित आहारका बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. गाउँपालिका भित्र खाद्य सुरक्षाको अवस्था सन्तोषजनक राख्न एक घर एक टनेल/करेसाबारीको व्यवस्था गरिनेछ ।<br>४. पोषण सुरक्षा सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. गर्भवती महिला तथा बालबालिकाको लागि खोप तथा नियमित स्वास्थ्य जाँचको सुनिश्चित ता गरिनेछ ।<br>६. पोषण मैत्री गाउँपालिका निर्माणका आधार तयार पारिनेछ । |

### ५.१.५ कार्यक्रम तथा आयोजना

**तालिका २२: स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजना**

| स्वास्थ्य तथा पोषण | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु.हजारमा) | | | | | | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | १० शैयाको अस्पताल सञ्चालन तथा व्यवस्थापन | एकमुस्ट | | | १५०० | १५०० | १५०० | २५०० | २५०० | ९५०० | | ३ | २ | २ | ३ |
| २ | मपदण्ड अनुसार स्वास्थ संस्थाहरूको स्तरोन्नती | एकमुस्ट | | | १००० | १५०० | २००० | ३००० | ५००० | १२५०० | | ३ | २ | २ | ३ |
| ३ | सुत्केरी स्याहार तथा प्रोत्सहान (स्थानीय उत्पादनबाट निर्मित खाद्य समाग्री तथा कोशेली वितरण) | एकमुस्ट | | | ७०० | ८०० | ९०० | १००० | १००० | ४४०० | | ३ | २ | २ | ३ |
| ४ | स्वास्थ्य शिवीर सञ्चालन | पटक | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | | ३ | २ | २ | ३ |
| ५ | जेष्ठनागरिक सुत्केरी तथा अपाङ्गता भएका व्यक्तिका लागि घरदैलो स्वास्थ्य सेवा कार्यक्रम | पटक | | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | ३ | २ | २ | ३ |
| ६ | स्वास्थ्य एवं पोषण सम्वन्धी चेतना अभिवृद्धि | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | ३ | २ | २ | ३ |
| ७ | प्राकृतिक एवं वैकल्पिक उपचार प्रवर्द्धन | एकमुस्ट | | | | | | | १००० | १००० | | ३ | २ | २ | ३ |
| ८ | टेलि मेडिसिन सञ्चालन | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | ३ | २ | २ | ३ |
| ९ | स्वास्थ्य सेवा पहुँच विस्तार | एकमुस्ट | | | १००० | १५०० | २००० | २५०० | ३००० | १०००० | | ३ | २ | २ | ३ |
| | **स्वास्थ्य तथा पोषणको जम्मा** | | | | ७२०० | ८३०० | ९४०० | १२००० | १५५०० | ५२४०० | | | | | |

### ५.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका २३: स्वास्थ्य तथा पोषणका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| स्वास्थ्य तथा पोषण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधारवर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | गाउँपालिकामा स्वास्थ्य सेवा सर्व शुलभ भएकाे हुनेछ । | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९ | ६९ | ७० | ७० | ७१ | ७१ | ७१ | | |
| | | ३० मिनेटसम्मको दुरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | ८० | ८२ | ८५ | ८८ | ९० | ९२ | ९२ | | |
| **असर १** | गुणस्तरीय स्वास्थ्य सेवाको अभावमा स्वास्थ्यसेवाको लागि जिल्ला बाहिरका अस्पताल धाउनु पर्ने बाध्यताको अन्त्य हुनेछ । | अस्पताल | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | | |
| | | संस्थागत सुत्केरी सेवाको दायरा | प्रतिशत | ६७ | ७० | ७५ | ८० | ८५ | ९० | ९० | | |
| | | दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिएका महिला | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० | १०० | १०० | | |
| | | बर्थिङ सेन्टर | सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | | |
| | | गर्भावस्थाको परीक्षण दर | प्रतिशत | ८५ | ९० | ९५ | १०० | १०० | १०० | १०० | | |
| **प्रतिफल** | गर्भवती परीक्षणको सुविधाबाट आमा र गर्भमा रहेको बच्चाको स्वास्थ्यमा रुग्णता दरमा कमी हुनेछ। | ५ वर्ष मुनिको वाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ०.२३ | ०.१ | ० | ० | ० | ० | ० | | |
| | | पूर्ण खोप | प्रतिशत | ८५ | ९० | ९५ | १०० | १०० | १०० | १०० | | |
| | बाल मृत्युदर, शिशु मृत्युदरमा कमी आउनेछ । | भिटामिन ए खाने बालबालिका | सङ्ख्या | १८०० | १८०० | १८०० | १८०० | १८०० | १८०० | १८०० | | |
| | | झाडा पखालाको संक्रमण दर | प्रतिशत | ३ | २ | १ | ० | ० | ० | ० | | |
| | | महिला स्वास्थ्य स्वयं सेविका | सङ्ख्या | ६१ | ६१ | ६१ | ६१ | ६१ | ६१ | ६१ | | |
| | | सामान्य स्वास्थ्य उपकरण उपलब्ध भएका भवन | सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ | १४ | १४ | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधुनिक उपकरण सहितका स्वास्थ्य भवन | अनुपात | ३:१४ | ४:१४ | ५:१४ | ६:१४ | ७:१४ | ८:१४ | ८:१४ | | |
| | | आधारभूत सुविधा सहितका स्वास्थ्य संस्था | सङ्ख्या | ७ | ८ | ९ | १० | १२ | १४ | १४ | | |
| | महिला, अपाङ्ग र अल्पसङ्ख्यक समुदायमा स्वास्थ्य सेवा र सुविधाको पहुँचमा वृद्धि हुनेछ। | स्थायी बन्ध्याकरण गर्ने दम्पति | प्रतिशत | - | | | | | | | | |
| | | प्राथमिक उपचार केन्द्र | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | बेड | सङ्ख्या | ० | ० | १० | १० | १० | १० | १० | | |
| | | हेल्थ पोष्ट | सङ्ख्या | ७ | ७ | ८ | ९ | १० | १० | १० | | |
| | | स्वास्थ्य एकाइ | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | | |
| | प्रतिकारात्मक स्वास्थ्य सेवाको विस्तारबाट खर्चिलो र जोखिमयुक्त उपचारात्मक सेवाको खर्चमा कटौती हुनेछ । | विशेषज्ञ चिकित्सक | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | | |
| | | मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता | सङ्ख्या | ८८ | ८८ | ९० | ९० | ९५ | ९५ | ९५ | | |
| | | सवारी साधन युक्त स्वास्थ्य संस्था | सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | | |
| | | स्वास्थ्य बीमा गर्ने परिवार | प्रतिशत | - | १० | १५ | २० | २५ | ३० | ३० | | |
| | स्वास्थ्य प्रवर्द्धनका उपायहरूबाट स्थानीय नागरिकहरूको स्वास्थ्यस्तर राम्रो भई औसत आयुमा वृद्धि हुनेछ । | एम्बुलेन्स सञ्चालन | सङ्ख्या | १ | १ | २ | २ | २ | २ | २ | | |
| | | पालिका मार्फत निशुल्क उपलब्ध भएको औषधी | सङ्ख्या | ७२ | ७५ | ८० | ८५ | ९० | ९८ | ९८ | | |
| | | एच आईभि एड्स रोकथामबारे जानकारी प्राप्त प्रजननयोग्य उमेरका महिला | प्रतिशत | ५० | ५० | ५५ | ६० | ६५ | ७० | ७० | | |
| | | स्वास्थ्य शिविर सञ्चालन | सङ्ख्या | ४ | ५ | ६ | ७ | ८ | ९ | ९ | | |
| | | घुमन्ते स्वास्थ्य सेवा | पटक | २१ | २ | ४ | ६ | ८ | १० | १० | | |
| | | दक्ष स्वास्थ्य सेवा तालिम | सङ्ख्या | ३५ | ४० | ४५ | ५० | ५५ | ६० | ६० | | |
| | | प्रयोगशाला शुरु भएका स्वास्थ्य संस्था | सङ्ख्या | १ | १ | २ | ३ | ४ | ५ | ५ | | |
| **असर २** | पालिकाबासीलाई पोषणयुक्त खानेकुरा खान पाउने सुनिश्चितता हुनेछ । | आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने घरधुरी | प्रतिशत | ५ | ७ | १० | १२ | १५ | १८ | १८ | | |
| | | कम्तिमा एक मासुजन्य पशुपंक्षी पाल्ने घर परिवार | प्रतिशत | ७० | ७२ | ७५ | ८० | ८२ | ८५ | ८५ | | |
| **प्रतिफल** | पोषणयुक्त गाउँपालिका बन्नेछ । | कुपोषण प्रभावित जनसङ्ख्या | प्रतिशत | १ | १ | ० | ० | ० | ० | ० | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ९० | ९२ | ९३ | ९४ | ९५ | ९६ | ९६ | | |
| | | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | २ | २ | १ | १ | १ | ० | ० | | |
| | | उपभोगको दुइ तिहाई खानामा खर्च गर्ने जनसङ्ख्या | प्रतिशत | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |
| | | प्रतिव्यक्ति खाद्य उत्पादन | किलोग्राम | १६५ | १८० | २०० | २२५ | २५० | २७५ | २७५ | | |

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रर्वतन

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानले विद्यालय तहको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । शैक्षिक विकासको सन्दर्भमा निरक्षरता अन्त्य गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज पहुँच कायम गर्न राष्ट्रिय तथा स्थानीयस्तरबाट नियमित रूपमा अभ्यासहरू भई रहेका छन् । नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका तर्फबाट आवश्यक पहल भइरहेको छ । शिक्षालाई विकासको मूल आधारका रूपमा लिई सोरु गाउँपालिका ले नमुना विद्यालयका साथै प्राविधिक तथा उच्च शिक्षाका पूर्वाधार तयार गरी सहज अवसरहरू सृजना गर्ने कुरालाई महत्त्व दिई दश वर्षे शिक्षा योजना तर्जुमा गर्ने तयारी गरेको छ ।

यस गाउँपालिकाको स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन, र विकास गर्न गाउँ शिक्षा समितिबाट आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन, अनुगमन र नतिजा प्रकाशनको लागि कार्यविधि निर्माण गरिएको छ । यसैगरी सूचना प्रविधिको प्रयोग गरी कक्षा ८ को परीक्षा फल कार्यालयको वेबसाइटस्तर मार्फत प्रकाशन गर्ने गरिएको छ भने गाउँपालिकाका सबै माध्यामिक विद्यालयहरूमा विद्युतीय हाजिरीको सुरुवात गरिएको छ । प्रारम्भिक वाल विकास केन्द्रमा कार्यरत सहयोगीलाई स्थानीय तहबाट बजेट विनियोजन र कक्षा सञ्चालन गर्ने नीति लिइएको छ । विद्यालयको शैक्षिक विकास र शिक्षकको क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको र अनलाइन विधिबाट शैक्षिक सूचना प्रवाह गर्ने अभ्यासमा पनि जोड दिइएको छ ।

### ५.२.२ समस्या तथा चुनौती

गाउँपालिका शिक्षा क्षेत्रमा व्यापक सुधार गरी दक्ष तथा प्राविधिक जनशक्ति तयार गर्ने प्रयासमा जुटेको छ । शिक्षामा सुधार ल्याउनको लागि राष्ट्रिय तथा स्थानीय स्तरबाट संस्थागत, नीति गत तथा व्यवहारिक प्रयासहरू लगातार भइरहेका छन् । तर पनि विद्यालयमा कार्यरत शिक्षकहरू आफ्नो पेसा गत हक हित र प्रवाह गर्ने सेवाको लागि सरकार प्रति विश्वस्त छैनन् । गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षाको दिशामा समय सापेक्ष सुधार हुन सकेको छैन । शिक्षा प्रणाली फितलो हुनुका अतिरिक्त भौगोलिक बिकटता, गरिवी, स्रोत तथा साधनको अपर्याप्तता आदि रहेका छन् । गाउँपालिकाबाट बाहिर तीव्रगतिमा बसाइ सराई हुँदै गइ रहेकोले ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून हुँदै गएको छ । हालसम्म शिक्षण सिकाईमा शैक्षिक सामग्रीको पूर्ण रूपमा निर्माण तथा उपयोग हुन सकेको छैन भने आधुनिक सूचना प्रविधि पुरै प्रयोगमा आइ सकेको पनि छैन । स्थानीय आवश्यकता अनुसारको विद्यालयको अनुगमन तथा मुल्यांकनमा पर्याप्त ध्यान दिन नसक्दा शिक्षकको नियमितता र शिक्षण प्रक्रिया प्रभावकारी हुन सकेको छैन । सिकाई उपलब्धी विश्लेषण र कार्यान्वयमा कमी रहेको छ । स्थानीय शैक्षिक संस्थामा जनविश्वासको कमीका कारण गुणस्तरीय शिक्षाका लागि गाउँपालिका बाहिरका निजी शैक्षिक संस्थाप्रतिको परनिर्भरता कायमै रहेको छ । उच्च शिक्षाका लागि क्याम्पस र प्राविधिक शिक्षाका लागि विद्यालयमा प्राविधिक धारको आवश्यकतालाई पूर्वरूपमा कार्यान्वयनमा ल्याइ सकेको अवस्था छैन । कतिपय वडाहरूमा विद्यालयका भवनहरू जिर्ण र पहिरोको जोखिममा रहेका छन् । दलित जातिका वालवालिकाहरूको विद्यालय उपस्थिति दर पूर्ण हुन सकेको छैन । सानो उमेरमा विवाह गर्ने र उमेर वढ्दै गएपछि वजार र वैदेशिक रोजगारीमा जाने क्रम रोकिएको छैन । निरक्षरता हटाउन सञ्चालन भएका अनौपचारिक

शिक्षा कक्षा प्रभावकारी हुन सकेका छैनन् । पूर्वाधारतर्फ वालमैत्री तथा अपांगमैत्री भवन, खेल मैदान, घेरवार र पक्की शौचालयको प्रयोगमा अझै सुधार गर्नुपर्ने अवस्था विद्यमान रहेको छ ।

### ५.२.३ सम्भावना तथा अवसर

महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्त कृत समुदायका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाउन विभिन्न प्रोत्साहन मूलक कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । जस्तै माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको कार्य दायरामा परेकाले शैक्षिक सुशासनको प्रत्याभूति सहज हुनु, शिक्षासँगै रैथाने ज्ञान, सीप र प्रविधि उपयोग तथा विकासको प्रचुर सम्भावना बढेर जानु आदि । यो गाउँपालिका बागलुङ र म्याग्दी जिल्लाको बीच भागमा रहेकाले पनि यसलाई प्राविधिक धारको शैक्षिक केन्द्रको रूपमा विकास गर्न सकिने बलियो सम्भावना रहेको छ ।

स्थानीय पाठ्क्रम र शैक्षिक क्यालेण्डर तयारी तथा कार्यान्वयन हुनु, प्राविधिक तथा व्यावसायिक सीप प्रति युवाको आकर्षण बढ्दै जानू, विद्यालय र विद्यार्थी प्रति अभिभावक बढी जागरूक हुनु, आधारभूत शिक्षामा सबैको पहुँच विस्तार हुँदै जानु, समृद्धिका मुख्य सम्बाहकका रूपमा रहेका पर्यटन, ऊर्जा, कृषि, उद्योग, पूर्वाधार, जनशक्ति विकास, आदि क्षेत्रमा विकास हुँदै जानू आदिलाई शिक्षा क्षेत्रको विकासको लागि बलियो अवसरका रूपमा लीन सकिन्छ ।

### ५.२.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सबैका लागि गुणस्तरीय, प्राविधिक र व्यावसायिक शिक्षामा सहज पहुँचको प्रत्याभूति गर्ने ।

**उद्देश्य**

१. शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु ।
२. सबैका लागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।
३. प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षामा जोड दिनु।
४. शैक्षिक विकासका लागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।
५. संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउनु ।

**रणनीति र कार्य नीति**

**तालिका २४: शिक्षाका रणनीति तथा कार्य नीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु ।** | |
| **१.१:** विद्यालयमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संस्थागत विकास गर्ने । | १. गाउँपालिकाको शिक्षा नीतिको तर्जुमा,ऐन नियमावली तथा योजनाको पुनरावलोकन गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>२. गाउँपालिकाका सबै विद्यालयहरूलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली विकास गरी गाउँपालिकाको नेटवर्कमा रहने गरी एकद्वार पद्धतिबाट सञ्चालन गरिनेछ ।<br>३. उत्कृष्ट शिक्षक, कर्मचारी र अभिभावकलाई वार्षिक रूपमा पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. विद्यालयहरूमा अन्तर-विद्यालय भ्रमण तथा सिकाइ आदानप्रदान कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५. गुणस्तरीय सिकाइ मापदण्ड/ढाँचा (पाठ्यक्रम, विद्यालयको सिकाइ वातावरण, शिक्षक, शिक्षण सिकाइ सामग्री, शिक्षण विधि, परीक्षा र मूल्याङ्कन, अनुगमन मूल्याङ्कन आदि) तयार गरी कार्यान्वयन गरिनेछ ।<br>६. विद्यालयको शिक्षण सिकाइमा समय र गुणस्तर बढाउन विद्यालय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको विकास गरिनेछ ।<br>७. विद्यालयको उपलब्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार गरिनेछ ।<br>८. महिला शिक्षक सुत्केरी विदामा रहँदा स्वयमसेवक वा सट्टा-शिक्षकको व्यवस्था गरिनेछ।<br>९. विद्यार्थी अनुपातका आधारमा सबैलाई सहज हुने गरी विद्यालय मर्ज गर्ने र सवारीका साधन तथा आवास सहित एक वडा एक भौतिक पूर्वाधार विकास सहितको नमुना विद्यालय निर्माण गर्ने नीतिमा जोड दिइनेछ । |
| १.२ः गुणस्तरीय शिक्षाको लागि तालिमको संस्थागत विकास गर्ने । | १. स्थानीय आवश्यकताको आधारमा तालिम पाठ्यक्रमको मोड्युल बनाई विज्ञ प्रशिक्षकद्वारा तालिम सञ्चालन गरिनेछ ।<br>२. बालविकास केन्द्रका शिक्षक र आधारभूत तहमा दरबन्दी कम भएका विद्यालयका शिक्षकलाई बहुकक्षा/बहुवर्ग शिक्षण सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>३. विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न आवश्यक शिक्षक तालिमको व्यवस्था गरिनेछ।<br>४. प्राविधिक तथा व्यावसायिक (सफ्ट स्किल समेत) सीप प्रदान गर्न शिक्षकहरूलाई आधुनिक, शिक्षण सीपयुक्त, प्रविधिमैत्री, निरन्तर सिकाइमुखी बन्न तालिम दिँदै पेशागत दक्षता बढाइनेछ । |
| **उद्देश्य २ः सबैकालागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।** | |
| २.१ः सबै नागरिकलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्ने । | १. अभिभावक विहीन बालबालिकाको उच्च शिक्षा सम्मको जिम्मेवारी गाउँपालिकाले लिने प्रबन्ध मिलाइनेछ ।<br>२. दुर्गम बस्तीका विद्यालयलाई आवासीय विद्यालयका रूपमा रुपान्तरण लागि आवश्यक पहल गरिनेछ ।<br>३. आवश्यक परेको ठाउँमा स्कुलबसको व्यवस्था समेत गरिनेछ ।<br>४. पालिका/वडा शिक्षा समिति गठन र क्रियाशील गर्दै विद्यालय शिक्षामा पहुँच नपुगेकाको तथ्याङ्क सङ्कलन गरी पहुँच सुनिश्चित गरिनेछ ।<br>५. नियमित रूपमा विद्यालयमा छोराछोरी पठाउने अभिभावकलाई सम्मान गरिनेछ ।<br>६. गरिब तथा आर्थिक रूपमा विपन्न बालबालिकालाई पोशाक, शैक्षिक सामग्री तथा खाजा भत्ताको व्यवस्था गरिनेछ ।<br>७. पालिकाबाट सञ्चालन हुने विकास निर्माण तथा व्यवसाय कार्यमा आर्थिक स्थिति कमजोर भएका अभिभावकलाई सहभागी गराई शिक्षाका लागि रोजगारी अभियान सञ्चालन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| २.२: दलित, अपाङ्गता भएका, विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षाको हक सुनिश्चित गर्ने । | १. दलित, अपाङ्गता भएका, आर्थिक रूपले विपन्न तथा लक्षित समुदायका बालबालिकाको पहिचान गरी उच्च शिक्षा सम्म निःशुल्क गर्न तथा छात्रवृत्ति प्रदान गर्नका लागि सिफारिस गरिनेछ ।<br>२. दृष्टिविहिनलाई ब्रेल लिपी तथा कान सुन्न नसक्नेलाई सांकेतिक भाषामा निःशुल्क शिक्षाको लागि जिल्ला भित्रकै स्रोत कक्षाहरूमा सिफारिस गरिनेछ भने अन्य अपाङ्गता भएका बालबालिकाहरूलाई स्रोत कक्षाको खोजी गरी शिक्षाको हक सुनिश्चित गरिनेछ।<br>३. विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न प्रत्येक विद्यालयमा विशेष छात्रवृत्ति कोषको स्थापना गरिनेछ ।<br>४. विद्यालय जान नसक्ने अपाङ्गता भएका बालबालिकाका लागि घरमै पढाउने र अभिभावक शिक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।<br>५. ब्रेललिपि तथा साङ्केतिक भाषाको तालिम माग भई आएमा उचित व्यवस्थापन गरिनेछ।<br>६. अपाङ्गमैत्री पूर्वाधारहरूको निर्माण गरिनेछ । |
| २.३: अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाका लागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने । | १. औपचारिक शिक्षामा निरन्तरता दिन नसक्ने बालबालिका तथा नागरिकलाई अनुकूल तथा समकक्षी शिक्षाको अवसर प्रदान गर्न खुल्ला तथा वैकल्पिक शिक्षा/ विद्यालयको व्यवस्था गरिनेछ ।<br>२. औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका नागरिकलाई मागमा आधारित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था गरिनेछ ।<br>३. एक विद्यालय एक पुस्तकालय तथा एकवडा—एक सार्वजनिक पुस्तकालयको नीति बनाई सूचनामाथिको पहुँच र पढ्ने बानिको विकास गरी सबैका लागि आजीवन सिकाइको वा जीवन पर्यन्त सिकाइको अवसर प्रदान गरी दिगो विकासको चौथो लक्ष्य पुरा गर्न सहयोग गरिनेछ। |
| **उद्देश्य ३: प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिनु ।** | |
| ३.१: आधारभूत तहमा प्राविधिक तथा व्यावसायिक सीप प्रवर्द्धन गर्ने । | १. आधारभूत तहमा व्यावसायिक सीप प्रदान गर्न स्थानीय पाठ्यक्रममा यस सम्बन्धी विषयवस्तु समावेश गरिनेछ ।<br>२. विद्यालय शिक्षामा निर्वाह मुखी सीपलाई एकीकृत रूपमा समावेश गरिनेछ । |
| ३.२: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँचमा गुणस्तरीयता तथा उपयोगितामा वृद्धि गर्ने । | १. पालिकामा प्राविधिक जनशक्तिको अवस्थाबारे अध्ययन गरी आवश्यक विद्यालयमा स्थानीय आवश्यकता अनुसारका ९—१२ को प्राविधिक धार सञ्चालन गरिनेछ ।<br>२. सबै विद्यालयमा कम्प्युटरको ल्यावको व्यवस्था गर्दै इन्टरनेटको पहुँच सुनिश्चित गरिनेछ ।<br>३. विद्यालयमा प्रयोगात्मक कक्षाका लागि विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ ।<br>४. माध्यामिक तह (कक्षा ११—१२) अध्यापन गर्ने सामुदायिक विद्यालयको स्तर उन्नति एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ४: शैक्षिक विकासका लागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।** | |
| ४.१: उच्च स्तरको जनशक्ति उत्पादनको व्यवस्था गर्ने । | १. गाउँपालिकाको आवश्यकताको पूर्ति तथा शैक्षिक विकासका लागि बहुसंकाय क्याम्पस स्थापनाको पहलका लागि समन्वय सम्भाव्यता अध्ययन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | २. उच्च शिक्षामा प्राविधिक विषयलाई प्राथमिकता दिई उच्च दक्ष जनशक्ति उत्पादन गर्न गाउँपालिका भित्र प्राविधिक धार सञ्चालित विद्यालयलाई पोलीटेक्नीकल शिक्षालयमा स्तरवृद्धि गरिनेछ । |
| ४.२ः विद्यालयको पूर्वाधार निर्माण गर्ने । | १. वालविकास केन्द्रको पूर्वाधार मापदण्ड अनुसार तयार गरिनेछ।<br>२. विद्यालयको भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा विपद् प्रतिरोधी रूपमा तयार गरिनेछ।<br>३. प्रत्येक विद्यालयमा छात्र र छात्राका लागि छुट्टा-छुट्टै सुरक्षित तथा स्वस्थकर शौचालयको व्यवस्था गरिनेछ।<br>४. प्रत्येक विद्यालयमा खेल मैदानको व्यवस्था गरिनेछ ।<br>५. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्यावको व्यवस्था गरिनेछ। |
| **उद्देश्य ५ः संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाइनेछ ।** | |
| ५.१ः संस्थागत तथा निजी विद्यालयहरूको नियमन गरी सेवामुलक बनाउने । | १. नयाँ विद्यालयहरूको अनुमति दिँदा शैक्षिक गुठीको रूपमा मात्र अनुमति दिने व्यवस्था मिलाइनेछ।<br>२. संस्थागत विद्यालयहरूको नियमनका लागि मापदण्ड तयार गरी त्यसैको आधारमा शुल्क निर्धारण, वर्गीकरण, अनुगमन गरी सेवामूलक बनाइनेछ । |
| ५.२ः सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गरी प्रतिस्पर्धी बनाउने । | १. विद्यालयमा विषयगत शिक्षकद्वारा मात्रै शिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।<br>२. अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न चाहने विद्यालयका शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ ।<br>३. कमजोर बालबालिकालाई सुधारात्मक शिक्षण गरी सिकाइ स्तरको वृद्धि गरिनेछ ।<br>४. आवश्यक तालिम दिई बालविकास सम्बन्धी सिकाइ सामग्रीहरूको उत्पादन बालविकास केन्द्रमा नै गर्ने व्यवस्था गरिनेछ ।<br>५. विद्यालयहरूको शिक्षक दरबन्दी, विद्यार्थी सङ्ख्या तथा भौगोलिकता आदिका आधारमा पुन नक्साङ्कन गरी आवश्यकता अनुसार मर्जिङ् गरिनेछ । |

## ५.२.५ कार्यक्रम तथा आयोजना

**तालिका २५: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका कार्यक्रम तथा आयोजना**

| शिक्षा, विज्ञान तथा नवप्रर्वतन | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु.हजारमा) | | | | | | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | विद्यालयको भौतिक पूर्वाधार व्यवस्थापन | एकमुस्ट | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | | | | | |
| २ | विद्यालय नर्स कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | ४ | २ | २ | ३ |
| ३ | पालिकास्तरमा स्नातक तहसम्मको शिक्षा सञ्चालन सहजिकरण तथा व्यवस्थापन | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | ४ | २ | २ | ३ |
| ४ | शिक्षकको क्षमता विकास तथा पूनर्ताजगी तालिम सञ्चालन | पटक | | ५ | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | | ४ | २ | १ | ३ |
| | विद्यालय भवन निर्माण (भाम गाउँ आ.वि. लगायत) | एकमुस्ट | | | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | | | | | |
| ५ | शिक्षक दरबन्दी पदपूर्ती तथा मिलान कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | ४ | २ | ३ | ३ |
| ६ | प्रविधिमैत्री विद्यालय निर्माण कार्यक्रम | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | ४ | २ | ३ | ३ |
| | **शिक्षा, विज्ञान तथा नवप्रर्वतनको जम्मा** | | | | १३७०० | १३७०० | १३७०० | १३७०० | १३७०० | ६८५०० | | | | | |

## ५.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका २६: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| शिक्षा | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधारवर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ६५.५ | ६६ | ६७ | ६७ | ६९ | ७० | ७० | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन भएकाे हुनेछ । | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ९० | ९१ | ९२ | ९३ | ९४ | ९५ | ९५ | | |
| | | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ८५ | ८६ | ८७ | ८८ | ८९ | ९० | ९० | | |
| **असर** | गाउँपालिकाको शैक्षिक सूचकांकमा उल्लेख्य सुधार भएको हुनेछ । | बाल कक्षा/पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना दर | प्रतिशत | ६३.१ | ६५ | ६७ | ६९ | ७१ | ७३ | ७३ | | |
| | | विद्यालय शिक्षा (१-१२) को भर्नामा लैङ्गिक समता | महिला प्रति सय पुरुष | १:०९ | १:१ | १:१ | १:१ | १:१ | १:१ | १:१ | | |
| | | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | १५ | १६ | १७ | १८ | १९ | २० | २० | | |
| | | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४७.१ | ४७.५ | ४८ | ४८.५ | ४९ | ५० | ५० | | |
| | | माध्यमिक तह (९-१२) मा कुल भर्नादर | प्रतिशत | ७१.९ | ७१.९ | ७२.५ | ७३ | ७३.५ | ७४ | ७४ | | |
| | | आधारभूत तह (१-८) मा कुल भर्नादर | प्रतिशत | ९५ | ९५.५ | ९६ | ९६.५ | ९७ | ९७.५ | ९७.५ | | |
| | | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९४.७ | ९५ | ९६ | ९७ | ९८ | ९८ | ९८ | | |
| **प्रतिफल** | विद्यालय छाड्ने विद्यार्थीको दर (Dropout Rate) न्यून हुनेछ । शिक्षक विद्यार्थी अनुपात आवश्यकता अनुरुप व्यवस्थापन भएको छ | आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी | प्रतिशत | ५.३ | ४ | ३ | २ | १ | ० | ० | | |
| | | उच्च शिक्षाको भर्नामा लैङ्गिक समता | महिला प्रतिसय पुरुष | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | | विद्यालय छाड्ने विद्यार्थीको दर (Dropout Rate) | प्रतिशत | ३.६६ | ३.५५ | २.५ | २ | १.५ | १ | १ | | |
| | | विद्यालय शिक्षा (१-१२) शिक्षक- विद्यार्थि अनुपात | अनुपात | १:४५ | १:४४ | १:४४ | १:४४ | १:४४ | १:४४ | १:४४ | | |
| | प्राविधिक र व्यवसायिक विद्यालय को स्तरउन्नति भएको हुनेछ । | प्राविधिक धारको विद्यालय सञ्चालन | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | सङ्ख्या | ९० | १०० | ११० | १२० | १३० | १३६ | १३६ | | |
| | | प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रम सञ्चालन भइरहेका विद्यालयहरू | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| | विद्यालयहरूको गुणात्मक परिवर्तन भएको हुनेछ । | स्नातक तहको पढाइ हुने कलेज | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | स्नातक तहको विद्यार्थी | सङ्ख्या | १५ | ५० | ६० | ७० | ८० | ९० | ९० | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बाल क्लब गठन भएका विद्यालय | सङ्ख्या | ३० | ३२ | ३४ | ३६ | ३७ | ३८ | ३८ | | |
| | | कम्प्युटर प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | ८ | २२ | ३० | ३९ | ३९ | ३९ | ३९ | | |
| | शिक्षामा सबैको पहुँच सुनिश्चित भई समुदायको शैक्षिक स्तर माथि उठेको हुनेछ । | विज्ञान प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | ८ | ९ | १० | ११ | १२ | १४ | १४ | | |
| | | ईन्टरनेट सुविधा भएका विद्यालय | सङ्ख्या | १६ | २१ | २६ | ३१ | ३६ | ३९ | ३९ | | |
| | | शिक्षक विद्यार्थी अनुपात | अनुपात | १:४५ | १:४४ | १:४४ | १:४४ | १:४४ | १:४४ | १:४४ | | |
| | सामुदायिक र संस्थागत तहबाट प्रदान गरिने शिक्षाको गुणस्तरमा रहेको अन्तर घटेको हुनेछ । | छात्रामैत्री विद्यालय | सङ्ख्या | १२ | १४ | १६ | १८ | २० | २२ | २२ | | |
| | | अपाङ्गतामैत्री विद्यालय | सङ्ख्या | ५ | ६ | ७ | ८ | ९ | १० | १० | | |
| | | आवासीय विद्यालय | सङ्ख्या | ० | ० | १ | २ | ३ | ४ | ४ | | |
| | | माध्यमिक शिक्षा कक्षा(११-१२) सञ्चालित सामुदायिक विद्यालय | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| | | सामुदायिक विद्यालय | सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | | |
| | | संस्थागत विद्यालय | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| | विपन्न वर्ग तथा दलित विद्यार्थीलाई उच्च शिक्षा (इञ्जिनियरिङ्ग, मेडिकल, कृषि, वन, आदिमा) गाउँपालिकाबाट छात्रवृत्ति प्रदान हुनेछ र पालिकामा प्राविधिक जनशक्तिको आपूर्ति सहज हुनेछ । | प्राविधक विषयमा अध्ययनरत दलित छात्रवृत्ति प्राप्त विद्यार्थी | सङ्ख्या | ५ | ७ | ९ | ११ | १३ | १५ | १५ | | |
| | | प्राविधक विषयमा अध्ययनरत विपन्न छात्रवृत्ति प्राप्त विद्यार्थी | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | | | | | | | | | | | |

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा पार्ने बहु आयामिक प्रभावलाई दृष्टिगत गरी यस सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ । दिगो विकास लक्ष्यले समेत खानेपानी तथा सरसफाइ सम्बन्धी स्पष्ट लक्ष्य निर्धारण गरेको छ । खुला दिशा मुक्त क्षेत्र घोषणा भइ सकेको यस गाउँपालिकामा **एक घर, एक धारा** तथा सबै पक्की शौचालय निर्माणमा जोड दिइएको छ । फोहोर व्यवस्थापनका लागि गाउँपालिका स्तरबाट पहल गरिएको छ । खानेपानी र सरसफाइ आम नागरिकका आधारभूत आवश्यकता हुन् । यी मानव स्वास्थ्यसँग प्रत्यक्ष जोडिएका क्षेत्रहरू समेत हुन् । नेपालको संविधान को भाग ३ को धारा ३५ (४) अनुसार प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भन्ने उल्लेख गरिएको छ । त्यसैगरी नेपाल सरकारको तत्कालीन सहरी विकास मन्त्रालयले राष्ट्रिय खानेपानी तथा सरसफाइ नीति २०१४ मा खानेपानी र सरसफाइलाई जनस्वास्थ्यको प्रवर्द्धनको लागि अपरिहार्य आधारको रूपमा लिएको छ । यसैगरी नेपाल जनस्वास्थ्य ऐन २०७५ को धारा ४१ मा सङ्घीय कानुनको मातहतमा रहेर मानव स्वास्थ्यलाई हानी पुऱ्याउने प्रदूषण रोक्न सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आवश्यक नियमावली बनाउन सक्ने र लागू गर्न सक्ने व्यवस्था गरेको छ

### ५.३.२ समस्या तथा चुनौती

स्वच्छ, सफा तथा व्यवस्थित पिउने पानीको लागि सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका अतिरिक्त गैर सरकारी र निजी क्षेत्रबाट समेत निरन्तर रूपमा प्रयासहरू हुँदै आएका छन् । ग्रामीण क्षेत्रमा खानेपानीको लागि उपभोक्ताहरू ले दिगो योजना माग नगरी खाली पाइप मात्र माग गर्ने र गाउँपालिकाले पाइप वितरण गर्ने विकासको ढाँचा अहिलेको दिगो विकासको लागि सबैभन्दा ठूलो समस्या बनेर देखिएको छ । यस्तो प्रकारको वितरण मुखी विकासे मोडेलका कारण खानेपानीको क्षेत्रमा योजनाले दिगो रूप लीन सकेको छैन । खानेपानीका आयोजनामा स्थानीय समुदायको अपनत्वको कमी र सरसफाइ जन्य परम्परागत व्यवहारका कारण आशातीत सुधार हुन सकेको छैन । मानिसहरूको जमघट हुने सार्वजनिक स्थलमा सार्वजनिक शौचालयको कमी रहेको छ । स्वच्छ तथा सुरक्षित खानेपानीको व्यवस्था हुन सकेको छैन भने सुक्खा याममा कतिपय बस्तीमा खानेपानीको अभाव हुने गरेको छ ।

सरसफाइ सम्बन्धी आनीबानी कमजोर हुनुका साथै यस क्षेत्रमा घरमै फोहोर वर्गीकरण गरी व्यवस्थापन गर्ने अभ्यास भइसकेको छैन । मुख्य बजारहरूमा प्लास्टिक तथा सिसा जन्य फोहोरको व्यवस्थापन हुन नसक्दा वातावरणीय प्रदूषण बढ्दै गएको छ । साथै बजार केन्द्रहरूमा समेत सडक नाली र ढल सुविधा उपलब्ध रहेको छैन । सार्वजनिक शौचालयमा साबुन, पानी आदिको नियमित व्यवस्थापन हुन सकिरहेको छैन । पहिरोको कारण वर्षे पिच्छे खानेपानीका मूल तथा पाइपहरूमा क्षति हुँदै गइरहेको छ । खानेपानीका मुहानहरू बस्ती भन्दा टाढा हुनु, पाइपलाई मापदण्ड अनुसार जमिनमुनि नपुर्नु, कमजोर पाइप प्रयोग गर्नु मर्मत सम्भारमा उपभोक्ताको चासो कम हुनु, खानेपानीका पाइपहरू ठूला भिर पाखा तथा खोला

खोल्सी हुँदै धारासम्म ल्याउनु, मर्मत सम्भार कोष र समितिको व्यवस्थापनमा कम ध्यान दिनु, आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ५.३.३ सम्भावना तथा अवसर

गाउँपालिकामा जलस्रोत समिति गठन भई सक्रिय हुनु, आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्र तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, आयोजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु, बस्ती नजिकै पानीका स्रोतहरू (स्थानीय खोला र मूल) को उपलब्धता रहनु, भूमिगत प्रणालीबाट खानेपानी सुविधा पुऱ्याउन सकिने प्रविधिको विकास हुनु तथा खोला तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु यस गाउँपालिकामा खानेपानी तथा सरसफाइ प्रवर्द्धनका अवसरहरू हुन् ।

### ५.३.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा पूर्ण आनीबानी परिवर्तन सहितको समुदाय निर्माण गर्ने ।

**उद्देश्य**

१. आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।
२. गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु ।
३. प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहर मैलाको व्यस्थापन गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका २७: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्य नीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।** | |
| १.१: पहुँच नभएका बस्तीहरूमा खानेपानीको सेवा विस्तार गर्न खानेपानीका स्रोतहरूको पहिचान गर्ने | १. विद्यमान तथा वैकल्पिक खानेपानीका स्रोतहरूको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ ।<br>२. खानेपानीका स्रोतहरूको खोजी तथा संरक्षण गरिनेछ।<br>३. “एकघर एक धारा” कार्यक्रम निरन्तर लागु गरिनेछ ।<br>४. आधारभूत खानेपानीको पहुँच वृद्धिको लागि वडा स्तरमा विभिन्न ठाउँमा पानी ट्यांकीको सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>५. नयाँ संरचनाको लागि आवश्यक जग्गाको व्यवस्था मिलाइनेछ । |
| **उद्देश्य २: गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु ।** | |
| २.१: आधारभूत खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने । | १. विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन गरिनेछ ।<br>२. आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाको लागि संरचना निर्माण गरिनेछ ।<br>३. सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ ।<br>४. निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ५. व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनको लागि जनशक्तिको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३ः प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहर मैलाको व्यस्थापन गर्नु ।** | |
| **३.१ः** प्रत्येक घर परिवारमा आधारभूत शौचालय तथा सरसफाइको व्यवस्था गर्ने । | १. निर्माण भएका शौचालयहरूको समुचित प्रयोगबारे अनुगमन गरिनेछ।<br>२. घरबाट उत्पादन हुने अन्य फोहर व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रसिक्षणको व्यवस्था गरिनेछ ।<br>३. हरेक घरबाट निस्किने कुहिने प्रकृतिका फोहर मैलाबाट कम्पोस्ट मल बनाउन प्रत्येक परिवारलाई प्रेरित गरिनेछ ।<br>४. घरबाट निस्किने पानीलाई सङ्कलन गरी करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ।<br>५. समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ ।<br>६. सरसफाइ सम्बन्धी जन चेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>७. पूर्ण आनीबानी परिवर्तन सम्बन्धी तालिमहरू सञ्चालन गरिनेछ । |

### ५.३.५ कार्यक्रम तथा आयोजना

**तालिका २८: खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजना**

| खानेपानी तथा सरसफाई | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु.हजारमा) | | | | | | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | सोरु ३ नं वडामा लिफ्ट खानेपानी सिँचाइ निर्माण | सङ्ख्या | | १ | | | | ५००० | ५००० | १०००० | | ६ | ५ | २ | १ |
| २ | एक घर एक धारा कार्यक्रम वडा नं ९,१०,११ | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | ६ | ५ | २ | १ |
| ३ | खानेपानीका संरचना मर्मत संभार कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | ६ | ५ | २ | १ |
| ४ | आकाशे पानी सङ्कलन कार्यक्रम | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | | | |
| ५ | सार्वजनिक शौचालय निर्माण - सोरुकोट र तारापानी | सङ्ख्या | | २ | | | १०००० | | १०००० | २०००० | | ६ | ५ | २ | २ |
| ६ | विपन्न परिवारकालागि शौचालय निर्माण सहायता कार्यक्रम | एकमुस्ट | | | | | | २००० | २००० | ४००० | | ६ | ५ | ३ | १ |
| | **खानेपानी तथा सरसफाइको जम्मा** | | | | २५०० | २५०० | १२५०० | ९५०० | १९५०० | ४६५०० | | | | | |

### ५.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका २९: खानेपानी तथा सरसफाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| खानेपानी तथा सरसफाइ | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | पालिका क्षेत्रमा सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा विस्तार हुनेछ । | आधारभूत खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ७४.५५ | ८० | ९० | १०० | १०० | १०० | १०० | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वच्छ खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ६.६३ | १० | १५ | २० | २५ | ३० | ३० | | |
| | | शौचालय भएका घरपरिवार | प्रतिशत | ९७.६४ | ९७ | ९८ | १०० | १०० | १०० | १०० | | |
| **असर** | आधारभूत खानेपानीको पहुँच हरेक टोल समुदायलाई हुनेछ । | पाईपद्वारा वितरित पानी उपयोग गर्ने परिवार | प्रतिशत | ७४.५५ | ८० | ९० | १०० | १०० | १०० | १०० | | |
| | | खानेपानीको मुहान संरक्षण | सङ्ख्या | ३० | ३० | ३५ | ४० | ४५ | ५० | ५० | | |
| **प्रतिफल** | आधारभूत सरसफाइमा सुधार गरी समुदायलाई प्रदूषणमुक्त बनाउन सकिनेछ । | सेफ्टिट्यांकी सहितको शौचालय भएको परिवार | प्रतिशत | १.९ | १.९ | २ | ३ | ४ | ५ | ५ | | |
| | | साधारण शौचालय भएको परिवार | प्रतिशत | ९५.७४ | ९८.१ | ९८ | ९७ | ९६ | ९५ | ९५ | | |
| | | सार्वजनिक शौचालय | सङ्ख्या | ० | ० | १ | १ | २ | २ | २ | | |
| | संक्रामक रोगको फैलावटमा कमी आउनेछ । | जोखिमयुक्त अवस्थामा साबुन पानीले हात धुने | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९८ | ९८ | ९८ | | |
| | | उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | ६.६३ | १० | १५ | २० | २५ | ३० | ३० | | |

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

आर्थिक-सामाजिक जीवनमा महिलालाई पुरुष सरह बनाउने, लैङ्गिक हिंसा तथा घरेलु हिंसा घटाउने, महिलाहरू बीच जातीय, क्षेत्रीय र वर्गीय विभेद समाप्त पार्ने, ग्रामीण महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रम सञ्चालनमा ल्याउने र बाल-विवाह, दाइजो प्रथा, छाउपडी र बोक्सी जस्ता कुरीति जन्य व्यवहार अन्त्य गर्ने दिशामा राज्य प्रतिबद्ध रहेको छ ।

नेपालको संविधानको प्रस्तावना सहित धेरै धाराहरू समावेशी व्यवस्थाको लागि खर्चिएको छ । संविधानको धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हक, धारा ३८ महिलाको हक, धारा ३९ बालबालिकाको हक, धारा ४० दलितको हक, धारा ४१ ज्येष्ठ नागरिकको हक, धारा ४३ सामाजिक सुरक्षाको हक लगायतका हकका बारेमा व्यवस्था गरिएको छ । त्यसैगरी संविधानको धारा २५२ राष्ट्रिय महिला आयोग, धारा २५५ राष्ट्रिय दलित आयोग, धारा २५८ राष्ट्रिय समावेशी आयोग, धारा २६१ आदिवासी जनजाति आयोग, धारा २६२ मधेशी आयोग, धारा २६६ थारू आयोग र धारा २६४ मुस्लिम आयोग गरी धेरै आयोगहरू समेतको व्यवस्था भएकोले यो संविधानलाई समावेशीको दृष्टिले विश्वमै उत्कृष्ट संविधान मानिन्छ । समावेशी कानुनले लैङ्गिक विभेदको अन्त्य गर्ने सङ्कल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ । नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महा सन्धि, १९७९ को अनुमोदन तथा दिगो विकासका लक्ष्य नं. ५ मा लैङ्गिक समानता तथा सशक्तीकरणको विषय समावेश भएको छ । महिलाहरूको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रक्रियामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ ।

### ५.४.२ समस्या तथा चुनौती

स्थानीय सरकारमा लक्षित वर्गको लागि कार्य गर्ने लैससास समिति संस्थागत हुन सकेको छैन । गाउँपालिकामा दलित वर्गका लागि कति बजेट विनियोजन गर्ने भन्ने बारेमा गाउँसभाबाट स्पष्ट निर्णय हुन सकेको छैन । लक्षित वर्गका लागि तर्जुमा गरिएका कार्यक्रमहरू दिगो भन्दा पनि वितरण मुखी रहेका छन् । लक्षित वर्गको चौतर्फी हितका लागि नीति गत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भए तापनि दलित, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक तथा आदिवासी जनजाति र विपन्न वर्गको सामाजिक तथा आर्थिक अवस्थामा उल्लेख्य सुधारहरू हुन सकेका छैनन् । वाल विवाह, लैङ्गिक हिंसा, दलित, विपन्न तथा वाल हिंसाका घटनाहरूको अन्त्य हुन सकेको छैन । लैङ्गिक हिंसा पीडित, महिलाको पहिचान हुन सकेको छैन भने हिंसा विरुद्धमा महिला आवाज सरोकार वालहरूबाट सशक्त रूपमा उठ्न सकेको छैन । बस्ती स्तरमा छुवाछूत तथा सामाजिक विभेद अझै पनि कायमै रहेको छ । विपन्न, हिंसा पीडित र असहायहरूका लागि विशेष व्यवस्था हुन सकेको छैन । सबै लक्षित वर्गको सञ्जाल हरू गठन भएको भए ता पनि संस्थागत हुन सकेका छैनन् । लक्षित वर्गको आत्म निर्भरताका लागि पर्याप्त अवसर तथा क्षमता विकासका अवसरमा कमी रहेको छ ।

### ५.४.३ सम्भावना तथा अवसर

स्थानीय सरकारको रूपमा स्थापित गाउँपालिकाले सामाजिक असमानता तथा विभेदका कारण सामाजिक तथा आर्थिक रूपले पछाडि परेका यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्गको उत्थान गरी विकासको मूल प्रवाहमा समाहित गर्ने प्रयास गर्दै आएको छ । लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानव अधिकार सहित सर्वाङ्गीण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ गाउँपालिका ले कार्य गर्दै आएको छ । साथै लैङ्गिक समानता तथा समावेशीकरणलाई समेट्न सके मात्र गाउँपालिका ले समता मूलक, समृद्ध गाउँपालिका को रूपमा आफ्नो पहिचान स्थापित गर्न सक्ने सम्भावना रहेको छ ।

लैङ्गिक मैत्री संविधान तथा राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता तथा समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, बालबालिकाको मौलिक हक सम्बन्धी सवालका लागि विभिन्न नीति तथा कार्यक्रमको प्राथमिकताका साथ तर्जुमा हुनु, संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित हुनु तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था संविधान तथा ऐनद्वारा ग्यारेन्टी गरिनु तथा अपाङ्गता भएका व्यक्तिहरू स्वयम् क्रियाशिल भई सङ्गठित हुनु आदि अवसरका रूपमा रहेका छन् ।

### ५.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

महिला तथा लक्षित वर्ग विरुद्ध हुने विभेदको अन्त्य गरी सक्षम र आत्म सम्मान सहितको समुदाय निर्माण गर्ने ।

<u>उद्देश्य</u>

१. महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु
२. बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गर्नु
३. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु
४. अपाङ्गता भएका व्यक्तिलाई स्रोत साधन र प्रविधिद्वारा जीवनयापनमा सहजताका साथै आत्मसम्मानमा वृद्धि गर्ने ।

<u>रणनीति तथा कार्यनीति</u>

**तालिका ३०: महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्य नीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: महिलाको हक-अधिकारको संरक्षण र लैङ्गिक समता कायम गर्नु ।** | |
| **१.१:** गाउँपालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता वृद्धि गर्ने । | १. नीति निर्माण र कार्यान्वयनमा महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ ।<br>२. लैङ्गिक समानता प्राप्तिको लागि महिला-पुरुष दुबैको सक्रिय सहभागितामा वृद्धि गरिनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १.२: लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम कार्यान्वयन गर्ने । | १. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रणको कानुनी उपचार प्रणालीलाई पहुँच योग्य बनाइनेछ।<br>२. स्थानीय तहमा हिंसा प्रभावित महिलाहरूको लागि पुनर् स्थापना तथा सुरक्षा गृह स्थापना तथा सञ्चालनका साथै गाउँपालिका मा राहत कोषको सञ्चालन गरिनेछ। |
| **उद्देश्य २: बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बाल मैत्री वातावरण सृजना गर्नु ।** | |
| २.१: विभेद, हिंसा, उत्पीडन, शोषणबाट बालबालिकालाई उचित संरक्षण गर्ने । | १. सबै घर परिवार, समुदाय तथा विद्यालयहरूमा बाल मैत्री स्थानीय शासन सहितको वातावरण तयार गरिनेछ ।<br>२. बालबालिका विरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, बाल श्रम, बलात्कार, बेच विखन जस्ता अपराध विरुद्ध सचेतन मूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३. हिंसा प्रभावित बालबालिकाको उचित संरक्षण तथा पुनर् स्थापनाका लागि बाल हेल्पलाइन सेवाको व्यवस्था गरिनेछ ।<br>४. अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर् स्थापना केन्द्र तथा बालकोषको स्थापना गरिनेछ<br>५. बाल विवाह न्यून करणका लागि उचित कदम चालिनेछ । |
| २.२: बालबालिकाको सहभागिता वृद्धि गर्ने । | १. बाल क्लब तथा बाल सञ्जालको गठन, विस्तार तथा परिचालन गरी बालबालिकाको सहभागिता बढाइनेछ ।<br>२. स्थानीय नीति निर्माण तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ ।<br>३. बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागितामा वृद्धि गरिनेछ । |
| २.३: बाल मैत्री वातावरणको विकास गर्ने । | १. बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रत्येक वडामा बाल उद्यान निर्माण गरिनेछ ।<br>२. बाल मैत्री स्थानीय शासनका माध्यमबाट बाल अधिकार सूचकहरू पूरा गरी बाल मैत्री पालिका घोषणा गरिनेछ । |
| **उद्देश्य ३: ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु ।** | |
| ३.१: ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने । | १. आफ्ना आमा बाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको प्रवर्द्धन गरिनेछ ।<br>२. आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रमको व्यवस्था गरिनेछ । |
| ३.२: ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गरी सहभागितामा वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नका साथै अन्तर पुस्ता हस्तान्तरण गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **३.३**: ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकलाई सम्मान स्वरूप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ ।<br>२. ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुऱ्याएको योगदानको आधारमा सम्मान गरिनेछ । |
| **उद्देश्य ४: अपाङ्गता भएका व्यक्तिलाई स्रोत साधन र प्रविधिद्वारा जीवनयापनमा सहजताका साथै आत्मसम्मानमा वृद्धि गर्ने ।** | |
| ४.१: अपाङ्ग मैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने । | १. भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्ग मैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ ।<br>२. शिक्षण सिकाइ पद्धति अपाङ्ग मैत्री बनाई गुण स्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ ।<br>३. अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ । |
| ४.२: अपाङ्ग व्यक्तिहरू प्रति गरिने हिंसाको न्यूनीकरण गर्ने । | १. अपाङ्ग व्यक्तिहरू प्रति गरिने विभेद र हिंसा निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्गता भएका व्यक्तिको सहभागितामा वृद्धिका लागि आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । |

### ५.४.५ कार्यक्रम तथा आयोजना

**तालिका ३१: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु हजारमा) | | | | | | बजेट प्रतिशत | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलबायू सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | | | | | | | |
| १ | सोरु आवास परियोजना | सङ्ख्या | | ७५ | ७५०० | ७५०० | ७५०० | ७५०० | ७५०० | ३७५०० | २.७० | | | ५ | ६ | १ | ३ |
| २ | अध्यक्ष ज्येष्ट नागरिक न्यानो भेटघाट कार्यक्रम | पटक | | ५ | १८०० | १८०० | १८०० | १८०० | १८०० | ९००० | ०.६५ | | | ५ | ६ | १ | ३ |
| ३ | एक वडा एक जेष्ठ नागरिक चौतारी निर्माण | सङ्ख्या | | ११ | १००० | १००० | १००० | १००० | १५०० | ५५०० | ०.४० | | | ५ | ६ | १ | ३ |
| ४ | बाल उद्यान निर्माण | सङ्ख्या | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.३६ | | | ५ | ६ | १ | ३ |
| ५ | अपाङ्गमैत्री संरचना निर्माण तथा व्यवस्थापन | एकमुस्ट | | | १००० | १२०० | १४०० | १६०० | २००० | ७२०० | ०.५२ | | | ५ | ६ | २ | ३ |
| ६ | अपाङ्ग बालबालिका न्यानो कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.३६ | | | ५ | ६ | २ | ३ |
| ७ | अपाङ्ग /बालबालिका सशक्तीकरण कार्यक्रम | एकमुस्ट | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ०.११ | | | ५ | ६ | २ | ३ |
| ८ | एकल महिला उद्यम विकास सहायता कार्यक्रम | एकमुस्ट | | | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ०.२९ | | | ५ | ६ | २ | ३ |
| ९ | उपाध्यक्षसँग महिला तथा युवा स्वरोजगार कार्यक्रम | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | ०.७२ | | | ५ | ६ | २ | ३ |
| १० | महिलाकालागि क्षमता विकास तालिम कार्यक्रम | एकमुस्ट | | | ५५० | ५५० | ५५० | ५५० | ५५० | २७५० | ०.२० | | | ५ | ६ | २ | ३ |
| ११ | लैङ्गिक हिंसा विभेद एवं शोषण विरुद्ध अनुशिक्षण, अन्तरक्रिया | एकमुस्ट | | | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | ०.१६ | | | ५ | ६ | २ | ३ |
| | **महिला, बालबालिका तथा लक्षित वर्गको** | | | | १७४०० | १७६०० | १७८०० | १८००० | १८९०० | ८९७०० | ६.४६ | | | | | | |

### ५.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ३२: महिला, बालबालिका तथा लक्षित वर्गका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| महिला, बालबालिका तथा लक्षित वर्ग | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिविरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मानपूर्ण जीवन यापन भएकाे हुनेछ । | महिला/घरेलु हिंसा | प्रतिशत | १ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | | |
| | | बालश्रम | प्रतिशत | १ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | | |
| | | अपाङ्गमैत्री सार्वजनिक सेवा प्रदायक संस्था | सङ्ख्या | १२ | १२ | १२ | १२ | १२ | १२ | १२ | | |
| | | बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| असर | पालिका र पालिका मातहतका सबै निकायहरूमा सामाजिक समवेशिकरंका आधारमा समतामुलक सेवा प्रभाव भएकाे हुनेछ । | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | सङ्ख्या | ५० | ७० | ९० | ११० | १३० | १५० | १५० | | |
| | | तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | ३० | ३२ | ३५ | ३७ | ४० | ४५ | ४५ | | |
| | | कुल सहभागीहरूमा महिलाको प्रतिशत | प्रतिशत | ३० | ३० | ३२ | ३४ | ३६ | ४० | ४० | | |
| प्रतिफल | लैङ्गिक हिंसा अन्त गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन हुनेछ । | लैङ्गिक हिंसा र छुवाछुत सम्बन्धी घटना दर्ता | सङ्ख्या | १० | ५ | ० | ० | ० | ० | ० | | |
| | | लैङ्गिक हिंसा र छुवाछुत सम्बन्धी सचेतना कार्यक्रम | सङ्ख्या | ११ | १ | १ | १ | १ | १ | ५ | | |
| | | पिडित महिलाहरूको लागि सुरक्षित आवास गृह | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | GESI परिक्षण | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | सबै प्रकारका विभेद, हिंसा, उत्पीडन, शोषणबाट सबै प्रकारका बालबालिकालाई उचित संरक्षण हुनेछ । | बाल हेल्पलाइन सञ्चालन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | बाल उद्यान | सङ्ख्या | ० | ० | २ | २ | ४ | ४ | ४ | | |
| | | सुरक्षित बाल गृह | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना हुनेछ । | जेष्ठ नागरिक दिवा सेवा केन्द्र | सङ्ख्या | ० | ० | १ | २ | २ | २ | २ | | |
| | | जेष्ठ नागरिक सम्मान | सङ्ख्या | ६० | १२० | १८० | २४० | ३०० | ३६० | ३६० | | |
| | | अपाङ्गता भएकाहरूको लागि दिवा सेवा केन्द्र | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |

| महिला, बालबालिका तथा लक्षित वर्ग | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्टयाँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा सहज पहुँच हुनेछ । | यौनिक तथा लैङ्गिक अल्पसंख्यक मैत्री सार्वजनिक शौचालय | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिने विभिन्न प्रकारको हानिकारक अभ्यास तथा परम्परा, विभेद र हिंसा आदिको न्यूनीकरण भएको हुनेछ | अपाङ्गता सम्बन्धि हेल्प डेक्स सञ्चालन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | कुल सहभागीहरूमा अपाङ्गता भएका | प्रतिशत | १ | १ | १.५ | २ | २ | २ | २ | | |

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

गाउँपालिकाको समग्र विकासको लागि युवा तथा खेलकुदको निकै ठूलो भूमिका हुन्छ । युवा शक्तिको पहिचान र परिचालन गर्न सकेमा समग्र विकास प्रक्रियामा युवाले योगदान गर्न सक्छन् । विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ । जनसाङ्ख्यिक पूँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक-आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट पालिका को विकासमा योगदानको वातावरण सिर्जना गर्नु पर्ने भएको छ । यसका साथै स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्नुपर्ने देखिन्छ ।

### ५.५.२ समस्या तथा चुनौती

युवा लक्षित विकासका कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु, बजारको माग र आपूर्तिका आधारमा रोजगार सिर्जनाका लागि उचित योजना अनुसार जनशक्ति उत्पादन हुन नसक्नू यस क्षेत्रका समस्याहरू हुन् । युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुँदा विदेश पलायन हुन बाध्य हुनु, सीप र तालिम विनाका अदक्ष कामदारहरू वैदेशिक रोजगारीमा पठाउँदा पर्याप्त रेमिटेन्स भित्रिन नसक्नू, विदेश जाने युवाहरूको पनि जीविकोपार्जनको ग्यारेन्टी नहुनु आदि सवालहरूलाई पनि समस्याका रूपमा लिइएको छ । खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु, पालिका मा भएका खेलकुद पूर्वाधारहरू गुण स्तरीय, आधुनिक र सुविधा युक्त नहुनु, युवा तथा खेलकुद क्लबहरू वैधानिक रूपमै सञ्चालन गर्न नसक्नू, क्लबहरूको आफ्नै भवन र पूर्वाधार नहुनु, खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित रूपमा प्रशिक्षण दिई उनीहरूको मनोबल उच्च बनाई जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसकिनु, आदि यस क्षेत्रका थप समस्याहरू हुन् । विभिन्न निकायहरूबाट आयोजित खेलकुद प्रतियोगिताहरूमा नियमित रूपमा प्रतिस्पर्धी हुन नसक्नू, खेलकुदको विकास र लगानीमा निजी क्षेत्रलाई प्रोत्साहन गरी लगानी आकर्षण गर्न नसक्नू, खेल सम्बद्ध संस्थाहरूको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्न नसक्नू, साहसिक खेलकुदमा पर्याप्त ध्यान दिन नसकिनु जस्ता विषय प्रमुख समस्याका रूपमा रहेका छन् ।

श्रम बजारमा वर्षै पिच्छे थपिने युवालाई रोजगार मूलक र व्यावसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु, युवा प्रतिभा-पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृति प्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु आदि सवालहरूलाई चुनौतीका रूपमा हेरिएको छ । युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, उपयुक्त खेल पूर्वाधार- आधारशिला निर्माण गर्नु तथा समुदायदेखि नै खेलकुदलाई आत्मसात् गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र शिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको

आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्ने जस्ता कार्यहरू चुनौतीका रूपमा रहेका छन् ।

### ५.५.३ सम्भावना तथा अवसर

संविधानमै युवा विकास सम्बन्धी व्यवस्था हुनु, राष्ट्रिय युवा परिषदको गठन र परिचालन हुनु, देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, संविधानले नै खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिइनु, तल्लो तह बस्ती/टोल स्तरमा पनि युवा क्लब गठन भई समुदायमा सक्रिय रहनु, आदिलाई प्रमुख अवसरका रूपमा लीन सकिन्छ । स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु तथा विद्यालय तहको पाठ्यक्रममा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु आदिलाई यो क्षेत्रका अवसरहरू हुन् भन्न सकिन्छ ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सीप विकास, स्व रोजगारी र खेलकुदको माध्यमबाट युवाहरूलाई सक्षम तथा योग्य नागरिक बनाउने।

**उद्देश्य**

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।
२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।

**रणनीति तथा कार्य नीति**

**तालिका ३३: युवा तथा खेलकुदका रणनीति तथा कार्य नीतिहरू**

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **उद्देश्य १: युवाहरूलाई उद्यम शील, स्व रोजगार र स्वावलम्बी बनाउँदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।** | |
| १.१: विकासमा युवा सहभागिता बढाउने । | १. विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. पालिका का नीति-कार्यक्रम निर्माण तथा अनुगमन-मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |
| १.२: युवालाई उद्यम शील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने । | १. रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, साझेदारीका वित्तीय संस्थाहरू मार्फत सहुलियत व्याज दरमा ऋण उपलब्ध गराइनेछ।<br>२. युवालाई उद्यमशील र व्यवसायी बनाउन विभिन्न प्रोत्साहन, अनुदान र सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.३: युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने । | १. युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यावसायिक तथा प्राविधिक तालिम उपलब्ध गराइनेछ।<br>२. वैदेशिक अध्ययन तथा रोजगारी बाट आर्जन भएका पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादन मूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ। |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| | ३. परम्परागत पेसा र व्यवसायको जगेर्ना, आधुनिक करण, र व्यवसायी करण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ । |
| १.४: युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | १. सिर्जनात्मक अन्वेषण र नव प्रवर्तन कार्य गरी राष्ट्रको गौरव बढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२. विकास वा खेलकुद सम्बन्धी विभिन्न क्लबहरूको स्थापना तथा प्रभावकारी सञ्चालन मार्फत युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गरिनेछ ।<br>३. युवाहरूलाई परिवार र समाज प्रति जिम्मेवारी गराइनेछ ।<br>४. युवाहरूलाई लागू पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मूलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ ।<br>५. वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ। |
| **उद्देश्य २: खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।** | |
| २.१: खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने । | १. खेल विकासका लागि आवश्यक सुविधा सम्पन्न पूर्वाधारहरू निर्माण गरिनेछ।<br>२. सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार स्तर उन्नति र सुदृढ गरिनेछ।<br>३. प्रत्येक वार्डमा कवर्डहल तथा आवश्यक खेल सामग्रीको व्यवस्था गरिनेछ। |
| २.२: खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने । | १. खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सहयोग र सहकार्य गरिनेछ ।<br>२. खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हासिल गरेका देशी, विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ। |
| २.३: प्रतिभावान् खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने । | १. राष्ट्र र प्रदेशको गौरव राख्न सफल खेलाडीहरूलाई उचित सम्मान एवम् पुरस्कार को व्यवस्था गरिनेछ ।<br>२. स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान् खेलाडीको पहिचान, विकास, सम्मान तथा प्रोत्साहन गरिनेछ ।<br>३. विद्यालय तथा पालिका तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।<br>४. खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

### ५.५.५ कार्यक्रम तथा आयोजना

तालिका ३४: युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजना

| क्र.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु हजारमा) | | | | | | बजेट प्रतिशत | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | | | | | | | |
| १ | गाउँपालिका स्तरीय खेल मैदान स्तरोन्नती वडा नं ३ | सङ्ख्या | | १ | | | | ३००० | ५००० | ८००० | ०.५८ | | | ५ | ६ | २ | ३ |
| २ | पोखरी बहूद्देश्यीय वृहत् खेलकुद परियोजना | एकमुस्ट | | | ५००० | ५००० | १०००० | ५००० | ५००० | ३०००० | २.१६ | | | ५ | ६ | २ | ३ |
| ३ | खेल प्रशिक्षक व्यवस्थापन | सङ्ख्या | | २ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.१८ | | | ५ | ६ | २ | ३ |
| ४ | पालिकास्तरीय खेल प्रतियोगिता (राष्ट्रपति रनिङ शिल्ड) | पटक | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.३६ | | | ५ | ६ | २ | ३ |
| ५ | उपाध्यक्ष फुटबल गोल्डकप प्रतियोगिता सञ्चालन | पटक | | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ०.२२ | | | ५ | ६ | २ | ३ |
| ६ | खेलकुद विकास तथा खेल सामाग्री वितरण कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.१८ | | | ५ | ६ | २ | ३ |
| | युवा तथा खेलकुदको जम्मा | | | | ७६०० | ७६०० | १२६०० | १०६०० | १२६०० | ५१००० | ३.६७ | | | | | | |

### ५.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३५: युवा तथा खेलकुदका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| युवा तथा खेलकुद | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | युवा जनशक्तिलाई पालिकाको सामाजिक-आर्थिक विकास तथा खेलकुदमा मूलप्रवाहीकरण भएको हुनेछ । | युवाहरूको नेतृत्वमा रहेको सामाजिक सङ्घसंस्था | प्रतिशत | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | | |
| | | राष्ट्रिय अन्तरराष्ट्रिय खेलाडी सङ्ख्या | सङ्ख्या | ४ | ५ | ६ | ७ | ८ | ९ | ९ | | |
| | | प्रदेश तथा जिल्लास्तरीय खेलाडी | सङ्ख्या | १० | १२ | १४ | १६ | १८ | २० | २० | | |
| असर | क्षमता विकास, सीपमूलक तालिम र वित्तीय स्रोतमा युवाहरूको पहुँच वृद्धि भएको हुनेछ । | सहकारीमा युवाको आबद्धता | प्रतिशत | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | | |
| | | युवा व्यवसायीहरूबाट सञ्चालन भएका व्यवसायको सङ्ख्या | सङ्ख्या | २ | ४ | ६ | ८ | १० | १२ | १२ | | |
| | | उद्यमशीलता तालिम प्राप्त युवाहरूको वार्षिक सङ्ख्या | सङ्ख्या | २३ | ३० | ३० | ३० | ३० | ३० | ३० | | |
| | | वैदेशिक रोजगारीमा गएका युवा | प्रतिशत | १० | १० | १० | १० | १० | १० | १० | | |
| | | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | प्रतिशत | ५ | ५.५ | ६ | ६.५ | ७ | ७.५ | ७.५ | | |
| प्रतिफल | खेलमैदान, योग तथा ध्यानकेन्द्र स्थापना भएको हुनेछ । | युवाक्लब, संजाल तथा संस्था | सङ्ख्या | ४ | ५ | ६ | ७ | ८ | ९ | ९ | | |
| | | युवा संलग्न स्थानीय संरचना वा संयन्त्र | सङ्ख्या | ५ | ६ | ७ | ८ | ९ | १० | १० | | |
| | विद्यालयहरूमा खेलकुद विकास भएको हुनेछ । | नियमित योगाभ्यास गर्ने जनसङ्ख्या | प्रतिशत | ० | ०.२ | ०.४ | ०.६ | ०.८ | १ | १ | | |
| | | पालिकास्तरीय खेलमैदान | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | २ | | |
| | प्रशिक्षण र अभ्यासमा वृद्धि हुनेछ । | खेल मैदान भएका विद्यालय | सङ्ख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३९ | ३९ | | |
| | | अन्तर विद्यालय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| | | पालिकामा सञ्चालित खेलकुद प्रतियोगिता | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ | २० | | |
| | | खेलाडी प्रशिक्षण कार्यक्रम | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | पालिकास्तरीय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| | सार्वजनिक निजी साझेदारीमा वृद्धि भई खेलकुद पूर्वाधारको विकास भएको हुनेछ । | सफल एवम् क्षमतावान खेलाडी प्रोत्साहन तथा सम्मान | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | | |
| | | योगा प्रशिक्षण | पटक | ० | १ | १ | १ | १ | १ | ५ | | |

| युवा तथा खेलकुद | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | कवर्डहल तथा खेलकुद मैदान | सङ्ख्या | ० | ० | ० | ० | १ | १ | १ | | |
| | | प्रदेशस्तरको खेल मैदान | सङ्ख्या | ० | ० | ० | ० | ० | १ | १ | | |

## परिच्छेद छः पूर्वाधार क्षेत्र

पूर्वाधार विकास आधुनिक मानव विकासको प्रमुख सर्त हो । सडक, विमानस्थल, भवन, विद्युत्, टेलिफोन, सिँचाई आदि भौतिक पूर्वाधारका विषयहरू हुन् । नेपालमा आर्थिक विकासको चर्चा गर्दा पूर्वाधार विकासलाई प्राथमिकतामा राखे गरिएको छ । आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्त्वपूर्ण आधार हो । व्यवस्थित वस्ति तथा सहरी विकासको महत्त्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्त्वपूर्ण आयामको रूपमा लिने गरिएको छ । यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य–७ (खर्चले धान्न सकिने स्वच्छ ऊर्जा), लक्ष्य–९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य–११ (सहरहरू र समुदायहरूको दिगोपना) यस क्षेत्रसँग प्रत्यक्ष रूपमा दिगो विकासका लक्ष्यहरू सम्बन्धित रहेका छन् ।

सोरु गाउँपालिकाको हालको बसोबास र अन्य भू—उपयोगको अवस्था विश्लेषण गर्दा जनसङ्ख्या, व्यवसायिक तथा प्रशासनिक क्षेत्रका हिसावले सोरुकोट मुख्य बस्ती क्षेत्र रहेको देखिन्छ । ग्रामिण बसोबास, कृषि तथा पशुपालन, बन क्षेत्र, अन्य प्राकृतिक स्रोत, र केहि खानी/खनिज उत्खनन् जस्ता गतिबिधिले गर्दा गाउँपालिका कतिपय वडाहरू कृषि तथा प्राकृतिक स्रोत केन्द्रको रूपमा रहेका छन् । गाउँपालिकाले अहिले पूर्वाधार विकासलाई वातावरण मैत्री, दिगो र प्रतिफल युक्त बनाउन जोड दिएको छ । सबै स्थानीयवासीका लागि सहज, भरपर्दो र पहुँच योग्य निर्माणको कार्यलाई प्राथमिकतामा राखी पूर्वाधारलाई आर्थिक समृद्धि र सामाजिक न्यायसँग आबद्धता गराउन खोजेको छ । यो अवधारणालाई सङ्घीय सरकारले पनि १६औं पञ्चवर्षीय योजनाको अवधारणामा उल्लेख गरिसकेको छ ।

### ६.१ आवास, भवन, वस्ति तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

संविधानत, आवासलाई मौलिक हकको रूपमा लिइएको छ । अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने, योजनाबद्ध रूपमा विकास गर्ने नीति नेपाल सरकारले अङ्गीकार गरेको छ भने राष्ट्रिय योजनाले आन्तरिक एवं अन्तरदेशीय अन्तर आबद्धता वृद्धि गर्ने र दिगो सहरी तथा वस्ति विकास गर्नलाई दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा अङ्गीकार गरेको छ । योजनामा आधुनिक, दिगो, व्यवस्थित सहर, आवास र वस्ति विकासलाई रूपान्तरणका प्रमुख सम्वाहकका रूपमा ग्रहण गरिएको छ भने बढ्दो सहरीकरणलाई व्यवस्थित गर्न आधुनिक पूर्वाधारयुक्त, योजनाबद्ध, वातावरणमैत्री, विपद् प्रतिरोधी, सुरक्षित, व्यवस्थित, समावेशी, आर्थिक रूपमा गतिशील, एवं सांस्कृतिक तथा पुरातात्विक महत्त्व कायम हुने गरी सुरम्य सहरहरूको विकास गर्ने, आर्थिक गतिविधि तथा गतिशीलता सिर्जना गर्ने, रोजगारीका अवसर वृद्धि हुने गरी सघन सहर, नयाँ सहर र सहरी कोरिडरको व्यवस्थित ढङ्गबाट विकास गर्ने परिकल्पना गरिएको छ । त्यसैगरी अव्यवस्थित बसोबास व्यवस्थापन गर्ने, व्यवस्थित वस्ति विकास कार्यक्रम सञ्चालन गर्ने, सङ्घ र प्रदेशको मापदण्डको अधीनमा रही एकीकृत वस्ति विकासका जग्गा एकीकरण गर्ने, जग्गा विकास एवं व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

गाउँपालिकामा माटोले बनेका घरहरू करिब ९० प्रतिशत र जस्ता टिनको छाना भएको घर ९.१८ प्रतिशत रहेको छ । सिमेन्टले बनेका पक्की घरहरूको सङ्ख्या एक प्रतिशत भन्दा पनि कम रहेको छ ।

### ६.१.२ समस्या तथा चुनौती

गाउँपालिकामा बनेका अधिकांश घरहरू माटो र काठबाट बनेका छन् भने गाउँपालिकामा बन्नु पर्ने अत्यावश्यक भौतिक संरचनाहरू निर्माण हुन नसक्नु, भएका संरचनाहरू पनि मापदण्ड (महिलामैत्री र अपाङ्गमैत्री) अनुसार हुनु नसक्नु, संरचनाहरू निर्माण गर्दा निर्धारित संहिता लागू नहुनु नसक्नु यस क्षेत्रको विकासका कमजोरी पक्षहरू रहन गएका छन् । यसै गरी भू-उपयोग योजना, जोखिममा रहेको वस्ती पहिचान र व्यवस्थित वस्ती विकास योजना नभएकोले व्यवस्थित रूपमा वस्ति बसाउने कार्य हुन सकेको छैन।

### ६.१.३ सम्भावना तथा अवसर

पालिकाको ग्रामीण क्षेत्रमा पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचान युक्त वस्ति बसाल्ने सम्भावना रहनु, सडक सञ्जालको द्रुत गतिमा वृद्धि हुनु, आर्थिक गतिविधिको दरमा वृद्धि हुँदै जानु आदिलाई सम्भावनाका रूपमा लिन सकिन्छ । भविष्यमा एकीकृत जग्गा विकास परियोजना मार्फत बजार क्षेत्रका केही स्थानहरूमा जग्गा एकीकरण आयोजनाको सम्भाव्यता अध्ययन गरी गुरुयोजना बनाएर नयाँ व्यवस्थित वस्ति विकासका कार्यहरू अगाडि बढाउन सकिने सम्भावनाहरू पनि विद्यमान छन् । साथै नयाँ क्षेत्रमा वस्ति एकीकरण पद्धति मार्फत सहरी पूर्वाधार विकास एवम् विस्तार हुने अवसर पनि त्यत्तिकै बलियो रहेको छ ।

### ६.१.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

सुरक्षित, व्यवस्थित आवास तथा वस्ति विकास विस्तारसँगै सांस्कृतिक एवम् पर्यटकीय आकर्षणको केन्द्र निर्माण हुने ।

**उद्देश्य**

१. सबै नागरिकलाई सुरक्षित तथा व्यवस्थित बसोबासको सुनिश्चित गर्नु ।
२. वातावरणमैत्री, भूकम्प तथा प्रकोप प्रतिरोधात्मक घर भवन तथा दिगो सहरी पूर्वाधारहरूको निर्माण भई उपयोगमा सहजता ल्याउनु ।

**रणनीति र कार्यनीति**

**तालिका ३६: आवास तथा वस्ति विकासका रणनीति तथा कार्य नीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सबै नागरिकलाई सुरक्षित तथा व्यवस्थित बसोबासको सुनिश्चित गर्नु ।** | |
| १.१: सुरक्षित, व्यवस्थित एवं वातावरणमैत्री आवास तथा वस्ति विकास गर्ने | १. भू उपयोगका आधारमा निजी क्षेत्रसँगको सहकार्य गर्दै एकीकृत आवास तथा वस्ति विकास कार्यक्रम सञ्चालन गरिनेछ । यसको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय नीति तथा कानुनहरू निर्माण गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | २. आवास तथा वस्ति विकासको प्रवर्द्धनका लागि आवश्यक सबै प्रकारका सहरी पूर्वाधार सहित सुरक्षाको प्रबन्ध मिलाइनेछ ।<br>३. प्राकृतिक प्रकोप, संवेदनशील एवं असुरक्षित क्षेत्रमा बसोबास गर्ने नागरिकलाई व्यवस्थित क्षेत्रमा स्थानान्तरण गर्दै व्यवस्थित वस्ति विकास गरिनेछ ।<br>४. ग्रामीण वस्तिहरूमा सबै प्रकारका आधारभूत भौतिक पूर्वाधारहरूको व्यवस्था मिलाउँदै संभाव्यताका आधारमा एकीकृत वस्ति विकास गरिनेछ ।<br>५. सम्पूर्ण वडाहरूमा सामुदायिक पुस्तकालयको स्थापना र सञ्चालन गरिनेछ ।<br>६. आरोग्य केन्द्र, योग शिविर, जेष्ठनागरिक हेरचाह केन्द्र, वाल आश्रम, वाल मनोरञ्जन केन्द्र जस्ता पूर्वाधारको निर्माण गरिनेछ । |
| १.२ः जोखिम क्षेत्रमा बसोबास गर्ने तथा अति विपन्न, सीमान्तकृत परिवारलाई आवास व्यवस्था गर्ने | १. शारीरिक रूपमा पूर्ण अपाङ्गता भएका व्यक्ति, एकल, वेसहारा, असहाय ज्येष्ठ नागरिक आश्रय भवन तथा केन्द्रको व्यवस्था मिलाइनेछ ।<br>२. अति विपन्न, सीमान्तकृत वर्ग तथा हिंसा पीडित एकल महिलाहरूका लागि सुरक्षित आवासको व्यवस्था मिलाइनेछ ।<br>३. न्यून आय भएका, दैनिक ज्याला तथा मजदुरीबाट जीवन गुजारा गर्ने श्रमशक्तिहरूका लागि सामुदायिक भवनहरू निर्माण गर्दै सुरक्षित बसोबासको व्यवस्था मिलाइनेछ । |
| **उद्देश्य २ः वातावरणमैत्री, भूकम्प तथा प्रकोप प्रतिरोधात्मक घर भवन तथा दिगो सहरी पूर्वाधारहरूको निर्माण भई उपयोगमा सहजता ल्याउनु ।** | |
| २.१ः प्रकोप प्रतिरोधात्मक भवन तथा संरचनाहरू निर्माण गर्दै विपद् उत्थानशील बनाउने | १. सार्वजनिक एवं निजी भवनहरूलाई अनिवार्य रूपमा प्रकोप प्रतिरोधात्मक बनाइनेछ ।<br>२. राष्ट्रिय भवन संहितालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।<br>३. नक्सा पास, भवन निर्माण स्वीकृत, जाँचबुझ एवं निर्माण अनुमति जस्ता कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्दै भवन निर्माण संहिता तथा मापदण्डलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।<br>४. ईटा, माटोबाट बनेका घर तथा ज्यादै पुराना, थोत्रा भवन एवं संरचनाहरूको प्रवलीकरण गर्न स्थानीयहरूलाई प्रोत्साहित गरिनेछ।<br>५. सार्वजनिक भौतिक संरचनाहरू बालमैत्री, अपाङ्गमैत्री, महिला तथा ज्येष्ठ नागरिक मैत्री बनाइनेछ र विपद् जोखिम न्यूनीकरणका पक्षलाई विशेष ध्यान दिइनेछ । |
| २.२ सहरीकरणमा निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने | १. निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्दै सहरी पूर्वाधारहरू निर्माण एवं सञ्चालन गरिनेछ ।<br>२. गाउँपालिकाको उपयुक्त स्थानमा सभाहल निर्माण गरी सभा, सम्मेलन जस्ता कार्यक्रम सञ्चालनमा सहजता ल्याइनेछ ।<br>३. निजी तथा सहकारी क्षेत्रसँगको सहकार्यमा मुख्य-मुख्य बजार क्षेत्रहरूमा बहुउद्देश्यीय व्यापारिक भवनहरू निर्माण गरी सञ्चालनमा ल्याइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. सम्भाव्यता अध्ययनका आधारमा गाउँपालिका क्षेत्रभित्र उपयुक्त स्थानमा व्यवस्थित बसपार्कको निर्माण गरी सार्वजनिक—निजी साझेदारीको अवधारणामा सञ्चालन गरिनेछ ।<br>५. सार्वजनिक जग्गालाई संरक्षित एवं अतिक्रमण हुनबाट जोगाउँदै खुल्ला क्षेत्रहरूमा खेलकुद मैदान, मनोरञ्जन पार्क, उद्यानहरू सञ्चालन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । |

## ६.१.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

**तालिका ३७: वस्ति, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजना**

| बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु.हजारमा) | | | | | | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | वडा नं ६ वडा कार्यालय भवन निर्माण | सङ्ख्या | | १ | १०००० | | | | | १०००० | | ९ | १ | २ | ३ |
| २ | वडा कार्यालय भवन स्तरोन्नती ३ ८ १० | सङ्ख्या | | ३ | | ५००० | ५००० | ५००० | | १५००० | | ९ | १ | ३ | ३ |
| ३ | एक वडा वहुउद्श्यीय सामुदायिक भवन निर्माण | सङ्ख्या | | ११ | ५००० | ५००० | ५००० | २०००० | २५००० | ६०००० | | ९ | १ | १ | ३ |
| ४ | घर अभिलेखिकरण तथा नक्सापास सहजिकरण | सङ्ख्या | | १ | १००० | | | | | १००० | | ९ | १ | १ | ३ |
| ५ | दाहासंस्कार स्थल व्यवस्थापन | सङ्ख्या | | ४ | | ५०० | ५०० | ५०० | ५०० | २००० | | ९ | १ | २ | ३ |
| | **आवास, वस्ति विकास तथा सार्वजनिक निर्माणको जम्मा** | | | | १६००० | १०५०० | १०५०० | २५५०० | २५५०० | ८८००० | | | | | |

## ६.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ३८: वस्ति, आवास, भवन तथा सार्वजनिक निर्माणका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | | भूकम्प प्रतिरोधी भवन | प्रतिशत | १५ | १६ | १७ | १८ | १९ | २० | २० | | |

| बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | सुरक्षित, सुलभ र वातावारणमैत्री एकीकृत आवास तथा बस्ती विकास हुनेछ । | व्यवस्थित सहरीकरण सहितको बस्ती | सङ्ख्या | ० | ० | १ | १ | २ | २ | २ | | |
| | | पालिकाको मापदण्ड बमोजिम भवन निर्माण | प्रतिशत | २ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| असर | भौगोलिक रुपले विकट र विपद जोखिमयुक्त स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गर्न सहरी बस्ती विस्तार मापदण्ड निर्माण भएको हुनेछ । | भूकम्प तथा पहिरो प्रतिरोधी विद्यालय भवन | सङ्ख्या | १५ | १६ | १८ | २० | २५ | २८ | २८ | | |
| | | भूकम्प तथा पहिरो प्रतिरोधी स्वास्थ्य संस्था | सङ्ख्या | ७ | ८ | ९ | १० | ११ | १२ | १२ | | |
| प्रतिफल | पालिकामा आवश्यकता अनुसका आवास तथा भवन निर्माण भएको हुनेछ । | भूकम्प तथा पहिरो प्रतिरोधी वडा कार्यालय तथा अन्य सरकारी भवन | सङ्ख्या | ७ | ८ | ९ | १० | ११ | १२ | १२ | | |
| | | कार्यपालिका भवन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | वडा कार्यलय भवन | सङ्ख्या | ७ | ८ | ९ | १० | ११ | ११ | ११ | | |
| | | कर्मचारी आवास | प्रतिशत | ० | ० | ० | १ | १ | १ | १ | | |
| | विभिन्न आयोजनाहरूको सम्भाव्यता अध्ययन, सामाजिक तथा वातावरणीय प्रभाव मूल्याङ्कन र विस्तृत इन्जिनियरिङ डिजाइन भएको हुनेछ | सामुदायिक भवन | सङ्ख्या | ७ | ८ | ९ | १० | ११ | ११ | ११ | | |
| | | भवन तथा आवास निर्माणका लागि वातावरणीय प्रभाव अध्ययन | सङ्ख्या | १५ | १६ | १७ | १८ | १९ | २० | २० | | |

| बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | प्राकृतिक पहिरोको जोखिम बस्तीहरूलाई व्यवस्थापन भएको हुनेछ | भवन तथा आवास निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन | सङ्ख्या | १५ | १६ | १७ | १८ | १९ | २० | २० | | |
| | | जोखिमयुक्त बस्तीको स्थानान्तरण | बस्ती सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | निर्माण भएका वस्ती विकास योजना सङ्ख्या | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | विपन्न घर परिवारका लागि जनता आवास कार्यक्रम सञ्चालन भएको हुनेछ | विपन्नका लागि निर्मित आवास | सङ्ख्या | ५० | ७५ | १०० | १२५ | १५० | २०० | २०० | | |

## ६.२ सडक, पुल तथा यातायात व्यवस्था

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने नीति राज्यले अवलम्बन गरेको छ । यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्ने, यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिने, सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गर्ने नीति राज्यले अङ्गीकार गरेको छ । यातायात क्षेत्रले देशको आर्थिक सामाजिक रूपान्तरणका लागि बलियो र भरपर्दो आधार निर्माण गर्ने, यातायात अन्तर्गत सडक, जल, रेलमार्ग, हवाई र रज्जुमार्गलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सुरक्षित गर्ने, भरपर्दो, सुलभ र गुणस्तरीय बनाउने परिकल्पना राष्ट्रिय योजनाले गरेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गेपुल, पुलेसाहरूको मर्मत सम्भार एवं स्तरोन्नति गर्ने, यातायात सुरक्षाको व्यवस्थापन गर्ने, स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, सेवाको गुणस्तरीयता निर्धारण गर्ने र भाडादर निर्धारण एवं नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्र भित्र राखिएको छ ।

गाउँपालिकाको सबै वडाहरूमा पक्की सडकको विस्तार नभए पनि कच्ची सडकको विस्तार भइरहेको छ । गाउँपालिका सडकमार्ग राम्रो भएका रुटहरूमा यातायात सेवा चालू रहेको छ । बजार क्षेत्रमा सडकको अवस्था राम्रो रहेको छ भने ग्रामीण क्षेत्रमा कच्चि सडक रहेको छ । गाउँपालिका सबै वडाहरू सडक संजालसँग जोडिएका छन् । यस गाउँपालिकामा हाल सम्म ३३९ किमि धुले वा कच्ची सडक रहेकोछ। ९५ कि.मि. कच्ची सडक सञ्चालनमा रहेको छ। गाउँपालिका ११ वडा मध्ये ५ वटा वडा वहेक सबै वडामा सडकको पहुँच पुगेको छ। यस गाउँपालिकामा सडकहरूमार्गवाट यात्र गर्ने मानिसहरू भन्दा वढी गोरेटो वाटोको प्रयोग गर्दछ। वाहै महिन चल्न सक्ने सोरुकोट देखि गमगढी सडक हो। यस रुटका लागि बलेरो, ट्याक्टर लगायतका यातायातका साधन सञ्चालन हुने गरेको छ । सबारी साधनको सङ्ख्या बढ्दै गए पनि ती साधनका लागि आवश्यक बसपार्क तथा निजी तथा साना सार्वजनिक सबारीका साधनहरूका लागि प्रशस्त र व्यवस्थित पार्किङ स्थलहरूको कमी रहेको छ। त्यस्तै गरी खोला नदीहरूमा २ वटा मोटरेवल पुल रवहेको छ भने अन्य ठाउँहरूमा भोलुङ्गे पुलको निर्माण भएको छ। यहि भोलुङ्गे पुलले मुगु र हुम्ला जिल्लालाई जोडेको छ।

### ६.२.२ समस्या तथा चुनौती

सडक सञ्जालको विस्तार सबै बस्तीहरू सम्म नहुनु निर्माण भएका सडकहरू मपदण्ड अनुसार निर्माण नहुनु र वाहै महिना सञ्चालनमा नआउनु मुख्य चुनौति रहेको छ। निर्माण गरिएका सडकहरूको चौडाई कम भएकाले एम्वुलेन्स तथा सामान्य सवारी साधन सञ्चालनका लागि समस्या भएको देखिन्छ। ग्रामिण स्तरमा कृषि प्रयोजनका लागि बनाईएका सडकहरूको गुणस्तरीयता अत्यन्त कमजोर रहेको छ। अधिकांश सडकमा हिँउदमा धुलो र वर्षामा हिलो हुने गरेको देखिन्छ। पक्की सडक रहेका क्षेत्रमा नियमित मर्मत सम्भार नहुने र कालो पत्रे गरेको छोटो समयमै सडक विग्रने प्रवृति रहेको छ। सडक निर्माणसँगै सहायक संरचनाका रुपमा नाली तथा सडकपेटी

निर्माणको अभ्यासमा कमी रहेको छ। सडक अधिकार क्षेत्रको अतिक्रमण, बाटोमा निर्माण सामाग्री थुपार्नु लगायतका कारणले समेत सबारी साधन तथा पैदलयात्रीहरूलाई विभिन्न खालका समस्या हने गरेको छ।

### ६.२.३ सम्भावना तथा अवसर

गाउँपालिकाका प्राय सबै वस्तिहरूमा ग्रामीण स्तरको कच्ची सडकको पहुँच पुगिसकेको छ । यातायातको क्षेत्रमा गाउँपालिकाको अबको कार्य भनेको कम्तीमा पनि गाउँ कार्यपालिकाको कार्यालयदेखि सबै वडा कार्यालयसम्म पुग्ने सडकहरू पक्की निर्माण गर्ने रहेको छ । गाउँपालिकाभित्र कच्ची भए पनि सडक सञ्जाल विस्तार हुनु, गाउँपालिकाले यातायात पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्नु यस क्षेत्रका सम्भावनाहरू हुन् ।

### ६.२.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

सडक सञ्जालको विस्तार एवं स्तरोन्नति भई सुरक्षित, भरपर्दो एवं सहज यातायात सेवाको विकास हुने ।

**उद्देश्य**

१. सुरक्षित र वातावरणमैत्री सडक पूर्वाधारको विकास, विस्तार एवं स्तरोन्नति गर्दै सडक सञ्जाल विकासबाट अन्तर आबद्धता बढाउनु ।
२. यातायात सेवालाई सहज, सर्वसुलभ एवं व्यवस्थित बनाउनु ।

**रणनीति र कार्यनीति**

**तालिका ३९: यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सुरक्षित र वातावरणमैत्री सडक पूर्वाधारको विकास, विस्तार एवं स्तरोन्नति गर्दै सडक सञ्जाल विकासबाट अन्तर आबद्धता बढाउनु ।** | |
| १.१: सडक, पुलहरूको गुणस्तर सुधार, मर्मत सम्भार एवं स्तरोन्नति गर्ने । | १. प्रमुख पर्यटकीय क्षेत्रमा जाने सडकलाई विशेष प्राथमिकताका साथ सांस्कृतिक सडकका रूपमा विकास गरिनेछ ।<br>२. स्थानीय यातायात कानुन तर्जुमा गरिनेछ ।<br>३. सडक मापदण्डलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>४. आवश्यक स्थानहरूमा यात्रु प्रतीक्षालयको व्यवस्था गरिनेछ ।<br>५. सडक निर्माणमा बायो इन्जिनियरिङ प्रणालीलाई प्राथमिकता दिइनेछ ।<br>६. पूर्वाधार विकास समिति र सम्बन्धित शाखालाई पूर्ण जनशक्ति सहित प्रविधिमैत्री बनाइनेछ ।<br>७. सडक खण्डहरू नियमित रूपमा मर्मत सम्भार तथा स्तरोन्नति गरी गुणस्तर कायम राखिनेछ ।<br>८. आवश्यकता एवं भू—बनौटका आधारमा सडक सर्भे तथा डिजाइनका आधारमा ढलान, पुल, कलभर्ट निर्माण गर्दै वर्षे भल पानी पनि व्यवस्थित हुने गरी सडक नालालाई व्यवस्थित गरी सडकलाई गुणस्तरीय बनाइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ९. सडक किनारा दायाँबायाँ आवश्यकताका आधारमा बायो इन्जिनियरिङ तथा वृक्षारोपण गरी सडकलाई हरियाली एवं वातावरणमैत्री बनाइनेछ ।<br>१०.मुख्य-मुख्य एवं बजार क्षेत्रका सडकहरूमा यात्रु प्रतीक्षालय, सडक फर्निचर, ट्राफिक चिन्ह सडकलाई व्यवस्थित गरिनेछ ।<br>११.सडक मापदण्ड कार्यविधिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सडकको क्षेत्राधिकार निर्धारण गरी सडकलाई वर्गीकरण, नामाङ्कन, रेखाङ्कन, नक्साङ्कन एवं चौडा विस्तार गरिनेछ । |
| १.२ः सडक सञ्जाल विकास विस्तार गर्दै अन्तरपालिका आबद्धता बढाउने | १. सबै वस्ति, पर्यटकीय क्षेत्र एवं वडा केन्द्रहरू सम्म सडक सञ्जाल विस्तार गरिनेछ ।<br>२. अन्तरपालिका जोड्ने सडकहरू विस्तार, स्तरोन्नति एवं नयाँ निर्माण गरी सडक सञ्जाल विकास गरिनेछ ।<br>३. जिल्ला सडक, प्रदेश स्तरीय क्षेत्रीय सडक एवं राष्ट्रिय सडक सञ्जालसँग जोडिने गरी सडक विस्तार गर्दै बाह्य क्षेत्रसँगको अन्तर आबद्धता बढाइनेछ ।<br>४. सडक सञ्जाललाई सुदृढ एवं प्रभावकारी बनाउन यातायात गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>५. स्थानीय सडकहरूको संरक्षण एवं सो माथि अपनत्व सिर्जना गर्न टोल विकास संस्थालाई जिम्मेवार बनाइनेछ । यसलाई व्यवस्थित गर्न कार्यविधि बनाइ कार्यान्वयनमा ल्याइनेछ । |
| **उद्देश्य २ः यातायात सेवालाई सहज, सर्वसुलभ एवं व्यवस्थित बनाउनु ।** | |
| २.१ः सार्वजनिक यातायातलाई व्यवस्थित गर्दै सहज र सर्वसुलभ बनाउने | १. सबै वस्ति क्षेत्रसम्म सार्वजनिक यातायात सेवालाई विस्तार गरी यातायात सेवामा पहुँच अभिवृद्धि एवं सर्वसुलभ बनाइनेछ । स्थानीय यातायात रुटको व्यवस्था मिलाउँदै सोरुकोटबाट विभिन्न गन्तव्यमा सञ्चालन हुने गरी सार्वजनिक यातायातलाई व्यवस्थित गरिनेछ । सम्भाव्यता अध्ययनका आधारमा पार्किङलाई व्यवस्थित गरिनेछ ।<br>२. ट्राफिक प्रहरीसँग सहकार्य गर्दै सवारी दुर्घटनामा न्यूनीकरणका उपायहरू कार्यन्वयनमा ल्याइने छ ।<br>३. महिला, बालबालिका, ज्येष्ठ नागरिक, असक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको सहजता एवं सुरक्षालाई समेत ध्यान दिँदै सार्वजनिक यातायातलाई सहज एवं बालमैत्री, अपाङ्गमैत्री बनाइनेछ । |
| २.२ः यातायात व्यवस्थापनमा लगानी वृद्धि गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने । | १. बढी वातावरण प्रदूषण गर्ने, पुराना, थोत्रा तथा २० वर्ष आयु नाघेका सवारी साधनहरूलाई विस्थापित गर्दै गाउँपालिका प्रवेश निषेध गरिनेछ ।<br>२. विद्युतीय, वातावरणमैत्री सवारी साधनको उपयोगका लागि निजी, सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।<br>३. विद्युतीय गाडी सञ्चालनकालागि निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । |

## ६.२.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

**तालिका ४०: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजना**

| सडक, पुल तथा यातायात | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु.हजारमा) | | | | | | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | तारापानी -दोमुख सडक स्तरोन्नती | कि.मि | | १५ | १५००० | १५००० | १५००० | १५००० | १५००० | ७५००० | | ११ | १ | ३ | ३ |
| २ | सोरुकोट -लिप्रु खोला सडक स्तरोन्नती | कि.मि | | १० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | | ११ | १ | ३ | ३ |
| ३ | पेर - तोर्म सडक स्तरोन्नती | कि.मि | | १० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | | ९ | १ | ३ | ३ |
| | छियापानी - भवानी -पुरुमुरु सडक स्तरोन्नती | कि.मि | | ३ | | | १०००० | १०००० | | २०००० | | | | | |
| | जिमा -वडिगाड सडक निर्माण | कि.मि | | ३ | | | १०००० | १०००० | १०००० | ३०००० | | | | | |
| ४ | दोमुखा पुराना जुगला मोटरेवल पक्की पुल निर्माण | मि | | १३० | | २०००० | २०००० | २०००० | | ६०००० | | ९ | १ | ३ | ३ |
| ५ | थपाली बालकुना पक्की मोटरेवल पक्की पुल निर्माण | मि | | १३० | | | १०००० | २०००० | ३०००० | ६०००० | | ९ | १ | ३ | ३ |
| ६ | बेडकुना चिनारासी बेली ब्रिज | मि | | ६० | २०००० | | | | | २०००० | | ९ | १ | ३ | ३ |
| ७ | तातोपानी बेलिब्रिज | मि | | ६० | | १०००० | १०००० | | | २०००० | | ९ | १ | ३ | ३ |
| ८ | वडाबाट सङ्कलित सडक निर्माणका कार्यक्रम | एकमुस्ट | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | | ११ | १ | ३ | ३ |
| ९ | स्थानीय सडक मर्मत संभार कार्यक्रम | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | ३००० | ११००० | | ११ | १ | ३ | ३ |
| १० | बसपार्क व्यवस्थापन (घेरावार निर्माण ) | सङ्ख्या | | १ | | | | | २००० | २००० | | ११ | १ | ३ | ३ |
| | **सडक तथा यातायात जम्मा** | | | | ६२००० | ७२००० | १०२००० | १०२००० | ८५००० | ४२३००० | | | | | |

## ६.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ४१: सडक, पुल तथा यातायातका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| सडक, पुल तथा यातायात | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | सङ्घ, प्रदेश तथा गाउँपालिकाको समन्वयका आधारमा सडक तथा यातायात पूर्वाधार विकास गरी आर्थिक तथा सामाजिक विकासका अवसरमा नागरिकको सहज पहुँच भएको हुनेछ । | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएका परिवार | प्रतिशत | २० | २२ | २५ | ४० | ६० | ७५ | ७५ | | |
| | | सर्वयाम सडक | कि.मि. | ० | १५ | ३० | ५० | ७५ | १०० | १०० | | |
| असर | योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मत संभार भएको हुनेछ । | यातायात सुचारु सडक लम्बाइ | कि.मि. | २२ | २५ | ४० | ६० | ८० | १०० | १०० | | |
| | | नियमित मर्मत संभार भएको सडकको लम्बाइ | कि. मि. | ० | ५ | १० | १५ | २० | २५ | २५ | | |
| प्रतिफल | पालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुर्याउन सक्ने रणनीतिक सडक संजाल सुदृढ भएको हुनेछ । | अन्तर पालिका सडक सञ्जाल विस्तार | कि.मी. | ११ | १२ | १५ | १८ | २० | २२ | २२ | | |
| | छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अवलम्बन हुनेछ । | वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक साइड वृक्षारोपण | कि.मी. | १ | २ | ५ | १० | १५ | २० | २० | | |
| | | पहिरो नियन्त्रणकालागि ग्याभिन वाल निर्माण | कि.मी. | ६ | ७ | ८ | ९ | १० | ११ | ११ | | |
| | प्रत्येक वडाहरूमा र महत्त्वपूर्ण स्थलहरूमा, बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी | पालिकामा सञ्चालित ४ पाङ्ग्रे यातायातका साधन | सङ्ख्या | २ | ४ | ६ | ८ | १० | १२ | १२ | | |

| सडक, पुल तथा यातायात | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | यातायात पहुँच बढाउन सडक विस्तार गरिनेछ । | ग्राभेल सडक | कि.मि. | २५ | ३० | ५० | ८० | १०० | १५० | १५० | | |
| | | ट्र्याक खोलिएको सडक | कि.मि. | ३३९ | ४१० | ४२० | ४३० | ४४० | ४५० | ४५० | | |
| | | पक्की पुल | सङ्ख्या | २ | २ | ३ | ३ | ४ | ५ | ५ | | |
| | | झोलुङ्गे पुल | सङ्ख्या | १६ | १७ | १८ | १९ | २० | २१ | २१ | | |
| | | आकासे पुल | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | सडक नाली | कि.मि. | ३० | ५० | ७० | ९० | १२० | १५० | १५० | | |
| | | सडक पेटी | कि.मि. | ० | ० | १ | २ | ३ | ४ | ४ | | |
| | | पदमार्ग स्तरोन्नति | कि.मि. | ३० | ३५ | ४० | ४५ | ५० | ५५ | ५५ | | |
| | | नयाँ पदमार्गको निर्माण | कि.मि. | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | ७५ | | |

## ६.३ विद्युत तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्ने, नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने र ऊर्जाको समुचित प्रयोग गर्ने प्रावधान नेपाल संविधानमा राखिएको छ । जलविद्युत उत्पादन वृद्धि र हरित अर्थतन्त्र प्रवर्द्धनलाई राष्ट्रिय योजना अनुसार रूपान्तरणका प्रमुख सम्वाहकका रूपमा, र स्वच्छ एवं नवीकरणीय ऊर्जालाई दीर्घकालीन लक्ष्य प्राप्तिको सहयोगी क्षेत्रको रूपमा ग्रहण गरिएको छ । स्वच्छ ऊर्जा खपतमा वृद्धि गरी वातावरण र जलवायुमा पर्ने नकारात्मक असर कम गर्ने, स्वच्छ ऊर्जा उपभोगमा समुन्नत हुने परिकल्पना पनि योजनामा गरिएको छ । त्यसैगरी स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन गर्ने, सञ्चालन एवं नियमन गर्ने, वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास, हस्तान्तरण, क्षमता अभिवृद्धि एवं प्रवर्द्धन गर्ने, साना जलविद्युत आयोजनाको (१ मेगावाट सम्मका) तथा वैकल्पिक ऊर्जा सम्बन्धीको नीति, कानुन, योजना तर्जुमा, कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

सोरु गाउँपालिको घरधुरीहरूमा उज्यालोको प्रमुख स्रोत (९२.५२ प्रतिशत) सौर्य उर्जा नै हो । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार ६.७ प्रतिशत घर परिवारको वद्युतमामा पहुँच रहेको देखिन्छ । गाउँपालिकामा लघु जलविद्युत आयोजनाहरूको सम्भावना रहेकाले विद्युत ऊर्जालाई पूँजी निर्माणको प्रमुख स्रोतका रूपमा विकास गर्न आवश्यक छ ।

### ६.३.२ समस्या तथा चुनौती

सोरु गाउँपालिकामा रहेको जलस्रोतमा रहेको अपार सम्भावनालाई उपयोगमा ल्याउन लाग्ने आवश्यक स्रोत साधन लगाएतका विविध पक्षहरू चुनौतीको रुपमा रहेका छन्। अझै पनि गाउँपालिकाको केन्द्र केन्द्रिय विद्युतिकरणमा नजोडीनु, गाउँपालिकाको प्रशासनिक कार्य सञ्चालन तथा वस्ती वस्तीमा विद्युतको आवश्यक्तालाई केहि हद सम्म वैकल्पीक उर्जा मार्फत परिपुर्ति गर्नु पर्ने वाध्यत्मक आवस्था रहेकोछ भने उद्योग, व्यवसाय सञ्चालन गर्ने पक्ष भने गौण नै रहेको छ। गाउँपालिकासँग वैकल्पिक तथा स्वच्छ ऊर्जा विस्तार कार्यक्रम, विद्युतको खपत तथा हरित ऊर्जा प्रवर्द्धनका लागि एकीकृत नीति तथा कार्ययोजना तयार हुन नसक्नु समस्याको रुपमा रहेको छ। परम्परागत ऊर्जाको प्रयोग निरुत्साहन गरी जलविद्युत् तथा वैकल्पिक ऊर्जाको उपयोग प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि र प्रोत्साहन, वैकल्पिक ऊर्जाको क्षेत्रमा यथेष्ट लगानी जुटाउने कार्य चुनौतीपूर्ण छ।

### ६.३.३ सम्भावना तथा अवसरहरू

केन्द्रीय विद्युत लाइन प्रसारण सेवाबाट सबै घरघर वस्तिहरूमा विद्युतीय सेवा उपलब्ध, विद्युतमा आधारित सबै प्रकारका उद्योग व्यवसायहरू सञ्चालनमा ल्याउन सकिने, धार्मिक, ऐतिहासिक एवं सार्वजनिक स्थल एवं सडकहरूमा सौर्य ऊर्जालाई उपयोगमा ल्याउन सकिने, विद्युत एवं वैकल्पिक ऊर्जामा आधारित यातायात सेवाहरू

सञ्चालन गर्न सकिने, विद्युतीय ऊर्जालाई रोजगारी प्रवर्द्धन प्रयोग गर्न सकिने, कृषि तथा पशुपालन क्षेत्रमा ऊर्जा खपत को मात्रा बढाउन सकिने जस्ता अवसरहरू रहेका छन् ।

### ६.३.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

विद्युतीय साधन श्रोतहरूको अधिकतम सदुपयोग भई विद्युत खपतमा अभिवृद्धि भएको हुने

**उद्देश्य**

१. विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाउँदै उत्पादनशील क्षेत्रमा विद्युत खपतमा वृद्धि ल्याउनु
२. परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका ४२: ऊर्जाका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **१. उद्देश्य १: विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाउँदै उत्पादनशील क्षेत्रमा विद्युत खपतमा वृद्धि ल्याउनु ।** | |
| **१.१**: ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो र अधिकतम उपयोगको आधार तयार गर्ने । | १. विद्युत् उत्पादनको लागि स्थानीय सेती खोलाको सम्भाव्यता अध्ययन गरी उत्पादनमा जोड दिइनेछ ।<br>२. सङ्घीय स्वरूप अनुसार ऊर्जा क्षेत्रको स्थानीय स्तरमा संस्थागत संरचना तयार गरिनेछ ।<br>३. सङ्गठनात्मक संरचना अनुसार विद्युत् जडान गर्ने र मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ।<br>४. विद्युत् वितरण लाइनमा उच्च क्षमता तथा गुण स्तरीय ट्रान्सफरमरहरू प्रतिस्थापन गरिनेछ । |
| **१.२**: उपलब्ध सम्पूर्ण ऊर्जा स्रोतको पहिचान, उत्पादन, वर्तमान तथा भविष्यमा ऊर्जाको माग र आपूर्ति सम्बन्धी तथ्याङ्कको आधार तयार गरी संस्थागत विकासमा जोड दिने । | १. सामुदायिक विद्युत् उपभोक्ता समिति र नेपाल विद्युत् प्राधिकरणको समन्वयमा सामुदायिक विद्युतलाई क्रमशः राष्ट्रिय प्रसारण लाइनमा आबद्ध गरिनेछ ।<br>२. गाउँपालिकामा ऊर्जाको स्रोत पहिचान, कुल सम्भाव्य जल विद्युत् क्षमता, माग र आपूर्तिको अध्ययन गरिनेछ ।<br>३. उत्पादित ऊर्जा, वर्तमान तथा भविष्यको माग र आपूर्तिको तथ्याङ्क सङ्कलन गरी तथ्याङ्कको आधार तयार गरिनेछ ।<br>४. निर्माण सम्पन्न भई सञ्चालनमा रहेका लघु तथा साना जल विद्युत् आयोजनाको मर्मत, सम्भार र संस्थागत विकास गरिनेछ ।<br>५. यस क्षेत्रमा रहेका मुख्य ऊर्जा उत्पादन केन्द्र सम्मको सडक र प्रसारण लाइनको सञ्जाल निर्माण गरिनेछ । |
| **उद्देश्य २: परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु ।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| २.१ः ऊर्जाको प्रयोगलाई दिगो, भरपर्दो गुण स्तरीय र प्रभावकारी रूपमा विकास गरी बहु उपयोगी बनाउने । | १. ऊर्जाको खपत प्रभावकारी ढङ्गबाट गर्नका लागि विशेष सचेतनमा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. सार्वजनिक संस्था वा स्थानहरू जस्तै, अस्पताल, विद्यालय, धार्मिक स्थल, सडक, पर्यटकीय स्थल, आदिमा आधारभूत ऊर्जाको नियमित आपूर्ति गर्न सौर्य ऊर्जा जडान गरिनेछ ।<br>३. कृषि तथा सहरी क्षेत्रबाट निस्किने फोहर जन्य वस्तुबाट वायोग्यास तथा प्राङ्गारिक मल उत्पादन तथा प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>४. सिँचाइ तथा खानेपानीको पहुँच पुऱ्याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य ऊर्जाको प्रयोग गरी लिफ्ट खानेपानीको सञ्चालन गरिनेछ ।<br>५. जल विद्युत्, वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गरी दैनिक जीवनयापनमा सहजता ल्याउँदै परम्परागत इन्धनको प्रयोग घटाइनेछ।<br>६. वैकल्पिक ऊर्जा क्षेत्रलाई प्रोत्साहन गर्न बैङ्क तथा वित्तीय क्षेत्रबाट सहुलियत दरमा ऋणको व्यवस्था गरिनेछ।<br>७. गाउँपालिका भित्रका बजारोन्मुख क्षेत्रहरूमा सौर्य सडक बत्तीको व्यवस्था गर्दै **उज्यालो सोरु अभियान कार्यक्रमलाई** निरन्तरता दिइनेछ । |

## ६.३.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

### तालिका ४३: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजना

| जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु.हजारमा) | | | | | | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | नेर खोला जलविद्युत उत्पादन सम्भाव्यता अध्ययन | सङ्ख्या | | १ | | २००० | | | | २००० | | ७ | १ | ३ | ३ |
| २ | लघु जलविधुत आयोजनाहरूको मर्मत सहजिकरण | एकमुस्ट | | | २००० | २००० | २००० | | | ६००० | | ७ | १ | ३ | ३ |
| ३ | सडक बत्ती कार्यक्रम - सेन्सर लाइट जडान | एकमुस्ट | | | १२५० | १२५० | १२५० | १२५० | १२५० | ६२५० | | ७ | १ | ३ | ३ |
| ४ | राष्ट्रिय प्रसारण लाइन विस्तार कार्यक्रम सहजिकरण | एकमुस्ट | | | ५०० | ५०० | ५०० | | | १५०० | | ७ | १ | ३ | २ |
| ५ | विधुतीय चुलो प्रवर्धन | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | ७ | १ | ३ | ३ |
| ६ | सौर्य उर्जा प्रवर्धन | एकमुस्ट | | | १००० | १५०० | २००० | २५०० | ३००० | १०००० | | ७ | १ | ३ | २ |
| | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | | | | ५२५० | ७७५० | ६२५० | ४२५० | ४७५० | २८२५० | | | | | |

## ६.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

### तालिका ४४: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | परम्परागत ऊर्जाको प्रतिस्थापन गरी वैकल्पिक ऊर्जा प्रयोगमा वृद्धि भएको हुनेछ । | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ३० | ४० | ६० | ८० | ९० | १०० | १०० | | |

| जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| असर | नविकरणिय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा ऊर्जा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सवैको पहुँचमा वृद्धि हुनेछ । | जलविद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | ०.५ | ०.५ | ०.५ | ०.७ | ०.८ | ०.८ | ०.८ | | |
| | | प्रतिव्यक्ति विद्युत् उपभोग | किलोवाट घण्टा | ०.०१ | ५० | १०० | २०० | ३०० | ४०० | ४०० | | |
| | | थ्री फेज लाइनको बिस्तार | प्रतिशत | ०.०१ | १० | ३० | ५० | ८० | ९० | ९० | | |
| प्रतिफल | ऊर्जा वितरण प्रणालीलाई प्रभावकारी एवम् भरपर्दो बनाई विद्युत पहुँचमा वृद्धि गरी खपत बढाइनेछ । | राष्ट्रिय प्रसारण लाइन मार्फत विद्युतीकरण भएको परिवार | प्रतिशत | ० | १० | ३० | ५० | ९० | १०० | १०० | | |
| | | खाना पकाउने इन्धनका रूपमा बिद्युत प्रयोग गर्ने परिवार | प्रतिशत | ० | १ | ५ | १५ | ३० | ४० | ४० | | |
| | | सोलार उर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९० | ९० | ९० | ९० | ९० | ९० | ९० | | |
| | वैकल्पिक ऊर्जाको विस्तार गरी दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगि बनाइने छ । | सोलार उर्जा उत्पादन | कि.वा. | ३५ | ३५ | ५० | ६० | ८० | ८० | ८० | | |

## ६.४ सूचना तथा सञ्चार प्रविधि

### ६.४.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास विस्तार गरी सर्वसाधारणको सहज सरल पहुँच सुनिश्चित गर्ने र सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने, नागरिकको व्यक्तित्व विकासका लागि सूचना केन्द्र तथा पुस्तकालयको स्थापना, प्रवर्द्धन गर्ने नीति राज्यले अङ्गीकार गरेको छ । राष्ट्रिय योजनाले सूचना प्रविधि तथा सञ्चार पूर्वाधार र वृहत् सञ्जालीकरणलाई रूपान्तरणको प्रमुख सम्वाहकका रूपमा ग्रहण गरेको छ । सत प्रतिशत जनसङ्ख्या आधुनिक सञ्चारको पहुँच भित्र आबद्ध हुने, सरकारी तथा निजी कारोबारहरूमा सञ्चार प्रविधिको उच्चतम प्रयोग भई सुशासन विकास गर्ने र समृद्धिमा सञ्चार क्षेत्रको उल्लेखनीय योगदान पु¥याउने, सुशासन कायमका लागि सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने, सञ्चार क्षेत्रमा सर्वसुलभ प्रविधिको उच्चतम प्रयोग गर्ने, संस्थागत क्षमता विकासका साथै एकीकृत डिजिटल सेवा प्रवर्द्धन गर्ने, डिजिटल नेपालको अवधारणालाई कार्यान्वयनमा ल्याउने परिकल्पना राष्ट्रिय योजनामा गरिएको छ । त्यसैगरी एफ.एम रेडियो (१०० वाट सम्मको) सञ्चालन, अनुमति, नवीकरण, खारेजी, नियमन गर्ने, सूचना तथा अभिलेख केन्द्र स्थापना तथा सञ्चालन गर्ने, स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग गर्ने, स्थानीय तथ्याङ्क सङ्कलन, प्रशोधन गरी नवीनतम प्रविधियुक्त र सूचना प्रणालीमा आबद्धता गर्ने, स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास एवं प्रवर्द्धन गर्ने र सङ्घ प्रदेशको कानुनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केवुल तथा तार विहीन टेलिभिजन प्रसारणको अनुमिति, नवीकरण तथा नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

सोरु गाउँपालिकामा ८६.७९ प्रतिशत परिवारले कुनै न कुनै किसिमको सञ्चार उपकरणहरू प्रयोग गरिरहेको अवस्था छ । वडाहरूमा मोवाइल सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएका छन् । ०.१२ प्रतिशत घरधुरीले इन्टरनेट सेवा प्रयोग गरिरहेका छन् । कुनै पनि सञ्चार सुविधा नभएको घर परिवार सङ्ख्या १३.२१ प्रतिशतको हाराहारीमा रहेको छ ।

### ६.४.२ समस्या तथा चुनौती

गाउँपालिकामा आधारभुत तथा गुणस्तरीय सुचना तथा सञ्चार सेवाको वृद्धि गरी सबै गाउँवासीहरू माझ सेवाको पहुँचमा पुत्याउनको लागि सोरु गाउँपालिका निरन्तर प्रयासरत रहेको छ। अझै पनि गाउँपालिकाको धेरै बस्ती र स्थानहरूमा मोबाइल टेलिफोन नलाग्ने तथा सेवाको गुणस्तर अत्यान्तै कमजोर रहेको छ। गाउँपालिका क्षेत्र भित्रका सबै विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र र वडा कार्यालयमा इन्टरनेटको सहज सुबिधा उपलब्ध हुन सकेको छैन भने उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर कमजोर रहेको छ। जस्ले गर्दा गाउँपालिकावाट प्रवाह हुने सेवालाई सूचना प्रविधिमा आधारित बनाउने तथा इन्टरनेट सेवा प्रदायकसँगको सहकार्यमा समुदायमा इन्टरनेटको पहुँच र प्रयोग बढाउने, वेभसाइट तथा विभिन्न सामाजिक सञ्जाल मार्फत सुचना प्रवाह पहुँच विस्तार गर्ने, प्रविधिको थप विकास गर्ने जस्ता चुनौति रहेको छ।

### ६.४.३ सम्भावना तथा अवसरहरू

विद्यालय, स्वास्थ्य केन्द्र लगायत सम्पूर्ण सार्वजनिक संस्थाहरूको कार्य प्रणालीलाई सूचना प्रविधिको प्रयोगबाट थप चुस्त दुरुस्त र प्रभावकारी बनाउन सकिन्छ । प्रविधिको भरपूर उपयोग गरी पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्त्वपूर्ण स्थलहरूको संरक्षण एवम् प्रवर्द्धन गर्न सकिने र सार्वजनिक सेवा प्रवाहलाई थप सर्व सुलभ बनाउन सकिन्छ । सूचना तथा सञ्चारको विकासले समग्र आर्थिक विकासको गतिविधिलाई पारदर्शी, चुस्त दुरुस्त र प्रभावकारी बनाउन टेवा पुऱ्याउनेछ ।

### ६.४.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

स्थानीयहरूको सूचना तथा सञ्चार प्रविधिमा पहुँच अभिवृद्धि गर्दै आम नागरिकको जीवनस्तरलाई सहज बनाउने ।

**उद्देश्य**

१. सूचना तथा सञ्चारका प्रविधिलाई विस्तार गर्दै गुणस्तरीय एवं भरपर्दो बनाउनु
२. सूचना तथा सञ्चार प्रविधि उपयोग गर्दै विद्युतीय सुशासन प्रवर्द्धन गर्नु

**रणनीति र कार्यनीति**

**तालिका ४५: सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्य नीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उदेश्य १: सूचना तथा सञ्चारका प्रविधिलाई विस्तार गर्दै गुणस्तरीय एवं भरपर्दो बनाउनु** | |
| १.१: सूचना तथा सञ्चार प्रविधिका पूर्वाधारहरू विस्तार एवं निर्माण गर्ने | १. सम्पूर्ण विद्यालय र स्वास्थ्य संस्थाहरूमा विद्युतीय हाजिरी कार्यान्वयनमा ल्याइनेछ।<br>२. टेलिफोन र इन्टरनेट सेवाको गुणस्तर अभिवृद्धिको लागि सेवा प्रदायक निकायसँग समन्वय र सहकार्य गरिनेछ ।<br>३. महत्त्वपूर्ण सम्पदा स्थलहरूमा वाइफाई सेवाको व्यवस्थापन गरिनेछ ।<br>४. रेडियो, अनलाइन, छापा र विद्युतीय माध्यम तथा सामाजिक संजालहरू मार्फत मानवीय विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>५. सूचना प्रविधि शाखालाई प्रभावकारी बनाइनेछ ।<br>६. गाउँपालिकास्तरीय र वडा स्तरबाट प्रवाह हुने सेवाको लागि विद्युतीय भुक्तानी प्रणालीमा आबद्ध गरिनेछ ।<br>७. मोवाइल नेटवर्क कभरेजमा गुणस्तरीयता ल्याउन मोवाइल टावरहरू थप एवं विस्तार गर्न नेपाल टेलिकम एवं सेवा प्रदायक संस्थाहरूसँग समन्वय गरिनेछ।<br>८. फाइबर केवल विस्तारलाई जोड दिँदै इन्टरनेट सेवा प्रदायकहरूलाई प्रोत्साहित गरिनेछ।<br>९. आइसिटि नेटवर्कसँग सम्बन्धित राउटर, स्विच, फाइरवाल, लोडव्यालेन्स लगायतका उपकरण पूर्वाधारहरूको विस्तार गरिनेछ ।<br>१०. बढी क्षमता भएका तीव्रगतिका इन्टरनेटहरू सञ्चालनमा ल्याइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ११. सूचना तथा सञ्चार प्रविधिहरू नियमित सञ्चालनका लागि आवश्यक विद्युत सुविधा उपलब्ध गराउन विद्युत प्राधिकरण तथा नवीकरणीय वैकल्पिक ऊर्जाको प्रबन्ध मिलाइनेछ । |
| १.२ः आइसिटि सेवाहरूलाई विस्तार गर्दै उपलब्धतामा सहजता ल्याउने | १. मुख्य-मुख्य सार्वजनिक क्षेत्रहरूमा निःशुल्क वाईफाईको व्यवस्था मिलाई इन्टरनेट पहुँचमा सहजता ल्याइनेछ ।<br>२. घर, कार्यालय लगायतका क्षेत्रहरूमा आइसिटबाट लाभान्वित हुने व्यवस्था मिलाइने छ<br>३. स्वास्थ्य चौकी, सुरक्षा चौकी, दमकल, एम्बुलेन्स जस्ता सार्वजनिक एवं संवेदनशील क्षेत्रहरूमा बढी क्षमताका इन्टरनेट सेवा निःशुल्क उपलब्ध गराइनेछ ।<br>४. विद्यालयहरूमा आइसिटिलाई प्रभावकारी बनाउँदै ई—पुस्तकालय, ई—हाजिरी, सिसिटिभी, डिजिटल बोर्ड, अनलाइन कक्षाको व्यवस्था मिलाइनेछ । |
| **उदेश्य २ः सूचना तथा सञ्चार प्रविधि उपयोग गर्दै विद्युतीय सुशासन प्रवर्द्धन गर्नु** | |
| २.१ःसार्वजनिक सेवाहरूलाई अनलाइन गर्दै आइसिटिको उपयोगमा वृद्धि ल्याउने | १. सम्भव भए सम्मका सबै सार्वजनिक सेवाहरूलाई अनलाइन गरी पालिकाका सेवाहरू कुनैपनि क्षेत्र स्थानमा रही सहजै लिन सक्ने बनाइनेछ । यसका लागि आवश्यक पूर्वाधारहरूको विकास तथा प्रबन्ध मिलाइनेछ ।<br>२. पालिकाको खरिद प्रक्रिया, राजस्व सङ्कलन, नक्सापास लगायतका सेवाका लागि बेग्लाबेग्लै कम्प्युटर सफ्टवेयर निर्माण गरी सेवामा सहजता एवं पारदर्शी बनाइनेछ ।<br>३. मोवाइल एप्स निर्माण एवं अद्यावधिक गर्दै गाउँपालिकाका सबै गतिविधिहरू प्रवाह गरिनेछ ।<br>४. पालिकाको वेबसाइटलाई अद्यावधिक गर्दै सूचनाहरू नियमित रूपमा सूचना तथा प्रकाशनहरू अपलोड गर्ने, स्वतः प्रकाशन, सूचना माथिको हकलाई सुनिश्चित गरिनेछ ।<br>५. पालिकाको सूचना केन्द्रलाई डिजिटाइजेशन गर्दै एकीकृत तथ्याङ्क प्रणालीको रूपमा विकास गरिनेछ । |
| २.२ः सूचना तथा सञ्चार प्रविधिमा निजी, सहकारी क्षेत्रको लगानीमा अभिवृद्धि ल्याउने | १. आइसिटिमा आधारित सेवा तथा उद्योग व्यवसायहरू सञ्चालन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै सहकार्य गरिनेछ ।<br>२. दक्ष, सीपयुक्त जनशक्ति विकासका लागि आइसिटिमा आधारित प्रशिक्षण केन्द्र, प्राविधिक शिक्षालय तथा उच्च शिक्षा कलेज सञ्चालन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै सहकार्य गरिनेछ ।<br>३. सूचना तथा प्रविधिमा आधारित हार्डवेयर डिभाइस एवं सफ्टवेयर एप्लिकेशनहरू विकास गरी बाह्य राष्ट्रहरूमा निकासी गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै आवश्यक सेवा सुविधाहरू उपलव्ध गराइनेछ ।<br>४. डिजिटल प्रविधि मार्फत आर्थिक कारोबार हुने क्षेत्रहरूका लागि आवश्यक पर्ने पूर्वाधार एवं उपकरण निर्माणमा निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । |

### ६.४.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

तालिका ४६: सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजना

| सूचना, सञ्चार तथा प्रविधि | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु.हजारमा) | | | | | | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | मुख्य बस्ती/चोकमा सि सि क्यामेरा जडान | एकमुस्ट | | | | १००० | १००० | १००० | १००० | ४००० | | ११ | १ | ३ | ३ |
| २ | इन्टरनेट क्षमता सुधार सहजिकरण कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | ११ | १ | ३ | ३ |
| ३ | मोबाइल टावर तथा नेटवर्क क्षमता विस्तर सहजिकरण कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | ११ | १ | ३ | ३ |
| ४ | प्रविधिमैत्री पालिका निर्माण कार्यक्रम | एकमुस्ट | | | १००० | १५०० | २००० | २५०० | २५०० | ९५०० | | ११ | १ | ३ | ३ |
| | **सूचना र सञ्चार प्रविधिको जम्मा** | | | | २००० | ३५०० | ४००० | ४५०० | ४५०० | १८५०० | | | | | |

### ६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ४७: सूचना, सञ्चार तथा प्रविधिका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सञ्चार तथा सुचना प्रविधि | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | सूचना तथा सञ्चार प्रविधिको विकास मार्फत पालिकाबासीको जीवनस्तरमा सहजता हुनेछ । | मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत | ४० | ५० | ६० | ८० | ९० | १०० | १०० | | |
| | | ईन्टरनेटमा पहुँच प्राप्त परिवार | प्रतिशत | ५ | २५ | ४० | ६० | ८० | १०० | १०० | | |
| **असर** | सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, | टेलिफोन/मोवाइल भएको परिवार | प्रतिशत | ८० | ९० | १०० | १०० | १०० | १०० | १०० | | |

| सञ्चार तथा सुचना प्रविधि | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम प्रयोग भएको हुनेछ । | अप्टिकल फाइबरको बिस्तार | प्रतिशत | ० | १० | २० | ५० | ६० | ७० | ७० | | |
| | | सूचना प्रविधि नियमन कानुन निर्माण | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | समग्र प्रविधिका विकासकालागि डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार भएको हुने । | ईन्टरनेट उपलब्ध भएका सरकारी कार्यालयहरू | प्रतिशत | १२ | १२ | १२ | १२ | १२ | १२ | १२ | | |
| | | फ्रि वाईफाई उपलब्ध भएका सार्वजनिक स्थलहरू | सङ्ख्या | ० | ० | १ | २ | ३ | ४ | ४ | | |
| | | उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | प्रतिशत | ० | ५ | १५ | ५० | ७० | ८० | ८० | | |
| | | ई-कक्षा सञ्चालन गर्ने विद्यालयहरू | सङ्ख्या | ० | १ | २ | ५ | ७ | १० | १० | | |
| | | डिजिटल सूचना पाटी | सङ्ख्या | ० | १ | ५ | ७ | १२ | १२ | १२ | | |
| | सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चित हुनेछ । | रेडियो टेलीभिजन प्रयोग गर्ने घरधुरी | प्रतिशत | ९० | ९२ | ९५ | ९७ | १०० | १०० | १०० | | |
| | | सञ्चारका कुनै एक साधन उपलब्ध घरधुरी | प्रतिशत | ८० | ९० | १०० | १०० | १०० | १०० | १०० | | |

## परिच्छेद सातः वन वातावरण तथा विपद् व्यवस्थापन

नेपालको अधिकांश भूभाग भिरालो, अस्थिर, कमजोर, संवेदनशील भएको र अत्याधिक जनता ग्रामीण बस्ती र कृषिमा आधारित रहेको हुँदा पनि यहाँको वन-जङ्गलको महत्त्व र आवश्यकता तुलनात्मक रूपले अझै बढी प्रस्ट र प्रगाढ छ; त्यसैगरी यसको संरक्षण र संवर्द्धनको अनिवार्यता पनि छ । केही समय यता कृषि विकास, वातावरणीय सन्तुलन, उद्यमशीलता, विकासका मानवीय पक्ष, आर्थिक योजना र नीति, व्यवस्थापकीय अर्थशास्त्र, प्राकृतिक संसाधन व्यवस्थापन र दिगो विकास संरक्षण तथा ग्रामीण विकास जस्ता सवालहरू जटिल बन्दै आएका छन् । मानव र प्रकृति बीच गहिरो र अन्योन्याश्रित सम्बन्ध छ । प्राकृतिक स्रोतको दिगो व्यवस्थापन विना मानव जीवन सम्भव छैन । वन संरक्षण, भू तथा जलाधार संरक्षण, जैविक विविधताको व्यवस्थापन तथा संरक्षण, वातावरण व्यवस्थापन, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् व्यवस्थापन जस्ता विषयहरू गाउँपालिकाको कार्यक्षेत्र भित्र पर्छन् । दिगो विकास र विपद् उत्थानशीलता अभिवृद्धि नै सोरु गाउँपालिका विकासको समृद्धि भन्ने अभियानका साथ उद्देश्य, नीति र कार्यक्रम निर्धारण गरिएको छ।

स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि प्रमुख क्षेत्रका रूपमा वन तथा जैविक विविधता, भू तथा जलाधार व्यवस्थापन, वातावरण तथा फोहोर व्यवस्थापन, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन रहेका छन् । उपरोक्त प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था, समस्या तथा चुनौतीहरूको विश्लेषण गरी आगामी पाँच वर्षका लागि लक्ष्य, उद्देश्य एवं लक्ष्य परिमाण निर्धारण गरिएको छ र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति तथा कार्यनीति एवं प्रमुख कार्यक्रमहरूको तर्जुमा भएका छन् ।

### ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने, प्रकृति, वातावरण वा जैविक विविधता माथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरण प्रभाव निर्मूल वा न्यून गर्ने, उपयुक्त उपायहरू अवलम्बन गर्ने नीति राज्यले ग्रहण गरेको छ । राष्ट्रिय योजनाले प्राकृतिक श्रोतको संरक्षण गर्ने र परिचालनलाई दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा ग्रहण गरेको छ । जैविक विविधताको संरक्षण गर्दै गुणात्मक पर्यटनको गन्तव्य स्थानको रूपमा विकास गर्ने, संरक्षणमुखी सोचमा आधारित वन व्यवस्थापन र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँट गर्ने, कृषि वनको अत्याधिक प्रयोगबाट जलाधार व्यवस्थापन तथा पर्यावरणीय पद्धति संरक्षण गर्ने, कृषिको उत्पादकत्वमा वृद्धि गर्ने, वनजन्य तथा जडीबुटीको उत्पादनमा वृद्धि भई निर्यात र रोजगारी सिर्जना गर्ने परिकल्पना राष्ट्रिय योजनामा गरिएको छ । त्यसैगरी सङ्घ तथा प्रदेशको कानुनको अधीनमा रही स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा सहरी, धार्मिक, कबुलियती, साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग गर्ने, वन उपभोक्ता समूहको व्यवस्थापन गर्ने, वन प्रवर्द्धन गर्ने, सार्वजनिक खाली जग्गा पाखा वा क्षेत्रहरूमा वृक्षारोपण गर्ने, सम्भार, उपयोग, व्यवस्थापन

गर्ने, नदी किनार, नहर तथा सडक किनारमा वृक्षारोपण गर्ने, जडीबुटी तथा गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण गर्ने, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, बजार व्यवस्थापन गर्ने, वन बीज बगैंचा स्थापना, व्यवस्थापन तथा प्रवर्द्धन गर्ने, नर्सरी स्थापना गर्ने, विरुवा उत्पादन, वितरण, रोपण तथा प्रवर्द्धन गर्ने, वन्यजन्तु एवं चराचुरुङ्गीको अभिलेखन, संरक्षण, व्यावसायिक पालन, उपयोग, अनुगमन गर्ने, मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन गर्ने, वन्यजन्तु पर्यटन तथा आयआर्जन गर्ने, आखेटोपहारको व्यवस्थापन गर्ने, रैथाने प्रजातिको संरक्षण तथा प्रवर्द्धन गर्ने एवं मिचाहा प्रजातिको नियन्त्रण गर्ने, जैविक विविधताको अभिलेखिकरण र हरियाली प्रवर्द्धन गर्ने जस्ता कार्यहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

सोरु गाउँपालिकाको कुल क्षेत्रफलको ४० **प्रतिशत** जमिन रुख बिरुवाले ढाकेको हरियाली वन क्षेत्र रहेको छ । गाउँपालिकामा समशीतोष्ण देखि शीतोष्ण क्षेत्रमा पाइने वन्यजस्तु तथा वनस्पतिहरू रहेका छन् । गाउँपालिकामा १७ वटा सामुदायिक वनहरू उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको छ । त्यसैगरी, कबुलियती वन ९ र एउटा निजी वन समेत रहेका छन् । यसका साथै यस क्षेत्रमा रहेका राष्ट्रिय वन तथा सामुदायिक वनहरू पनि यस क्षेत्रका प्राकृतिक सम्पदाहरू, पर्यटकिय स्थलका रुपमा चिनिएका छन भने यो क्षेत्रमा जैविक विवधताका हिसावले उच्च पर्वतीय चिसो हावापानीमा पाइने जीव तथा वनस्पतिहरूमा गुच्ची च्याउ, कस्तुरी, कालीज, लुँइचे, डाँफे मुख्य रुपमा रहेका छन् यसका पहाडको माथिल्लो भागका अधिकांश स्थानमा वन तथा खर्कहरू रहेका छन् । यस पालिकाको उत्तरमा देखिने रमणीय हिमाली श्रृद्खलाहरूले यहाँको सुन्दरता बढाएको छ।

## ७.१.२ समस्या तथा चुनौती

सोरु गाउँपालिकामा वनले ढाकेको क्षेत्रफल उल्लेख्य रहेको छ । वनको गुणस्तर तथा दिगो वन व्यवस्थापन गर्दै वनसम्पदालाई आय आर्जनमा जोड्ने तर्फ उल्लेख्य काम गर्नु पर्ने चुनौति रहेको छ। वातवरणीय स्वच्छता, प्राकृतिक स्रोत र साधनको संरक्षण तथा समुचित उपयोग हुन नसक्नु समस्याको रुपमा रहेकोछ। वन क्षेत्रको अतिक्रमण, रुख फडानी, डढेलो लगाउने जस्ता कारणहरूले वन क्षेत्रको संरक्षणमा चुनौति थपिएको छ। सामुदायिक वनहरूको संरक्षण र व्यावसायिक उपयोगका लागि कानुनी अड्चनहरू रहेको छ। जलवायु परिवर्तनका कारण पहिरो जस्तो प्राकृतिक प्रकोपको प्रतिकूल असर परेको छ। स्थानीय बासिन्दाबाट आफ्नो वनको जैविक विविधता तथा पर्यावरणीय प्रणालीको सेवाबारे कम जानकारी रहेको छ।

## ७.१.३ सम्भावना तथा अवसर

वनमा आधारित सहकारी संस्था मार्फत वन पैदावार सङ्कलन, प्रशोधन केन्द्र तथा बजारको व्यवस्थापन गर्न, र होमस्टे सञ्चालन गरी वन पैदावारबाट रोजगारी तथा आय आर्जनका अवसरहरू श्रृजना गर्न सकिने अवस्था छ । सामुदायिक र कबुलियत वनको विकास र विस्तारमा महिला, विपन्न, र दलितहरूको सहभागिता बढाउँदै जीविकोपार्जनमा टेवा पुग्ने देखिन्छ । वन पैदावारमा आधारित जडीबुटी खेती तथा उद्यमशीलता विकास गर्दै सहकारी संस्थाका सदस्यहरूको क्षमता अभिवृद्धि गर्न सकिन्छ । वन तथा काठ जन्य लघु उद्योग तथा

व्यवसायहरू स्थापना गरी आय आर्जन गर्न सकिन्छ । स्थानीय स्तरमा कृषि, वन तथा पशुपालन व्यवसायको विकासका प्रशस्त सम्भावनालाई परिचालन गरी प्राकृतिक वातावरण तथा वन्यजन्तुको संरक्षण गर्न समेत सकिन्छ।

## ७.१.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

जैविक विविधताको दिगो संरक्षण एवं सम्वर्द्धन भएको हुने

**उद्देश्य**

१. जैविक विविधता तथा वन्य जीवजन्तुहरूको दिगो संरक्षण गर्दै पारिस्थितिकीय प्रणाली कायम राख्नु
२. वनक्षेत्रको विस्तार गर्दै बहुमूल्य जडीबुटीहरूको व्यावसायिक खेतीलाई आयआर्जनको मुख्य श्रोतको रूपमा विकास गर्नु

**रणनीति र कार्यनीति**

**तालिका ४८ः वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः जैविक विविधता तथा वन्य जीवजन्तुहरूको दिगो संरक्षण गर्दै पारिस्थितिकीय प्रणाली कायम राख्नु** | |
| १.१ः जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवं प्रवर्द्धन गर्ने | १. सङ्घीय एवं प्रदेश कानुनको अधीनमा रही वन तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, ऐन नियम तथा कानुनहरू बनाई जैविक विविधताको संरक्षण गरिनेछ ।<br>२. सामुदायिक वन उपभोक्ता समूह मार्फत समुदायमा जैविक विविधता, वन क्षेत्रको संरक्षण सम्बन्धी चेतनामा अभिवृद्धि ल्याउँदै सहभागीतामूलक, समावेशी र अधिकारमुखी पद्धतिमा आधारित अवधारणाहरू अवलम्बन गरिनेछ ।<br>३. लोपोन्मुख चराचुरुङ्गी एवं वन्यजन्तुहरूको वासस्थान संरक्षण, जङ्गल क्षेत्रमा आहार व्यवस्थापन, एवं चोरी सिकारीलाई नियन्त्रण गरिनेछ ।<br>४. जैविक विविधतालाई पर्यटन प्रवर्द्धनसँग जोड्दै पर्यटन क्षेत्रको रूपमा विकास गरिनेछ ।<br>५. घर घरमा, सडक किनार, खुल्ला क्षेत्र, विद्यालय तथा कार्यालयहरूमा सदाबहार हरियाली तथा फलफूलहरू रोपण गरी जैविक विविधता संरक्षण गरिनेछ । |
| १.२ः वन क्षेत्रलाई दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्ने | १. मिचाहा प्रजातिको नियन्त्रण, नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण जस्ता क्रियाकलापहरू सञ्चालन गर्दै वन क्षेत्रलाई वैज्ञानिक एवं दिगो व्यवस्थापन गरिनेछ ।<br>२. चरनका लागि निश्चित क्षेत्रहरू निर्धारण गरी छाडा चरिचरन, बन अतिक्रमण जस्ता क्रियाकलापहरूलाई नियन्त्रण गर्दै दण्ड जरिबानाको व्यवस्था गरिनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. सामुदायिक वन उपभोक्ता समूह तथा महिला समूहहरूको वैज्ञानिक वन व्यवस्थापनमा क्षमता वृद्धि गर्दै वन क्षेत्रको दिगो संरक्षण गरिनेछ ।<br>४. वन क्षेत्रमा फलफूल लगायतका वोटविरुवाहरूको रोपण गरी हरियाली विकास गरिनेछ । |
| **उद्देश्य २ः वनक्षेत्रको विस्तार गर्दै बहुमूल्य जडीबुटीहरूको व्यावसायिक खेतीलाई आयआर्जनको मुख्य श्रोतको रूपमा विकास गर्नु** | |
| २.१ः वनक्षेत्रलाई विकास विस्तार गर्दै उत्पादनमुखी बनाउने | १. जडीबुटी लगायत बहुमूल्य प्रजातिहरूको व्यावसायिक खेतीका लागि स्थानीयहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२. सम्भाव्यताका आधारमा जडीबुटी सङ्कलन तथा प्रशोधन केन्द्र निर्माण गरिनेछ । साथै सामुदायिक वनहरूलाई आयमुलक वन क्षेत्रमा परिणत गर्ने कार्यक्रमहरू लागु गरिनेछ ।<br>३. औषधीजन्य सुगन्धित तेल उत्पादन हुने लेमनग्रास, सिट्रोनेल, अगरउड जस्ता वनस्पतिहरूको व्यावसायिक खेती गर्न सामुदायिक वन उपभोक्ता समूहलाई प्रोत्साहित गरिनेछ ।<br>४. पालिकाका भित्रका ऐलानी तथा पर्ती जग्गा कृषि वनको व्यावसायिक खेतीका लागि सहकारी संस्थालाई प्रोत्साहित गर्दै जग्गा लीज तथा करार मोडेलमा जग्गा उपलब्ध गराइनेछ ।<br>५. जडीबुटीमा आधारित उत्पादनहरूको बजार विकास, विस्तार एवं प्रवर्द्धनका लागि आवश्यक सहयोग अनुदानको व्यवस्था मिलाइनेछ । |
| २.२ः गैरकाष्ठ वन पैदावारको दिगो उपयोग गर्दै आयआर्जनको श्रोतको रूपमा विकास गर्ने | १. वनमा आधारित उपभोक्ता समूहसँगको सहकार्यमा गैरकाष्ठ बन पैदावार सङ्कलन, प्रशोधन केन्द्रहरू सञ्चालन गरिनेछ ।<br>२. गैरकाष्ठ बन पैदावार तथा स्थानीय जडीबुटीहरूको व्यावसायिक खेती तथा उद्यमशीलता विकास गर्दै उत्पादित सामानहरूको मूल्य शृङ्खला अभिवृद्धि गर्दै बजारको विस्तार एवं प्रवर्द्धन गरिनेछ ।<br>३. स्थानीय जडीबुटीहरूको बौद्धिक सम्पत्ति संरक्षण तथा व्यापार चिन्हहरू दर्ता गरी निकासी बजार प्रवर्द्धन गरिनेछ ।<br>४. सम्भाव्यताका आधारमा कृषि—वनको व्यावसायिक खेतीका लागि महिला, विपन्न, सीमान्तकृत एवं दलित वर्ग समुदायलाई प्रोत्साहित गरिनेछ । |

### ७.१.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

**तालिका ४९: वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजना**

| वन तथा जैविक विविधता | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु.हजारमा) | | | | | | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | सामुदायिक वन उपभोक्ता समितिहरूको क्षमता विकास | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | १२ | ३ | ३ | १ |
| २ | वन संरक्षणका विभिन्न सचेतना कार्यक्रम (अग्नि रेखा निर्माण, आगलागी नियन्त्रण तालिम) | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | १२ | ३ | ३ | १ |
| ३ | स्थानीय जडीवुटी सम्वर्धन | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | १२ | ३ | ३ | १ |
| ४ | सामुदायिक वन आयमुलक खेती कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | १२ | ३ | ३ | १ |
| ५ | नाङ्गा डाँडामा हरियाली प्रवर्द्धन (जडीबुटी तथा उत्पादनमूलक वृक्षारोपण) | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | १२ | ३ | ३ | १ |
| | वन र जैविक विविधता जम्मा | | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | | १२ | ३ | ३ | १ |

### ७.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ५०: वन तथा जैविक विविधताका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| वन तथा जैविक विविधता | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | गाउँपालिका क्षेत्रका वनको उचित व्यवस्थापन, भूसंरक्षण र | रुख बिरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | प्रतिशत | ४० | ४१ | ४२ | ४३ | ४४ | ४५ | ४५ | | |

| वन तथा जैविक विविधता | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | जैविक विविधताको संरक्षणका माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार भएको हुनेछ । | सामुदायिक वनबाट प्राप्त हुने राजस्व वृद्धि | प्रतिशत | ० | ५ | ५ | १० | १० | १० | १० | | |
| असर | वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यवसायीकरण भएको हुनेछ । | स्थानीय फर्निचर उद्योग | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| | | आयमूलक कार्य सञ्चालित वन क्षेत्र | सङ्ख्या | ० | १ | २ | ३ | ५ | ८ | ८ | | |
| प्रतिफल | समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण हुनेछ । | सामुदायिक वन | सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | १७ | | |
| | | कबुलियती वन | सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | | |
| | | वार्षिक बृक्षारोपण | सङ्ख्या | १५०० | १०००० | २०००० | ३०००० | ४०००० | ५०००० | ५०००० | | |
| | | सामुदायिक वनले ओगटेको क्षेत्रफल | हेक्टर | १९२८ | १९२८ | १९२८ | १९२८ | १९२८ | १९२८ | १९२८ | | |
| | | सरकारी वनले ओगटेको क्षेत्रफल | प्रतिशत | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० | | |
| | | नीजी वन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्बर्द्धन गरी चोरी-निकासी तथा अतिक्रमण नियन्त्रण भएको हुनेछ । | चोरी-निकासी नियन्त्रणकालागि नियमन इकाई गठन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | पालिकास्तरीय वन इकाई स्थापना | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | | |
| | | जैविक विविधता युक्त क्षेत्र | हेक्टर | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | वन क्षेत्रको तारवार | कि.मि. | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

नेपाल संविधान, २०७२ अनुसार राज्यले जल उत्पन्न प्रकोप नियन्त्रण गर्ने, नदीको व्यवस्थापन गर्ने, जलस्रोतको बहुउपयोगी विकास गर्ने नीति अंगिकार गरेको छ । नदी किनारहरूमा बाढी पहिरो नियन्त्रण र व्यवस्थापन गर्ने, एकीकृत जलाधार व्यवस्थापन गर्ने, जलवायु परिवर्तनबाट जलस्रोतको उपलब्धता र उपयोगमा पार्ने प्रभाव न्यून गर्ने, पर्यावरणीय सन्तुलनमा सुधार गर्ने परिकल्पना राष्ट्रिय योजनाले समेत गरेको छ । त्यसैगरी जलाधार संरक्षण, पानी मुहानहरूको संरक्षण गर्ने, ढुङ्गेधारा, कुवा, सिमसार, नदी किनार र उकास क्षेत्र लगायतका भू तथा जलाधार क्षेत्रको संरक्षण गर्ने जिम्मेवारीहरू स्थानीय सरकारको कार्यक्षेत्रभित्र राखिएको छ ।

गाउँपालिका क्षेत्र बनाएर बगि रहने हुम्ला मुगु कर्णाली नदी र अन्य सहायक नदी तथा खोलाहरू सोरु गाउँपालिका प्रमुख जलाधारको क्षेत्र हो । त्यस बाहेक गाउँपालिका क्षेत्र भित्र पानीका मुहानहररु ५, सिमसार क्षेत्र ६, झरनाहरू ८ र गुफाहरू १४ वटा रहेका छन् (विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७९)। यस गाउँपालिका भित्र गाम्बुखोला, नाउला, सानीगाड, स्यालापानी, पानीनाउला, रातापानी लगायतका स्थानमा सिमसार क्षेत्रहरू रहेका छन् ।

### ७.२.२ समस्या तथा चुनौती

अवैज्ञानिक तरिकाले प्राकृतिक स्रोतको दोहन, वन क्षेत्रको विनाश, जथाभाबी सडक निर्माण, वातावरणीय प्रभाव मूल्याङ्कन नगरी विकास निर्माणको काम हुनु जस्ता समस्याहरू देखिएका छन् भने परिणाम स्वरूप अनावृष्टि, अतिवृष्टि, हुनुका साथै पानीको मुहान सुकेर सुक्खा क्षेत्रको विस्तारमा वृद्धि हुँदै गएको छ । मानव वस्तिको विकास र बसाई सराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी-खोलामा भूक्षय भई पुरिने क्रम जारी छ भने अर्का तर्फ, खोलाले धार परिवर्तन गर्नु पनि संरक्षणमा थप चुनौती बनेको छ ।

### ७.२.३ सम्भावना तथा अवसर

गाउँपालिकामा माटोको बनावट, खेती योग्य जमिन, संरक्षित क्षेत्र, बस्ती योग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भू उपयोग योजनाका आधारमा समग्र गाउँपालिकाको बस्ती विकास गर्ने गाउँपालिकाको कार्यक्रमलाई अवसरको रूपमा लिन सकिन्छ । गाउँबासीहरूको आर्थिक स्तर वृद्धि गर्न र जलाधार क्षेत्रहरूको संरक्षण गरी गाउँपालिका अन्तर्गतका सबै खोला खोल्सीमा सङ्लो पानी बगाउनको लागि गाउँपालिकासँग भएको सोचलाई सम्भावनाको रूपमा लीन सकिन्छ । गाउँपालिकामा उपलब्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जबाफदेही बनाउन सकिने सम्भावना रहेको छ ।

### ७.२.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

<u>लक्ष्य</u>

दिगो व्यवस्थापनबाट भू तथा जलाधार क्षेत्रको संरक्षण र सम्वर्द्धन भएको हुने

**उद्देश्य**

१. पहिरोबाट हुने क्षतिमा न्यूनीकरण ल्याउँदै भूक्षयलाई रोकथाम तथा नियन्त्रण गर्नु
२. जलस्रोत क्षेत्रहरूको संरक्षण, सम्वर्द्धन गर्दै जलस्रोतबाट आयआर्जनको श्रोत बनाउनु

**रणनीति र कार्यनीति**

**तालिका ५१: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- |
| **उद्देश्य १: पहिरोबाट हुने क्षतिमा न्यूनीकरण ल्याउँदै भूक्षयलाई रोकथाम तथा नियन्त्रण गर्नु** | |
| १.१: बाढी पहिरो तथा भू—क्षय नियन्त्रण तथा रोकथाम गर्ने | १. भू—क्षय, पहिरो प्रभावित क्षेत्रहरू पहिचान गर्दै नक्साङ्कन गरिनेछ ।<br>२. भिरालो जमिन, खोल्साखाल्सी, पहिरो तथा भूक्षय क्षेत्रहरूमा बाँस, बाबियो, अम्रिसो रोपण गर्दै बायो इन्जिनियरिङ प्रविधिबाट भू—क्षयलाई नियन्त्रण गरिनेछ ।<br>३. जथाभाबी सडक निर्माण गर्ने, भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माण गर्ने, वन विनास गर्ने जस्ता कार्यहरूलाई पूर्णतः निरुत्साहित एवं निषेध गरिनेछ ।<br>४. अति संवेदनशील क्षेत्रका वस्तिलाई सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्दै सम्भावित क्षतिबाट सुरक्षित राखिनेछ ।<br>५. संवेदनशील क्षेत्र तथा भू—क्षय प्रभावित क्षेत्र नजिकका वस्तिहरूमा आपत्कालिन अवस्था वारे जानकारीका लागि पूर्व सूचना दिने मेशिन उपकरणहरू जडान गरी सम्भावित क्षतिलाई न्यूनीकरण गरिनेछ । |
| १.२: भू—संरक्षण एवं सम्वर्द्धन गर्ने | १. भू—उपयोग योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>२. ठाडो एवं भिरालो भूभागमा आइ.इ.इ, इ.आइ.ए जस्ता वातावरणीय लगायत भौगोलिक अवस्थाका बारेमा विस्तृत अध्ययन पश्चात् मात्रै भौतिक संरचनाहरू निर्माण गरी त्यस्ता भूभागहरूको संरक्षण गरिनेछ ।<br>३. वर्षातको भलपानीको भण्डारण, सडक छेउ नाली निर्माण, रिचार्ज पोखरी निर्माण, हरियो हारको व्यवस्थापन एवं गरा सुधार जस्ता कार्यबाट भूमिको दिगो संरक्षण गरिनेछ ।<br>४. भिरालो भूमिमा अव्यवस्थित गरी वस्ती विस्तार गरिने अभ्यासलाई निरुत्साहित गरिनेछ।<br>५. जमिनको भित्री सतह सुक्खा हुन गई पानीको मुहान सुक्ने र जमिन समेत भासिने हुँदा स्वीकृती विना र अव्यवस्थित एवं जथाभाबी निर्माण हुने डिपवोरिङ गर्ने अभ्यास माथि नियन्त्रण गरिनेछ । |
| **उद्देश्य २: जलस्रोत क्षेत्रहरूको संरक्षण, सम्वर्द्धन गर्दै जलस्रोतबाट आयआर्जनको श्रोत बनाउनु** | |
| २.१: जलस्रोतको दिगो संरक्षण, सम्वर्द्धन गर्ने | १. पालिका क्षेत्रभित्र जलस्रोत तथा जलाधार क्षेत्रको अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, अभिलेखीकरण, नियमन एवं संरक्षण गरिनेछ । यसका लागि जलाधार संरक्षण ऐन, कानुनहरू निर्माण गरिनेछ ।<br>२. पानी मुहान, पानी पोखरी, सिमसार, तालतलैया लगायतका स्रोतहरूको क्षेत्राधिकार निर्धारण गरी अतिक्रमणलाई नियन्त्रण गर्दै आवश्यकताका आधारमा तारबार, पर्खाल, |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | रिटेनिङवाल, वृक्षारोपण एवं रिचार्ज पोखरीहरू निर्माण गरी संरक्षण एवं सम्वर्द्धन गरिनेछ ।<br>३. पानीमुहान, पोखरी, तालतलैया, खोलामा पानीको मात्रा यथेष्ट र स्थिर राख्न अध्ययनका आधारमा जलाशयहरू निर्माण गरिनेछ र वर्षातको पानी सञ्चय गरी पानी भरण गर्ने भूमिगत सतह पानी पुर्नभरण गर्ने व्यवस्था मिलाइनेछ ।<br>४. नदी तथा खोला किनारामा तटबन्ध निर्माण गरिनेछ । ठूला प्रकृतिका वर—पिपल लगायतका रुखहरू वृक्षारोपण गरी नदी खोला किनारमा हुने भूक्षयलाई न्यूनीकरण गरिनेछ ।<br>५. स्थानीय समुदायसँग सहकार्य गर्दै उद्योग कलकारखाना एवं सहरबजारबाट निष्कासित दूषितपानी, ढल निकास, फोहरमैला फाली जलस्रोतहरू प्रदूषण गर्ने अभ्यासलाई नियन्त्रण गरी जलस्रोतहरूको संरक्षण एवं सम्वर्द्धन गरिनेछ । |
| २.२ः जलस्रोतहरूलाई बहुउपयोगी बनाउँदै आय श्रोतको रूपमा विकास गर्ने | १. नदी तथा खोला किनार तथा नदी उकास क्षेत्रमा व्यावसायिक रूपमा कृषि—वन खेती गर्न स्थानीयहरूलाई प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलब्ध गराइनेछ ।<br>२. सम्भाव्यताका आधारमा गाउँपालिकाका विभिन्न क्षेत्रहरूमा पानीपोखरी, पानीट्याङ्की निर्माण गरी कृषि भूमिमा नियमित सिँचाइको व्यवस्था मिलाइनेछ।<br>३. निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्दै गाउँपालिका क्षेत्रभित्रका जलाधारमा झरना, पौडीपोखरी, स्नानकुण्ड एवं मनोरञ्जन पार्कहरू निर्माण गरी आन्तरिक पर्यटकीय क्षेत्रको रूपमा विकास गरिनेछ ।<br>४. निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्दै वर्षाको पानी भण्डारण, नदी खोलाबाट सा—साना जलाशय निर्माण गरी सङ्कलित पानीलाई प्रशोधनको व्यवस्था मिलाई खानेपानी आयोजनाहरू सञ्चालन गरिनेछ ।<br>५. मत्स्यपालनलाई व्यावसायिक सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । यसका लागि खुल्ला क्षेत्र एवं पानी आपूर्तिको व्यवस्था मिलाइनेछ । |

### ७.२.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

**तालिका ५२: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजना**

| भूसंरक्षण तथा जलाधार व्यवस्थापन | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु.हजारमा) | | | | | | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | भूक्षय नियन्त्रणका लागि वायोइन्जिनियरिङ प्रवर्द्धन | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | १२ | ७ | ३ | १ |
| २ | तटबन्धन तथा पहिरो संरक्षण कार्यक्रम | एकमुस्ट | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | | १२ | ७ | ३ | १ |
| | गुल्म-तारापानी-कच्चे तटबन्ध निर्माण | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | | | |
| ३ | खानेपानीका मुहान संरक्षण कार्यक्रम | एकमुस्ट | | | ३००० | १००० | १००० | १००० | १००० | ७००० | | १२ | ७ | ३ | १ |
| ४ | प्लास्टिक पोखरी निर्माण | सङ्ख्या | | ५०० | १००० | १००० | १००० | १००० | १००० | ५००० | | १२ | ७ | ३ | १ |
| | भूमि तथा जलाधार व्यवस्थापनको जम्मा | | | | ९००० | ७००० | ७००० | ७००० | ७००० | ३७००० | | | | | |

### ७.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ५३: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| भूसंरक्षण तथा जलाधार व्यवस्थापन | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | गाउँपालिका क्षेत्र भित्र भूसंरक्षण र जलाधार व्यवस्थापन भएको हुनेछ । | संरक्षित भूक्षय संवेदनशील क्षेत्र | सङ्ख्या | ११ | ११ | १० | ९ | ८ | ७ | ७ | | |
| **असर** | वातावरणमैत्री र परिवर्तनसँग अनुकूलित | पहिरो नियन्त्रणकालागि तटबन्ध निर्माण | कि.मि. | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |

| भूसंरक्षण तथा जलाधार व्यवस्थापन | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | हुने गरी स्वच्छ एवम् सफा वातावरण सहितका विकास कार्यक्रमहरू सञ्चालन हुनेछ । | संवेदनशील क्षेत्रको पहिरो नियन्त्रण | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |
| प्रतिफल | भूसंरक्षण गरी वातावरणीय सन्तुलन कायम हुनेछ । | स्थानीय विपद् तथा उत्थानशील योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | विपद जोखिम क्षेत्र पहिचान | सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | | |
| | प्राकृतिक स्रोत साधनलगायत स्थानीय सम्पदाहरूको संरक्षण हुनेछ | विपद जोखिम क्षेत्र नक्साङ्कन | सङ्ख्या | २ | २ | ३ | ३ | ४ | ४ | ४ | | |
| | | लोप हुनलागेका बालीनालीको पुनस्थापन (बाली नाली को सङ्ख्या) | सङ्ख्या | ० | २ | ४ | ६ | ८ | १० | १० | | |
| | स्थानीय स्रोत साधनहरूमा बाढी तथा पहिरो पर्ने प्रभाव कम हुनेछ | स्थानीय वातावरणमैत्री नीति | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | वातावरण तथा सम्बन्धी सचेतना कार्यक्रम सङ्ख्या | सङ्ख्या | १० | १ | १ | १ | १ | १ | ५ | | |
| | | | | | | | | | | | | |

## ७.३ वातावरण तथा फोहोर व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

वातावरणीय सन्तुलनका लागि वनक्षेत्र सुरक्षित राख्ने, जनसाधरणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासमा वातावरण पर्न सक्ने जोखिम न्यूनीकरण गर्ने, वातावरण प्रदूषण गर्नेले दायित्व व्यहोर्ने र वातावरण संरक्षणमा पूर्व सावधानी एवं पूर्व सूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने नीति राज्यबाट अङ्गीकार गरेको छ । त्यसैगरी स्थानीय स्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने, वातावरणीय जोखिम न्यूनीकरण गर्ने, न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास गर्ने, वातावरण संरक्षण गर्ने, स्थानीय स्तरमा सरसफाइ तथा फोहरमैला व्यवस्थापन गर्ने जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

गाउँपालिकाको स्थानीय वातावरणमैत्री नीति बनेको छ । सोरु गाउँपालिकामा मुख्यरुपले खाना पकाउनका लागि काठ दाउराको प्रचलन यथावत् छ । यो सङ्ख्या कुल घरपरिवारको करिब ९६.७ प्रतिशत रहेको छ । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेको छ । पानीका स्रोत सुक्दै गएका छन् । वातावरणको प्रभावहरू क्रमशः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।

### ७.३.२ समस्या तथा चुनौती

गाउँपालिकाका सोरुकोट, तारापानी लगायतका वस्तिहरू बजार केन्द्रका रूपमा विकास भइरहेको हुँदा ती क्षेत्रमा प्लास्टिक र सिसा जन्य फोहर व्यवस्थापन सम्बन्धी समस्या क्रमशः देखा पर्न थालेको देखिन्छ । अधिकांश सडकको अवस्था कच्ची वा धुले रहेको हुँदा धूलो व्यवस्थापनमा समस्या, सरसफाइ सम्बन्धी चेतनाको कमी, वातावरण तथा स्वच्छता सम्बन्धी नीतिको अभाव, पानीको स्रोतको कमी एवं हरियाली क्षेत्र वृद्धि गर्ने कार्यक्रम नहुनु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् । दाउरा उपयोग घटाउन नसकिएको तथा सोको कारण आगलागीका घटनाको जोखिममा वृद्धि, वातावरण प्रदूषण घटाउने कार्यहरू नभएको र बढ्दै गएको स्वास्थ्य समस्याहरूमा कमी ल्याउन नसकिएको, वैकल्पिक ऊर्जा वा बायो मास, सौर्य ऊर्जा, विद्युतको उपयोगमा प्रोत्साहनको व्यवस्था नहुनु आदि प्रमुख समस्या र चुनौतीका रूपमा रहेको छन् ।

फोहर व्यवस्थापनका नाममा फोहरहरू खोला खोल्सीका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृति हाम्रो समाजमा नयाँ होइन । यसरी फालिएको फोहर वर्षाका समयमा पानीले बगाएर खोला खोल्सी तथा नदीका तल्लो भाग सम्म पुऱ्याएर प्रदूषणलाई विस्तारित गर्दछ ।

### ७.३.३ सम्भावना तथा अवसर

वातावरण संरक्षण तथा फोहर मैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने, ध्वनि तथा वायु प्रदूषण नियन्त्रणका लागि स्थानीयहरूलाई अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरी सचेतना वृद्धि गर्ने, वातावरण सरसफाइ समूह/समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छता कायम गर्ने आदि रहेका

छन् । त्यसैगरी सामुदायिक संस्थाहरूसँग सहकार्य गरी फोहर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरू अवलम्बन गरी फोहर मैलाको व्यवस्थापन तथा स्रोतमै न्यूनीकरण गरी गाउँलाई सुन्दर बनाउने स्थानीय समुदायसँगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरूमा फलफूल तथा वृक्षारोपण गर्दै हरियाली पार्क क्षेत्रहरू निर्माण गर्ने सम्भावनाहरू रहेका छन् ।

### ७.३.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

फोहरमैलालाई सुरक्षित विसर्जन एवं प्रदूषणहरू नियन्त्रण भई सन्तुलित एवं स्वच्छ वातावरण प्रवर्द्धन भएको हुने

**उद्देश्य**

१. फोहरमैलालाई व्यवस्थित तवरले विसर्जन गर्दै हरियाली वृद्धि गर्नु ।
२. वातावरण प्रदूषण नियन्त्रणका उपायहरू अवलम्बनबाट स्वच्छ वातावरण प्रवर्द्धन राख्नु ।

**रणनीति र कार्यनीति**

**तालिका ५४: फोहरमैला तथा वातावरण व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: फोहरमैलालाई व्यवस्थित तवरले विसर्जन गर्दै हरियाली वृद्धि गर्नु** | |
| १.१: घर, आँगन, चोक, बजार क्षेत्रका फोहोरहरू व्यवस्थिति तवरले सङ्कलन, प्रशोधन गर्दै सुरक्षित विसर्जन गर्ने | १. फोहोरमैलाको प्रभावकारी व्यवस्थापनका लागि पुनःप्रयोग, पुनःप्रशोधन, न्यूनीकरण र प्लाष्टिकजन्यको निषेध विधि अवलम्बन गर्दै फोहोर उत्पादनलाई श्रोतमै न्यूनीकरण गरिनेछ ।<br>२. घर, पसल, कार्यालय एवं सार्वजनिक स्थल आदिमा उत्पादित फोहोरलाई व्यवस्थित रूपमा सङ्कलनका लागि निर्धारित रङ्गका डष्टबिनहरूमा राखिनेछ ।<br>३. सङ्कलित फोहोरहरूलाई ढुवानी गर्दै एक निश्चित स्थानमा थुपार्ने, जैविक अजैविक फोहोरहरूलाई छुट्याउन तथा प्रशोधन गरिनेछ ।<br>४. फोहोरहरूको सुरक्षित विसर्जनका लागि ल्याण्ड फिल्ड साइडको व्यवस्था गर्दै सो क्षेत्रलाई स्यानिटरी पार्कको रूपमा विकास गरिनेछ ।<br>५. फोहोरमैलाको व्यवस्थित व्यवस्थापनका लागि निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ । |
| १.२: फोहोरलाई सदुपयोग गर्दै आय श्रोतको रूपमा विकास गर्ने । | १. फोहोरको मुख्य श्रोतहरू घरघर आँगनमा फोहरमैलालाई जैविक, अजैविक एवं सिसाजन्य गरी अलग-अलग भागमा वर्गीकरण गरिने छ र जैविक फोहोरबाट मल उत्पादन गरिनेछ ।<br>२. घरघरमा उत्पादित फोहोरमैलाबाट जैविक मल उत्पादन गर्ने सम्बन्धी प्राविधिक तालिमहरू प्रदान गरी सीप, ज्ञान प्रदान गरिनेछ । सोका लागि आवश्यक पर्ने मेशिन उपकरणको व्यवस्था मिलाइनेछ ।<br>३. व्यावसायिक रूपमा फोहोरमैलाबाट जैविक मल उत्पादन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै सहकार्य गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. जैविक मल उत्पादनका लागि आवश्यक भूमि, मेशिन उपकरण खरिद तथा व्यवस्थाका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।<br>५. उत्पादित जैविक मलको विक्री वितरणका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ । |
| **उद्देश्य २ः वातावरण प्रदूषण नियन्त्रणका उपायहरू अवलम्बनबाट स्वच्छ वातावरण प्रवर्द्धन राख्नु** | |
| २.१ः सबै प्रकारका प्रदूषणहरू न्यूनीकरण नियन्त्रण गर्ने | १. सङ्घ र प्रदेशका कानुनहरूको अधीनमा रही वातावरण प्रदूषण नियन्त्रणका लागि आवश्यक कानुनहरू निर्माण गरी कडाइका साथ कार्यान्वयन गरिनेछ ।<br>२. सबै प्रकारका प्रदूषणहरूको नियन्त्रण, न्यूनीकरणका लागि टोल विकास संस्था मार्फत अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरी सचेतना विकास गरिनेछ ।<br>३. विद्युतीय वैकल्पिक एवं हरित ऊर्जाको प्रयोगलाई प्रोत्साहित गर्दै वातावरण सन्तुलन कायम राख्न जोड दिइनेछ । |
| २.२ः हरियाली क्षेत्र विस्तार गर्दै स्वच्छ वातावरण प्रवर्द्धन गर्ने | १. घरआँगन, विद्यालय, कार्यालय, सडक किनारा लगायतका खुल्ला तथा सार्वजनिक क्षेत्रमा सदाबहार हरियो हुने तथा फलफूलका वोटविरुवाहरू रोपण गरी हरियाली क्षेत्र विस्तार गरिनेछ ।<br>२. हरेक वडाहरूमा हरियाली पार्क, वाल उद्यान तथा मनोरञ्जन पार्कहरू निर्माण गरिनेछ ।<br>३. सार्वजनिक स्थल एवं बजार क्षेत्रहरूमा सुविधायुक्त सार्वजनिक शौचालयहरू निर्माण गरी सञ्चालनमा ल्याउन स्थानीय सामुदायिक संस्थाहरूसँग सहकार्य गरिनेछ ।<br>४. वातावरण सरसफाइ समूह/समिति परिचालन नियमित सरसफाइ जस्ता कार्यहरू सञ्चालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम राखिनेछ ।<br>५. जनस्तरमा वातावरण संरक्षण सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ । यसका लागि स्थानीय सामुदायिक सङ्घ संस्था तथा टोल सुधार संस्थाहरूसँग सहकार्य गरिनेछ । |

## ७.३.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

**तालिका ५५: वातावरण तथा फोहोर व्यवस्थापनका कार्यक्रम तथा आयोजना**

| वातावरण तथा फोहोरमैला व्यवस्थापन | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु.हजारमा) | | | | | | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | जनचेतना अभिवृद्धि | पटक | | | २५० | २५० | २५० | २५० | २५० | १२५० | | १३ | ७ | ३ | १ |
| २ | फोहोर न्यूनीकरण, पुनप्रशोधन, पुनप्रयोग, प्लाष्टिकजन्य वस्तुको निषेध कार्यक्रम | एकमुस्ट | | | ५०० | ४०० | ४०० | ४०० | ४०० | २१०० | | १३ | ७ | ३ | १ |
| ३ | सार्वजनिक स्थल डष्टवीन वितरण | एकमुस्ट | | | ५०० | ४०० | ४०० | ४०० | ४०० | २१०० | | १३ | ७ | ३ | १ |
| ४ | सोरुकोट – तारापानीको फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला विसर्जन केन्द्र स्थापना | एकमुस्ट | | | | २००० | ३००० | | | ५००० | | १३ | ७ | ३ | १ |
| | **वातावरण तथा फोहरमैला व्यवस्थापनको जम्मा** | | | | १२५० | ३०५० | ४०५० | १०५० | १०५० | १०४५० | | | | | |

## ७.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ५६: वातावरण तथा फोहोर व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| वातावरण तथा फोहोरमैला व्यवस्थापन | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | आधारभूत सरसफाइमा सुधार गरी समुदाय प्रदूषणमुक्त हुनेछ । | वायु प्रदूषणको औसत मात्रा (पि पि एम २.५) | माइक्रोग्राम प्रति घन मिटर | | | | | | | | | |
| | | पुर्ण सरसफाइयुक्त वडा | सङ्ख्या | ० | ० | १ | २ | ३ | ४ | ४ | | |

| वातावरण तथा फोहोरमैला व्यवस्थापन | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| असर | गाउँपालिकामा भरपर्दो र गुणस्तरीय सरसफाइ सेवा विस्तार भएको हुनेछ । | धुवाँमुक्त घरधुरी | वटा | ६५ | ६८ | ७० | ७२ | ७५ | ७८ | ७८ | | |
| | | फोहोरमैला बिसर्जन केन्द्र | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | | |
| | दिगो सरसफाइ व्यवस्थापनको क्षेत्रमा सुधार हुनेछ | फोहोरमैला बिसर्जन नीति | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल | संक्रामक रोगको फैलावटमा कमी आउनेछ | संक्रामक रोगबाट बिरामी हुने जनसङ्ख्या | प्रतिशत | ५५ | ४० | ३० | २० | १० | ० | ० | | |
| | | गाउँटोल सरसफाइकोलागि उपभोक्ता समिति | सङ्ख्या | ० | ५ | १० | २० | ३० | ५० | ५० | | |
| | | डस्टबिन व्यवस्थापन भएका घरधुरी | प्रतिशत | १० | २० | ३० | ४० | ५० | ६० | ६० | | |
| | प्राविधिकहरूको आधारभूत तथा पुनर्ताजकी तालिम मार्फत सरसफाइको क्षेत्रमा दक्ष जनशक्तिको व्यवस्था गर्न सकिनेछ | फोहरबाट जैविक मल उत्पादन गर्ने परिवार | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ | १०० | १०० | | |
| | | फोहोरमैला व्यवस्थापनकालागि दक्ष जनशक्ति | सङ्ख्या | ० | ५ | १० | १५ | २० | २५ | २५ | | |

## ७.४ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन

### ७.४.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार राज्यले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना एवं तयारी गर्ने, उद्धार, राहत एवं पुर्नस्थापना गर्ने नीति अङ्गीकार गरेको छ । अन्तर्राष्ट्रिय स्तरका मापन केन्द्रहरूबाट जलवायु परिवर्तन सम्बन्धी सूचना अद्यावधिक एवं प्रवाह गर्ने परिकल्पना राष्ट्रिय योजनामा गरिएको छ भने उत्थानशीलता विकासलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा लिइएको छ । विपद् पूर्व, सो पश्चात् र विपद् को समयमा स्थानीय तहले निभाउनु पर्ने, विपद् तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, अनुगमन एवं नियमन गर्ने, जोखिम वस्तिहरू पहिचान गर्ने, नक्साङ्कन गर्ने, वस्ति स्थानान्तरण गर्ने जस्ता जिम्मेवारीहरू पनि स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ।

विपद् व्यवस्थापनका लागि सोरु गाउँपालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गरेको छ भने यस सम्बन्धी क्रियाकलापहरू गर्न गाउँपालिका अध्यक्षको अध्यक्षतामा विपद् तथा जलवायु उत्थानशील समिति गठन भएको छ । गाउँपालिका विपद् व्यवस्थापन कोषको स्थापना र वार्षिक रूपमा कोषको लागि रकम विनियोजन हुने गर्ने गरेको छ । आपत्कालिन आश्रय स्थलको रूपमा प्रयोग गर्नको लागि गाउँपालिका खुला स्थानहरू रहेका छन् । विपद् भएको अवस्थामा आपतकालिन उद्धार तथा राहत वितरणका लागि सोरु गाउँपालिकाका विभिन्न वडाहरुक ११ स्थानमा हेलिप्याड रहेका छन्।

### ७.४.२ समस्या तथा चुनौती

भूमिको व्यवस्थित तथा वैज्ञानिक रूपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दिगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु गाउँपालिकाको प्रमुख चुनौतीका रूपमा रहेको छ । नाङ्गा डाँडोहरूमा हुने भूस्खलन, विपद् पूर्व तयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदाय स्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख वस्तिहरूमा सामुदायिक आश्रय स्थलहरू छैनन् । आपत्कालिन सेवाका लागि पर्याप्त एम्बुलेन्स सेवा तथा दमकलको व्यवस्था नहुनु, विपद् आइ पर्दा आवश्यक पर्ने न्यूनतम औषधी एवम् उपकरणहरूको व्यवस्था नहुनु, विपद् पूर्व सूचना प्रणालीको अभाव जस्ता समस्या तथा चुनौतीहरू रहेका छन् ।

### ७.४.३ सम्भावना तथा अवसर

गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीति गत प्रयास सकारात्मक छन् । नागरिक स्तरमा केही हद सम्म ज्ञान तथा चेतना अभिवृद्धि भएको छ । गाउँपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाहरूमा पर्न सक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिने धेरै सम्भावनाहरू रहेका छन् । विपद् पूर्व तयारी कार्यका लागि मोबाइल एस.एम.एस. मार्फत सूचना दिने तथा विपद् सङ्कट उन्मुख बस्ती स्थानान्तरणको तथ्याङ्क सङ्कलन गरी विपद् न्यूनीकरणमा गर्न सकिने सम्भावना छ ।

## ७.४.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउँदै जोखिमबाट हुने क्षतिलाई न्यूनीकरण एवं जनजीवन सुरक्षित भएको हुने

**उद्देश्य**

१. विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य एवं पुनर्लाभलाई प्रभावकारी बनाउनु
२. जलवायु परिवर्तन अनुकूलनका उपायहरू अवलम्बन गर्दै क्षति न्यूनीकरण गर्नु

**रणनीति र कार्यनीति**

**तालिका ५७: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य एवं पुनर्लाभलाई प्रभावकारी बनाउनु** | |
| १.१: विपद् प्रतिरोधात्मक भौतिक संरचनाहरूको निर्माणबाट जोखिम न्यूनीकरण गर्ने | १. भवन निर्माण संहिता कडाइका साथ लागू गर्दै निजी भवन संरचनाहरूलाई विपद् प्रतिरोधात्मक अनिवार्य रूपमा बनाउन लगाइनेछ । यसका लागि भवन निर्माण मापदण्ड तथा नक्सापास कार्यविधि बनाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>२. विद्यालय भवन, स्वास्थ्य संस्थाका भवन, कार्यालय लगायतका सार्वजनिक संरचनाहरूलाई विपद् प्रतिरोधात्मक बनाइनेछ ।<br>३. प्राकृतिक एवं सांस्कृतिक सम्पदाहरू, सार्वजनिक सम्पत्तिहरूको दिगो संरक्षणका लागि प्रवलीकरण गर्दै विपद् प्रतिरोधात्मक बनाइनेछ ।<br>४. न्यूनतम मापदण्ड नपुगेका तथा मापदण्ड विपरीत निर्मित भौतिक संरचनाहरूको प्रवलीकरणका लागि प्रोत्साहित गरिनेछ ।<br>५. थोत्रा, पुराना एवं आकस्मिक सुरक्षाका उपायहरू पनि नभएका भौतिक संरचनाहरू विस्थापित गरी नयाँ संरचना निर्माणका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ । |
| १.२: विपद् जोखिमबाट जनजीवन सुरक्षित बनाउने | १. पहिरो, नदी नियन्त्रण, भूकम्प, सम्भावित प्रकोप तथा विपद् लगायतका विषयमा विस्तृत अध्ययन, अनुसन्धान गरी जोखिमयुक्त संवेदनशील क्षेत्रहरूको पहिचान एवं नक्साङ्कन गर्दै भू—उपयोग योजना तर्जुमा गरिनेछ ।<br>२. नदी किनार, बगर, ठाडो भिरालो, डुबान तथा पहिरो क्षेत्रमा बसोबास गर्ने घरपरिवार तथा वस्तिहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ ।<br>३. आपत्कालिन व्यवस्थापनका लागि वस्तिहरूमा खुल्ला क्षेत्र, पानीपोखरी, आश्रय गृहको व्यवस्था मिलाइने छ र अत्यावश्यक पूर्वाधारको व्यवस्था गरिनेछ ।<br>४. समुदाय स्तरमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी जनचेतना, उद्धार समूह लगायत स्थानीय स्वयंसेवक, रेडक्रस, स्काउट एवं सामुदायिक सङ्घसंस्थाहरूका क्षमता अभिवृद्धि गरिनेछ । आपत्कालिन उद्धार नमुना अभ्यासका साथै विपद् पूर्वचेतावनी प्रणाली लगायत आधुनिक प्रविधिहरू एवं एम्बुलेन्सलाई तयारी अवस्थामा राखिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ५. विपद्का घटना हुनासाथ खोज, उद्धार, उपचार, अस्थायी आश्रय गृह, खानेपानी खाद्यान्न, लत्ताकपडा, राहत, मनोपरामर्श लगायतका प्राथमिक कार्यहरू प्रभावकारी एवं समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ । |
| **उद्देश्य २ः जलवायु परिवर्तन अनुकूलनका उपायहरू अवलम्बन गर्दै क्षति न्यूनीकरण गर्नु** | |
| २.१ः जलवायु परिवर्तन अनुकूलनका उपायहरू प्रवर्द्धन गर्ने | १. जलवायु परिवर्तन अनुकूलन सम्बन्धी जनचेतना कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । यसका लागि सामुदायिक तथा टोल सुधार संस्थाहरूलाई परिचालन गरिनेछ ।<br>२. विपद् जोखिम प्रकोप पहिचान गर्दै श्रोत नक्सा सहित जलवायु परिवर्तन अनुकूलन सम्बन्धी गाउँपालिकाको रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>३. जलवायु परिवर्तन अनुकूलनका लागि सामुदायिक संस्था एवं सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्दै फोहोरलाई व्यवस्थित गर्ने, प्लाष्टिकजन्य उत्पादनहरू बाल्ने कार्यलाई निरुत्साहित गर्ने, घरघरमा फलफूलका बिरुवा रोप्ने, घरबाट उब्रेको पानी तथा वर्षाको पानीलाई सतहमुनि पुर्नभरण गर्ने जस्ता कार्यहरूका लागि अभिप्रेरित गरिनेछ ।<br>४. कृषि जमिनको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि जैविक तथा गोठेमल, भिरालो जमिनमा गरासुधार, घाँसेगरा निर्माण, कृषि—वनलाई व्यावसायिक रूपमा प्रवर्द्धन गर्दै जलवायुमैत्री कृषि प्रविधिमा जोड दिइनेछ ।<br>५. वार्षिक बालीपात्रो बनाई सोही अनुसार कृषि खेतीको व्यवस्था मिलाइनेछ । |
| २.२ः जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्दै जनजीवनमा सहजता ल्याउने | १. खाना पकाउँदा दाउरा बाल्ने तथा परम्परागत चुल्होको सट्टामा विद्युतीय तथा इण्डक्सन चुल्हो प्रयोग गर्न प्रेरित गर्दै सोको प्रयोगमा आवश्यक सहयोग उपलब्ध गराइनेछ ।<br>२. स्वच्छ ऊर्जामा आधारित उद्यम व्यवसायहरू विकास, विस्तार एवं प्रवर्द्धनका लागि सहकारी क्षेत्रसँग समन्वय गर्दै आवश्यक सहयोग उपलब्ध गराइनेछ ।<br>३. जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित क्षतिलाई न्यूनीकरण गर्न कृषकहरूलाई बीमाको व्यवस्था मिलाइनेछ र आवश्यकताका आधारमा सहयोग उपलब्ध गराइनेछ।<br>४. खुल्ला क्षेत्रहरूमा हरियाली प्रवर्द्धनलाई वृक्षारोपण गर्ने, पानीपोखरी निर्माण गर्ने, पार्क उद्यान निर्माण गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गरी जलवायु परिवर्तनबाट हुने असरहरूलाई न्यूनीकरण गरिनेछ । |

## ७.४.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

**तालिका ५८: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजना**

| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा उत्थानशीलता | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु.हजारमा) | | | | | | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | बस्ती स्थानान्तरण (रावल वाडा ४०, गहताडी १९, बंजाहा २६, ख्याल्चा २५ घर) | एकमुस्ट | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | **२५०००** | | १३ | ७ | ३ | १ |
| २ | पहिरो नियन्त्रण (तारापानी, रावलवाडा,आसीधारा) | एकमुस्ट | | | २००० | २५०० | ३००० | ३५०० | ४००० | **१५०००** | | १३ | ७ | ३ | १ |
| ३ | विपद् व्यवस्थापन कोष | रु हजारमा | | ५००० | १००० | १००० | १००० | १००० | १००० | **५०००** | | १३ | ७ | ३ | १ |
| ४ | उद्धारटोली,सामुदायिक संस्था, स्वयंसेवीको क्षमता अभिवृद्धि | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | | १३ | ७ | ३ | १ |
| ५ | आपतकालीन पूर्वसूचना प्रणाली जडान | सङ्ख्या | | ५ | १००० | १००० | | | | **२०००** | | १३ | ७ | ३ | १ |
| | **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा उत्थानशीलताको जम्मा** | | | | **९५००** | **१००००** | **९५००** | **१००००** | **१०५००** | **४९५००** | | | | | |

### ७.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ५९: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा उत्थानशीलता | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी आएको हुनेछ । | विपद्जन्य घटनाबाट विगत ३ वर्षको औसत मानवीय क्षति सङ्ख्या | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | प्रमुख नदी/खोलामा बाढी सूचना प्रणाली स्थापना | सङ्ख्या | १ | ० | ० | ० | ० | ० | ० | | |
| असर | विपद् जोखिमको पूर्वानुमान सूचना र उद्धारका लागि प्रभावकारी सूचना प्रणालीको व्यवस्थापन भएको हुनेछ | आपतकालीन कार्य सञ्चालन केन्द्र | सङ्ख्या | १ | २ | २ | २ | २ | २ | ११ | | |
| | | विपदबाट क्षती भएको घरधुरी | सङ्ख्या | ४०० | २०० | १५० | १०० | ८० | ३० | | | |
| | | विपद् व्यवस्थापन योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल | विपद् व्यवस्थापनसम्बन्धी कार्य योजना विकास हुनेछ | स्थानीय विपद जोखिम न्युनीकरण तथा अनुकुलन कार्ययोजना तर्जुमा | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | विपद् व्यवस्थापनमा क्रियाशील सङ्घ-संस्थाहरू | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| | सूचना/तथ्याङ्क सङ्कलन सही र सरल रूपमा प्राप्त हुने संयन्त्र विकास हुनेछ | विपद् व्यवस्थापन स्थानीय कोष (हजारमा) | रु. | १००० | १२०० | १३०० | १४०० | १५०० | १६०० | १६०० | | |
| | | सामान्य खोज उद्दारमा तालिमप्राप्त जनशक्ति | सङ्ख्या | ४२ | २२ | ३३ | ४४ | ५५ | ६० | ६० | | |
| | सरोकारवाला र स्थानीय जनसमुदायहरूको क्षमता अभिवृद्धि हुनेछ | तालिम प्राप्त स्वयम् सेवक | सङ्ख्या | ० | २२ | ४४ | ८८ | १०० | ११० | ११० | | |
| | | प्रमुख नदी कटान स्थलमा तटबन्द निर्माण | सङ्ख्या | १ | १ | २ | ३ | ४ | ४ | ४ | | |

| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा उत्थानशीलता | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | विपद् व्यवस्थापनलागि खुल्ला क्षेत्र र स्थान | सङ्ख्या | ११ | १ | १ | १ | १ | १ | १ | | |
| | | वस्तीकालागि अयोग्य स्थानमा बसोबास गरेका घरधुरी | सङ्ख्या | १५० | १२५ | १०० | ७५ | ५० | २५ | २५ | | |

# परिच्छेद आठ : संस्थागत तथा सुशासन विकास

## ८.१.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार राज्यले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम बनाउने, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त बनाउने, जनउत्तरदायी र सहभागितामूलक बनाउने, राज्यबाट प्राप्त हुने सेवा सुविधा माथि जनताको समान र सहज पहुँच सुनिश्चित एवं सुशासनको प्रत्याभूति गर्ने नीति अंगिकार गरेको छ । राष्ट्रिय योजनामा सुशासन र सवल लोकतन्त्रलाई दीर्घकालीन लक्ष्यका रूपमा ग्रहण गरिएको छ भने प्रमुख सम्वाहकका रूपमा सार्वजनिक सेवाको सुदृढीकरण लाई लिइएको छ र दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा शासकीय सुधारलाई लिइएको छ । त्यसैगरी राष्ट्रिय योजनामा जवाफदेहीता, पारदर्शी, जनउत्तरदायी, सहभागितामूलक, गुणात्मक प्रतिस्पर्धामा आधारित समतामूलक र सदाचारयुक्त, स्वअनुशासित शासन प्रणालीलाई संस्थागत गर्ने, सेवा प्रवाहमा छिटो, सहज बनाउने, विद्युतीय शासन प्रणाली विकास विस्तार गर्ने र गुणस्तरीय सेवामा नागरिकको पहुँच सुनिश्चित गर्ने परिकल्पना गरिएको छ । यसैगरी स्थानीय नीति तर्जुमा गर्ने, ऐन, कानुन, मापदण्डहरू निर्माण गर्ने, कार्यान्वयन गर्ने एवं नियमन गर्ने र यसरी कानुनहरू निर्माण गर्दा सङ्घीय एवं प्रादेशिक कानुनहरूको अधीनमा रही तर्जुमा गर्नुपर्ने जिम्मेवारीहरू पनि स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

आवधिक योजना आफैंमा संस्थागत विकास तथा सुशासनको एक प्रमुख रणनीति भएको कारण संस्थागत विकास, क्षमता विकास र सुशासन र योजना कार्यान्वयन जस्ता पक्षहरूलाई यस भित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ । जबाफदेही, पारदर्शी र परिणाममूखी शासकीय व्यवस्था र सार्वजनिक सेवाहरूमा पारदर्शी, समावेशी र जबाफदेही सोच सहित गाउँपालिकाको सुशासन प्रवर्द्धन गर्नकालागि गाउँपालिकाले आवधिक योजना अवधि भित्रै सुविधासम्पन्न प्रशासकीय निर्माण गरी गाउँपालिकाबासीलाई सेवा प्रवाहको सुरुवात गर्ने लक्ष्य लिएको छ ।

संस्थागत विकास तथा सुशासनको क्षेत्रमा यस गाउँपालिकामा हालसम्म कूल ४४ **वटा** स्थानीय ऐन, नीति नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, आचारसंहिता र रणनीति तयार भई कार्यान्वयन तथा अभ्यासमा रहेका छन् । संविधान तथा प्रचलित कानुन अनुसार गाउँ सभाबाट न्यायिक समिति, विधान समिति, लेखा समिति र कार्यपालिकाबाट योजना तर्जुमा र अन्य विषयगत समितिहरू गठन भई तत् सम्बन्धी विषयमा क्रियाशिल रहेका छन् । सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेबसाइट र सूचना पाटीमार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ ।

गाउँपालिकाको सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न गाउँ कार्यपालिकामा जम्मा **९ वटा** विभिन्न विषयगत समितिहरू रहेकाछन् । सबै वडाहरूमा मेलमिलाप केन्द्र स्थापना भएको छ र सामान्य विवादको आपसी छलफल र मेलमिलापको माध्यमवाट निरूपण गर्ने गरिएको छ । गाउँपालिकाबाट हुने सबै आर्थिक कारोवारको लेखांकन चुस्त, दुरुस्त, यथार्थ र समयमा नै विवरण प्राप्त गर्ने गरी **सुत्र प्रणाली** मार्फत कार्य थालनी गरिएको छ ।

संस्थागत विकासमा प्रभावकारी रूपमा अगाडि बढिरहेको यस गाउँपालिकाले स्थानीय सरकार संस्थागत स्व मूल्याङ्कन (LISA) मा आर्थिक वर्ष २०७९/८० मा कूल ६०.५ अङ्क प्राप्त गरेको छ भने वितीय सुशासन जोखिम मुल्यांङ्कन (FRA) मा कूल ६६ अङ्क प्राप्त गरेको छ । यो प्राप्ताङ्क तनहूँ जिल्ला भित्रका सबै स्थानीय तह मध्येको उत्कृष्ट हो । गाउँपालिकामा ११ वटा वडा कार्यालयहरू सञ्चालनमा छन् । गाउँपालिकाको

दैनिक कार्यसम्पादन र विकास निर्माण तथा योजना कार्यान्वयनका लागि कार्यपालिका तर्फ १५ वटा शाखामा ५२ जना स्थायी र २६ जना करार गरी कुल ७८ जना कर्मचारीको कार्यरत रहेका छन् ।

गाउँपालिकाको मुख्य लगानीको क्षेत्रको रूपमा कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, यातायात लगायतका क्षेत्रहरू रहेका छन् । स्थानीय शासनलाई प्रभावकारी रूपमा सञ्चालन गर्न ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्धारण गरिएको छ । गाउँपालिकामा सञ्चालित स्थानीय सञ्चित कोष र अन्य स्रोतबाट सञ्चालित आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएको छ।

### ८.१.२ समस्या तथा चुनौती

यस गाउँपालिका साँस्कृतिक विशेषता, धार्मिक मठ मन्दिरका कारणले पर्यटकीय विकास र आर्थिक विकासको अथाह सम्भावना भएर पनि सुशासन र सेवा प्रवाहको अवस्थामा अपेक्षित रूपमा सफलता हासिल गर्न सकेको छैन । योजनाबद्ध, व्यवस्थित तथा नतिजा मूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापना लगायतका समस्या तथा चुनौतीहरू विद्यमान रहेका छन् ।

स्थानीय तहको एकल अधिकार व्यवस्था अनुसार गाउँपालिकाले प्रमुख विषयहरू वातावरण तथा प्राकृतिक श्रोत संरक्षण, पर्यटन तथा खेलकूद विकास, कला तथा संस्कृति संरक्षण लगायत विषयमा नीति, ऐन, नियम, कार्यविधि निर्माण हुन बाँकी नै रहेको छ । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधि तथा निर्देशिकाको बारेमा निर्वाचित पदाधिकारी, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सुसूचित गराउने, सोको कार्यान्वयन र पालना हुन सकिरहेको छैन । विषय क्षेत्रगत रूपमा बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्रमा अधिक हुने गरेको र रोजगार, उत्पादनमूलक तथा आय मूलक आयोजना र कार्यक्रममा लगानी अपेक्षाकृत कम हुने गरेको छ ।

गाउँ कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र एकाइहरूमा आवश्यकता र स्वीकृत दरबन्दी अनुसार प्रशासनिक तथा विषयगत कर्मचारीहरूको पदपूर्ति न्यून रहेका कारण सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाइ भइरहेको छ । गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना भएता पनि सो अनुसार विकासको अग्रणी क्षेत्रहरू भूउपयोग रणनीति योजना, पर्यटन विकास, बस्ती तथा भौतिक विकासका योजनाहरू कार्यान्वयन नहुँदा ठोस तथा नतिजामूखी विकास हुन सकेको छैन भने गाउँपालिकाका योजनाहरूको प्राथमिकता, आयोजना वैंक र मध्यमकालीन खर्च संरचना तयार नहुँदा वितरणमूखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने गरेको छ । फलस्वरूप आयोजना तथा कार्यक्रममा गुणस्तर कायम गरी समयमा उपलब्धिमूलक रूपमा सम्पन्न गर्न सकिएको छैन।

स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्व प्रशासन र स्रोत परिचालनसम्बन्धी ज्ञान, सीप, दक्षता र प्रणालीको कमी रहेको छ । राजस्व तथा स्रोत परिचालनसम्बन्धी ऐन, कार्यविधि, कार्यप्रणाली र सोको कार्यान्वयनमा कमी हुँदा आन्तरिक आयसम्बन्धी क्षेत्र पहिचान, सम्भाव्यता विश्लेषण, कर र गैर करको आधार र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा, असुली र अभिलेख व्यवस्थित हुन सकेको छैन ।

सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्था बीच संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन । उपयुक्त भौतिक सुविधा र लगानीको वातावरण तयार गरी गाउँपालिकामा निजी क्षेत्र, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको

छैन । उद्योग तथा व्यवसाय विकास, पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यावसायिक परामर्श सेवा, पूर्वाधार विकाससम्बन्धी अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, सम्पन्न कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यावसायिक कार्यहरूमा निजी, गैसस र विकास साझेदार लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न सकिएको छैन । निजी क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

### ८.१.३ सम्भावना तथा अवसर

साङ्गठनिक प्रणालीलाई प्रभावकारी बनाउन आफ्नै कानुन बनाउने अधिकार हुनु, कार्यसम्पादन मूल्याङ्कन नजिकबाट गर्न सक्नु, नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड हुनु, सङ्घीय सरकारबाट स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि तयार भई कार्यान्वयनमा आउनु, सुशासन गाउँपालिकाको प्राथमिकतामा पर्नु, गैसस, नागरिक समाज र स्थानीय समूहको सहयोग प्राप्त हुने अवस्था हुनु, भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवाग्राही मैत्री बनाउन सकिन्छ । सङ्घीयताको मूल मर्म बमोजिमका कानुनी आधारहरू तयार हुँदै आएको हुँदा गाउँ कार्यपालिकाको नेतृत्वमा स्थानीयस्तरको विकासको सम्भावना बढेको छ ।

गाउँपालिकाको विकासमा निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता बढेको छ । जनप्रतिनिधि र कर्मचारीहरू बीच सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउनका लागि छलफल हुनु, सेवा प्रवाहमा आएका गुनासोहरूलाई जनप्रतिनिधिहरूले प्रत्यक्ष सुन्न र देख्न पाउनु, सेवा प्रवाहका लागि विभिन्न तहगत संरचना तयार हुनु आदि अवसरको रूपमा देखिन्छन्।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सेवा प्रवाह सहज, विकास उपलब्धिलाई प्रभावकारी र सुशासन अभिवृद्धि गर्ने ।

**उद्देश्य**

१. सुशासनकालागि कानुनी, नीतिगत तथा आवश्यक पूर्वाधार निर्माण गर्नु ।
२. सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।
३. सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।
४. वित्तीय सुशासन कायम गर्नु ।
५. गाउँपालिकाको स्रोत परिचालन सबल तथा राजस्व प्रणाली सुदृढ बनाउनु ।

**रणनीति तथा कार्यनीति**

**तालिका ६०: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सुशासनकालागि कानुनी, नीतिगत तथा आवश्यक पूर्वाधार निर्माण गर्नु ।** | |
| १.१ शासन प्रणाली सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिको तर्जुमा गर्ने । | १. स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण र अद्यावधिक गरी नियमपालनामा अभिवृद्धि गरिनेछ ।<br>२. सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरिनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ।<br>४. सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनुगमन प्रणाली सुदृढ गराइनेछ ।<br>५. सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई प्रणालीबद्ध बनाइनेछ ।<br>६. कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आबद्ध हुने गरी कानुनी व्यवस्था मिलाइनेछ ।<br>७. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिनेछ । |
| १.२ सार्वजनिक सेवालाई गुणस्तरीय र सर्वसधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन पद्धति अनुरूपको प्रशासन संयन्त्रको विकास गर्ने । | १. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ ।<br>२. स्थानीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गरिनेछ।<br>३. गाउँपालिकाबाट प्रवाह गरिने सेवा सुविधा तथा कार्य सम्पादनलाई सहज, जनउत्तरदायी र पारदर्शी बनाउन कार्यपालिका र वडा कार्यालयहरूमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र, हेल्पडेक्स, नागरिक भेला र पृष्ठपोषण संयन्त्रको अभ्यास गरिनेछ । |
| **उद्देश्य २:सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।** | |
| २.१ गाउँपालिकाले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने । | १. सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सीमान्तीकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ ।<br>२. सेवाग्राहीको माग सापेक्ष, सहभागितामूलक विकास प्रक्रियाको अवलम्बन गरिनेछ ।<br>३. विद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइनेछ ।<br>४. जनताको गुनासो सिधै गाउँपालिका अध्यक्षसम्म पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जवाफदेहिता, कारबाही र जानकारीको सुनिश्चितता गरिनेछ ।<br>५. सूचना प्रविधिको प्रयोग र पहुँच बढाइनेछ । |
| २.२ गाउँपालिकाको कार्यसम्पादनलाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउने। | १. गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ।<br>२. नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइनेछ ।<br>३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा निगरानी तथा कारबाहीलाई सशक्त बनाउन गाउँपालिका स्तरमा कार्यरत सामाजिक सङ्घसस्थाको समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ।<br>४. आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ ।<br>५. बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ ।<br>६. सेवा प्रवाहलाई जनमैत्री र सेवामूलक बनाउन नागरिक बडापत्रलाइ समय सापेक्ष र सेवाग्राहीमूखी बनाइनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ७. सार्वजनिक उत्तरदायी संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, आदि)लाई प्रभावकारी र नियमित गराइनेछ ।<br>८. गाउँपालिकाको कार्यक्रमगत क्षेत्र तथा बजेट, कार्ययोजना, अद्यावधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइटमार्फत् नियमित रूपमा सार्वजनिक गरिनेछ ।<br>९. गैरसरकारी संस्था र नागरिक समाजसँग समन्वय र सहकार्यका माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमूलक कार्यसम्पादन गरिनेछ ।<br>१०. कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आवद्ध गरिनेछ । यसकालागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाइ आदिको मापनलाई समेत आधार बनाइनेछ ।<br>११. सेवा प्रदायकप्रति नागरिकहरूको सन्तुष्टीको स्तर मापन र नियमित पृष्ठपोषण लिइनेछ । यसकार्यमा तेस्रो पक्ष मूल्याङ्कन प्रणाली समेतको अवलम्बन गरिनेछ । |
| २.३ सार्वजनिक निकायका काम कारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउनु। | १. सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको नागरिक बडापत्र क्रमशः कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायलाई उत्प्रेरित गरिनेछ ।<br>२. जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग गरिनेछ ।<br>३. अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाइ भोगिरहेको जनतालाई सेवा पुऱ्याउन एकीकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाइनेछ । |
| **उद्देश्य ३: सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।** | |
| ३.१ सक्षम जनशक्ति विकास गर्ने। | १. गाउँपालिकाकालागि आवश्यक पर्ने दक्ष जनशक्तिको विकास र उपयोगकालागि एकीकृत जनशक्ति विकास योजना तयार गरिनेछ ।<br>२. वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानकालागि विनियोजन गरिनेछ ।<br>३. गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनसार अभिमुखीकरण तालिम र क्षमता विकासकालागि आधुनिक प्रविधियुक्त तालिम प्रतिष्ठानको स्थापना गरिनेछ । |
| ३.२ अन्तर्सरकार समन्वयलाई प्रभावकारी बनाउने । | १. सङ्घीय र प्रदेशसरकारसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिनेछ ।<br>२. गाउँपालिकाको विगतका दस्तावेज, आयोजना दस्तावेज र प्रतिवेदनहरूलाई आफ्नो पोर्टल (वेब-साइट) मा राखिनेछ ।<br>३. गाउँपालिकाको कार्य सम्पादन र प्रतिवेदन प्रणालीमा प्रदेश स्तरमै एकरूपता आउने गरी प्रदेश सरकारको सहयोग र समन्वयमा सफ्टवेयरको व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।<br>४. गाउँपालिका स्तरीय विकास समस्या समाधान समिति गठन तथा कार्यविधि निर्माण गरी समस्या समाधान तथा सहजीकरण संयन्त्रको रूपमा विकास गरिनेछ । |
| **उद्देश्य ४: वित्तीय सुशासन कायम गर्नु ।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ४.१ सार्वजनिक आय—व्यय र खरीद प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १. गाउँपालिका तथा वडा कार्यालयहरूको वार्षिक खरीद योजना तयार गरिनेछ।<br>२. संस्थागत पुनर्संरचना र सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण प्रवर्द्धन गरिनेछ ।<br>३. समयमै खर्च नगरी आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिलाई कानुन बमोजिम निरुत्साहित गर्न र उपलब्ध स्रोत र साधनको उचित प्रयोग गर्न आर्थिक वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजन बजेट अत्याधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन उपयुक्त नीति अवलम्वन गरिनेछ ।<br>४. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने व्यवस्था मिलाइनेछ । |
| ४.३ आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउने । | १. वित्तीय आँकडालाई वस्तुपरक बनाउन तथा अद्यावधिक गर्न सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ।<br>२. बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ । |
| **उद्देश्य ५: गाउँपालिकाको स्रोत परिचालन सबल तथा राजस्व प्रणाली सुदृढ बनाउनु ।** | |
| ५.१ आन्तरिक राजस्व वृद्धिमा जोड दिने । | १. आन्तरिक राजस्व व्यवस्थापनसम्बन्धी एकीकृत ऐन र कार्यविधि तयार गरी प्रभाबकारी कार्यान्वयन गरिनेछ ।<br>२. नियमित बैठक, तालिम तथा क्षमता विकास गरी राजस्व परामर्श समितिको क्रियाशिलतामा अझ वृद्धि गरिनेछ ।<br>३. आन्तरिक र वाह्य स्रोत परिचालनका लागि छिमेकी स्थानीय तह, प्रदेश तथा सङ्घीय सरकारका निकायसँग नियमित बैठक र छलफल गरिनेछ ।<br>४. माध्यमिक तहको पाठ्यक्रममा कर, शुल्क र दस्तुरसम्बन्धी विषय समावेश गरी पठनपाठन शुरुवात गरिनेछ ।<br>५. राजस्व प्रशासन बारे जनप्रतिनिधि, कर्मचारी र करदाताको क्षमता विकास गरिनेछ।<br>६. वैज्ञानिक आधार र प्रमाणमा आधारित भई राजस्व स्रोतको सम्भाव्यता अध्ययन, विश्लेषण र प्रक्षेपणको व्यवस्था गरिनेछ ।<br>७. व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा गरी यसबारे जानकारी र प्रचार प्रसारद्धारा व्यवसाय दर्ता र वार्षिक कर सङ्कलनलाई सहज बनाइनेछ। |
| ५.२ राजस्वको स्रोत, आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने । | १. राजस्व शाखालाई थप व्यवस्थित र क्रियाशील बनाउन शाखामा कर्मचारीको व्यवस्था गरी सीप तथा दक्षता अभिवृद्धि गरिनेछ ।<br>२. स्थानीय राजस्व प्रशासनलाई सहज, व्यवस्थित र पारदर्शी बनाउन सूचना प्रविधिमा आधारित राजस्व व्यवस्थापन प्रणाली लागू गरिनेछ ।<br>३. सूचना प्रविधिमा आधारित भई आन्तरिक आयको सङ्कलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ ।<br>४. राजस्वसम्बन्धी आधार सूचना, अभिलेख, राजस्व सङ्कलन, प्रशासन र खर्च व्यवस्थापनमा समसामयिक सुधार गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ५. वार्षिक खर्चको आन्तरिक लेखा परीक्षण र सार्वजनिक परीक्षण गरी खर्चको लेखाजोखा र वित्तीय जोखिम न्यूनीकरण गरिनेछ ।<br>६. गाउँपालिकाबासीलाई सम्बन्धित वडा कार्यालयबाट नै सम्पूर्ण कर, शुल्क र दस्तुर तिर्न कम्प्युटर सफ्टवयर तथा आवश्यक कर्मचारीको व्यवस्था मिलाइनेछ।<br>७. सूचना प्रविधिको उपयोग गरी गाउँपालिकाको बजेट तर्जुमा, आम्दानी र खर्चको लेखाङ्कन, अभिलेख तथा प्रतिवेदन प्रणालीको विकास गरी वित्तीय अनुशासन कायम गरिनेछ ।<br>८. बढी राजस्व सङ्कलन गर्ने वडा तथा वडाका कर्मचारीलाई पुरस्कृत गरिनेछ र सबैभन्दा बढी कर तिर्ने करदातालाई सहुलियतको व्यवस्था गरिनेछ । |

## ८.१.५ कार्यक्रम तथा आयोजना र साङ्केतिकरण

**तालिका ६१: संस्थागत विकासका तथा सुशासन क्षेत्रका कार्यक्रम तथा आयोजना**

| सेवा प्रवाह तथा संस्थागत विकास | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु.हजारमा) | | | | | | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | |
| १ | डिजिटल प्रोफाइल निर्माण तथा अध्यावधिक | पटक | | १ | ३००० | ५०० | ५०० | ५०० | ५०० | ५००० | | १६ | ८ | ३ | ३ |
| २ | सेवा ग्राहीमैत्री वडा कार्यालय पूर्वाधार निर्माण | सङ्ख्या | | ११ | | | | | १०००० | १०००० | | १६ | ८ | ३ | ३ |
| ३ | जनप्रतिनिधि क्षमता विकास | पटक | | १० | १००० | १००० | १००० | १००० | १००० | ५००० | | १६ | ८ | ३ | ३ |
| ४ | नीति, ऐन, कानुनहरू निर्माण सहजिकरण | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | १६ | ८ | ३ | ३ |
| ५ | पालिकाका ऐन, कानुनहरूमा अन्तरक्रिया कार्यक्रम | पटक | | १० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | १६ | ८ | ३ | ३ |
| ६ | कानुन शाखा क्षमता अभिवृद्धि | एकमुस्ट | | | | ३०० | | | | ३०० | | १६ | ८ | ३ | ३ |
| ७ | कानुनी साक्षरता कार्यक्रम | पटक | | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | १६ | ८ | ३ | ३ |
| ८ | पारदर्शिता, जवाफदेहिता तथा सुशासन प्रवद्र्घन | एकमुस्ट | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | १६ | ८ | ३ | ३ |
| ९ | सार्वजनिक सुनुवाई | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | १६ | ८ | ३ | ३ |
| १० | सामाजिक परीक्षण | एकमुस्ट | | १ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | १६ | ८ | ३ | ३ |
| ११ | लैससास परीक्षण | एकमुस्ट | | १ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | १६ | ८ | ३ | ३ |
| १२ | सामुदायिक संस्था,नागरिक समाज गैसस लगायतका संस्थाहरूमा सुशासन प्रवद्र्घन | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | १६ | ८ | ३ | ३ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | कर्मचारी प्रोत्साहन कार्यक्रम तथा उत्कृष्ट कर्मचारी सम्मान एवं पुरस्कृत | एकमुस्ट | | | १०० | १०० | १०० | १०० | १०० | ५०० | | १६ | ८ | ३ | ३ |
| १४ | कर्मचारी वृत्त विकास कार्यक्रम | एकमुस्ट | | | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | | १६ | ८ | ३ | ३ |
| १५ | न्यायिक समितिका पदाधिकारी एवं कर्मचारीहरूको क्षमता विकास | एकमुस्ट | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | १६ | ८ | ३ | ३ |
| १६ | विषयगत समितिका सदस्यहरूको क्षमता विकास कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | १६ | ८ | ३ | ३ |
| १७ | कम्प्युटरमा आधारित सफ्टवेयर निर्माण | एकमुस्ट | | | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | | १६ | ८ | ३ | ३ |
| १८ | सेवा प्रवाहलाई प्रविधिमैत्री | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | १६ | ८ | ३ | ३ |
| १९ | अनलाइन सेवा प्रवाह प्रवर्धन | एकमुस्ट | | | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | | १६ | ८ | ३ | ३ |
| २० | घरदैलो घुम्ति कार्यक्रम | एकमुस्ट | | | ११०० | ११०० | ११०० | ११०० | ११०० | ५५०० | | १६ | ८ | ३ | ३ |
| २१ | सहायता कक्षा सञ्चालन | एकमुस्ट | | | २०० | २०० | २०० | २०० | २०० | १००० | | १६ | ८ | ३ | ३ |
| २२ | नागरिक अभिमत सङ्कलन | एकमुस्ट | | | २०० | २०० | २०० | २०० | २०० | १००० | | १६ | ८ | ३ | ३ |
| | **सेवा प्रवाह तथा संस्थागत विकासको जम्मा** | | | | **७०००** | **४८००** | **४५००** | **४५००** | **१४५००** | **३५३००** | | | | | |

## ८.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ६२: संस्थागत विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| संस्थागत विकास तथा सुशासन विकास शाखा | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | गाउँपालिकाको शासन प्रणाली, समावेशी | कर्मचारीको पदपूर्ति | प्रतिशत | ९८ | ९८ | ९८ | १०० | १०० | १०० | १०० | | |
| | | कार्यपालिकाको बैठक | सङ्ख्या | १२ | आवश्यकता अनुसार | | | | | | | |

**संस्थागत विकास तथा सुशासन विकास शाखा**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यमूलक, जनमुखी, परिणाममुखी, पारदर्शी र उत्तरदायी हुनेछ | गापाद्वारा स्विकृत नीति तथा कानुन | सङ्ख्या | ४४ | आवश्यकता अनुसार | | | | | | | |
| | | गापा तथा वडा कार्यालय लगायत सेवा प्रवाही कार्यालयमा नागरिक बडापत्र निर्माण | सङ्ख्या | १२ | १२ | १२ | १२ | १२ | १२ | १२ | | |
| | | औसत वार्षिक बेरुजु | प्रतिशत | १२ | १० | ८ | ६ | ४ | २ | २ | | |
| | | औसत वार्षिक पुँजिगत खर्च | प्रतिशत | २० | २५ | ३० | ३५ | ४० | ४५ | ४५ | | |
| | | आन्तरिक आय | रु लाखमा | ३५ | ४० | ६० | ८० | १०० | १३० | १३० | | |
| असर १ | सरकारी तथा गैरसरकारी निकायहरूबाट जनताहरूले सरल र सर्वसुलभ तरिकाले सेवा प्राप्त गर्न सक्नेछन् । | सामाजिक परीक्षण | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | ५ | | |
| | | आवधिक योजना तर्जुमा | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | मध्यमकालिन खर्च संरचना | सङ्ख्या | १ | २ | २ | २ | ३ | ३ | ३ | | |
| | | अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका वडा | सङ्ख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ | | |
| | | पालिका तथा वार्डको सार्वजनिक सुनुवाई | सङ्ख्या | ३६ | २ | २ | २ | २ | २ | १० | | |
| प्रतिफल | सरकारी तथा गैरसरकारी संस्थाहरूबाट कार्यान्वयन हुने कार्यक्रम र प्रवाह हुने सेवा सुविधामा पारदर्शिता कायम भई सर्वसाधारण जनता सुसूचित हुनेछन् । | कर्मचारी तथा जन प्रतिनिधिको कार्यप्रगतिको समीक्षा | सङ्ख्या | २४ | २ | २ | २ | २ | २ | १० | | |
| | | अनुगमन | सङ्ख्या | ४ | ६ | ६ | ६ | ६ | ६ | ३० | | |
| | | कार्यक्रमको कार्य प्रगति समीक्षा | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ | २० | | |
| | | अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूको सार्वजनिक सुनुवाइ | सङ्ख्या | ४६ | २ | २ | २ | २ | २ | १० | | |

| संस्थागत विकास तथा सुशासन विकास शाखा | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| असर २ | गुणस्तरीय मानव संसाधन र सक्षम स्थानीय संस्थाहरूका माध्यमबाट पालिकाको आर्थिक समाजिक विकास हुनेछ । | क्षमता विकास योजना | सङ्ख्या | ४ | १ | १ | २ | २ | २ | २ | | |
| | | कर्मचारीको कुल दरबन्दी | सङ्ख्या | ८९ | ८९ | ८९ | ८९ | ८९ | ८९ | ८९ | | |
| | | स्वीकृत ओएनएम प्रतिवेदन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल | गाउँपालिकाबाट हुने गरेका सेवाप्रवाह छिटोछरितो भई जनतालाई लाभ पुग्नेछ । | सेवाग्राहीको सन्तुष्टि स्तर | प्रतिशत | ८० | ८२ | ८४ | ८८ | ९० | ९५ | ९५ | | |
| | जनताको आर्थिक स्थितिमा सुधार हुने, दैनिक जीवन सञ्चालनमा सहयोग पुगेर जीवनस्तर माथि उठ्नेछ। | जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | १० | | |
| असर ३ | सार्वजनिक प्रशासनलाई जनताप्रति उत्तरदायी, विकासमैत्री, विद्युतीय-सुशासन युक्त र सेवामूलक बनाइनेछ । | अनलाइन सेवामा आवद्ध सुविधा | सङ्ख्या | ८ | ८ | ९ | १० | ११ | १२ | १२ | | |
| | | सफ्टवेयरमा आधारित सेवा | सङ्ख्या | १ | ८ | ९ | १० | ११ | १२ | १२ | | |
| | | एकैदिनमा सम्पन्न गरिने सार्वजनिक सेवा | सङ्ख्या | १२ | २० | ३० | ५० | ६० | ७० | ७० | | |
| प्रतिफल | सूचना प्रविधिको प्रयोग र विस्तारबाट स्वचालित | ई-हाजीरीको व्यवस्था भएका कार्यालय | सङ्ख्या | ० | १ | ५ | ६ | ९ | १२ | १२ | | |

| संस्थागत विकास तथा सुशासन विकास शाखा | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | कार्यप्रणालीको विस्तार भएको हुनेछ । | पर्याप्त विद्युतीय तथा अन्य उपकरण भएका वडा कार्यालयहरू | सङ्ख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ | | |
| | गुणस्तरीय सेवाप्रवाह भएको हुनेछ । | आवश्यकता अनुसार सवारी साधनको व्यवस्था भएका वडा कार्यालयको सङ्ख्या | सङ्ख्या | ८ | ८ | ९ | १० | ११ | ११ | ११ | | |
| | | आफ्नै भवनमा कार्यालय सञ्चालन भएका वडाहरू | सङ्ख्या | ४ | ५ | ६ | ८ | १० | ११ | ११ | | |
| | उत्प्रेरित र उच्च मनोबलयुक्त कर्मचारीबाट प्रभावकारी सेवा प्रवाह भएको हुनेछ । | आवश्यक कानूनहरूको निर्माण | सङ्ख्या | ४४ | ४६ | ४८ | ५० | ५५ | ६० | ६० | | |
| | | कार्यदक्षताका आधारमा कर्मचारीहरूलाई पुरस्कार र दण्ड | सङ्ख्या | ५ | १० | १५ | २० | २५ | ३० | ३० | | |
| | | कर्मचारीको कार्यविवरण तर्जुमा | सङ्ख्या | ११ | ८९ | ८९ | ८९ | ८९ | ८९ | ८९ | | |
| असर ४ | सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई समग्र विकास प्रक्रिया प्रभावकारी हुनेछ । | वार्षिक खरिद योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | आन्तरिक लेखापरीक्षण प्रतिवेदन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल | वार्षिक खरिद योजना समयमै तयार भई खरिद कार्य भएको हुनेछ । | समयमा फछ्र्यौट भएका वार्षिक योजना | प्रतिशत | ८० | ८८ | ९५ | १०० | १०० | १०० | १०० | | |

| संस्थागत विकास तथा सुशासन विकास शाखा | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | राजस्व परिचालन प्रभावकारी रूपमा भएको हुनेछ । | नियमित अनुगमन भएका कार्यक्रम | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | | भ्रष्टाचार नियन्त्रणका लागि स्थानीय नीति तथा ऐन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | इ विडिंग मार्फत खरिद भएका कार्यक्रम | सङ्ख्या | २० | ५ | ५ | ५ | ५ | ५ | २५ | | |

## परिच्छेद नौः कार्यान्वयन व्यवस्था

### ९.१ पृष्ठभूमि

सोरु गाउँपालिकाको योजनाबद्ध विकासका लागि पार्श्वचित्र, तथ्यको विश्लेषण, सरोकारवाला तथा वडाबासीसँगको अन्तरक्रियाबाट पहिलो आवधिक योजना तयार गरेको छ । यस सन्दर्भमा विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान र त्यसका आधारमा विषय केन्द्रित रणनीति र कार्यनीति सहितको योजना तर्जुमा भएको छ । योजना तर्जुमाको क्रममा गाउँपालिकाले नेपाल सरकारको सोह्रौ योजना तथा कर्णाली प्रदेशको योजनालाई समेत आधारको रूपमा लिएको छ । गाउँपालिकाले आवधिक योजनालाई तथ्य र प्रमाणमा आधारित विश्लेषण सहित सहभागीतामूलक ढङ्गबाट नतिजा खाका तयार गरेको छ । यस नतिजा खाकाबाट योजनाको नियमित अनुगमन तथा आवधिक मूल्याङ्कन गर्न आधार तयार भएको छ ।

आवधिक योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि गाउँपालिकाको आफ्नो आन्तरिक श्रोत र सङ्घ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनका लागि निजी क्षेत्र, सहकारी, गैरसरकारी सङ्घ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक, विषयगत कार्यालयहरू, अन्य सहयोगी सङ्घ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्य र साझेदारी महत्त्वपूर्ण हुन्छ । साथै, राजस्व परिचालनलाई अझै बढि प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिको सक्रियताको ठूलो भूमिका हुन्छ।

### ९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

सङ्घीय शासन व्यवस्था अनुसार राज्यको पुनः संरचना प्रक्रियाबाट यस गाउँपालिकाको दोस्रो स्थानीय तहको निर्वाचनबाट निर्वाचित कार्यपालिका मार्फत गाउँपालिकाको कार्य सञ्चालन हुँदै आएको छ । गाउँपालिकामा हाल १५ **वटा शाखाहरू र ११ वटा वडा** समितिको कार्यालय रहेको छ । गाउँपालिकाको विद्यमान सङ्गठन संरचना अनुसार स्वीकृत दरबन्दी तथा करार सहित **७८ जना कर्मचारी** कार्यरत छन् । गाउँपालिकाको दैनिक कार्यसम्पादन र विकास निर्माण तथा योजना कार्यान्वयनका लागि कार्यपालिका तर्फ १५ वटा शाखामा ५२ जना स्थायी र २६ जना करार गरी कुल ७८ जना कर्मचारी कार्यरत रहेका छन् गाउँपालिकाको पहिलो आवधिक योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न गाउँ कार्यपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यालयको सङ्गठन संरचना अनुसारको कर्मचारी दरबन्दी र सोही बमोजिमको कार्य विवरण तयार गर्नुपर्ने देखिन्छ ।

### ९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

यस आवधिक योजनामा विभिन्न पाँच वटा विषयगत क्षेत्रहरू तथा गाउँपालिका गौरवका आयोजनाका निर्धारित कार्यक्रमहरूका लागि आवश्यक लागतको अनुमान गरिएको छ । कार्यक्रम तथा बजेट आवश्यकताको अनुमान गाउँपालिकाका सम्बन्धित शाखाका प्रतिनिधि र सरोकारवालाहरूको कार्यशाला तथा वडा स्तरीय छलफलबाट प्रस्ताव गरिएको हो । यसरी तय गरिएको आवश्यक लागत


गाउँपालिकाको आन्तरिक आय, सङ्घ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान र जनसहभागिता स्वरूप प्राप्त हुन सक्ने परिमाणहरूलाई अनुमानका आधारमा निर्धारण गरिएको छ ।

**तालिका ६३: विषय क्षेत्र अनुसार अनुमानित बजेट**

| क्र.सं. | विषयगत क्षेत्र उपक्षेत्र | अनुमानित बजेट लागत (रु हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | |
| | **गाउँ गौरवका आयोजना** | **११५००० ** | **२८७०००** | **३७५०००** | **४१५०००** | **६५५०००** | **१८४७०००** | |
| १ | **आर्थिक क्षेत्र** | **५९६००** | **६५७००** | **८०६००** | **८१३००** | **९१३००** | **३७८५००** | **२७.२५** |
| १.१ | कृषि तथा पशुपन्छी | २८१०० | २८१०० | ३०६०० | २६१०० | २६१०० | १३९००० | **१०.०१** |
| १.२ | सिँचाई | १७००० | २०००० | २५००० | २५००० | २५००० | ११२००० | **८.०६** |
| १.३ | पर्यटन, संस्कृति तथा सम्पदा | ३५०० | ६००० | ८००० | १३५०० | २२५०० | ५३५०० | **३.८५** |
| १.४ | उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | ७००० | ७६०० | १३००० | १२७०० | १३७०० | ५४००० | **३.८९** |
| १.५ | श्रम, रोजगारी र सामाजिक सुरक्षा | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | **१.४४** |
| २ | **सामाजिक क्षेत्र** | **४८४००** | **४९७००** | **६६०००** | **६३८००** | **८०२००** | **३०८१००** | **२२.१८** |
| २.१ | स्वास्थ्य तथा पोषण | ७२०० | ८३०० | ९४०० | १२००० | १५५०० | ५२४०० | **३.७७** |
| २.२ | शिक्षा, विज्ञान तथा नवप्रवर्तन | १३७०० | १३७०० | १३७०० | १३७०० | १३७०० | ६८५०० | **४.९३** |
| २.३ | खानेपानी तथा सरसफाइ | २५०० | २५०० | १२५०० | ९५०० | १९५०० | ४६५०० | **३.३५** |
| २.४ | महिला, बालबालिका तथा लक्षित वर्ग | १७४०० | १७६०० | १७८०० | १८००० | १८९०० | ८९७०० | **६.४६** |
| २.५ | युवा तथा खेलकुद | ७६०० | ७६०० | १२६०० | १०६०० | १२६०० | ५१००० | **३.६७** |
| ३ | **पूर्वाधार क्षेत्र** | **८५२५०** | **९३७५०** | **१२२७५०** | **१३६२५०** | **११९७५०** | **५५७७५०** | **४०.१५** |
| ३.१ | बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | १६००० | १०५०० | १०५०० | २५५०० | २५५०० | ८८००० | **६.३४** |
| ३.२ | सडक, पुल तथा यातायात | ६२००० | ७२००० | १०२००० | १०२००० | ८५००० | ४२३००० | **३०.४५** |
| ३.३ | जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | ५२५० | ७७५० | ६२५० | ४२५० | ४७५० | २८२५० | **२.०३** |
| ३.४ | सूचना, सञ्चार तथा प्रविधि | २००० | ३५०० | ४००० | ४५०० | ४५०० | १८५०० | **१.३३** |
| ४ | **वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र** | **२२२५०** | **२२५५०** | **२३०५०** | **२०५५०** | **२१०५०** | **१०९४५०** | **७.८८** |
| ४.१ | वन तथा जैविक विविधता | **२५००** | **२५००** | **२५००** | **२५००** | **२५००** | **१२५००** | **०.९०** |
| ४.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | ९००० | ७००० | ७००० | ७००० | ७००० | ३७००० | **२.६६** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४.३ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | १२५० | ३०५० | ४०५० | १०५० | १०५० | १०४५० | ०.७५ |
| ४.४ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा उत्थानशीलता | ९५०० | १०००० | ९५०० | १०००० | १०५०० | ४९५०० | ३.५६ |
| **५** | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | ७००० | ४८०० | ४५०० | ४५०० | १४५०० | ३५३०० | २.५४ |
| | **जम्मा योजना बजेट** | २२२५०० | २३६५०० | २९६९०० | ३०६४०० | ३२६८०० | १३८९१०० | १००.०० |
| **गाउँपालिका गौरव तथा विषयगत क्षेत्र जम्मा बजेट** | | | | | | | ३२३६१०० | |

गाउँपालिकाको आवधिक योजना अवधिको लक्ष्य प्राप्तिका लागि क्षेत्रगत कूल लागत बजेट **रु. १ अर्ब ३८ करोड ९१ लाख** अनुमान गरिएको छ । चालू खर्च घटाउँदै जाने नीति अनुरूप आवधिक योजनाको अवधि भर चालू खर्च ६० प्रतिशतमा सीमित गर्ने र पुँजीगत खर्च ४० प्रतिशत हुने अनुमान गरिएको छ । गाउँपालिका गौरवका आयोजना कार्यान्वयनका लागि कूल **रु. १ अर्ब ८४ करोड ७० लाख** अनुमान गरिएको छ । गाउँ गौरवका आयोजनाहरूको लागि नपुग रकम वैकल्पिक स्रोतः सङ्घीय सरकार, प्रदेश सरकार तथा अन्य दाताहरू सँग लागत साझेदारीमा कार्यान्वयन गरिनेछ । विषय क्षेत्र अन्तर्गत सबै भन्दा बढी पूर्वाधार विकासका लागि **४०.१५ प्रतिशत** बजेट लागत अनुमान गरिएको छ । त्यसैगरी, आर्थिक विकास क्षेत्र विकासका लागि करिब **२७.२५ प्रतिशत,** सामाजिक विकासका लागि **२२.१८ प्रतिशत,** वन वातावरण तथा विपद् व्यवस्थापनका लागि **७.८८ प्रतिशत** र संस्थागत तथा सुशासन क्षेत्र विकासका लागि **२.५४ प्रतिशत** खर्च हुने अनुमान गरिएको छ।




चित्र १०: विषय क्षेत्रगत बजेट बाँडफाँट

### ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

आवधिक विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद् अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि गाउँपालिकाको आफ्नो आन्तरिक श्रोत र सङ्घ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनका लागि निजी क्षेत्र, सहकारी, गैरसरकारी सङ्घ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी सङ्घ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरू सँगको सहकार्य र साझेदारी महत्त्वपूर्ण हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढी प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिलाई विशेष जिम्मेवारी दिइएको छ।

### ९.४.१ राजस्व परिचालनको अवस्था

गाउँपालिकाको नेतृत्वमा तर्जुमा भएको पञ्चवर्षीय आवधिक विकास योजना गाउँपालिका विकासका सबै सरोकारवालाहरूको सार्थक प्रयत्नबाट कार्यान्वयन हुनेछ । नतिजा तालिकामा उल्लिखित लक्ष्य प्राप्त गर्न तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा गाउँपालिकाले आन्तरिक र बाह्य श्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सबै सरोकारवालाको लगानी समेत प्रक्षेपण गरी योजनाको लागि उपलब्ध अनुमानित स्रोतमा समावेश गरिएको छ।

आ.व. २०७९/८० को यथार्थ आय **रु. ३६ करोड १५ लाख ६९ हजार** रहेको छ । गत तीन आ.व.को यथार्थ र चालू आ.व.को अनुमानित आयका आधारमा विश्लेषण गरी कम्तीमा पनि आन्तरिक स्रोत वार्षिक १५ प्रतिशतका दरले र बाह्य स्रोत १० प्रतिशतले आय वृद्धि हुनसक्ने आधारमा ५ वर्षको कूल अनुमानित आय प्रक्षेपण गर्दा सोरु गाउँपालिकाको कूल अनुमानित आय करिब **रु. ३ अर्ब १८ करोड ८० लाख ६० हजार** हुने देखिन्छ । गत वर्षको आय विवरणको वृद्धि प्रवृतिका आधारमा गाउँपालिकाको आय बढ्दो रूपमा परिचालन भएको देखिन्छ । आन्तरिक श्रोतको योगदान गत आ.व.मा कूल आयको निकै न्यून एक प्रतिशत भन्दा कम रहेको छ ।

**तालिका ६४: राजस्व परिचालनको अवस्था**

| आ.व. (रकम रु. हजारमा) | | आन्तरिक श्रोतको आय | बाह्य श्रोतको आय | लागत सहभागिता | जम्मा |
|---|---|---|---|---|---|
| आ.व. ०७९/०८० को यथार्थ | रकम | २५०० | ६२६९३ | | ६५१९३ |
| | प्रतिशत | ३.८३ | ९६.१७ | | १००.०० |
| आ.व. ०८०/०८१ को अनुमानित | रकम | ३३५० | ८२८६८ | | ८६२१८ |
| | प्रतिशत | ३.८९ | ९६.११ | | १००.०० |

*स्रोतः सोरु गाउँपालिका, लेखा शाखा*

### ९.४.२ खर्च अवस्थाको विश्लेषण

सोरु गाउँपालिकाको गत आ. व. ०७९/८० को कुल यथार्थ खर्च **रु. ३६ करोड १५ लाख ६९ हजार** रहेको छ । गाउँपालिकामा चालू खर्च अन्तर्गत पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा, कर्मचारी पारिश्रमिक तथा सुविधा, कार्यालय सञ्चालन सम्बन्धी खर्च, मर्मत सम्भार खर्च र कार्यक्रम खर्च गरी ५ प्रकारका खर्च रहेका छन् । आ.व. २०७९/०८० को व्यय विवरण अनुसार चालू खर्च कूल

खर्चको करिब **६५ प्रतिशत** रहेको छ भने पुँजीगत खर्च **३५ प्रतिशत** रहेको छ । गाउँपालिकाको विगत वर्षको व्यय विवरण अनुसार पुँजीगत खर्च तुलनात्मक रूपमा कम देखिन्छ ।

**तालिका ६५: खर्च बाँडफाँटको प्रक्षेपण (रकम रु. लाखमा)**

| क्र. सं. | विवरण | २०७९/८० को यथार्थ रु. हजारमा | २०८०/८१ को अनुमान | २०८१/८२ को प्रक्षेपण | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण | २०८४/८५ को प्रक्षेपण | २०८५/८६ को प्रक्षेपण | आवधिक योजनाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | **बजेटको वर्गीकरण** | | | | | | | | |
| १.१ | चालू खर्च | २३५०१९.८५ | ३०२०२१ | ३१४१७३ | ३४५१०१ | ३७९१३८ | ४१६५९८ | ४५७८२६ | १९१२८३६ |
| १.२ | पुँजीगत खर्च | १२६५४९.१५ | १६२६२६ | २०९४४९ | २३००६७ | २५२७५९ | २७७७३२ | ३०५२१७ | १२७५२२४ |
| **जम्मा बजेट** | | ३६१५६९ | ४६४६४७ | ५२३६२२ | ५७५१६८ | ६३१८९७ | ६९४३३० | ७६३०४३ | ३१८८०६० |
| २ | **खर्चको क्षेत्रगत बाँडफाँट** | | | | | | | | |
| २.१ | आर्थिक विकास | | | ५९६०० | ६५७०० | ८०६०० | ८१३०० | ९१३०० | ३७८५०० |
| २.२ | सामाजिक विकास | | | ४८४०० | ४९७०० | ६६००० | ६३८०० | ८०२०० | ३०८१०० |
| २.३ | पूर्वाधार विकास | | | ८५२५० | ९३७५० | १२२७५० | १३६२५० | ११९७५० | ५५७७५० |
| २.४ | वन वातावरण तथा विपद् व्यवस्थापन | | | २२२५० | २२५५० | २३०५० | २०५५० | २१०५० | १०९४५० |
| २.५ | संस्थागत विकास तथा सुशासन | | | ७००० | ४८०० | ४५०० | ४५०० | १४५०० | ३५३०० |
| २.६ | गौरवका योजना | | | ११५००० | २८७००० | ३७५००० | ४१५००० | ६५५००० | १८४७००० |
| **जम्मा बजेट** | | | | ३३७५०० | ५२३५०० | ६७१९०० | ७२१४०० | ९८१८०० | ३२३६१०० |

*स्रोतः सोरु गाउँपालिका, लेखा शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

### ९.४.३ अपुग स्रोत व्यवस्थापन

आवधिक योजना कार्यान्वयनका लागि गाउँ गौरवको योजना समेत कूल लगानी बजेट **रु. ३ अर्ब २३ करोड ६१ लाख तथा चालू खर्च सहित जम्मा रु. ५ अर्ब १४ करोड ८९ लाख ३६ हजार** अनुमान गरिएको छ । आ.व. २०७९/०८० को यथार्थ र चालू आ.व.को अनुमानित तथा आ.व. २०८०/८१ को प्रस्तावित आयका आधारमा आगामी पाँच वर्षको गाउँपालिकाको अनुमानित आय **रु. ३ अर्ब १८ करोड ८० लाख ६० हजार** देखिन्छ । यसरी कूल लगानी अनुमान र स्रोत परिचालनबाट प्राप्त हुने बजेट बीच करिब **रु. १ अर्ब ९६ करोड ०८ लाख ७६ हजार** बजेट अपुग देखिन्छ ।

**तालिका ६६: अपुग स्रोत व्यवस्थापन**

| क्र.सं. | शीर्षक | आर्थिक वर्ष र अनुमानित रकम रू. हजारमा | | | | | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | कूल स्रोत परिचालन | ५२३६२२ | ५७५१६८ | ६३१८९७ | ६९४३३० | ७६३०४३ | **३१८८०६०** |
| २ | कूल चालू | ३१४१७३ | ३४५१०१ | ३७९१३८ | ४१६५९८ | ४५७८२६ | **१९१२८३६** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | कूल पुँजीगत | २०९४४९ | २३००६७ | २५२७५९ | २७७७३२ | ३०५२१७ | **१२७५२२४** |
| ४ | कूल लगानी अनुमान | २२२५०० | २३६५०० | २९६९०० | ३०६४०० | ३२६८०० | **१३८९१००** |
| ५ | गाउँ गौरवका योजना | ११५००० | २८७००० | ३७५००० | ४१५००० | ६५५००० | **१८४७०००** |
| ६ | **स्रोतको न्यूनता** | **-१२८०५१** | **-२९३४३३** | **-४१९१४१** | **-४४३६६८** | **-६७६५८३** | **-१९६०८७६** |

*स्रोतः सोरु गाउँपालिका, लेखा शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## ९.५ स्रोत परिचालन रणनीति

गाउँपालिकाको आवधिक विकास योजना (आ.व. २०८१/०८२ देखि २०८५/०८६ सम्म) का लागि विभिन्न स्रोतहरूबाट उपलब्ध हुन सक्ने बजेटलाई आधार मानेर कार्यक्रमहरूको अनुमान गरिएको छ । गाउँपालिका कार्यपालिकाको कार्यालय, निजी क्षेत्र, गैसस तथा सहकारी आदिले खर्च गर्न सक्ने परिमाणलाई आधार मानी यसको लागि उपलब्ध हुन सक्ने वित्तीय स्रोतको अनुमान गरिएको छ । यस आवधिक योजनाको कार्यान्वयन विभिन्न आन्तरिक तथा बाह्य स्रोतहरू परिचालन गरी गरिने छ । उक्त स्रोतहरूमा गाउँपालिकाको आन्तरिक स्रोत तथा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरू, स्थानीय तहलाई राजस्व बाँडफाँट बापत प्राप्त हुने रकम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम जस्ता स्रोतहरूबाट प्राप्त हुने रकम, विकास साझेदार संस्थाहरूबाट विभिन्न कार्यक्रमका लागि प्राप्त हुने रकम, निजी क्षेत्रबाट हुने लगानी तथा जनसहभागिता परिचालनबाट प्राप्त हुने रकम मुख्य छन् ।

यस आवधिक योजना अवधिमा कूल **रु. ५ अर्ब १४ करोड ८९ लाख ३६ हजार** खर्च हुने अनुमान गरिएको छ भने करिब **रु. ३ अर्ब १८ करोड ८० लाख ६० हजार (६१.९२ प्रतिशत) विभिन्न स्रोतहरूबाट रकम प्राप्त हुने अनुमान गरिएको छ । कूल अनुमानित** खर्च गर्न अपुग हुने रकम करिब **रु. १ अर्ब ९६ करोड ०८ लाख ७६ हजार** (३८.०८ **प्रतिशत**) बजेटका लागि गाउँपालिकाले थप श्रोतहरू परिचालन गर्नुपर्ने हुन्छ । जसका लागि गाउँपालिकाले निम्नअनुसारका रणनीतिहरू अवलम्बन गरी श्रोत व्यवस्थापन गर्न सकिने देखिन्छ।

यस आवधिक विकास योजना अवधिमा गाउँपालिकाले तर्जुमा गर्ने वार्षिक विकास योजनाहरू यस योजनाका लक्ष्य तथा उद्देश्यसँग तादत्म्यता हुने गरी तर्जुमा गरिने छ, जसले गर्दा योजना अवधिमा कार्यान्वयन हुने कार्यक्रम तथा बजेटले पूर्णरूपमा यस आवधिक विकास योजनाको लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्ने अपेक्षा गरिएको छ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सांसद कोष) नाममा प्राप्त हुने बजेटहरूको प्रयोग यस आवधिक विकास योजनामा रहेका क्रियाकलाप कार्यान्वयनमा प्रयोग गरिनेछ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट गाउँपालिकामा आउने रकमलाई गाउँपालिका स्तरीय महत्त्व बोकेका ठूला आयोजना निर्माणमा उपयोग गरिनेछ ।

- गैर सरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- अन्तरराष्ट्रिय गैर सरकारी संस्था, द्विपक्षीय संस्था, बहुपक्षीय संस्थाहरूबाट प्राप्त हुने सहयोगलाई वृद्धि गर्न पहल गरिनेछ । कर तथा गैर राजस्व परिचालनमा करको दरभन्दा पनि दायरा वृद्धि गरी गाउँपालिकाको राजस्व क्षमता वृद्धि गरी स्रोतको व्यवस्था मिलाइनेछ ।

- स्थानीय बचत तथा ऋण समूहहरू, सामुदायिक वन उपभोक्ता समूहहरू जस्ता सामुदायिक क्षेत्रहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सङ्घीय तथा प्रदेश सरकारबाट विशेष तथा समपूरक अनुदान प्राप्त गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र राष्ट्रिय र प्रदेश स्तरीय महत्त्वका योजनाहरू छनोट र कार्यान्वयन गर्न गाउँपालिकाले सङ्घ र प्रदेश सरकारसँग पहल गरी ठूला आयोजनामा गाउँपालिकाको लगानी न्यूनीकरण गरिनेछ ।
- गाउँपालिकाको राजस्व परिचालन क्षमता विस्तार तथा स्थानीय श्रम, श्रोत र साधन परिचालन र जनसहभागिता वृद्धि गरी गाउँपालिकाको स्रोत वृद्धि गरिनेछ ।
- मन्दिर, गुम्बा लगायत सांस्कृतिक सम्पदाको पुनर्निर्माणमा निजी क्षेत्र, समुदाय र सम्भावित स्थलहरूमा पूरातत्व विभागको सहभागिता वृद्धि गरिनेछ ।
- स्थानीय सरकारलाई प्राप्त ऋण लिने अधिकारको उपयोग गरी थप सम्भाव्यताको आधारमा ऋण समेत परिचालन गरिनेछ ।
- आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाइनेछ ।

## ९.६ आवधिक योजना कार्यान्वयन

### ९.६.१ योजना कार्यान्वयन

यो आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ । योजनाको मध्यावधि मूल्याङ्कनका आधारमा यसका नीति, कार्यक्रम र प्राथमिकताहरूमा समयोचित परिमार्जन गरिनेछ । गाउँपालिकाको विकास गाउँपालिका वा सरकारी क्षेत्रको एकल प्रयासले मात्र संभव छैन । त्यसैले यो योजना कार्यान्वयनमा निम्नअनुसारका अनुसार विभिन्न क्षेत्रको भूमिका अपेक्षा गरिएको छ।

#### (क) सरकारी क्षेत्र

यस आवधिक योजनालाई कार्यान्वयन गराउने प्रमुख भूमिका सरकारी क्षेत्र अर्थात् गाउँपालिकाको हो । गाउँपालिकाले नै सबै क्षेत्रसँगको समन्वय र साझेदारीमा योजना कार्यान्वयन गराउनेछ । गाउँपालिकाले निजी क्षेत्रलाई आकर्षित गर्न सङ्घीय र प्रदेश सरकार समेतको सहयोगमा पूर्वाधार विकास गरी विकासको आधार तयार गर्ने, नीतिगत, कानुनी, संरचनागत तथा प्रक्रियागत सुधार गरी निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गर्ने र सो अनुसार प्रभावकारी अनुगमन र नियमन गर्ने कार्य गर्नेछ । मौलिक हक र मानव अधिकार संरक्षण, गरिबी निवारण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास, महिला पिछडिएका वर्गको संरक्षण र विकास, समावेशीता, वातावरण संरक्षण, सामाजिक सुरक्षा, आदि निजी क्षेत्र आकर्षण नहुने क्षेत्र र सरकारको भूमिका नभइ नहुने क्षेत्रमा गाउँपालिका आफैले कार्यक्रम कार्यान्वयन गर्नेछ ।

#### (ख) निजीक्षेत्र

यो योजना कार्यान्वयनमा निजीक्षेत्रले महत्त्वपूर्ण साझेदारको रूपमा भूमिका खेल्ने अपेक्षा गरिएको छ । विशेष गरी कृषि तथा पशु विकास, उद्योग, पर्यटन तथा विभिन्न सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुनेछ । सरकारबाट भएको नीतिगत, कानुनी र संरचनागत सुधारको लाभ लिई प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्ने, आय र रोजगारीका अवसर सृजना गर्ने, गुणस्तरीय उत्पादन र बजारीकरण गर्ने, बजारमा अत्यावश्यक वस्तु तथा सेवाको अभाव हुन नदिने, जिम्मेवारी र

दायित्व बोधका साथ नियमित कर तथा अन्य राजस्व बुझाउने जस्ता महत्त्वपूर्ण भूमिकाको अपेक्षा निजी क्षेत्रबाट गरिएको छ । यस क्षेत्रबाट करिब **०.९७ प्रतिशत** लगानी हुने अपेक्षा गरिएको छ ।

### (घ) सहकारी क्षेत्र

सहकारीले संस्थामा आबद्ध सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धि हासिल गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । ससाना बचत र ऋण परिचालन गर्न, स्थानीय समुदायलाई सङ्गठित रूपमा आर्थिक सामाजिक विकासमा परिचालन गर्न, स्थानीय श्रोत र साधनको उपयोग गर्न, सहकारीताको धारणा अभिवृद्धि गर्न सहकारी संस्थाहरूले महत्त्वपूर्ण योगदान दिएका छन् । गाउँपालिकाले उद्यम विकास, रोजगारी सृजना, समावेशी आर्थिक वृद्धि, गरिबी निवारण आदिमा सहकारीक्षेत्रको विशेष भूमिका अपेक्षा गरी यस क्षेत्रबाट योजना अवधिमा **०.३९ प्रतिशत** लगानी प्रक्षेपण गरिएको छ ।

### (ङ) गैह सरकारी क्षेत्र (गैसस)

समूह परिचालन, सचेतना मूलक कार्यक्रम, ससाना पूर्वाधार विकास, समुदायमा आधारित सेवा प्रवाह, लैङ्गिक तथा सामाजिक सशक्तिकरण, समूह बचत तथा ऋण परिचालन, ससाना आय मूलक कार्यक्रम सञ्चालन, रोजगारी सृजना, नीतिगत पृष्ठपोषण आदि कार्यमा गैससले गाउँपालिकासँग महत्त्वपूर्ण साझेदारको रूपमा काम गर्दै आएका छन् । आफ्ना वैशिष्टयताका क्षेत्रमा गैससले प्रमुख साझेदारको रूपमा काम गर्ने अपेक्षाका साथ यस क्षेत्रबाट **४.९९ प्रतिशत** लगानी हुने अनुमान गरिएको छ ।

### (च) उपभोक्ता समूह, नागरिक समाज र सामुदायिक सङ्घ संस्था

विकास प्रदायकले जतिसुकै प्रयास गरेता पनि यसका प्रापक अर्थात् उपभोक्ताको सहभागिता, सहयोग, सहकार्य र अपनत्व ग्रहण भई दिगो व्यवस्थापन नगरे सम्म विकाशलाई गति दिन सम्भव छैन । त्यसकारण यिनीहरूबाट विकास कार्यमा व्यापक सहयोग सहभागिता र निगरानी हुने अपेक्षा गरिएको छ । विकास कार्यमा उपभोक्ता समूह र स्थानीय समुदायको योगदान **१.१३ प्रतिशत** हुने अनुमान गरिएको छ ।

### (छ) अन्तर स्थानीय तह साझेदारी

गाउँपालिकासँग सिमाना जोडिएका स्थानीय ततहरूसँग मिलेर रणनैतिक महत्त्वका विकासका योजनाहरू साझेदारीमा विभिन्न विकास निर्माणका कार्यमा लगानी हुने अनुमान गरिएको छ । यस किसिमका अन्तर स्थानीय तह साझेदारीमा करिब **२.०५ प्रतिशत** लगानी हुने अनुमान गरिएको छ ।

## ९.६.२ कार्यान्वयन प्रक्रिया

आवधिक योजना कार्यान्वयनका लागि गाउँपालिकाले निम्न प्रक्रियाहरू अवलम्बन गरि अगाडी बढ्ने छ ।

### (क) सूची तयारी

गाउँपालिकाले आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमहरू आफैले कार्यान्वयन गर्ने, सङ्घीय सरकारबाट कार्यान्वयन हुने, प्रदेश सरकारबाट कार्यान्वयन हुने, तीनै तहका सरकारबाट संयुक्त लगानीमा कार्यान्वयन हुने, प्रदेश वा सङ्घ सरकारको साझेदारीमा कार्यान्वयन गर्ने, अन्य स्थानीय सरकारको साझेदारीमा सञ्चालन हुने, गैसस तथा अन्तरराष्ट्रिय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदारबाट कार्यान्वयन हुने तथा निजी क्षेत्रबाट कार्यान्वयन गरिने छुट्टा छुट्टै सूची तयार गर्नेछ ।

### (ख) छलफल एवं अन्तरक्रिया

सूची तयार गरेपछि निजीक्षेत्र, गैसस, सहकारी क्षेत्र र सामुदायिक क्षेत्रले सञ्चालन गर्ने कार्यका लागि गाउँपालिकाले सम्बन्धित क्षेत्रहरूसँग छलफल र अन्तरक्रिया गरी लगानी गर्न सहयोग एवं सहजीकरण गर्नेछ । छलफल र अन्तरक्रियालाई नियमित गराई उनीहरूलाई सरकारको असल सहयोगीको रूपमा विकास गर्दै लगिनेछ ।

### (ग) मध्यकालीन खर्च संरचना तयारी

गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमलाई आवधिक योजना र वार्षिक कार्यक्रम बीच अन्तरसम्बन्ध स्थापित गर्न तथा योजनाको प्राथमिकीकरण गर्दै प्राथमिकता प्राप्त आयोजनाहरूमा लगानी सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरी वार्षिक रूपमा परिमार्जन गर्दै लगिनेछ । मध्यमकालीन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमशः योजनाहरू कार्यान्वयन गर्दै लगिनेछ ।

### (घ) नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा

आवधिक योजनासँग वार्षिक योजनाको अन्तरसम्बन्ध स्थापित गरी कार्यान्वयन गर्न वार्षिक कार्यक्रमसँग निम्न तालिका संलग्न गरी स्वीकृत गरिने व्यवस्था गरिनेछ । कार्यक्रम सञ्चालन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली लगायत अन्य सम्बन्धित ऐन नियम अन्तर्गत रही योजनाको प्रकृति अनुसार ठेक्का, करार, अमानत वा उपभोक्ता समितिमध्ये उपयुक्त माध्यमबाट गरिनेछ । त्यसैगरी गैसस तथा विकास साझेदारहरूसँगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित निकायसँग गरेको सम्झौता बमोजिम कार्यान्वयन गरिनेछ ।

**तालिका ६७: वार्षिक कार्यान्वयन कार्ययोजना ढाँचा**

| योजनाको विषयगत क्षेत्र | आवधिक योजना | | | वार्षिक बजेट तथा कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीति तथा कार्यक्रम | लक्ष्य/सूचक | | आयोजना / कार्यक्रम (स्थान समेत) | लक्ष्य | | विनियोजन | कार्यान्वयन विधि | लाभान्वित जनसङ्ख्या | प्राथमिकता क्रम | लगानी तथा कार्यान्वयन गर्ने निकाय |
| | | एकाइ | परिमाण | | एकाइ | परिमाण | | | | | |
| आर्थिक विकास | | | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | | | |
| वातावरण तथा विपद व्यवस्थापन | | | | | | | | | | | |
| संस्थागत र सुशासन | | | | | | | | | | | |
| अन्तर सम्बन्धित क्षेत्र | | | | | | | | | | | |
| जम्मा कार्यक्रम खर्च | | | | | | | | | | | |
| जम्मा चालू खर्च | | | | | | | | | | | |

| योजनाको विषयगत क्षेत्र | आवधिक योजना | | | वार्षिक बजेट तथा कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीति तथा कार्यक्रम | लक्ष्य/सूचक | | आयोजना / कार्यक्रम (स्थान समेत) | लक्ष्य | | विनियोजन | कार्यान्वयन विधि | लाभान्वित जनसङ्ख्या | प्राथमिकता क्रम | लगानी तथा कार्यान्वयन गर्ने निकाय |
| | | एकाइ | परिमाण | | एकाइ | परिमाण | | | | | |
| कूल जम्मा | | | | | | | | | | | |

द्रष्टव्यः विषय क्षेत्र र उपक्षेत्रहरूले आ—आफ्नो कार्यक्रमहरू प्रस्तुत गर्दा चालू र पुँजीगत खर्च खुलाई गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

## ९.७ अनुगमन तथा मूल्याङ्कन योजना

गाउँपालिकाले अनुगमन कार्य योजना बनाई नियमित रूपमा नतिजा सूचकमा आधारित भई सहभागीतामूलक प्रक्रियाबाट अनुगमन तथा मूल्याङ्कन गर्नेछ । अनुगमनमा संलग्न हुने जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास गरिनेछ । अनुगमनका लागि आवश्यकता अनुसार सरोकारवालाहरू र तेस्रो पक्ष समेतलाई सहभागिता गराइनेछ । नतिजा सूचकमा आधारित अनुगमन खाका तयार गरी सोही अनुसार नियमित अनुगमन, वार्षिक समीक्षा, मध्यावधि तथा अन्तिम मूल्याङ्कन गरिनेछ । गाउँपालिकाले देहायको उद्देश्य प्राप्तिका लागि अनुगमन गर्नेछः

- कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्न ।
- तोकिएको कामको समय, लागत र गुणस्तर कायम गर्न ।
- कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गर्न ।
- डिजाइन वा कार्यान्वयनमा भएका गल्ती सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्न।

गाउँपालिकाले देहाय अनुसार अनुगमन गर्नेछः

- निरन्तर अनुगमन,
- दिगोपनाको अनुगमन ।

गाउँपालिकाले देहायका आयोजनाहरूको अनुगमन गर्नेछः

- गाउँपालिकाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरू,
- गाउँपालिकाबाट लगानी भएका आयोजनाहरू,
- नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरू,
- गाउँपालिका क्षेत्रभित्र गैरसरकारी संस्था मार्फत सञ्चालित आयोजनाहरू,
- गाउँपालिकाले आवश्यक ठानेका अन्य आयोजनाहरू ।

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनको साथै जबाफदेही पनि बनाउँछ । नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चितताालागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणका लागि मूल्याङ्कनको आवश्यकता पर्दछ । विकास आयोजनाहरूबाट, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनु पर्दछ ।

अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालू परियोजनाको प्रगति र ढिला-सुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिँडाउनु हो ।

### ९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

अनुगमनमा देहायका तरिकाहरू अपनाइनेछः

- नियमित प्रतिवेदन लिएर,
- स्थलगत अवलोकन गरेर,
- सरोकारवालाहरू सँग छलफल गरेर,
- नागरिक समाजका संस्थाहरू परिचालन गरेर (मिडिया आदि),
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता विधिहरू मार्फत ।

अनुगमनमा देहायका पदाधिकारीहरू संलग्न रहने छन्ः

- स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी,
- उप प्रमुख (स्थानीय सरकार सञ्चालन ऐन २०७४),
- अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरू,
- प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख (नियमित कार्य),
- वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरू ।

गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरू रहनेछन्ः

| | |
|---|---|
| – उप प्रमुख | संयोजक |
| – प्रमुखले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरू मध्येबाट | सदस्य (दुई जना) |
| – प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| – प्रमुख, योजना शाखा | सदस्य सचिव |

***आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिने।***

देहायको अनुगमन कार्ययोजना बनाई लागू गरिनेछः

- कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिबाट आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ,
- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिकाको बैठकमा पेश गरी छलफल गरिनेछ । समितिले समाधान गर्न नसकेका समस्याहरूलाई यस बैठकबाट सम्बोधन गरिनेछ ।

वडास्तरीय कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति रहनेछः

| | |
|---|---|
| ▪ सम्बन्धित वडाको वडाध्यक्ष | संयोजक |
| ▪ वडा सदस्यहरू | सदस्य |
| ▪ वडा सचिव | सदस्य सचिव |

आवश्यक परे कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

### ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

योजना अवधि समाप्त भए पछि कार्यपालिकाले तोकेका आयोजनाको तेस्रो पक्षद्वारा देहायका सूचना प्राप्त गर्न प्रभाव मूल्याङ्कन गरिनेछ ।

- योजनाको लक्ष्य बमोजिम प्रगति भए नभएको,
- लाभग्राहीमा योजनाका नतिजाले पारेको प्रभाव,
- आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण,
- योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न,
- योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन ।

आवधिक तथा वार्षिक गाउँपालिका विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहायअनुसार हुनुपर्नेछः

**तालिका ६८: अनुगमन तथा मूल्याङ्कन खाका**

| के गर्ने | कसले गर्ने | कहिले गर्ने | कसरी गर्ने | फलोअप |
|---|---|---|---|---|
| **अनुगमन प्रक्रिया** | | | | |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी कार्यालय र गैसस | आवश्यकता अनुसार, मासिक, चौमासिक र वार्षिक | ▪ स्थलगत अनुगमन<br>▪ वार्षिक योजनाको चौमासिक कार्ययोजनामा उल्लिखित लक्ष्य र प्रगति विवरणको तुलना<br>▪ बृहत् योजनाको कार्यान्वयन योजनाको<br>▪ वार्षिक लक्ष्य र प्रगतिको तुलनात्मक अध्ययन | ▪ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका कार्यालयमा पेश गर्ने<br>▪ गाउँपालिका कार्यालयले प्रतिवेदनका सिफारिस कार्यान्वयनका लागि नपा समक्ष कार्ययोजना पेश गर्ने |
| प्रतिफल अनुगमन | गाउँपालिका कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्ध वार्षिक, वार्षिक र मध्यावधि | ▪ स्थलगत अनुगमन<br>▪ वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना<br>▪ सञ्चालित योजनाहरूको कार्यान्वयनबाट सोच तालिकामा उल्लिखित अपेक्षित प्रतिफल के कति कारणले हासिल हुने देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्ने | |
| असर तह अनुगमन | गाउँपालिका कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | वार्षिक, मध्यावधि र अन्तिम वर्ष | ▪ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>▪ नमुना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरूप प्रगति मापन<br>▪ योजनाबाट विषयगत उद्देश्य, अपेक्षित प्रतिफल के कति कारणले प्राप्त हुने वा नहुने विषयमा अध्ययन<br>▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल | |
| **मूल्याङ्कन प्रक्रिया** | | | | |

| के गर्ने | कसले गर्ने | कहिले गर्ने | कसरी गर्ने | फलोअप |
|---|---|---|---|---|
| **अनुगमन प्रक्रिया** | | | | |
| असर तह मूल्याङ्कन | स्वतन्त्र तेस्रो पक्ष | योजनाको मध्य अवधि | ▪ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>▪ नमुना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरूप प्रगति मापन<br>▪ असर तहका सूचना सङ्कलन गर्दा प्रारम्भिक तहका असरमा ध्यान दिने<br>▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल | ▪ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका कार्यालयमा पेश गर्ने |
| प्रभाव तह मूल्याङ्कन | गाउँपालिका कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | योजना सम्पन्न भएको दुई वर्षपछि | ▪ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>▪ नमुना सर्वेक्षण मार्फत योजनाको दीर्घकालीन सोच तथा विषयगत उद्देश्यहरू हासिल गर्ने दिशामा योजना के कति हदमा सफल भयो र योजना आफैंमा के कति सान्दर्भिक, प्रभावकारी रह्यो र समग्र विकासको दिगो व्यवस्थापनमा योजनाले के कति योगदान गर्न सक्यो भनी अध्ययन<br>▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल | ▪ गाउँपालिका कार्यालयले प्रतिवेदनका सिफारिस कार्यान्वयनका लागि नपा समक्ष कार्ययोजना पेश गर्ने |

आयोजनाको प्रभाव मूल्याङ्कन देहाय बमोजिम गर्ने व्यवस्था गरिनेछः

- गाउँपालिकाले निर्धारण गरेका निश्चित लागत भन्दा बढीका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ ।
- प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरूको जानकारीको लागि सार्वजनिक गरिनेछ ।

## अनुसूची

### अनुसूची – १: वडागत योजना बैंक

**सोरु गाउँपालिकाको प्रथम आवधिक योजना तर्जुमाका लागि वडास्तरीय कार्यक्रम सङ्कलन खाका**

**वडा नं.१**

| विषयगत क्षेत्र | आवधिक योजना | अन्य योजना | कैफियत |
|---|---|---|---|
| | **आर्थिक वकास** | | |
| **कृषि** | चिनो कागुनो प्रवदन | गुल्म जिउलो घेरावार | |
| | सिमी मास भटमास | गुल्म कपास केरा सुन्तला कागती खेती | |
| | कपास स्याउ ओखर | ओखर चुली आरु खामु ढटेलो स्थानिय फलफुल कार्यक्रम | |
| | चुली खामु | | |
| **पशुपंक्षी** | भेडा पकेट | कुखुरा फार्म स्थापना गुल्म | |
| | वाखा पकेट | पशु बिमा कार्यक्रम | |
| | विउ वाखा वोका वितरण | गुल्म माछा पालन | |
| | दुग्ध सहकारी | गाई फर्म | |
| **सिंचाई** | गुल्मगाड सिंचाई सोरु १ | पुनेरु खोला देखि गोठी सिचाइ कुलो निर्माण | |
| | पदाला देखी सिर्सि सिंचाई | स्यान जिउला सिचाइ कुलो निर्माण | DPR **भएको** |
| **उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति** | राडी पाखी गलैचा लिउ फेरे स्वीटर गुडिया | लघु उद्यम कार्यक्रम | |
| | **सामाजिक विकास** | | |
| **श्रम, रोजगारी र सामाजिक सुरक्षा** | वडा अध्यक्ष रोजगार कार्यक्रम | | |
| **स्वास्थ्य तथा पोषण** | स्वास्थ्य ईकाइ संचालन | स्वास्थ्य बिमा कार्यक्रम | |
| **शिक्षा, विज्ञान तथा नवप्रवतन** | आ वि जवलधारा फर्नीचर व्यवस्थापन | मालीका आधारभूत विद्यालय ब्यवस्थापन | |
| | विद्यालय घेरवार गहताडी | | |
| **खानेपानी तथा सरसफाइ** | वर्म जवलधारा खानेपानी | गुल्म खानेपानी निर्माण | |
| | वर्म जवलधारा खानेपानी | | **DPR**भएको |
| **महिला, बालबालिका तथा लक्षित वर्ग** | धुवारहित चुलो | लक्षितवर्गलाइ आयमुलक तालिम सचालन | |
| | घर वगैंचा कार्यक्रम | | |
| | जुठेल्ना सुधार | | |
| **युवा तथा खेलकुद** | वडा स्तरिय खेल मैदान | | |
| | **पुर्वाधार वकास** | | |
| **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | जवलधारा दलित वस्ती आवास निर्माण | वडा कार्यालय घेरवार तथा शौचालय निर्माण | |
| | गहताडी गाउँ वस्ती विस्तार | | **मालेजुर** |

| | | | |
|---|---|---|---|
| **सडक,पुल तथा यातायात** | जवलधारा गुल्म सडक स्तरोन्नती | धुपी जवलधारा सडक निर्माण | |
| | उकाला टाउका देखी ईल्म झो पु | रोड देखि वडा कार्यालय सम्म सिडी निर्माण | DPRभएको |
| **जलश्रोत,विद्युत् तथा वैकल्पिक ऊर्जा** | गुल्म जलविद्युत व्यवस्थापन | | |
| **सूचना,सञ्चार तथा प्रविधि** | भूईमेला NTC टावर | | |
| | लामाकाँध 4G टावर संचालन तथा फ्री वाइफाइ | | |
| **वातावरण तथा विपद् व्यवस्थापन** | | | |
| **वन तथा जैविक विविधता** | सामुदायीक वन हेरालो | गुल्म ठाडामेला वृक्षारेपण कार्यक्रम | |
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | मालिका माडु वृक्षारोपण | गुल्म तटबन्धन | |
| **वातावरण तथा फोहोरमैला व्यवस्थापन** | मालिकामाडु हूदै पिपलेडी खोला ढल निकास | | |
| **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता** | मालिकामाडू तटवन्धन | | |
| | पहिरा तटवन्धन | | |
| | वर्म स्याउ ओखर घेरवार | | |
| **संस्थागत विकास तथा सुशासन** | वालमैत्री वडा | प्रहरी चौकी निर्माण | |
| | जन प्रतीनिधि संग जनता कार्यक्रम | | |

**वडा नं.२**

**योजना तथा कार्यक्रम** :

| **विषयगत क्षेत्र** | **आवधिक योजना** | **अन्य योजना** | **कै** |
|---|---|---|---|
| | **आर्थिक वकास** | | |
| **कृषि** | चिनो कागुनो प्रवदन | स्याउ ओखर | |
| | सिमी मास भटमास | चुली खामु ढटेलो | |
| | कपास पकेट | | |
| **पशुपंक्षी** | भेडा पकेट | पशुपन्छि बिमा कार्यक्रम | |
| | वाखा पकेट | विपन्न वर्ग विउ वाखा वितरण | |
| | गाई फर्म | उत्कृष्ट पशुपालक कृषक पुरस्कार | |
| **सिंचाई** | गाडपनेरा देखी सिम सिंचाई सोरु २ | जोट्टेढुङ्गा देखि लौटेसम्म सिचाइ कुलो निर्माण | |
| | पदाला देखी सिर्सि सिंचाई | | |

| | | | |
|---|---|---|---|
| **ङ्कपर्यटन** | नाथर्पु सोरुकोट हूदै चौरा पदमार्ग र मन्दीर निर्माण | मसान घाट प्रतिक्षालय | |
| | मेघमाला दुर्गामाता मन्दिर नाथर्पु | जडेपानी गाउँ होमस्टे | |
| **उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति** | राडी पाखी गलैचा लिउ फेरे स्वीटर गुडिया | | |
| | लघु उद्यम कार्यक्रम | | |
| | **सामाजिक विकास** | | |
| **श्रम, रोजगारी र सामाजिक सुरक्षा** | वडा अध्यक्ष रोजगार कार्यक्रम | | |
| **स्वास्थ्य तथा पोषण** | स्वास्थ्य ईकाइ संचालन मसिनमेला | | |
| **शिक्षा, विज्ञान तथा नवप्रवतन** | जनज्योती मावि मा स्नातक तहको क्याम्पस स्थापना | भवानी आवि नाथर्पु स्थायी कोटा पुर्ती सहीत अन्य व्यवस्था | |
| **खानेपानी तथा सरसफाइ** | झुप्रु खोला नचारा खापा | | |
| | गाडपनेरा नाथर्पु खापा | | DPRभएको |
| **महिला, बालबालिका तथा लक्षित वर्ग** | धुवारहित चुलो | घर वगैंचा कार्यक्रम | |
| | महिला सिप विकास तालिम | जुठेल्ना सुधार | |
| **युवा तथा खेलकुद** | वडा स्तरिय खेल मैदान | | |
| | **पुर्वाधार वकास** | | |
| **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | नाथर्पू नचारा दलित वस्ती आवास निर्माण | | |
| **सडक, पुल तथा यातायात** | श्यामे गोठ देखी जनज्योती मावि नाथर्पु गाउँ हुदै स्याल ज्यूला गुल्म सडक स्तरोन्नती | नचारा मसिनमेला वाटो मर्मत | |
| | | खानिखोला देखी सिडेनी वाटो | |
| **जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | गुल्म जलविद्युत | वैकल्पिक उर्जा जडेपानी | |
| **सूचना, सञ्चार तथा प्रविधि** | भूईमेला NTC टावर | लामाकाँध 4G टावर संचालन तथा फ्री वाइफाइ | |
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | ढल्कनेधारा मसिनमेला वृक्षारोपण | | |
| **वातावरण तथा फोहोरमैला व्यवस्थापन** | ढल निकास नाथर्पु गाउँ | | |
| **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता** | वयलधारा देखी पदाला तटवन्धन | पसाने तटवन्धन सोरु २ | |
| | लोली तटवन्धन सोरु २ | जनज्योती मावि डिल तटवन्धन | |
| **संस्थागत विकास तथा सुशासन** | वालमैत्री वडा | जन प्रतीनिधि संग जनता कार्यक्रम | |

**वडा नं.३**

**योजना तथा कार्यक्रम** :

| विषयगत क्षेत्र | आवधिक योजना | अन्य योजना | कै |
|---|---|---|---|
| | **आर्थिक वकास** | | |
| कृषि | चिनो कागुनो कोदो प्रवदन | एक वडा एक मल्टी नर्सरी फार्म | |

| | | | |
|---|---|---|---|
| | सिमी मास गहत भटमास | घोडामच्चा प्रशोधन कार्यक्रम हर्वोफचिया | |
| | कपास र बदाम पकेट | डाडाकोट आकासे पानी पोखरी निर्माण | |
| | बैने र भिईलेख स्याउ ओखर | कागती केरा तल्लो तटिय क्षेत्र | |
| | चुली खामु ढटेलो वैने | ढटेलो पकेट कार्यक्रम | |
| **पशुपंक्षी** | वाखा पकेट | उन्नत गाइ र भैसी पालन | |
| | विपन्न वर्ग विउ वाखा वितरण | ब्यवसायिक पशु फर्म तथा डाले तथा बहुबर्षिय घास बिस्तार | |
| | उत्कृष्ठ पशुपालक कृषक पुरस्कार | जसीकुना र दोमुख माछा पोखरी निर्माण | |
| **सिंचाई** | थला वलाडी सिकु मर्मत | चिनारासी चापातरी सिचाइ कुलो | |
| | भकारे देखी अडिन सिकु | | |
| | डोग्री पुर्छा सिकु | | |
| | भामगाउँ वलाडी सिकु मर्मत | | |
| **पर्यटन** | गुरा मन्दीर ठुलोगाउँ गौरवको आयोजना | टुटुवा पिक्निक स्पोट | |
| | दोमूख हुदै टुटुवा पर्यटन पदमार्ग सिडी तथा रेलीङ | कुक्याखाल पोखरी निर्माण | |
| | गुरादेव होमस्टे ठुलागाउँ | | |
| **उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति** | राडी पाखी गलैचा लिउ फेरे स्वीटर गुडिया | ठेटुवा सुती कपडा बुन्ने आवश्यक मेसिन औजार तथा सामाग्री | |
| | लघु उद्यम कार्यक्रम | हर्बल टि उद्योग | |
| | माटोका भाडा बनाउने उद्योग स्थापना | तिलखुडा जुस उद्योग | |
| | स्थानिय स्रोत साधनको प्रशोधन उद्येग स्थापना | | |
| **सामाजिक विकास** | | | |
| **श्रम, रोजगारी र सामाजिक सुरक्षा** | वडा अध्यक्ष रोजगार कार्यक्रम | | |
| **स्वास्थ्य तथा पोषण** | स्वास्थ्यचौकी घेरवार | फ्रीज तथा वत्ती व्यवस्थापन | |
| | पूर्वाधार सहित स्वास्थ्य भवन स्तर उन्नती | वर्थीङ्ग घेरवार | |
| **शिक्षा, विज्ञान तथा नवप्रवतन** | गुर मावि विल्डीः | आ वि भामगाउ फिल्ड निर्माण | |
| | आवि दलितवाडा स्थायी कोटा पुर्ती सहीत अन्य व्यवस्था | | |
| **खानेपानी तथा सरसफाइ** | अडिन अयर खापा पुन निर्माण | लिफ्ट खानेपानी मुगु कर्णाली बाट | |
| | लिडेनी खोला खानेपानी | भि बैने खानेपानी निर्माण | |
| | भौंरे भिई खापा | | DPRभएको |
| **महिला, बालबालिका तथा लक्षित वर्ग** | धुवारहित चुलो | जेष्ठ नागरीक दलित र अपाङ्गलाइ न्यानो कपडा वितरण | |
| | महिला सिप विकास तालिम | जातिय छुवाछुत बिरुद्ध पालिका स्तरिय देउडा कार्यक्रम | |
| | घर वगैंचा कार्यक्रम | जुठेल्ना सुधार | |

| | | | |
|---|---|---|---|
| **युवा तथा खेलकुद** | युवा रोजगार तथा सचेतना कार्यक्रम | | |
| | **पुर्वाधार वकास** | | |
| **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | दलित तथा विपन्नवर्ग वस्ती आवास निर्माण सोरु ३ | ठुलागाउ पनेरा प्रतिक्षालय | |
| | वडा कार्यालय पक्की भवन | मडापोल्ना प्रतिक्षालय | |
| | ठुलागाउ पनेरा सार्वजनिक सौचालय | | |
| **सडक, पुल तथा यातायात** | लामविसाउना देखी सहिद गेट वाटो मर्मत | ठुलागाँउ पनेरा देखि दवा सम्म बाटो निर्माण | |
| | दोमुख जुईना वेलीवृज | दोमुख भिई सडक | |
| | भिई घाटचौर सडक | वलाडी चुलडाँडा वाटो मर्मत | |
| | झुगाला देखि मसानघाट सम्म बाटो निर्माण | घोडफिराउना देही खामे गोरेटो मर्मत | |
| **जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | सवै टोल सडक सेन्सर लाईट | एक घर एक ग्यास चुलो | |
| | वैकल्पिक उर्जा | | |
| **सूचना, सञ्चार तथा प्रविधि** | सार्वननीक क्षत्र फाइवर नेट | भिइ NTC टावर मर्मत तथा 4G सचालन | |
| | लामाकाँध 4G टावर संचालन तथा फ्री वाइफाइ | विद्यालय तथा ठुलागाउ सिसि क्यामरा जडान | |
| | **वातावरण तथा विपद् व्यवस्थापन** | | |
| **वन तथा जैविक विविधता** | सामुदायिक बन तथा नाङ्गो डाँडा वृक्षारेपण | सामुदायीक वन हेरालो | |
| | कालिका सामुदायिक बन घेरबार | चुम्लीपाटा ठारामेला वृक्षारोपण | |
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | मोटा डाँडा,डाँडा,ढोगन्ना वृक्षारोपण | चिनारासी,चापातरी र बलाडी तटबन्दन | |
| वातावरण तथा फोहोरमैला व्यवस्थापन | ठुलागाउ ढलनिकास | ठुलागाँउ पनेरा र ठुलोगाँउ सार्वजानिक शौचालय निर्माण | |
| | ठुलागाउँपनेरा ठाडो वाटो देखी वलहाल्ना घेरवार | माखरपानी देखी कुइयाक सम्म सडक को तलमाथी जग्गा ग्याविन घेरवार | |
| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | वो देखी घट्ट भामगाउँ वलाडी तटवन्धन | भुमे देखी दाव्ले तटवन्धन | |
| संस्थागत विकास तथा सुशासन | दलित सग कार्यपालिका सदस्य कार्यक्रम | वालमैत्री वडा | |
| | जन प्रतीनिधि संग जनता कार्यक्रम | | |

<u>**वडा नं.४**</u>

**योजना तथा कार्यक्रम** :

| **विषयगत क्षेत्र** | **आवधिक योजना** | **अन्य योजना** | **कै** |
|---|---|---|---|
| | **आर्थिक वकास** | | |
| **कृषि** | केरा कागती सून्तला फम | सोड्डा स्याउ फम | |

| | | | |
|---|---|---|---|
| **पशुपंक्षी** | वाखा पकेट | उत्कृष्ट पशुपालक कृषक पुरस्कार | |
| | विपन्न वर्ग विउ वाखा वितरण | लिव्रुखोला भाटगाउ सिकु | |
| **सिंचाई** | गैरागडा देखी माझगाउ सिकु | भित्रखोला तलीलिव्रु घडेरा सिकु | |
| **पर्यटन** | फुलवारी थान देखी चाट्टेवगर तिर्थ स्थल वाटो | लिव्रु रतुवाकाध माईसम्म पर्यटन पदमार्ग | |
| **उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति** | राडी पाखी गलैचा लिउ फेरे स्वीटर गुडिया | लघु उद्यम कार्यक्रम | |
| **सामाजिक विकास** | | | |
| **श्रम, रोजगारी र सामाजिक सुरक्षा** | वडा अध्यक्ष रोजगार कार्यक्रम | | |
| **स्वास्थ्य तथा पोषण** | स्वास्थ्यचौकीभवन लिव्रु निर्माण | | |
| **शिक्षा, विज्ञान तथा नवप्रवतन** | कालिका मावि घेरवार र तटवन्धन | | |
| | सर्कीदेव आवि रावलवाडा स्थायी कोटा पुर्ती सहीत अन्य व्यवस्था | | |
| **खानेपानी तथा सरसफाइ** | मेलापानी भगाडी खापा | एकुरा खानेपानी फोतु अधुरो | |
| | रावलवाडा खापा | | |
| **महिला, बालबालिका तथा लक्षित वर्ग** | धुवारहित चुलो | घर वगैंचा कार्यक्रम | |
| | महिला सिप विकास तालिम | जुठेल्ना सुधार | |
| **युवा तथा खेलकुद** | युवा रोजगार तथा सचेतना कार्यक्रम | | |
| **पुर्वाधार वकास** | | | |
| **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | रावलवाडा वस्ती विस्तार | भालुझाड मसानघाट प्रतिक्षालय | |
| | दलित तथा विपन्नवर्ग वस्ती आवास निर्माण सोरु ४ | लिव्रुखोला सार्वजनिक पानी मिल | |
| **सडक, पुल तथा यातायात** | वालुकुना वेलीवृज | भाटगाउ देखी खाडु वाटो मर्मत | |
| | लिव्रु मसिनमेला हुदै सोरुकोट सडक | खानिखोला देखी सिडेनी वाटो | |
| | लिव्रु फोतु हुदै सोड्डा सडक | लिव्रु पिपलमूडा सडक | |
| **जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | लिव्रुखीला जल विद्युत | | **अधुरो** |
| **सूचना, सञ्चार तथा प्रविधि** | भुईमेला नमस्ते टावर | वडा टोल वाईफाइ | |
| **वातावरण तथा विपद् व्यवस्थापन** | | | |
| **वन तथा जैविक विविधता** | सामुदायीक वन हेरालो | | |
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | सल्यानी चानपुर्नेपाटा वृक्षारोपण | | |
| **वातावरण तथा फोहोरमैला व्यवस्थापन** | वालुकुना वजार फोहोर खाल्डा निर्माण | | |

| | | | |
|---|---|---|---|
| **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता** | रादैं तटवन्धन | उदाखोला तटवन्धन | |
| **संस्थागत विकास तथा सुशासन** | वालमैत्री वडा | जन प्रतीनिधि संग जनता कार्यक्रम | |

## वडा नं.५

**योजना तथा कार्यक्रम** :

| विषयगत क्षेत्र | आवधिक योजना | अन्य योजना | कै |
|---|---|---|---|
| | **आर्थिक वकास** | | |
| **कृषि** | टिमुर पकेट | अल्लो पर्वद्धन तथा प्रशोधन | |
| | स्याउ फम | खोटो सकलन तथा पर्वद्धन | |
| | शैन कृषि जग्गा घेरवार | जिउलो प्रवद्धन | |
| | न्यूरो पकेट कार्यक्रम | जडिबुटी प्रशोधन कार्यक्रम | |
| **पशुपंक्षी** | वाखा पकेट | भेडा पकेट | |
| | झोवा पालन | पशु बिमा कार्यक्रम | |
| | उत्कृष्ठ पशुपालक कृषक पुरस्कार | | |
| **सिंचाई** | कुलीमूल देखी नेर सिचाइ कुलो | शिब महादेब मन्दिर निर्माण | |
| **पर्यटन** | शिव मन्दिर पर्यटनक्षेत्र विकास | | |
| | नेर गाँउ देखि बजुर माइको मन्दिर सम्म पर्यटकीय पदमार्ग निर्माण | गोठेखोल देखि ताजा गाँउ सम्म सिचाइ कुलो निर्माण | |
| **उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति** | राडी पाखी गलैचा लिउ फेरे स्वीटर गुडिया | अल्लो प्रशोधन उद्योग | |
| | लघु उद्यम कार्यक्रम | | |
| | **सामाजिक विकास** | | |
| **श्रम, रोजगारी र सामाजिक सुरक्षा** | वडा अध्यक्ष रोजगार कार्यक्रम | | |
| **स्वास्थ्य तथा पोषण** | स्वास्थ्यचौकी इकाइ व्यवस्थापन | स्वास्थ्य बिमा कार्यक्रम | |
| | स्वास्थ्य ब्यवस्थापन कार्यक्रम | | |
| **शिक्षा, विज्ञान तथा नवप्रवतन** | महादेव आवि लाइ मावि रुपान्तरण घेरवार | | |
| **खानेपानी तथा सरसफाइ** | ढोल वजाउना खानेपानी | नवदुर्गा भवानी शौचालय निर्माण | DPR भएको |
| | महादेब आ वि शौचालय निर्माण | ताजा खानेपानी मर्मत | |
| **महिला, बालबालिका तथा लक्षित वर्ग** | धुवारहित चुलो | सिपमुलक तालिम सचालन | |
| | महिला सिप विकास तालिम | घर वगैंचा कार्यक्रम | |
| | जुठेल्ना सुधार | | |
| **युवा तथा खेलकुद** | युवा रोजगार तथा सचेतना कार्यक्रम | नेर खेल मैदान निर्माण | |
| | **पुर्वाधार वकास** | | |
| **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | दलित तथा विपन्नवर्ग वस्ती आवास निर्माण | नवदुर्गा भवानी आ वि भवन निर्माण | |

| | | | |
|---|---|---|---|
| | वडा कार्यालय भवन मर्मत र शौचालय निर्माण | वडा कार्यालय भवन मर्मत तथा व्यवस्थापन | |
| | स्वास्थ्य चौकी भवन निर्माण | महादेव आ बि भवन निर्माण | |
| | नेर खैला सार्वजनिक पानी मिल | | |
| **सडक,पुल तथा यातायात** | नेर ताजा गाँउ सोलार वितरण कार्यक्रम | भित्तखोला स्टिल पाट पुल निर्माण | |
| | ताँजा देखी कुमाउ गोठ वाटो निर्माण | मुगाढड स्टिल पाट पुल निर्माण | |
| | नेर गाँउदेखि सिप सम्म सडक निर्माण | नेरघाट देखि ताँजा गाँउ सम्म सडक निर्माण | |
| **जलश्रोत,विद्युत् तथा वैकल्पिक ऊर्जा** | नेर खोला जल विद्युत निरन्तरता | नेरघाट वेलीवृज | |
| **सूचना,सञ्चार तथा प्रविधि** | नेर नमस्ते टावर | नेर इन्टरनेट जडान | |
| **वातावरण तथा विपद् व्यवस्थापन** | | | |
| **वन तथा जैविक विविधता** | सामुदायीक वन हेरालो | बृक्षारोपन कार्यक्रम | |
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | नेर गाउ माना नालागाड हुदै डिलखेत सम्म घेरवार | चौमाना घेरवार | |
| | गोरु छुट्याउना घेरवार | ढोल वजाउना घेरवार | |
| | नुनदिना दाते ओखर घेरवार | मुडाघाड टिमुर पकेट घेरवार | |
| **वातावरण तथा फोहोरमैला व्यवस्थापन** | नेर गाउँ ढल निकास | | |
| **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता** | काठे खोला तटवन्धन | तेवनेखाड तटवन्धन | |
| | ड्वाड ड्वाड खोला तटवन्धन | | |
| **संस्थागत विकास तथा सुशासन** | वालमैत्री वडा | जनप्रतिनिधि क्षमता बिकास तालिम सचालन | |
| | जन प्रतीनिधि संग जनता कार्यक्रम | | |

**<u>वडा नं.६</u>**

**योजना तथा कार्यक्रम** :

| **विषयगत क्षेत्र** | **आवधिक योजना** | **अन्य योजना** | **कै** |
|---|---|---|---|
| **आर्थिक वकास** | | | |
| **कृषि** | रैथाने बाली प्रबद्धन कार्यक्रम | कृषि सकलन केन्द्र स्थापना | |
| | आलु पकेट कार्यक्रम | पारी जिउला कर्षि घेरबार कार्यक्रम | |
| | रस्टिक स्टोर स्थापना | कोसेबाली प्रबद्धन कार्यक्रम | |
| | स्याउ ओखर पकेट कार्यक्रम | कुलाहा सुन्तला कागती फार्म | |
| | फुजी स्याउ पकेट क्षेत्र | जिमा गाउ कृषि घेरवार | |
| **पशुपंक्षी** | भेडा पकेट कार्यक्रम | कुखुरा पालन कार्यक्रम | |
| | वाखा प्रबर्दन कार्यक्रम | उत्कृष्ठ कृषक प्रोत्सान कार्यक्रम | |
| | गाँइभैसी पालन कार्यक्रम | डेरी उद्योग स्थापना | |
| | पशुपन्छि ओषधि उपचार केन्दं स्थापना | | |
| **सिंचाई** | कालधोजा देखि जिमा भित्तखोला सम्म सिचाइ आयोजना | भित्तखोला देखि कल्ता जिउला सम्म सिचाइ मर्मत | |

| | | | |
|---|---|---|---|
| | भित्तखोला देखि पारी जिउला सम्म सिचाइ मर्मत | मालढुगाँ देखि बर्मा जिउलो सम्म सिचाइ आयोजना | |
| | जिमा पारी जिउला सिचाइ कुलो निर्माण | कुलाहा लिफ्ट सिचाइ सोरु ६ कुलाहा | |
| | मुलखोला देखि समैज्या सम्म सिचाइ कुलो | दाग्च देखि कुलाहा सिचाइ कुलो | |
| **पर्यटन** | तातोपानी पर्यटन क्षेत्र विस्तार कार्यक्रम | पुरमुर देखि रामाइ पर्यटकिय पदमार्ग | |
| | रजइबैना कैलुगाइ थान पर्यटकिय पदमार्ग | रजैबैना भ्यू टावर | |
| **उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति** | राडीपाखी लिउ फरुवा उद्योग स्थापना | कुटानी पिसानी मिल स्थापना | |
| | काष्ठ उद्योग स्थापना | | |
| | **सामाजिक विकास** | | |
| **श्रम, रोजगारी र सामाजिक सुरक्षा** | वडा अध्यक्ष रोजगार कार्यक्रम | | |
| **स्वास्थ्य तथा पोषण** | गर्भवती महिला तथा शिशु स्यार कार्यक्रम | पोष्टिक आहारा बनाउने तलिम सचालन | |
| | जिमा गाउमा स्वास्थ्य इकाइ कार्यालय स्थापना | | |
| **शिक्षा, विज्ञान तथा नवप्रवतन** | भवानी मा बि विज्ञान प्रयोगशाला स्थापना | जेहेन्दार विद्यार्थी छात्रावृत्ती कार्यक्रम | |
| | भवानी मा बि कम्प्युटर प्रयोगशाला स्थापना | भवानी मा बि सरस्वती मन्दिर निर्माण | |
| | युवा वर्ष आ बि सोरुकोट पूर्वाधार ब्यवस्थापन | | |
| **खानेपानी तथा सरसफाइ** | एक घर एक धारा कार्यक्रम | सोरुकोट धल्लेरी खानेपानी सुधार | |
| | सार्वजानीक शैचालय स्थापना सोरुकोट र पुरमुर | घर जुठेल्ना तथा फोहोर खाल्डा निर्माण कार्यक्रम | |
| | टोल टोलमा डस्बिन स्थापना तथा ब्यवस्थापन कार्यक्रम | झुल नमोली देखि सोरुकोट खानेपानी सुधार तथा मर्मत | |
| **महिला, बालबालिका तथा लक्षित वर्ग** | महिला सिपमुलक तालिम सचालन | २ वर्ष सम्मका बालबालिकालाइ न्यानो कपडा वितरण कार्यक्रम | |
| | एक घर एक बेरोजगार भत्ता कार्यक्रम | | |
| **युवा तथा खेलकुद** | खेलकुल प्रशिक्षण केन्द्र स्थापना कार्यक्रम | | |
| | **पुर्वाधार वकास** | | |
| **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | दलित वस्ती आवास निर्माण | वडा कार्यालय भवन निर्माण | |
| | सामुदायिक भवन निर्माण | वन्जारा गाँउ बस्ती बिकास कार्यक्रम | |
| **सडक, पुल तथा यातायात** | कुला देखि सोरुकोट सम्म सडक स्तरोन्नती | जिमा घर देखि मादेउमाडु गोरेटो बाटो | |
| | कुलाहा झुलुङ्गे पुल मर्मत | जिमा देखि लेख सम्म गोरेटो बाटो | |

| | | | |
|---|---|---|---|
| | वडा स्तरिय एम्बुलेन्स सचालन | जिमा गाँउ PCC बाटो | |
| | खौउला देखि गौधारा सम्म सडक निर्माण | जिमा गाउदेखि पावरपानी हुदै सिरपाटा सम्म सडक निर्माण | |
| | धन्धनेखोला देखि लेख हुदै भित्तखोला सम्म सडक निर्माण | दारीम रुख देखि कालेखोला सम्म सडक निर्माण | |
| **जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | एक घर एक सोलार वितरण कार्यक्रम | एक घर एक विद्युतिय चुलो वितरण कार्यक्रम | |
| **सूचना, सञ्चार तथा प्रविधि** | 4G टावर संचालन तथा फ्री वाइफाइ सचालन | | |
| **वातावरण तथा विपद् व्यवस्थापन** | | | |
| **वन तथा जैविक विविधता** | सामुदायीक वन बृक्षारोपन कार्यक्रम | जिमा गाँउ वृक्षारोपण | |
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | पाजुलो बाटो टतबन्दन | खोच्चीखोला मुहान सरक्षण कार्यक्रम | |
| | बन्जाह तथबन्दन | मेलपानी मुहान सरक्षण कार्यक्रम | |
| **वातावरण तथा फोहोरमैला व्यवस्थापन** | ६ न वडाभरी नै ढल निकास | | |
| **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता** | वडा कार्यालयमा विपत जोखिम न्युनिकरण कोष स्थापना | विपत पूर्व तयारी सिमुलेसन कार्यक्रम वडा स्तरीय | |
| **संस्थागत विकास तथा सुशासन** | जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तालिम सचालन | | |

**वडा नं.७**

**योजना तथा कार्यक्रम** :

| **विषयगत क्षेत्र** | **आवधिक योजना** | **अन्य योजना** | **कै** |
|---|---|---|---|
| **आर्थिक वकास** | | | |
| **कृषि** | दाक्चा केरा फम | ग्वालपानि भेडी स्याउफम घेरवार | |
| | ख्याल्च पाल्ना स्याउ फम | शिवदेव जनरल कर्णालि वालु केरा फर्म | |
| | ग्वालपानी स्याउ | लेकघर देखी गाद्यमाडु स्याउ फर्म | |
| | वुम्च लेख स्याउ | मुलसैन ओखर स्याउ घेरवार | |
| | सिप तरकारी पकेट | पाखा स्याउ घेरवार | |
| | कागती सुन्तला ढाँड खेत घेरवार | सेलकुइचा घेरवार | |
| **पशुपंक्षी** | वाखा पकेट | भेडा पकेट | |
| | कुखुरा तथा बगुर पालन | कृषि घेरावार कार्यक्रम | |
| | उत्कृष्ट पशुपालक कृषक पुरस्कार | उन्नत गाइ पालन कार्यक्रम | |
| | माछा पालन सिप | | |

| | | | |
|---|---|---|---|
| **सिंचाई** | कुईचाछडा देखी लिडेचौर सिकु वुम्च सिंचाइ | विजयमाडु देखी पारी जिउला सिकु | |
| **पर्यटन** | महादेव मन्दिर माथिलेख पर्यटनक्षेत्र विकास | वुम्च सकिवर्मा मन्दिर निर्माण | |
| | वुम्च मष्टामाडु निर्माण | खोल्या मन्दिर सिप | |
| **उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति** | राडी पाखी गलैचा लिउ फेरे स्वीटर गुडिया | सिप बेसट पेल्ने मिल | |
| | लघु उद्यम कार्यक्रम | | |
| **सामाजिक विकास** | | | |
| **श्रम, रोजगारी र सामाजिक सुरक्षा** | वडा अध्यक्ष रोजगार कार्यक्रम | दिदि वहिनी संग कार्यपालिका सदस्य कार्यक्रम | |
| **स्वास्थ्य तथा पोषण** | स्वास्थ्यचौकी भवन सिप निर्माण | गोयलपानी सामुदायिक स्वास्थ्य इकाइ व्यवस्थापन तथा सचालन | |
| **शिक्षा, विज्ञान तथा नवप्रवतन** | वडा नं ७ विद्यालय शैक्षिक सूधार कार्यक्रम | सिरुपाटा विद्यालय निर्माण | |
| | सिब आ वि गोयलपानी विद्यालय निर्माण | | |
| **खानेपानी तथा सरसफाइ** | कालडाडा देखी वलजुडी खापा | दाक्चा खापा अधुरो | |
| **महिला, बालबालिका तथा लक्षित वर्ग** | धुवारहित चुलो सिप र वुम्च | घर वगैंचा कार्यक्रम | |
| | महिला सिप विकास तालिम | जुठेल्ना सुधार | |
| **युवा तथा खेलकुद** | युवा रोजगार तथा सचेतना कार्यक्रम | पाल्ना खेलमैदान वडा स्तरिय सिरुपाटा खेल्नेपाटा मैदान | |
| **पुर्वाधार वकास** | | | |
| **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | ख्याल्च गाउँ वस्ती विस्तार | वडा कार्यालय घेरवार | |
| | सिरुपाट विद्यालय भवन निर्माण | सिपखोला खोला सार्वजनिक पानी मिल | |
| | सिप आ बि गोयलपानी विद्यालय भवन निर्माण | | |
| **सडक, पुल तथा यातायात** | स्याडा देखी ख्याल्च सडक | लिडेचौर देखी थालगैरी वाटो | |
| | वुम्चखोला सिरुपाटा सडक | काठी सल्ला वाटो | |
| | पमुलापाटा देखी चुचेइला वाटो | पनेरा देखी डोप्का वाटो | |
| **जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | सिप खोला जल विद्युत निरन्तरता | एक घर एक सोलार कार्यक्रम | |
| | ख्याल्च सोलार पावर | | |
| **सूचना, सञ्चार तथा प्रविधि** | नमस्ते टावर | इन्टरनेट जडान तथा 4G संचालन कच्चेकोट | |
| **वातावरण तथा विपद् व्यवस्थापन** | | | |
| **वन तथा जैविक विविधता** | सामुदायीक वन हेरालो | | |
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | वालुखेत वृक्षारोपण | बालु तटबन्धन | |

| | | | |
|---|---|---|---|
| वातावरण तथा फोहोरमैला व्यवस्थापन | सिप फोहोर खाल्डा निर्माण | | |
| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | वुम्च खोला रडिखेल्ना तटवन्धन | ख्याल्च गाउँ तटवन्धन | |
| | कुइचा तटवन्धन | बाहुनतीस तटबन्धन | |
| | विर देखी कुईचाखोला तटवन्धन | | |
| संस्थागत विकास तथा सुशासन | वालमैत्री वडा | जन प्रतीनिधि संग जनता कार्यक्रम | |

| | **वडा नं. ८** | | |
|---|---|---|---|
| **विषयगत क्षेत्र** | **आवधिक योजना** | **अन्य योजना** | **कै** |
| | | **आर्थिक वकास** | |
| **कृषि** | कच्चे जिउलो सूधार | चौखीमेला कागती फार्म सचालन | |
| | केरा फम तारापानी | खोटो सकलन तथा प्रबर्दन कार्यक्रम | |
| | तरकारी पकेट | कच्चे लेख दाते ओखर कार्यक्रम | |
| | नुवाकोट दाते ओखर उत्पादन | असीधार सीली बगर सुन्तला फार्म सचालन | |
| | ग्याम्म स्याउ फार्म उत्पादन | कच्चे र तारापानी ब्यवसायिक तरकारी खेती | |
| **पशुपंक्षी** | वाखा पकेट | पशुपन्छि बिमा कार्यक्रम | |
| | एक वडा एक प्राविधिक | पशु आहारा बिकास कार्यक्रम | |
| | कच्चे भैसी पालन | तारापानी उन्नत गाइपालन | |
| | तारापानी दुध सकलन केन्द्र स्थापना | तारापानी सुधारीएको मासु पसल | |
| | तारापानी कुखुरा फार्म स्थापना | कच्चे र रुम गाँउ मौरी पालन | |
| | तारापानी माछा पालन | | |
| **सिंचाई** | कच्चे माथि जिउला सिचाई RCC | कच्चे तल्लो जिउला RCC सिकु | |
| | आसीधारा सिचाई | | |
| **पर्यटन** | रुम विजय मन्दिर पर्यटन प्रवद्धन | कच्चे महादेव मन्दिर निर्माण | |
| | टिका दरवार कच्चे पर्यटन प्रवद्धन | रुम महादेव मन्दिर निर्माण | |
| | रुम हुदै मुर्माटप रारा पर्यटन पदमार्ग | | |
| **उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति** | कपास उद्योग | लिउ फेरुवा हाते होजियारी | |
| | चौखीमेला राडी पाखी उद्योग | | |
| | | **सामाजिक विकास** | |
| **श्रम, रोजगारी र सामाजिक सुरक्षा** | जनता संग वडा अध्यक्ष कार्यक्रम | | |
| **स्वास्थ्य तथा पोषण** | स्वास्थ्य शिविर कार्यक्रम तारापानी | कच्चे स्वास्थ्य घेरवार | |
| **शिक्षा, विज्ञान तथा नवप्रवतन** | वाल ज्योती गिलाह लाई मावि संचालन | | |

| | | | |
|---|---|---|---|
| | रुम आवि घेरवार | | |
| **खानेपानी तथा सरसफाइ** | आसीधारा देखी ठाटीमेटा खापा निर्माण | | |
| **महिला, बालबालिका तथा लक्षित वर्ग** | सिलाई कटाइ होजियारी | कुटानी पिसानी मिल | |
| **युवा तथा खेलकुद** | वडा स्तरिय खेल मैदान | | |
| | **पुर्वाधार वकास** | | |
| **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | दलित विपन्न परिवार आवास निर्माण | वडा कार्यालय पक्की भवन | |
| **सडक, पुल तथा यातायात** | पानी भर्ना देखी कुसेडी सडक अधूरो | तारापानफ रुम नारङ्गे हुदै खत्याड अन्तरपालिका सडक | |
| | कच्चे देखी पलन्दो गोरेटो | नुवाकोट देखी काले गोरेटो | |
| | आसीधारा हुदै सिलिवगर वाटो | कच्चे तिलेडी हुदै झाल्ने वाटो | |
| **जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | रुमखोला जल विद्युत | सोरु ८ उज्यालो कार्यक्रम | |
| | असीधारा सोलार उज्यालो कार्यक्रम | | |
| **सूचना, सञ्चार तथा प्रविधि** | टीका दरवार नमस्ते टावर तथा 4G संचालन | रारा मावि सिसि क्यामरा जडान र आइ सि टी संचालन | |
| | **वन वातावरण तथा विपद् व्यवस्थापन** | | |
| **वन तथा जैविक विविधता** | सामुदायिक बन वृक्षारोपण | | |
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | आवि आँसिधारा तटवन्धन | माथीधारा देखि खला सम्म घेरवार | |
| | कच्चे जिउला तटवन्धन | चौखीमेला तटवन्धन | |
| | रुम आवि घेरवार | | |
| **वातावरण तथा फोहोरमैला व्यवस्थापन** | तारापानी वजार फोहोर डम्पीङ् निर्माण | | |
| **संस्थागत विकास तथा सुशासन** | वडा स्तरिय सूचना केन्द्र स्थापना | | |

## वडा नं.९

**योजना तथा कार्यक्रम** :

| विषयगत क्षेत्र | आवधिक योजना | अन्य योजना | कै |
|---|---|---|---|
| | **आर्थिक वकास** | | |
| **कृषि** | कालीकोट पेर केरा खेती | ठिन्केरुख स्याउ र ओखर फार्म घेरवार | |
| | कृषि घेरवार कार्यक्रम | घट्टबुन सामुदायिक कागती स्याउ र ओखर फार्म घेरवार | |
| | ठिन्केरुख फलफुल तथा तरकारी सकलन केन्द्र स्थापना | स्याउ ओखर कागती केरा वितरण कार्यक्रम | |
| | जाला छेडा देखि पनहा चौथा सम्म घेरबार | | |
| **पशुपंक्षी** | भेडा पकेट | बाखा पकेट | |

| | | | |
|---|---|---|---|
| | पशुपन्छिलाइ औषधि खरिद कार्यक्रम | **पशुपन्छि बिमा कार्यक्रम** | |
| | आहारा विकास कार्यक्रम | | |
| **सिंचाई** | गोर देखी पगेल्ना सिचाइ कुलो | खारकाटिया देखी खनाया सिचाइ कुलो | |
| | गीलौजी सिचाइ कुलो | सिड्डी सिचाइ कुलो | |
| | वडीगाड सिचाइ कुलो | | |
| **पर्यटन** | गोरदेखी माईकाथान पर्यटनमार्ग तथा मन्दिर निर्माण | | |
| **उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति** | घरेलू उद्योग | उन प्रशोधन तथा राडीपाखी उद्योग स्थापना | |
| **श्रम, रोजगारी र सामाजिक सुरक्षा** | वेरोजगार युवा सिप विकास तालिम | | |
| **स्वास्थ्य तथा पोषण** | गर्भवती महिला पोषण प्याकेज कार्यक्रम | स्वास्थ्य कार्यालय ब्यवस्थापन | |
| | कालै स्वास्थ्य इकाइ स्थापना | | |
| **शिक्षा, विज्ञान तथा नवप्रवतन** | विजय मावि कालै घेरवार | | |
| | शिवदेव आव खनाया आइसिटि सूचारु | | |
| **खानेपानी तथा सरसफाइ** | छडा देखी ठिन्केरुख खानेपानी | कलिमूल देखी ठिन्केरुख खानेपानी | |
| | गुवाडी खोला धनविसाउना खापा | गोरा खोला देखि जालाछेड खानेपानी | |
| | खनाया पानी थाम देखि राउला कोट सम्म खानेपानी | माथि कालै एक घर एक धारा निर्माण | |
| **महिला, बालबालिका तथा लक्षित वर्ग** | धुवारहित चुलो | दलित वर्गलाइ सिप मुलक तालिम | |
| | हाते होजियारी तथा सिलाइकटाइ तालिम | दलित र बिपन्न वर्गलाइ सिलाइ कटाइ मेसिन वितरण कार्यक्रम | |
| | घरघर उज्यालो कार्यक्रम | जेष्ठ नागरीक महिला बिपन्न परिवारलाइ न्यानो कपडा वितरण | |
| | अपांग तथा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | | |
| **युवा तथा खेलकुद** | एक वडा एक यूवाक्लव गठन | | |
| **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | दलित विपन्न परिवारलाइ छाना आवास निर्माण कार्यक्रम | वडा कार्यालय भवन मर्मत र घेरबार तथा ब्यवस्थापन | |
| | वडाभरी नै सार्बजनिक शौचालय | गोरुल माडु निर्माण | |
| **सडक, पुल तथा यातायात** | कालै हूदै खत्याड अन्तरपालिका सडक | कालै कुलाह झोपु निर्माण | |
| | पेर देखि माथि कालै सम्म सडक मर्मत | कालै देखि सबै बस्तीमा RCC बाटो | |
| | तन्नागाडा देखि डाँडा सम्म गोरेटो बाटो | कालै देखि खनाया सम्म बाटो | |
| | तारापानी देखि दोमुख सडक स्तरउन्नती | वस्ती बस्तीमा RCC बाटो | |
| **जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | कालिकोट मिनी जलविद्युत | एक घर एक ग्यास चुलो बितरण | |
| | एक घर एक सोलार बितरण | | |

| | | | |
|---|---|---|---|
| **सूचना, सञ्चार तथा प्रविधि** | लामाकाध 4 G तथा नमस्ते टावर | | |
| **वन वातावरण तथा विपद व्यवस्थापन** | | | |
| **वन तथा जैविक विविधता** | आपडाडा चाट्टेजुर वृक्षारोपण | | |
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | वडीगाड तटवन्धन | कालिकोट तटवन्धन | |
| | सिड्डी सल्लीचौर तटवन्धन | | |
| **संस्थागत विकास तथा सुशासन** | जनप्रतिनिधि र कर्मचारीलाइ क्षमता विकास कार्यक्रम | | |

**वडा नं.१०**

**योजना तथा कार्यक्रम** :

| **विषयगत क्षेत्र** | **आवधिक योजना** | **अन्य योजना** | **कै** |
|---|---|---|---|
| **आर्थिक वकास** | | | |
| **कृषि** | लोली सीमी पकेट | वडाभरि कृषि घेरवार कार्यक्रम | |
| | कोटवाडा तरकारी खेती | कोट सिमि पकेट र कोटबारा घेरवबर | |
| | लोली स्याय ओखर पकेट | सैनी देखि जिउला सम्म स्याउ फार्म घेरवार | |
| | छेच केरा फार्म र घेरवार | दाते ओखर कार्यक्रम | |
| | स्याउ जुस निकाल्ने मेसीन खरिद | चुली खामु आरु ढटेलो सरक्षाण कार्यक्रम | |
| | कोटवाडा स्याउ वदाम र किवि खेती | दइलेख स्याउ खेती कार्यक्रम | |
| **पशुपंक्षी** | भेडा पकेट कार्यक्रम लोली र कोट | बाखा पकेट कार्यक्रम दइ र कोटवाडा | |
| | गाई पालन | | |
| | वाखा वितरण दलित तथा विपन्न परिवार | | |
| **सिंचाई** | थर्पुवाला वाढीगर सिकु | कोटवाडा सिचाइ DPR भएको | |
| | खोलादैला देखी गुवानी सिकु | वडीकुलो पक्की नहर निर्माण | |
| | वलाडी रिजर्भायर टंकी निर्माण | वलाडी कुलो निर्माण | |
| **पर्यटन** | नाउली लामालेख प्रतिक्षालय | हेर्नीकाध पर्यटकिय पदमार्ग | |
| | दोमुख प्रतिक्षालय पर्यटन | भुवानी मन्दिर निर्माण | |
| | कोट कालिका माडु पर्यटन प्रवद्धन तथा मन्दिर निर्माण | | |
| **उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति** | सार्कीवाडा जुत्ता उद्योग तथा तालिम | छालाजुत्ता उद्योग कार्यक्रम दलित बस्ती | |
| | वडा न १० कोट कान्छावाडा मिल घर निर्माण | सिलाइ कटाइ कार्यक्रम दलित बस्ती | |
| | सुइटर बनाउने मेसिन खरिद | | |

| | | | |
|---|---|---|---|
| **श्रम, रोजगारी र सामाजिक सुरक्षा** | वडा अध्यक्ष रोजगार कार्यक्रम | | |
| **शिक्षा, विज्ञान तथा नवप्रवतन** | जगतमाला मावि ४ कोठा पक्की भवन | | |
| **खानेपानी तथा सरसफाइ** | देवारेदेखी कोट खापा ७ किमी | जैसीवाडा माथीवाडा उपाध्यावाडा खापा | |
| | राडाल्ना देखी पटाग्री खापा | छेच खानेपानी निर्माण | |
| | वलाडी खानेपानी निर्माण | | |
| **महिला, बालबालिका तथा लक्षित वर्ग** | घर उज्यालो कार्यक्रम | कुटानी पिसानीतथा तेल पेल्ने मिल | |
| | सामुदायीक महिला भवन | जनता आवास दलित तथा विपन्नवर्ग | |
| | होजियारी तालिम | महिला सचेतना कार्यक्रम | |
| | धुवारिहत चुलो | दलित बस्ती छाना कार्यक्रम | |
| **युवा तथा खेलकुद** | वडा स्तरिय खेलकुद मेदान | | |
| **पुर्वाधार विकास** | | | |
| **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | वडा कार्यालय पक्कि भवन निर्माण | नाउली लामालेख प्रतिक्षालय | |
| | धन विसाउना प्रतिक्षालय | वडा कार्यालय ब्यवस्थापन | |
| **सडक, पुल तथा यातायात** | दोमुख देखी वडा कार्यालय सडक | मष्टामाडु देखी हिमालय प्रावि दई सडक | |
| | दोमुख वेलीवृज | कोटवारा देखि कोट सम्म सडक निर्माण | |
| | कोट पानलौटी हुदै खत्याड सडक | गुईया खोला दई गाउ सडक | |
| | १० नं वडा कार्यालयदेखी कोट सडक | दहि देखि रोल सम्म सडक निर्माण | |
| | तारापानी देखि दोमुख सम्म सडक स्तरउन्नती | राता चौर धैनदेखी लामा वडार भिई झोपु | |
| | कोटवाडा देखि जिउका सडक निर्माण | दइखोला बेलीब्रिज पुल निर्माण | |
| **जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | दईखोला जलविद्युत | | |
| **सूचना, सञ्चार तथा प्रविधि** | भिई लामाकाध नमस्ते टावर र 4G | | |
| **वन वातावरण तथा विपद् व्यवस्थापन** | | | |
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | लाटागैरा तटवन्धन | पनेरा देखी चाट्टेरुख तटवन्धन | |
| | ओट्टेखोला तटवन्धन | जिउका माणु तटवन्धन कोट लाम्तु | |
| | दईखोला तटवन्धन | राहदेउ नालो तटवन्धन | |
| **वातावरण तथा फोहोरमैला व्यवस्थापन** | स्वास्थ्य भवन ढल निकास | | |
| | एक घर एक शौचालय कार्यक्रम | | |
| **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता** | विपद व्यवस्थापन कृतिम घटना अभ्यास | | |
| **संस्थागत विकास तथा सुशासन** | सार्वजनिक सेवा सूचना केन्द्र स्थापना | | |

## वडा नं.११

**योजना तथा कार्यक्रम :**

| विषयगत क्षेत्र | आवधिक योजना | अन्य योजना | कै |
|---|---|---|---|
| | **आर्थिक वकास** | | |
| **कृषि** | सीमी पकेट | | |
| | ओखर पकेट | | |
| | कपास पकेट | | |
| | पहारपानी स्याउ फार्म कृषि घेरावार | | |
| **पशुपंक्षी** | भेडा पकेट | | |
| **सिंचाई** | उदारगाड देखी भुजन्थली सिचाइ कुलो | टिला सिंचाई धिमलगाउ अधुरो | |
| | आसीकाटना पनेरा कालाढुंगा तोसारे सिचाइ कुलो | अगारे सिचाइ कुलो पक्की नहर | |
| | हितवाडा वर्थिड् हूदै लंगाडा सिचाइ कुलो | | |
| **पर्यटन** | गणेश मन्दिर धिमलगाँउ | | |
| | बिष्ट मन्दिर देउमाडु निर्माण | | |
| | **सामाजिक विकास** | | |
| शिक्षा, विज्ञान तथा नवप्रवतन | नेरा मावि वाम्नेमाडु भवन तथा संरचना निर्माण | | |
| | आईसिटी कक्षा संचालन | | |
| खानेपानी तथा सरसफाइ | स्यालधारा सार्कीवाडा खापा | गुच्चन खानेपानी | |
| | वैसपानी हितवाडा सार्कीवाडा खापा | | |
| महिला, बालबालिका तथा लक्षित वर्ग | सिप विकास तालिम | | |
| युवा तथा खेलकुद | वडा स्तरिय खेलकुद मैदान | | |
| | **पूर्वाधार विकास** | | |
| बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | दलित विपन्न परिवार जनता आवास कार्यक्रम | **स्वास्थ्य ईकाइ भवन निर्माण** | |
| सडक, पुल तथा यातायात | दोमुख हुदै कोट सडक विस्तार | ठुलधैन देखी टमटावाडा झोपु DPR भएको | |
| | दोमुख वेलीवृज | | |
| | ठुलाधैन हितवाडा सडक | | |
| जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | **प्याउखोला जलविद्युत**<br>**दईखोला जल विद्युत** | | |
| भूसंरक्षण तथा जलाधार व्यवस्थापन | वडा कार्यालय देखी धुपीरुख तटवन्धन<br>दलितवाडा रोकायावाडा तटवन्धन | मुस्कान खोला तटबन्धन | |